# ‘भूमिसूक्त’ उपन्यासको सामाजिक अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत**

**शोधपत्र**

**शोधार्थी**
**केशवशरण अर्याल**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर**
**२०६६**

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली स्नातकोत्तर दोस्रो वर्षका विद्यार्थी केशवशरण अर्यालले '**भूमिसूक्त**' **उपन्यासको सामाजिक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६६/४/२५

...................................

(उपप्रा. नेत्रमणि सुवेदी)

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय,

**नेपाली केन्द्रीय विभाग**

कीर्तिपुर, काठमाडौँ

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र केशवशरण अर्यालले त्रि.वि., स्नातकोत्तर तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नुभएको '**भूमिसूक्त**' **उपन्यासको सामाजिक अध्ययन** शीर्षकको शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

**शोध-मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख प्रा. राजेन्द्र सुवेदी ..........................

२. शोधनिर्देशक उपप्रा. नेत्रमणि सुवेदी ............................

३. बाह्य परीक्षक मोदनाथ प्रश्रित ............................

मिति: २०६६/५/१५

# कृतज्ञताज्ञापन

**'भूमिसूक्त' उपन्यासको सामाजिक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष, नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरुजी उपप्रा. नेत्रमणि सुवेदीका निर्देशनमा तयार पारेको हुँ । शोधपत्र तयार पार्दा निरन्तर रूपमा सल्लाह-सुझावसहित पूर्णरूपले मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक गुरुजीप्रति म हृदयतः आभार एवं कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्रको शीर्षक स्वीकृत गरी यस विषयमा शोत्रपत्र लेख्ने अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख गुरुजी प्रा. राजेन्द्र सुवेदी र यस शोधकार्यमा आवश्यक सल्लाह, सुझाव दिनुहुने नेपाली केन्द्रीय विभागका अन्य गुरुवर्ग र कर्मचारीहरूप्रति अनुगृहीत छु । विभिन्न शोधसामग्री उपलब्ध गराउनुका साथै प्रत्येक क्षणमा सुझाव र सल्लाह दिनुहुने आदरणीय पितृकल्प भूमिसूक्त उपन्यासका उपन्यासकार श्रीमदनमणि दीक्षितजीप्रति सतत नमन टक्र्याउँदछु ।

मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउन सहज वातावरण सृजना गर्दै निरन्तर प्रेम, स्नेह, मार्गनिर्देशन र आशीर्वाद दिनुहुने स्व. पिता श्रीगङ्गाधर अर्याल र माता बुद्धिकुमारी अर्यालप्रति आजीवन ऋणी रहनेछु । यसै गरी मलाई सधैँ स्नेह र आशीर्वाद प्रदान गर्दै अध्ययन र चिन्तनमा सदा सर्वदा प्रेरित गर्नुहुने सानीमा हजुरआमा चित्रादासी आचार्यप्रति सर्वदा नत रहनेछु । यसै गरी मलाई स्नेह, सुझाव, सल्लाह र आशीर्वाद दिनुहुने आदरणीय दिदी जमुना अर्याल, दाजु श्रीनाराणप्रसाद अर्याल र भाउजूप्रति सधैँ आभारी रहनेछु ।

मेरो अध्ययनमा र शोधकार्य सम्पन्न गर्न प्रत्येकपलमा घच्घच्याएर मलाई जागरुक बनाइरहने मेरी जीवनसँगिनी कल्पना भट्टराईको अमूल्य सहयोगलाई कहिल्यै भुल्नेछैन । मेरो अध्ययनमा सदा सहयोग गर्ने भ्रातृद्वय नरहरि अर्याल र प्रकाश अधिकारीप्रति ऋणी रहनेछु । शोधकार्यमा अमूल्य सहयोग र सुझाव दिनुहुने आदरणीय दाजु डा. जीवन अधिकारी, सहृदयी मित्रत्रय डिल्लीराम ढकाल, रञ्जन सिग्देल र देवेन्द्र नेपालप्रति आभार व्यक्त गर्दछु ।

अन्तमा, प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि., नेपाली केन्द्रीय विभागसमक्ष पेस गरेको छु ।

मिति : २०६६/४/२५

केशवशरण अर्याल

शैक्षिक वर्ष : २०६२-२०६४

परीक्षा क्रमाङ्क : ३९१०

रजिस्ट्रेसन नं. :

त्रि.वि., नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ ।

# विषयसूची


*पृष्ठसङ्ख्या*

**परिच्छेद एक : शोधपरिचय** **१–७**

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोधप्रयोजन | १ |
| १.३ | विषयपरिचय | १ |
| १.४ | समस्याकथन | २ |
| १.५ | शोधपत्रको उद्देश्य | २ |
| १.६ | पूर्वकार्यको समीक्षा | ३ |
| १.७ | अध्ययनको औचित्य | ६ |
| १.८ | अध्ययनको सीमाङ्कन | ६ |
| १.९ | शोधविधि | ६ |
| १.९.१ | सामग्रीसङ्कलन विधि | ६ |
| १.९.२ | अध्ययन तथा विश्लेषणविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ७ |

**परिच्छेद दुई : समाजविकासको दार्शनिक र वैज्ञानिक आधार** **८-३३**

| | | |
|---|---|---|
| २.१ | मानवको उत्पत्ति | ८ |
| २.१.१ | दार्शनिक चिन्तन | ८ |
| २.१.२ | पौराणिक चिन्तन | १६ |
| २.१.३ | वैज्ञानिक चिन्तन | १८ |
| २.२ | मानवसमाजको विकास | १९ |
| २.२.१ | मानव जातिहरू | १९ |
| २.३ | प्रारम्भिक समाजदेखि आधुनिक समाजसम्मको समाजिक विकास | २१ |
| २.३.१ | प्रारम्भिक समाज | २१ |
| २.३.२ | प्राचीन ढुङ्गे युग | २२ |
| २.३.३ | नयाँ ढुङ्गे युग | २४ |
| २.३.३.१ | नयाँ ढुङ्गे युगको जनजीवन | २६ |
| २.४ | धातुको युग | २८ |

*पृष्ठसङ्ख्या*

| | | |
|---|---|---|
| २.५ | बैज्ञानिक युग | ३१ |
| ३. | निष्कर्ष | ३२ |

**परिच्छेद तीन : समाजविकासको प्रारम्भिक स्वरूपका दृष्टिले 'भूमिसूक्त' ३४-५२**

| | | |
|---|---|---|
| ३.१ | विषयप्रवेश | ३४ |
| ३.२ | समाजविकासका अवस्थाहरू | ३५ |
| ३.३ | **भूमिसूक्त** उपन्यासको प्रारम्भिक समाज | ३७ |
| ३.३.१ | स्थान र समाजविशेष | ३७ |
| ३.४ | **भूमिसूक्त** उपन्यासमा वर्णित नारीप्रधान समाज | ४० |
| ३.५ | इलजन र हिमवत्क्षेत्रको जनजीवन | ४८ |

**परिच्छेद चार : सैन्धव सभ्यताको चित्रणका दृष्टिले 'भूमिसूक्त' ५३-९६**

| | | |
|---|---|---|
| ४.१ | विषयप्रवेश : मनुको यात्रा | ५३ |
| ४.२ | आदिपुरुष मनु | ५४ |
| ४.३ | सैन्धव सभ्यता | ६० |
| ४.३.१ | सैन्धव सभ्यताको समय | ६० |
| ४.३.२ | सैन्धव सभ्यताका निर्माता | ६१ |
| ४.३.३ | सैन्धव क्षेत्रको विस्तार | ६४ |
| ४.४ | सिन्धु सभ्यता कालीन समाजको विभिन्न पक्षको अध्ययन | ६५ |
| ४.४.१ | समाजिक रहनसहन | ६५ |
| ४.४.२ | आर्थिक स्थिति | ६८ |
| ४.४.३ | नगरविन्यास र भवननिर्माण | ७० |
| ४.४.४ | कलाकौशल | ७४ |
| ४.४.५ | अन्य उपकरण | ८७ |
| ४.४.६ | विज्ञानप्रविधि | ८७ |
| ४.४.७ | धर्म | ८९ |
| ४.५ | निष्कर्ष | ९४ |

*पृष्ठसङ्ख्या*

**पाँचौं परिच्छेद : शोधनिष्कर्ष** ९७-९९

**परिशिष्ट एक** : कश्यपका सैँतीस पत्नीका सन्ततिहरू र चौध मनुहरूको विवरण १००-१०९

**परिशिष्ट दुई** : **भूमिसूक्त** उपन्यासमा प्रयुक्त केही पात्रहरूको परिचय ११०-११३

**परिशिष्ट तीन** : उपन्यासकार मदनमणि दीक्षितसँग लिइएको अन्तर्वार्ता ११४-११८

**परिशिष्ट चार** : **भूमिसूक्त** उपन्यासमा प्रयुक्त अथर्ववेदका कण्डिकाहरू ११९-१२१

**परिशिष्ट पाँच** : **भूमिसूक्त** उपन्यासमा वर्णित समाजमा निर्मित घर, माटाका भाँडा, विविध मूर्ति, खेलौना आदिका चित्रहरू १२१-१३०

**सन्दर्भग्रन्थसूची** १३१-१३४

# सङ्क्षेपीकृत शब्दसूची

अ. = अध्याय

ख. = खण्ड

म. = मन्त्र

पृ. = पृष्ठ

वि.सं. = विक्रम सम्वत्

स. = सन्

अनु. = अनुवादक

ऋ.वे. = ऋग्वेद

अ.वे. = अथर्व वेद

म.आर. = महाभारत आरण्यकपर्व

म.आ. = महाभारत आदिपर्व

म.आश्व. = महाभारत आश्वमेधिकपर्व

म.व. = महाभारत वनपर्व

म.स. = महाभारत सभापर्व

श. ब्रा. = शतपथ ब्राह्मण

तै. आ. = तैत्तिरीय आरण्यक

वा.पु. = वायुपुराण

वि.पु. = विष्णुपुराण

ह.पु. = हरिवंशपुराण

बृ.उ. = बृहदारण्यक उपनिषद्

भा.प्रा.च.को.पा. = भारतीय प्राचीन चरित्र कोश

# परिच्छेद एक
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'भूमिसूक्त' उपन्यासको सामाजिक अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

मदनमणि दीक्षितको जन्म वि.सं. १९७९ फागुन ६ गतेका दिन काठमाडौँ जिल्लाको गैह्रीधारामा भएको हो । साहित्यकार दीक्षितले उपन्यास, निबन्ध, कथा र संस्मरणका साथै महत्त्वपूर्ण लेख-रचना पनि लेखेका छन् ।

दीक्षित संस्कृत, नेपाली, हिन्दी र अङ्ग्रेजी भाषाका ज्ञाता हुन् । उनले नेपाली साहित्यका विभिन्न क्षेत्रमा कलम चलाए पनि उनको प्रमुख विधा भने उपन्यास नै हो । उनले कालक्रमिकताका आधारमा **माधवी**, **त्रिदेवी**, **मेरी निलिमा**, **भूमिसूक्त र** 'स्वर्णविहारको मन्दिर' (अप्रकाशित अनूदित उपन्यास) गरी पाँचओटा उपन्यास लेखेका छन् ।

**भूमिसूक्त** उपन्यासले सामान्यतः सृष्टिदेखि आदिवैदिक युगसम्मलाई विषयवस्तु बनाएको छ । यस उपन्यासमा विशेषतः आजको क्रमशः उज्वेकिस्तान र काजख्स्तानमा पर्ने वङ्क्षु र भद्रसोमा[1] भनिने आमुदरिया र सर्दरिया नामका नदीको बीचको समतल भूभागमा रहेको एलम प्रदेशको नारीप्रधान समाजको रीतिस्थिति, चालचलन आदिका बारेमा चित्रण गरिएको छ । यस उपन्यासमा सिन्धु सभ्यताको नगरनिर्माण, स्थापत्य, विविध कला, विज्ञानप्रविधि आदिका बारेमा चित्रण गर्नुका साथै त्यसपछिको सभ्यताको सामाजिक स्थितिका बारेमा केही झलक दिइएको छ ।

---

[1] हेर्नू : परिशिष्ट २ ।

उपनिषद्‌ले सद्-तत्त्वका रूपमा[१] र महान् भौतिक शास्त्री स्टेफन हकिङ्‌ले महाकालका रूपमा स्विकारेको कुनै विशेष तत्त्वको[२] महाविस्फोटबाट आजभन्दा साढे एघार अरब वर्षपूर्व यस ब्रह्माण्डको सृष्टि भएको कुरालाई उपन्यासमा उल्लेख गरिएको छ ।

**भूमिसूक्त** उपन्यासको नामका आधारमा हेर्दाखेरि मुख्य रूपमा यसले भूमिको महिमागान गरेको छ ।[३] चिन्तक रामप्रसाद उपाध्याय पोखरेलले **भूमिसूक्त**लाई नृवंश-शास्त्र, समाजशास्त्र, समाजको चरित्र अनि हिन्दु दर्शनको सृष्टि-विज्ञान र समाज-विज्ञानको समन्वितिको पृष्ठभूमिमा रचिएको उपन्यास हो भनेका छन् ।[४]

यस **भूमिसूक्त** उपन्यासले आफ्ना विषयवस्तु एलम-प्रदेशीय मातृकाप्रधान समाज, सैन्धव सभ्यता र त्यसपछिको सभ्यताको समाजको चित्रण गर्दा विभिन्न पौराणिक र वैदिक कथा र मिथकहरूलाई आधुनिक पुरातत्त्व, समाजशास्त्र र समाजको चरित्रका आधारमा यथावत् चित्रण गरेको छ ।

उपन्यासमा वर्णित यिनै समाजका रीतिस्थितिका आधारमा उपन्यासको सामाजिक अध्ययन गर्नु यस शोधकार्यको मूल ध्येय रहेको छ ।

## १.४ समस्याकथन

(**क**) समाज-विकासको दार्शनिक र वैज्ञानिक आधार के-कस्ता छन् ?

(**ख**) **भूमिसूक्त**मा वर्णित प्रारम्भिक समाज के-कस्तो छ ?

(**ग**) **भूमिसूक्त**मा वर्णित सैन्धव सभ्यताको समाज के-कस्तो छ ?

## १.५ शोधपत्रको उद्देश्य

प्रस्तुत शोधपत्रको मुख्य उद्देश्य **'भूमिसूक्त' उपन्यासको सामाजिक अध्ययन**मा केन्द्रित रही समस्याकथनमा उठाइएका समस्यासमाधानको खोजी गर्नु हो । फलतः प्रस्तुत शोध-पत्रको उद्देश्य निम्नानुसारको रहेको छ -

(**क**) समाज-विकासको दार्शनिक र वैज्ञानिक आधारलाई प्रकाश पार्ने,

---

[१] **छान्दोग्योपनिषद्**, अ.६, ख.२, म.१ ।

[२] हेर्नू : परिशिष्ट ३ ।

[३] माधव घिमिरे, 'भूमिसूक्तभित्रको महाकालसूक्त', **अभिव्यक्ति**, पूर्णाङ्क १०७, शिशिर ऋतु अङ्क : २०५८, पृ. २ ।

[४] राप्रउ पोखरेल 'भूमिसूक्त - संक्षिप्त सर्वेक्षण', पूर्ववत्, पृ. ६७ ।

(ख) **भूमिसूक्त**मा वर्णित प्रारम्भिक समाजलाई केलाउने,

(ग) **भूमिसूक्त**मा वर्णित सैन्धव सभ्यताको समाजलाई केलाएर निष्कर्ष दिने,

## १.६ पूर्वकार्यको समीक्षा

**भूमिसूक्त** मातृका-प्रधान, सैन्धव सभ्यता र आदि-वैदिक युगको समाजलाई सशक्त अभिव्यक्ति दिएको उपन्यास हो । यस उपन्यासका सम्बन्धमा विभिन्न विद्वान्हरूले भूमिका, पत्रपत्रिकाका लेख र समालोचनात्मक कृतिमा विभिन्न समयमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने प्रयास गरेको देखिन्छ ।

सामाजिक अध्ययनका दृष्टिले यस कृतिको अध्ययन निकै कम मात्रामा भएको पाइन्छ । सामाजिक अध्ययनसम्बन्धी भएका अध्ययन-विश्लेषणलाई मात्र यहाँ क्रमिकताका आधारमा समीक्षा गरिएको छ -

देवीप्रसाद सुवेदीले **भूमिसूक्त** उपन्यासको भूमिकाका रूपमा रहेको 'वैचारिक तत्त्व-चिन्तनको औपन्यासिक प्रस्तुति' (२०५८) शीर्षकको लेखमा **भूमिसूक्त** उपन्यासले हिमाली उपमहादेशको प्राचीन संरचनालाई समेटेर सिन्धु सभ्यताको समाजलाई आफ्नो विषयवस्तु बनाएको चर्चा गरेका छन् । उनले उपन्यासले सिन्धु समाजलाई विषयवस्तुका रूपमा चित्रण गरेको उल्लेख गरे तापनि समाज के-कस्तो थियो भन्ने विषयमा विवरण दिएका छैनन् ।

घनश्याम कँडेलले **भूमिसूक्त** उपन्यासको भूमिकाका रूपमा रहेको 'श्रद्धा र शुभेच्छाका केही शब्द' (२०५८) भन्ने शीर्षकको लेखमा प्रागैतिहासिक कालीन समाज, मातृप्रधान समाज र हडप्पा र मोहेन् जो दडोको उन्नत सभ्यता, संस्कृति र समृद्धिको चर्चा उपन्यासमा भएको छ भन्ने उल्लेख गरेका छन् । उनले ती समाजको स्थिति के-कस्तो थियो भन्ने विषयमा कुनै चर्चा गरेका छैनन् ।

नगेन्द्रराज शर्माले **भूमिसूक्त** उपन्यासको भूमिकाका रूपमा रहेको 'मेरो पर्यावलोकन' (२०५८) भन्ने शीर्षकको लेखमा उपन्यासले प्राचीन सिन्धु सभ्यताको समाज, प्रचलन र सांस्कृतिक, सामाजिक, धार्मिक स्थितिको चर्चा गरेको छ भन्ने उल्लेख गरे तापनि उपन्यासले कस्ता सामाजिक स्थितिको चर्चा गरेको छ भन्ने स्पष्ट पारेका छैनन् ।

मदनमणि दीक्षितले **भूमिसूक्त** उपन्यासको भूमिकाका रूपमा रहेको 'सुरुमा'(२०५८) भन्ने शीर्षकको लेखमा पृथ्वीमा प्राणी र जीवन तथा चेतनाको उत्पत्ति के-कसरी भयो भन्ने प्रश्नका बारेमा पृथक् रूपमा अध्ययन गर्न सकिन्छ भनेका छन् । उनले मानवसमाज, मानवको

सभ्यताको थालनी र विकासको  अध्ययन र चिन्तन गर्नु समाजशास्त्र र इतिहास-विज्ञानका क्षेत्र हुन् भने तापनि भूमिसूक्त उपन्यासको सामाजिकताका बारेमा स्पष्ट उल्लेख गरेका छैनन् ।

माधव घिमिरेले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको 'भूमिसूक्तभित्रको महाकालसूक्त' (२०५८) भन्ने लेखमा **भूमिसूक्त** उपन्यासमा महाविस्फोटदेखि लिएर पृथिवीमा जीवन र मानव-शिशुको उत्पत्तिसम्मको इतिहासको वस्तुनिष्ठ नीरस विषयलाई काव्यात्मक शैलीमा वर्णन गरिएको छ भन्ने चर्चा गरेका छन् । उनले उपन्यासको सामाजिकताका बारेमा कुनै उल्लेख गरेका छैनन् ।

राजेश्वर देवकोटाले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको 'पढ्दै छु' (२०५८) भन्ने लेखमा उपन्यासमा उल्लिखित पात्रलाई वैदिक, पूर्ववैदिक कालको सभ्यता बोल्ने मूर्त अवयवका रूपमा चित्रण गरेका छन् । उनले कस्तो सभ्यता भन्ने विषयमा र उपन्यासको सामाजिकताका बारेमा कुनै कुराको उल्लेख गरेका छैनन् ।

इन्दिरा प्रसाईंले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको 'भूमिसूक्त भनौं वा वैदिक ज्ञान कोश'(२०५८) भन्ने लेखमा **भूमिसूक्त**लाई सृष्टिको सुन्दर कथा, मातृसत्तात्मक कथा, पुरुषसत्ता र उदयका कथा, मानवले आफ्ना स्थायित्वका लागि गरेको सङ्घर्षको वृत्तान्त भएको उपन्यास भनी चर्चा गरेकी छन् । उनले उपन्यासका ती उनैका शब्दका मातृसत्तात्मक, पुरुषसत्तात्मक समाजका बारेमा कुनै चित्रण गरेकी छैनन् ।

कालीप्रसाद रिजालले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको 'भूमिसूक्त : मेरो दृष्टिमा' (२०५८) भन्ने लेखमा मानव सभ्यताको विकासका खुड्किलाहरू, मोडहरू र उतार चढावहरूको रोचक र अर्थपूर्ण विवेचना भूमिसूक्तले गरेको छ भनेका छन् । उनले उपन्यासको समाजिकताका बारेमा स्पष्ट विवरण दिएका छैनन् ।

कृष्ण धरावासीले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको 'कालजयी कृति भूमिसूक्त' (२०५८) भन्ने लेखमा भूमिसूक्त उपन्यासले मातृसत्तात्मक युगको विश्लेषण गर्नुका साथै बलि-प्रथाको अध्ययन गहिरोसँग गरेको छ भनेका छन् । उनी अगाडि भन्छन् - उपन्यासभित्र सारा संसार नै गतिशील छ । मानिसहरू बथानका बथान बसाइँ सरिरहेका छन् । नयाँ-नयाँ ठाउँको यात्रा र सभ्यताको विनमय गरिरेका छन्  । यी उनका उल्लेखहरू उपन्यासको सामाजिकताका बारेमा अपूर्ण छन् ।

पूर्णप्रकाश नेपाल 'यात्री'ले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको

'भूमिसूक्तमाथि एक दृष्टि' (२०५८) भन्ने लेखमा भूमिसूक्तको प्रस्तुतिले आदिकालीन पुरामानव, मानव सभ्यता र भेदभावमुक्त मानवसमाजका सम्बन्धमा अध्ययन, मनन गर्नका लागि द्वारोद्घाटन गरेको छ भन्ने चर्चा गरेका छन् । यहाँ उनले आदिकालीन पुरामानव भनेर भूमिसूक्तको मानवभन्दा पूर्वको मानवको उल्लेख गरेका छन् भने भेदभावमुक्त समाजभित्र उपन्यासको समाज आए पनि त्यस समाजले उपन्यासको पूरै समाजलाई समेट्न सक्दैन ।

राप्रउ पोखरेलले **अभिव्यक्ति** भन्ने पत्रिकामा प्रकाशन गरेको 'भूमिसूक्त - संक्षिप्त सर्वेक्षण' (२०५८) भन्ने लेखमा भूमिसूक्त उपन्यासले मूलतः वैदिक साहित्य र पुरातत्त्वका उपलब्ध सामग्रीहरूको आधारमा समाजशास्त्रीय व्याख्या गरेको चर्चा गरेका छन् । भूमिसूक्तको समाज नव पाषाण युगको अन्तको र धातु युगको प्रारम्भको व्यवस्थित कृषि संस्कृति, पशुपालन र ग्रामीण जीवनको मातृप्रधान युगबाट पुरुष-प्रधानतातर्फ उन्मुख समाज हो भन्ने उल्लेख उनले गरेका छन् । उनले उपन्यासले सभ्यता र संस्कृतिको इतिहासनजिक राखेर नारीको चरित्रका धारणा, तिनको पारिवारिक र सामाजिक सम्बन्धको चित्रण गरेको चर्चा गरेका छन् । भूमिसूक्त उपन्यासका बारेमा राप्रउले गरेको चर्चा उपन्यासको प्रारम्भिक सामाजिक पक्षसँग जोडिएको भए तापनि त्यो अत्यन्त न्यून छ ।

मुकुन्द शर्माले **भूमिसूक्त पर्यालोचना** (२०५९) भन्ने समालोचनात्मक पुस्तकमा **भूमिसूक्त**का उपन्यासकारले देवता, ऋषिजन, असुरजन र मानव-समुदायलाई एउटै मानवीय चेष्टाका विविध रूपमा हेरेका छन् भन्ने चर्चा गरेका छन् । उनले यस उपन्यासमा वर्णित समाजको उल्लेख स्पष्टसँग गरेका छैनन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०६४) भन्ने समालोचनात्मक पुस्तकमा मान्छेको अस्तित्वको उपस्थिति, मातृ वा पितृसत्ताको सङ्घर्ष, वस्तुको विनिमय गर्ने परम्पराको आविर्भाव, मान्छे विभिन्न धर्म, वर्ग र तहमा विभाजित हुँदै गएको प्रागैतिहासिक मानवमूल्यका स्थितिको उपस्थापन भूमिसूक्तले गरेको छ भन्ने चर्चा गरेका छन् ।

सुवेदीले मातृप्रधानतालाई मातृसत्ता भनेका छन् भने त्यसको स्थिति कस्तो थियो भन्ने कुरालाई स्पष्ट पारेका छैनन् । यिनले सैन्धव सभ्यताको सामानको विनिमयात्मक व्यापार र धर्मको सामान्य उल्लेख गरे तापनि उपन्यासको समग्र सामाजिकताका बारेमा स्पष्ट उल्लेख गरेका छैनन् ।

विद्वान्हरूका उपर्युक्त अभिव्यक्तिहरूले भूमिसूक्तको सामाजिक अध्ययनसम्बन्धी केही टिप्पणी गरेको पक्षलाई पुष्ट पार्दछन् । ती कार्यहरूमध्ये केही अपूर्ण छन् भने केही सूक्ष्म सङ्केतका

रूपमा मात्र आएका छन् । राप्रउ पोखरेलको लेखमा वास्तविक रूपमा भूमिसूक्त उपन्यासको प्रारम्भिक सामाजिक स्थितिलाई देखाउन खोजे तापनि त्यो एउटा सानो र शोधमूलकताको अभाव रहेको लेख भएकाले अपूर्ण छ । अतः यस उपन्यासमा वर्णित सामाजिक संरचनासम्बद्ध समग्र अध्ययन र विश्लेषण हुन सकेको देखिँदैन । यस शोधपत्रमा सामाजिक अध्ययनका विभिन्न सैद्धान्तिक मान्यताका आधारमा समग्र अध्ययन विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको औचित्य

आजसम्म **भूमिसूक्त** उपन्यासको सामाजिक अध्ययनको दृष्टिले अध्ययन हुन नसकेको अवस्थामा यस उपन्यासमा प्रयुक्त समाजको विश्लेषण गरिने भएकाले यस उपन्यासको सामाजिक दृष्टिले अध्ययन र अध्यापन गर्न एवम् थप ज्ञानार्जन गर्न चाहने जिज्ञासु पाठकहरूलाई मार्ग-निर्देशन गर्नमा पर्याप्त सहयोगी हुने देखिएकाले यो शोधकार्य औचित्यपूर्ण छ ।

## १.८ अध्ययनको सीमाङ्कन

**भूमिसूक्त** उपन्यासलाई विभिन्न तरिकाले अध्ययन गर्न सकिए तापनि समाज-विकासको दार्शनिक र वैज्ञानिक आधारका बारेमा संक्षिप्त चर्चा गरी यस उपन्यासमा प्रयुक्त समाजको अध्ययन गर्नु यस शोधपत्रको क्षेत्र र सीमा रहेको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोधपत्रको आवश्यक सामग्रीसङ्कलनका लागि पुस्तकालयीय अध्ययनविधिलाई नै मूल आधार बनाइएको छ । यसमा **भूमिसूक्त** उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने उपन्याससम्बन्धी ग्रन्थहरूको अध्ययन तथा **भूमिसूक्त** उपन्यासको सामाजिक अध्ययनसम्बन्धी विभिन्न लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसका साथै आंशिक रूपमा लेखक स्वयंको अन्तर्क्रियाबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

### १.९.२ अध्ययन तथा विश्लेषणविधि

प्रस्तुत शोधपत्रमा ऐतिहासिक अध्ययन पद्धतिको प्रयोग गरिएको छ । यसमा आवश्यकताअनुसार आगमनात्मक र निगमनात्मक विधिका साथै व्याख्यात्मक र विश्लेषणात्मक विधिको समेत उपयोग गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सन्तुलित एवं व्यवस्थित ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्नानुसार पाँच परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय । |
| दोस्रो परिच्छेद | : | समाज-विकासको दार्शनिक र वैज्ञानिक आधार । |
| तेस्रो परिच्छेद | : | समाज विकासको प्रारम्भिक स्वरूपका दृष्टिले भूमिसूक्त । |
| चौथो परिच्छेद | : | सैन्धव सभ्यताको चित्रणका दृष्टिले भूमिसूक्त । |
| पाँचौं परिच्छेद | : | शोधनिष्कर्ष । |

शोधपत्रको अन्तिममा परिशिष्टहरू र सन्दर्भग्रन्थसूची दिइएको छ ।

# परिच्छेद दुई

# समाज–विकासको दार्शनिक र वैज्ञानिक आधार

## २.१ मानवको उत्पत्ति

यस ब्रह्माण्डको उत्पत्ति कसरी भयो ? कहिले भयो ? यसमा प्राणीहरूको उद्‌भव अनि विकास कहिले भयो ? मानवको उत्पत्ति र विकास कहिले भयो ? यस्ता विविध प्रश्नका उत्तरहरू वैज्ञानिक अनुसन्धाताले दिने कोसिस गर्दा-गर्दै पनि ती प्रश्नहरू अझै रहस्यमय नै छन् ।

मानवको उत्पत्तिका सम्बन्धमा भारतीय उपमहाद्वीपीय विद्वान्‌हरू एवं पाश्चात्य विद्वान्‌हरूका गहन चिन्तन र विविध विचारहरू पाइन्छन् । समाजविकासका सन्दर्भमा मानवको उत्पत्ति कसरी भयो भन्ने कुराले विशेष महत्त्व राख्दछ । कुनै पनि समाजको मुख्य अङ्ग मानव हो । अतः समाज-विकासको चर्चा गर्नुपर्दा प्रथमतः मानव-उत्पत्तिसम्बन्धी चर्चा गर्नुपर्ने हुन आउँछ । मानव-उत्पत्तिका विषयमा चर्चा गर्ने क्रममा यससम्बन्धी भारतीय उपमहाद्वीपीय एवं पाश्चात्य विभिन्न धारणाहरूका आधारमा यहाँ मानव-उत्पत्तिको विषयलाई उठाइएको छ । सो आधारमा मानव-उत्पत्तिको बारेमा चिन्तन गर्दा यहाँ मूलतः दार्शनिक र वैज्ञानिक आधारमा चर्चा गरिएको छ र गौणतः पौराणिक आधारमा चर्चा गरिएको छ ।

### २.१.१ दार्शनिक चिन्तन

कुनै पनि कुरालाई गहिरिएर चिन्तन गर्ने प्रक्रियालाई दार्शनिक चिन्तन भनिन्छ । यो अमूर्त वैज्ञानिक चिन्तन हो, जुन परीक्षणको कसौटीमा जाँदा वैज्ञानिक बन्ने सम्भावना रहन्छ । यहाँ भारतीय उपमहाद्वीपीय र पाश्चात्य गरी दुई प्रकारका दार्शनिक चिन्तनको उल्लेख गरिन्छ ।

**भारतीय उपमहाद्वीपीय दार्शनिक चिन्तन**

भारतीय उपमहाद्वीपमा धेरैजसो चिन्तनहरू संस्कृत भाषाका माध्यमबाट भए तापनि बौद्ध र जैन दर्शनसम्बद्ध चिन्तनहरू पालि र प्राकृत भाषाका माध्यमबाट पनि भएकाले यहाँ संस्कृत शब्दको प्रयोग न गरेर भारतीय उपमहाद्वीपीय शब्दको प्रयोग गरिएको छ ।

यस चिन्तन प्रणालीमा ऋग्वेददेखि नै ब्रह्माण्डको उत्पत्ति र मानवको उत्पत्ति एवं अस्तित्वसम्बन्धी चर्चा पाइन्छ । ऋग्वेदपछि अस्तित्वमा आएका उपनिषद् र विभिन्न दर्शनहरूमा पनि मानवको उत्पत्ति र अस्तित्वसम्बन्धी विवरण पाइन्छ । ऋग्वेदको एक ठाउँमा इन्द्रले पृथिवीलाई माथि उठाएको र विस्तार गरेको कुरो आउँदछ । औपनिषदिक चिन्तनअनुसार शुद्ध

चैतन्य परम् आत्माबाट आकाश उत्पन्न भयो । आकाशबाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जलबाट पृथिवी, पृथिवीबाट औषधीहरू अर्थात् लता-वृक्षहरू, औषधीहरूबाट अन्न, अन्नबाट पुरुष अर्थात् प्राणीहरू उत्पन्न भएको चर्चा पाइन्छ ।[१] मानव तिनै प्राणीमध्येको एउटा प्राणी हो ।

भारतीय उपमहाद्वीपीय दार्शनिक चिन्तनमा कतिपयले आत्माको अस्तित्वको नै स्वीकार गर्दैनन्[२] भने अस्तित्व स्वीकार गर्नेले पनि आत्माको उत्पत्ति नमानेर नित्यता मान्दछन् । आत्माको उत्पत्ति नभएपछि प्राणी र मानवको पनि उत्पत्ति सम्भव नहुने देखियो तर यस देखिँदो जगत्को भने उत्पत्ति हुन्छ भन्ने तथ्यहरू पाइन्छन् । यस आधारमा भारतीय उपमहाद्वीपीय दार्शनिक चिन्तनमा मानवको उत्पत्तिको कुरो नआए तापनि जगत्को उत्पत्तिका क्रममा मानव-उत्पत्तिको सन्दर्भलाई यहाँ प्रस्तुत गरिन्छ ।

भारतीय उपमहाद्वीपीय दर्शनमध्येको मूल दर्शन वेदान्त हो । वेदान्तको मुख्य आधार उपनिषद् हो भने ब्रह्मसूत्र र गीतालाई पनि वेदान्त नै मानिन्छ । वेदान्त पनि निर्विशेषाद्वैत, विशिष्टाद्वैत, भेदाभेद, द्वैत, द्वैताद्वैत आदि छन् । यहाँ निर्विशेषाद्वैत सिद्धान्त भएको शाङ्कर वेदान्तका आधारमा मानवको उत्पत्तिको चर्चा गरिन्छ । शाङ्कर वेदान्तअनुसार चेतन तत्त्व ब्रह्म नै यस जगत्को मूल कारण हो ।[३] ब्रह्म यस जगत्को उपादान कारण र निमित्त कारण दुबै हो । जगत्को उत्पत्तिको मात्र नभएर स्थिति र लयको कारण पनि ब्रह्म नै हो ।[४] त्यो ब्रह्म नित्य, शुद्ध, सत्य र चेतनामय छ, न कि चैतन्ययुक्त ।[५] शुद्ध सत्ता पनि भनिने त्यही शुद्ध चैतन्य नै विभिन्न रूपमा प्रकट भएर यस संसारका रूपमा प्रतीत हुन्छ तर स्वयं भने निराकार, निरवयव छ ।[६] त्यही शुद्ध चैतन्य अर्थात् ब्रह्म अन्तःकरणद्वारा अवच्छिन्न अर्थात् युक्त भयो भने जीवात्मा, यहाँको प्रसङ्गमा मानव, भनिन्छ । अन्तःकरण भन्नाले चित्त, बुद्धि, मन र अहङ्कारलाई बुझिन्छ ।

---

[१] तस्माद्वा एतस्मादात्मन आकाश : सम्भूतः । आकाशाद्वायुः । वायोरग्निः । अग्नेरापः । अद्भ्यः पृथिवी । पृथिव्या ओषधयः । ओषधीभ्योऽन्नम् । अन्नात्पुरुषः । **ईशाद्यष्टोत्तरशतोनिषदि तैत्तिरीयोपनिषत्** , दिल्ली : राष्ट्रियसंस्कृतसंस्थानम् , सन् २००३, पृ. २३ ।

[२] चार्वाक दर्शन नितान्त भौतिकवादी दर्शन हो । जसले आत्माको अस्तित्व किमार्थ स्विकार्दैन ।

[३] वागीश कुमार, **भारतीय दर्शनों में अन्तर्निहित समरूपता**, दिल्ली : परिमल पब्लिकेशन, सन् १९९०, पृ. ६१ ।

[४] बलदेव उपाध्याय, **भारतीय दर्शन,** पुनर्मुद्रण संस्करण, वाराणसी : शारदा मन्दिर, सन् २००१, पृ. ३५१ ।

[५] सत्यं ज्ञानमनन्तं ब्रह्म । **तैत्तिरीयोपनिषद्,** २ - १ - १ ।

[६] बलदेव उपाध्याय, **भारतीय दर्शन,** पूर्ववत्, पृ. ३५५ ।

अझ यसलाई स्पष्ट पार्दा इन्द्रिय, मन, अहङ्कार र शरीरको उपाधिद्वारा भिन्न भिन्न भएको परम् आत्मा नै जीव, यहाँको प्रसङ्गको मानव हो ।[१]

सबैभन्दा पुरानो साङ्ख्य दर्शनको चिन्तनलाई आधार मान्दा पुरुष नित्य छ । यस दर्शनअनुसार पुरुष भनेको आत्मा वा प्राणी हो । त्यसभित्र मानव स्वाभाविक रूपमा पर्ने भयो । त्यस पुरुष अर्थात् मानवको नित्यता स्वीकार गर्ने भएकाले मानवको उत्पत्तिको चिन्तन साङ्ख्य दर्शनमा हुने कुरा भएन अपि तु यस जगत्को सृष्टिको चिन्तन साङ्ख्य दर्शनमा राम्ररी गरिएको छ । यस दर्शनअनुसार पुरुषजस्तै अर्को एउटा नित्य तत्त्व छ, जसबाट यस संसारको उत्पत्ति हुन्छ र पुरुषले सङ्कुचित अर्थमा मानवले त्यसको भोग गर्दछ । त्यस तत्त्वलाई प्रकृति भनिन्छ ।

प्रकृति भनेको सत्त्व, रज र तमोगुणको साम्यावस्था हो ।[२] त्यस त्रिगुणात्मक प्रकृतिमा गुणको मात्रामा विषमता आएपछि त्यसबाट महत्तत्त्वको उत्पत्ति हुन्छ । महत्तत्त्वलाई बुद्धितत्त्व पनि भनिन्छ । त्यसबाट अहङ्कार उत्पन्न हुन्छ । गुणका विषमताले गर्दा त्यस अहङ्कारका तीन रूप हुन्छन् - सात्त्विक, राजसिक र तामसिक । ती तीन रूपमध्ये सात्त्विक अहङ्कारबाट पाँच ज्ञानेद्रिय, पाँच कर्मेन्द्रिय र मन गरी एघार इन्द्रियहरूको उत्पत्ति हुन्छ भने तामस अहङ्कारबाट पाँच तन्मात्राको उत्पत्ति हुन्छ । राजस अहङ्कारले भने दुबैतिर सहयोगी भूमिका खेल्दछ । पाँच तन्मात्राबाट पृथ्वी, जल, तेज, वायु र आकाश गरी पाँच महाभूत उत्पन्न हुन्छन् ।[3] यसरी यी चौबीस तत्त्व र पुरुष गरी साङ्ख्य दर्शनमा पच्चीस तत्त्व मानिन्छन् । पुरुष अर्थात् आत्माले, मानवविकासका सन्दर्भमा मान्छेले उक्त प्रक्रियाबाट उत्पन्न प्रकृतिको भोग गर्दछ तर जब उसलाई आफ्नो र प्रकृतिको भेद थाहा हुन्छ ऊ मुक्त हुन्छ । योग दर्शनसम्बन्धी मानवको उत्पत्तिबारेको चिन्तन यसै साङ्ख्य दर्शनसँग मिल्दछ ।

भारतीय उपमहाद्वीपीय दार्शनिक चिन्तनमा यस जगत्को उत्पत्तिसम्बन्धी मूलतः तीनओटा चिन्तन पाइन्छन् : चैतन्य वा आत्मकारणतावादी, प्रकृतिकारणतावादी र परमाणुकारणतावादी । जसमध्ये वेदान्त आत्मकारणतावादी चिन्तन हो भने साङ्ख्य प्रकृतिकारणतावादी चिन्तन हो । परमाणुकारणतावादी चिन्तनका प्रणेता कणाद मुनि हुन् र उनको दर्शनलाई वैशेषिक दर्शन भनिन्छ । यही परमाणुवादलाई न्याय दर्शनले पनि मान्दछ । यी दर्शनले पनि आत्मा अर्थात् प्राणी प्रस्तुत प्रसङ्गमा मानवको उत्पत्ति मान्दैनन् । त्यस्तै आकाश,

---

[१] पर आत्मा देहेन्द्रियमनोबुद्ध्याद्युपाधिभिः परिच्छिद्यमानो बालैः शारीर इत्युपचर्यते । शाङ्कर-भाष्य ...? ।

[२] सत्त्वरजस्तमसां साम्यावस्था प्रकृतिः...। सांख्यसूत्रम् १ - ६१ ।

[3] प्रकृतेर्महांस्ततोऽहङ्कारस्तस्माद् गणश्च षोडशकः ।
तस्मादपि षोडशकात् पञ्चभ्यः पञ्च भूतानि ॥ सांख्यकारिका - २२ ।

काल, दिक् र मनलाई पनि नित्य मान्दछन् । परन्तु हामीले अनुभव गरिरहेको स्थूल पृथिवी, जल, तेज र वायुलाई भने उत्पन्न मान्दछन् । अतः यी दर्शनमा यिनै पृथिवी आदिको उत्पत्तिका आधारमा नै जगत्को उत्पत्ति भएको मानेर चिन्तन अगाडि बढ्दछ ।

न्याय-वैशेषिक दर्शनअनुसार ईश्वरको सृष्टि गर्ने इच्छा र प्राणीहरूको धर्म र अधर्मका कारणले सर्वप्रथम वायुका परमाणुहरूमा[1] क्रिया उत्पन्न हुन्छ । त्यसपछि द्वचणुकादिका[2] क्रमले हामीले अनुभव गरिरहेको महान् वायु उत्पन्न भएर आकाशमा रहन्छ । त्यसपछि त्यस वायुमा उक्त क्रमले जलीय परमाणुहरूबाट हामीले व्यवहारमा ल्याइरहेको जल उत्पन्न हुन्छ । त्यसपछि माथि वर्णित जलमा नै पार्थिव परमाणुबाट द्वचणुकादि हुँदै पृथिवी उत्पन्न हुन्छ । त्यसै गरी त्यस जलमा नै तैजस परमाणुबाट द्वचणुकादि हुँदै अग्नि उत्पन्न हुन्छ । त्यसरी उत्पन्न पृथिवी, जल, तेज र वायु गरी चार महाभूतमा सङ्कल्प पनि भनिने परमात्माको इच्छाबाट पार्थिव परमाणु मिलेको तैजस परमाणुहरूबाट एउटा ठूलो अण्ड भनौं गोलाकार पिण्ड उत्पन्न हुन्छ । त्यस पिण्डमा परमात्माले चारमुखे ब्रह्माजीलाई उत्पन्न गरेर अन्य प्राणीहरूलाई उत्पन्न गर्नका लागि निर्देशन दिन्छन् ।[3] वस्तुतः प्राणीको उत्पत्ति भनेको उनीहरूको कर्मअनुसार उनीहरूलाई फलभोग गर्ने व्यवस्था मिलाउने कुरा हो । जुन कार्य ब्रह्माजीको हो, न कि उत्पन्न नै गर्ने कार्य ।

ब्रह्माजीले प्राणीहरूको कर्म र तदनुसारका धर्माधर्म जानेर दक्ष आदि प्रजापति, विभिन्न देव, नारद आदि देवर्षि, स्वायम्भुव आदि चौध मनु, गौतमादि ऋषि, मानवादि र अन्य साना ठूला प्राणीहरूको कर्मअनुसार फलभोग गर्ने व्यवस्था मिलाउने कार्य गर्दछन् ।[4] जसका कारणले सामाजिक स्थिति अगाडि बढ्दछ ।

माथि वर्णन गरिएका दर्शनलाई आस्तिक दर्शन भनिन्छ भने भारतीय उपमहाद्वीपमा चार्वाक, बौद्ध र जैन गरी तीनओटा दर्शनलाई नास्तिक दर्शन भन्ने गरिएको छ ।

चार्वाक दर्शनअनुसार साक्षात् इन्द्रियसन्निकर्षबाट जसको प्रतीति हुन्छ, त्यो वस्तु नै सत्य हो । अतः चार्वाकको चिन्तनको केन्द्रबिन्दु नै भौतिक जगत् हो । प्रत्यक्ष प्रमाणबाट जान्न नसकिने तत्त्वको स्वीकार चार्वाक दर्शनले गर्दैन ।[5] चार्वाक दर्शनका अनुसार मान्छे पृथ्वी, जल,

---

[1] पृथ्वी, जल, तेज र वायुका अत्यन्त सूक्ष्म कण नै, जुन कहिल्यै नष्ट हुँदैनन्, परमाणु हुन् ।

[2] दुइटा परमाणु मिलेर बन्ने चीजलाई द्वचणुक भनिन्छ ।

[3] श्रीमन्महर्षिप्रशस्तदेवाचार्यविरचितम्, **प्रशस्तपादभाष्यम्,** चतुर्थसंस्करणम्, वाराणसी : चौखम्बासंस्कृतसंस्थानम्, वि. स. २०५९, पृ.३२-३३ ।

[4] ऐजन, पृ.३४ ।

[5] वागीश कुमार, पूर्ववत्, पृ. ९ ।

तेज र वायु गरी चार तत्त्वहरूको संयोगबाट निर्मित हुन्छ । मान्छे मरेपछि तिनै चारओटा पृथिवी आदि तत्त्वमा गएर मिल्दछ । अर्थात् शरीरको पार्थिव तत्त्व पृथिवीमा, जलीय तत्त्व जलमा, तैजस तत्त्व तेजमा र वायवीय तत्त्व वायुमा गएर मिल्दछ । निष्कर्षमा यस दर्शनअनुसार सुख दु:खादि गुणवान् देह नै आत्मा अर्थात् मानव भनेर भनिन्छ । जुन पृथिवी आदि चार तत्त्वको रासायनिक मेलनबाट बन्दछ ।[१]

बौद्ध दर्शनमा समस्त जगत् प्रतिक्षण परिवर्तित हुन्छ भन्ने मानेर यसलाई क्षणिक मानिन्छ । यस क्षणिकवादी सिद्धान्तलाई पछिका बौद्ध दार्शनिकहरूले समान रूपमा ग्रहण गरे तापनि जगत्को सत्ता र यसको मूल रूपका सवालमा भिन्न-भिन्न व्याख्याहरू प्रस्तुत गरे ।[२] बुद्ध बुद्ध दर्शनका १८ ओटा सम्प्रदायहरू थिए भन्ने गरिए तापनि मूलतः चारओटा सम्प्रदाय छन् : वैभाषिक, सौत्रान्तिक, योगाचार र माध्यमिक ।[३] यी चारओटा सम्प्रदायमध्ये वैभाषिक र सौत्रान्तिकले बाह्य जगत् र आन्तरिक चेतनाको स्वीकार गर्दछन् । योगाचारहरूले बाह्य जगत्को वास्तविक अस्तित्वलाई स्वीकार गर्दैनन् तर आन्तरिक ज्ञानको भने वास्तविक अस्तित्वलाई स्विकार्दछन् । तर तीनै थरीले त्यो आन्तरिक चेतनालाई प्रत्येक क्षण परिवर्तनशील छ भन्ने ठान्दछन् । अतः त्यसलाई क्षणिक विज्ञान भनिन्छ । यी तीनै सम्प्रदायका मतमा त्यही क्षणिक विज्ञान नै मानव हो ।

माध्यमिक सम्प्रदाय भने त्यस्तो कुनै आत्मा वा मानवको वास्तविक अस्तित्व मान्दैन । यस संसारका सारा वस्तुहरू शून्य-विवर्त हुन् । फलतः मानव पनि त्यसैको विवर्त हो । शून्य भनेको नितान्त अभाव होइन परन्तु कुनै तत्त्व हो जसलाई यही हो भनेर भन्न सकिँदैन अतः अनिर्वचनीय मानिन्छ ।[४]

जैन दर्शनमा जीवात्मा नित्य हुन्छ । जसलाई यस प्रसङ्गमा मानव भनिन्छ । त्यो आफ्ना पूर्व जन्मका कर्मको फलको उपभोग गर्दै नयाँ-नयाँ शरीरमा सर्ने गर्दछ ।[५] त्यस जीवात्माले शरीरअनुरूपको परिमाण धारण गर्दछ । यसरी हात्तीको शरीरमा हात्तीको जत्रै र कमिलाको

---

[१] श्रीपादशास्त्री हसूरकर, **द्वादशदर्शनसोपानावलि:,** बडोदरा : गुड कम्पेनियन्स् , सन् १९९३, पृ. २ ।

[२] वागीश कुमार, पूर्ववत्, पृ. १५ ।

[३] बलदेव उपाध्याय, **बौद्ध दर्शन मीमांसा,** पञ्चम संस्करण, वाराणसी : चौखम्बा विद्याभवन, स.१९९९, पृ. १४१ ।

[४] नागार्जुन, **मध्यमक-कारिका,** द्वितीयसंस्करणम्, दरभङ्गा : मिथिलाविद्यापीठम्, स. १९८७, कारिका १-१, १५-१०, १८-९, १५-१० ।

[५] आत्मा कर्मफलोपभोगनिरतो देहाभिमानी चरन् । श्रीपादशास्त्री हसूरकर, पूर्ववत्, पृ. ६९ ।

शरीरमा कमिलाको जत्रै परिमाण हुन्छ । अतः मानवको शरीरमा पनि शरीरअनुसारको आत्मा हुने भयो । निष्कर्षमा यस दर्शनमा पनि मानवलाई नित्य मानिन्छ ।

**पाश्चात्य दार्शनिक चिन्तन**

पाश्चात्य दार्शनिकहरूमध्ये सबैभन्दा पहिला दार्शनिक थेलिस्लाई (इसापूर्व ६२४-५५०) मानिएको छ ।[१] थेलिसभन्दापूर्व जगत् र मानवको उत्पत्तिसम्बन्धी चिन्तन कवि र पुराणहरूबाट गरिएको गियो । जुन चिन्तन दैवी शक्तिका आधारमा अडिएको थियो । थेलिस्ले यस जगत्को मूल कारण पानी हो भनेर पश्चिमा जगत्मा सबैभन्दा पहिला भौतिकवादी चिन्तन प्रस्तुत गरे ।[२] उनले चेतन तत्त्वका सवालमा एउटा असीम तत्त्व मान्दथे । थेलिस्को यस असीम तत्त्वलाई औपनिषदिक परम तत्त्वसँग गाँस्ने प्रयास गरेको पाइन्छ ।[३] जगत्को उत्पत्तिका सम्बन्धमा भौतिकवादी चिन्तन प्रकट गरे तापनि मानव-उत्पत्तिका सम्बन्धमा स्पष्ट भौतिकवादी चिन्तन थेलिसको पाइन्न ।

थेलिसका चेला तर दार्शनिक चिन्तनमा उनीभन्दा उत्कृष्ट दार्शनिक एनेक्सिमेन्डरले ( इसापूर्व ६११-५४७) पहिलो पटक पूर्ण भौतिकवादी चिन्तन प्रकट गरे । यिनको कृति **प्रकृतिमा निबन्ध** पश्चिमी दर्शन साहित्यको पहिलो रचना हो ।[४] यिनले यस जगत्को मूल कारण पानी नभएर कुनै अनियत तत्त्व माने । जसलाई अरस्तुले नित्य, अविनाशी, अज, कालातीत, सर्वव्यापी र सर्वनियामक दैवी शक्ति ठाने ।[५] एनेक्सिमेन्डरको जीव-विज्ञानसम्बन्धी धारणा डार्विनको **वातावरणका साथ समायोजन**सँग मिल्ने प्रकृतिको छ । उनको सिद्धान्तअनुसार पृथिवी सुरुमा तरल थियो । सूर्यका तापद्वारा त्यसको आर्द्रतालाई शोषण गरियो । आवश्यक तातो र चिसो वातावरणीय अनुकूलताबाट जीवको उत्पत्ति भयो । सर्वप्रथम निम्न श्रेणीका जीवहरूको उत्पत्ति भयो र क्रमिक रूपमा उच्च श्रेणीका जीवहरू उत्पन्न भए । एनेक्सिमेन्डरका अनुसार मानवको

---

[१] या. मसीह, **पाश्चात्य दर्शनका समीक्षात्मक इतिहास,** पाँचवाँ संस्करण, दिल्ली : मोतीलाल वनारसीदास, सन् १९९४, पृ. १९ ।

[२] सी. एल. त्रिपाठी, **पाश्चात्य दर्शनका इतिहास,** सम्पादक दयाकृष्ण, जयपुर : राजस्थान हिन्दी अकादमी, सन् १८७९, पृ. ३ ।

[३] ऐजन, पृ. ४ ।

[४] चन्द्रधर शर्मा, **पाश्चात्य दर्शन,** नवौं संस्करण, दिल्ली : मोतीलाल बनारसीदास, सन. १९९२, पृ.२ ।

[५] ऐजन, पृ. १२ ।

उत्पत्ति मूलतः माछाबाट भयो । सुरुमा मानव पानीमा नै पालित-पोषित भयो, हुर्कियो र सक्षम भएपछि जललाई छोडेर स्थलमा आएर बस्न थाल्यो ।[१]

यसपछिका प्रसिद्ध भौतिकवादी दार्शनिक एम्पेडोक्लिजले (इसापूर्व ४९५-४३५) यस जगत्को मूल कारण पृथ्वी, जल, तेज र वायुको अणुलाई माने । यिनले यी चारओटा तत्त्वका अतिरिक्त कुनै पनि खालको असीम वा ससीम तत्त्वको स्वीकार गरेनन् ।[२] एम्पेडोक्लिजले प्राणीहरूको उत्पत्ति र विकासको विवेचना भौतिकवादी दृष्टिका आधारमा गरे । उनका अनुसार सृष्टि क्रम दुई प्रकारले हुन्छ :

(क) सङ्घर्ष सिद्धान्तद्वारा प्रेम सिद्धान्त पराभूत भएको अवस्थामा ।

(ख) प्रेम सिद्धान्तद्वारा सङ्घर्ष सिद्धान्त पराजित भएको अवस्थामा ।

यिनीहरूमध्ये पहिलोलाई विरूप परिणाम र दोस्रोलाई सरूप परिणाम भन्न सकिने कुरा पनि पाइन्छ ।[३]

एम्पेडोक्लिजका अनुसार विरूप परिणाम अर्थात् सङ्घर्ष सिद्धान्तद्वारा प्रेमसिद्धान्त पराभूत भएको अवस्थामा प्रेम र घृणाको मूल कारणतत्त्वमा उद्वेलन आयो । जसका कारणले ती दुबैको एक-आपसमा मिश्रण भयो । यसै मिश्रणको फलस्वरूप एउटा यस्तो तत्त्वको जन्म भयो, जसलाई मूल जैविक सङ्घात भनिन्छ । यसै सङ्घातबाट सबै प्राणीहरूको उत्पत्ति भयो । यस्तो जैविक सृष्टिको प्रक्रियामा सबैभन्दा पहिले वृक्षहरूको उत्पत्ति भयो । त्यसपछि पशुहरूको र अनि मात्र मान्छेको उत्पत्ति भयो ।[४] त्यसपछि मानव-समाज अगाडि बढ्यो । यसरी यिनी मानव-सृष्टिका सवालमा भौतिकवादी चिन्तनको चरम अवस्थामा पुगेको देखिन्छ । भौतिकवादी दृष्टिले मात्र हेर्दा यिनको मत साङ्ख्य, वैभाषिक र सौत्रान्तिक बौद्ध दर्शनसँग मिल्दोजुल्दो देखिन्छ ।

प्राच्य चिन्तनमा वैशेषिक दार्शनिकहरूले झैं नै पश्चिममा पनि यस जगत्को मूल कारण परमाणु मान्ने दार्शनिकहरू पाइन्छन् । उनीहरूको चिन्तनमा यदि पदार्थको विभाजन गर्दै गइयो भने एक पटक त्यो अवस्थामा पुगिन्छ, जुन स्थितिमा पदार्थ विभक्त हुन सक्दैन । त्यस्तो विभक्त हुन नसक्ने अवस्थाको पदार्थलाई उनीहरूले परमाणु भने । तिनै परमाणुबाट यस

---

[१] ऐजन, पृ. १६ ।

[२] सी. एल. त्रिपाठी, पूर्ववत्, पृ. ११३ ।

[३] ऐजन ।

[४] ऐजन, पृ. ११६ ।

जगत्‌को उत्पत्ति हुन्छ भन्ने मत उनीहरूले राखे । त्यसरी परमाणुलाई जगत्‌को मूल तत्त्व मान्ने दार्शनिकमध्ये डेमोक्रिटस् ( इसापूर्व ४६०-३६०) प्रथम र अग्रगण्य दार्शनिक थिए ।

डेमोक्रिटस्‌का मतमा प्राणी वा आत्मा पनि परमाणुहरूको एक प्रकारको विशेष सङ्‌घटित व्यवस्था हो । आत्मा विशेषतः अग्निरूपी परमाणुबाट निर्मित हुन्छ र ज्ञानको आधार बन्दछ ।[१] यस व्याख्याअनुसार मान्छे पनि तिनै परमाणुहरूको विशेष मेलनबाट निर्मित भएको हो भन्ने स्पष्ट हुन्छ । यसरी डेमोक्रिटस्‌का मतमा मानव कुनै ईश्वर वा दैवी शक्तिबाट निर्मित होइन ।

पाश्चात्य चिन्तनक्षेत्रका सुप्रसिद्ध दार्शनिक सोक्रेटिज्‌का ( इसापूर्व ४६९-३९९) मतमा आत्माको उत्पत्ति हुने होइन अपि तु आत्मा दैवी शक्ति हो र यो बुद्धिको अधिष्ठान हो ।[२] मानवको सबै कार्य गर्ने मुख्य आधार बुद्धि हो र त्यसको आधार आत्मा हो । सोक्रेटिज्‌का चिन्तनमा त्यस आत्मालाई दैवी शक्ति मानिएकाले मानवको उत्पत्तिको कुरो आएन ।

मान्छेको उत्पत्ति अलौकिक नभएर प्राकृतिक रूपमा भएको कुरालाई दर्शाउन अनीश्वरवादी लेखक एपिक्युरसबाट (इसापूर्व ३२४/४१- २७०) प्रभावित हुँदै लुकरिटियसले ( इसापूर्व ९५-५१) **वस्तुहरूको प्रकृतिसँगको सम्बन्धमा** भन्ने कविता लेखे । उनले सो कवितामा पृथ्वीमा पहिलो मान्छे पृथ्वीको उर्वरता अत्यधिक भएको अवस्थामा पैदा भएको कुरालाई जोड दिँदै पृथिवी विभिन्न वनस्पतिबाट ढाकिएपछि पशु, पंक्षी र अन्य कतिपय प्राणीहरूको जन्म भएको कुरा गरेका छन् ।[३] लुकरिटियस्‌ले आफ्नो उक्त मतलाई अभिव्यक्त गर्दा उनी एनेक्सिमेन्डर (इसापूर्व छैठौं शताब्दी) र एम्पिडोक्लिजका (इसापूर्व ४९०-३३०) प्राकृतिक विकासका विचारहरूले प्रभावित भएको देखिन्छ ।[४]

रोमका डाक्टर क्लाडियस् ग्यालेनले (इसापूर्व १५०तिरका) मान्छे र बाँदरको शारीरिक ढाँचाका सम्बन्धमा समानता प्रमाणित गर्ने ठूलो कोसिस गरेको पाइन्छ । अरस्तुले (स.३८४-३२२) मानव-शरीरको राम्ररी अध्ययन गरेर प्राणी-जगत्‌मा मान्छेको स्थान के हो ? भन्ने विषय र मान्छे र अन्य पशुका बीचको मुख्य भेदमा मान्छेको ठूलो मस्तिष्क अनि उसको बोल्ने शक्ति र बुद्धि भएको कुरालाई स्पष्ट पारेका थिए ।[५]

---

[१] या. मसीह, पूर्ववत्, पृ.३६ ।

[२] ऐजन, पृ. ५१ ।

[३] माइरवेल नैस्तुर्ख, **मानव की उत्पत्ति और कमिक विकास,**अनु. रमेश सिन्हा, दिल्ली :आत्माराम एण्ड सन्स्, सन् १९९५, पृ. १ ।

[४] ऐजन, पृ. २ ।

[५] ऐजन, पृ. ३ ।

पूर्वको पौराणिक चिन्तनबाट अनुप्राणित हामीमध्ये कतिपयले आज पनि मानवको सृष्टि अझ भनौं जगत्को सृष्टिलाई अलौकिक रूपमा हेर्ने गर्दछौं तर पश्चिममा भने प्राचीन कालमा पनि मान्छेको उत्पत्तिका सम्बन्धमा वास्तविक भौतिकवादी विचारको स्थापना गर्दै मान्छेको उत्पत्तिसम्बन्धी अलौकिक धारणालाई अस्वीकार गरेको पाइन्छ । हुन त पश्चिममा पनि आज पनि मानव उत्पत्तिसम्बन्धी त्यस्ता अलौकिक धारणा न पाइने होइनन् तर भौतिक र वैज्ञानिक चिन्तन प्रशस्तै पाइन्छ । पश्चिममा इसाइका धार्मिक अदालत थिए र भौतिकवादी चिन्तन राख्नेलाई ती धार्मिक अदालतद्वारा सजाय दिइन्थ्यो । उदाहरणका लागि लुसिलियो बेनिनिलाई (१५८५-१६१९) खम्बामा बाँधेर जिउँदै जलाइएको थियो ।[१]

पश्चिममा दार्शनिक चिन्तनपछि मानव-उत्पत्तिसम्बन्धी वैज्ञानिक चिन्तन मौलाउन थाल्यो । वैज्ञानिक चिन्तनको बीज दार्शनिक चिन्तन भएकाले त्यसो हुनु स्वाभाविक पनि थियो । मानव-उत्पत्ति शास्त्रका सम्बन्धमा वैज्ञानिक चिन्तनको इतिहासमा बाँदर र विशेषतः मानव-सम पशुहरूसँग सम्बन्धित बढ्दो ज्ञान विशेष महत्त्वको थियो । अठारौँ शताब्दीको पूर्वार्द्धताका विख्यात जीवशास्त्री जार्जेज बुफनले (१७०७-१७८८) मान्छे र मानव-सम बाँदरहरूको व्यापक विचार र अध्ययन गरे ।[२]

### २.१.२ **पौराणिक चिन्तन**

महाभारत, श्रीमद्भागवत, बाइबल, कुरान आदिमा पौराणिक चिन्तन छन् । यस चिन्तनलाई पनि भारतीय उपमहाद्वीपीय र पाश्चात्य गरी दुई भागमा विभाजन गरिन्छ ।

#### **भारतीय उपमहाद्वीपीय पौराणिक चिन्तन**

भारतीय उपमहाद्वीपीय पौराणिक चिन्तनअनुसार ब्रह्माजीले महत्तत्त्वादिको सृष्टि गरे तर उनलाई प्रसन्नता भएन । त्यसपछि सनक, सनन्दन, सनातन र सनत्कुमार नामका चार मुनिहरूलाई उत्पन्न गरे । तिनीहरू सृष्टि गर्ने कार्यतिर नलागेर मोक्षमार्गतिर लागेको देख्दा ब्रह्माजीलाई रिस उठ्यो र त्यो रिस तत्काल एउटा बालकका रूपमा प्रकट भयो । ती बालक भवका रूपमा प्रसिद्ध भए । ती बालक उत्पन्न हुँदा रोएकाले उनको नाम रुद्र पनि रह्यो । ब्रह्माजीले ती भव वा रुद्रलाई प्राणीको सृष्टि गर्ने निर्देशन दिए । तर उनले उत्पन्न गरेका

[१] ऐजन, पृ. ४ ।

[२] ऐजन ।

भयङ्कर आकार र स्वभावका भूत, पिशाचजस्ता अनेक प्राणीले संसारको नाश गर्न लागेको देखेर ब्रह्माजी चिन्तित हुँदै उनलाई सृष्टि नगर्न तर तपस्या गर्न आग्रह गरे । रुद्र तपस्यातिर लागे । त्यसपछि मरीचि, अत्रि, अङ्गिरा आदि दश पुत्र उत्पन्न भए । तिनीहरूबाट पनि मानव-सृष्टिको विस्तार नभएको देखेर  ब्रह्माजी स्वयंले स्वायम्भुव मनु र शतरूपाका रूपमा पुरुष र स्त्रीको एउटा जोडीलाई उत्पन्न गरेर त्यस जोडीलाई मानवहरूलाई उत्पन्न गरेर पृथ्वीको पालन र संरक्षण गर्दै यज्ञादि गरेर श्रीहरिको आराधना गर्ने निर्देशन दिए ।[१] त्यसपछि सारा मानवको उत्पत्ति हुँदै गयो । यसले उच्च चेतनायुक्त प्राणीका रूपमा मानवको उत्पत्ति भएको तथ्यलाई पुष्टि गर्दछ ।

**पाश्चात्य पौराणिक चिन्तन**

मानव-सृष्टिका सम्बन्धमा भारतीय उपमहाद्वीपीय चिन्तन-प्रणालीमा झैं पाश्चात्य चिन्तन-प्रणालीमा पनि विभिन्न अलौकिक सृष्टिको कथा पाउन सकिन्छ । पाश्चात्य चिन्तनमा पवित्र बाइबल, पुरानो नियमका अनुसार परमेश्वरले सात दिनमा सारा जगत्को सृष्टि गरे । सृष्टिको पाँचौं दिनमा परमेश्वरले जलचर र आकाशमा उड्ने प्राणीहरूको सृष्टि गरे र छैठौँ दिनमा परमेश्वरले विभिन्न प्रकारका पाल्तु पशुहरू, घस्रने जन्तुहरू, जङ्गली पशुहरूको उत्पत्ति पृथ्वीमा होस् भन्ने कामना गरे र त्यसै भयो पनि । त्यसपछि परमेश्वरलाई अन्य सबै प्राणीहरूमाथि अधिकार जमाउने आफ्नै प्रतिरूपको मानिस बनाउने इच्छा भयो र उनले मानिसको निर्माण गरे । परमेश्वरले मानिस बनाउँदा पृथ्वीको माटोबाट बनाए र मानिसको नाकबाट जीवनको सास फुकिदिए । त्यसरी मानिस जीवित  प्राणी  भयो ।[२]

त्यस्तै मान्छेको सृष्टिका सम्बन्धमा कुरानको कथा पनि बाइबलको कथासँग मिल्दोजुल्दो पाइन्छ । कुरानका अनुसार विभिन्न चीज बनाउन कुशल ईश्वरले पहिले माटोको मान्छे बनाए र त्यसपछि मान्छेका केही सन्ततिको सृष्टि गरे । त्यसपछि तिनीहरूमा आफ्नै आत्मा वा जीवात्माको अंश हालिदिए ।[३]

---

[१] **श्रीमद्भागवतमहापुराण**, तृतीयस्कन्ध, अ. १०-११ ।

[२] **पवित्र बाइबल**, काठमाडौँ : नेपाल बाइबल सोसाइटी, सन् २००५, पृ. २ ।

[३] माइरवेल नैस्तुर्ख, पूर्ववत्, पृ. १ ।

### २.१.३ वैज्ञानिक चिन्तन

पाश्चात्य चिन्तन परम्परामा मानव-उत्पत्तिसम्बन्धी व्यापक चिन्तन पाइन्छ । चिन्तनको व्यापकता यस अर्थमा कि मानव-उत्पत्तिका सम्बन्धमा पूर्वमा झैं पौराणिक र दार्शनिक चिन्तनका साथै पश्चिममा आज पनि प्रशस्त वैज्ञानिक चिन्तन अगाडि बढिरहेको छ ।

वैज्ञानिक खोजअनुसार यो संसारको उत्पत्ति साढे तेह्र अरब वर्षपूर्व भएको हो, जुन समयमा महाविस्फोट भयो र त्यसबाट पदार्थ, शक्ति र समयको जन्म भयो ।[१] अहिले त ब्रह्माण्डको उत्पत्ति अझ पुरानो अर्थात् लगभग पन्ध्र अरब बर्षपूर्व भएको हो भन्ने कुरो आइरहेको छ । आजको नयाँ-नयाँ वैज्ञानिक खोज अनुसन्धानले पृथ्वीको उत्पत्ति पनि त्यसै समयमा भएको भन्ने मानेको छ । पृथिवी आफ्नो उत्पत्तिको समयमा जल्दो ग्यासीय पिण्ड थियो । हाइड्रोजन, नाइट्रोजन, अक्सिजन, कार्बनजस्ता ग्यासहरूको परस्पर संयोगबाट जलवाष्प, एमोनिया, मिथेन, इथेन आदि तरल यौगिक बने । सेलाउँदै जाँदा ग्यास पहिला द्रवमा परिवर्तित भयो र ठोस रूपमा बदलिन थाल्यो । पृथ्वी सेलाउँदै गएपछि यो खुम्चिन थाल्यो र धरातल कतै होचो कतै अग्लो कतै खाल्टो भयो । क्रमशः वातावरणमा रहेको वाष्प पानीका रूपमा खस्यो र खाल्टाहरू भरिदै जाँदा महासागर, नदी, पोखरी आदि अस्तित्वमा आए । जब पृथिवीको ताप सामान्य हुँदै गयो, तब यसमा जीव जन्तु वनस्पतिको उत्पत्ति भयो ।[२] प्राणीको उत्पत्तिको प्राथमिक अवस्थामा भाइरस र जीवाणु अस्तित्वमा आए अनि हड्डी नभएका अमिवाजस्ता जन्तु अस्तित्वमा आए । त्यसपछि सिधै प्रकृतिबाट आहार लिने स्थिर वनस्पति, अरुमाथि निर्भर रहने गतिशील प्राणी अस्तित्वमा आए । अनि माछा आदि जलचर र अन्य स्थलचर प्राणीको युग आयो । फेरि उनीहरूको मुखबाट बोली फुट्यो । स्तनधारी-वानर, वनमान्छे, आधा वनमान्छे, आधा मान्छे, दुई खुट्टे प्राणीहरूमा बदलिन लागे । यिनैमध्येबाट केही जोडी विकासको उत्परिवर्तन हुने अवस्थामा पुगे । अनि ती हाम्रा मानववंशका आदिम पुर्खा बने । बीस लाख वर्षपूर्व यसो भएको अनुमान गरिन्छ । आजभन्दा २५ हजार वर्षपूर्व मानव हतियारधारी बन्दै गएको मानिन्छ र त्यसलाई हामी दस/बाह्र हजार वर्षपूर्व राम्ररी सोच्ने विचार गर्ने आधुनिक मान्छेका पूर्वजका रूपमा पाउँछौं ।[३] आधुनिक मान्छेका ती पूर्वजलाई होमोसेपियन भन्ने गरिन्छ ।

---

[१] Nicholas Harris, **Space Atlas,** New Delhi : Young Learner publication, p 3.

[२] आर. एन. पाण्डेय, **प्राचीन विश्वकी सभ्यताएँ**, इलाहावाद : प्रयाग पुस्तक भवन, सन् २००४, पृ. २ ।

[३] राहुल साङ्कृत्यायन, **मानव समाज,** अनु. युवराज पन्थी, काठमाडौं : निरन्तर प्रकाशन, विक्रम सम्वत् २०५७, पृ. १ ।

निष्कर्षमा मानव-उत्पत्तिसम्बन्धी चिन्तन गर्दा वैज्ञानिक चिन्तनमा त स्पष्टतः मानव-उत्पत्तिको कुरो आउँछ । भारतीय उपमहाद्वीपीय वा पाश्चात्य पौराणिक एवं दार्शनिक चिन्तनमा आत्मा अर्थात् मानवीय आत्मालाई नित्य वा दैवी शक्ति मानेर मानव-उत्पत्तिको प्रश्न नआउनेजस्तो देखिए तापनि मानवलाई समाजमा जुन रूपमा अस्तित्वमा आएको मानिन्छ, चाहे दैवी शक्तिका आधारमा होस् चाहे ब्रह्माजीको संयोजकत्व अथवा निर्देशकत्वका आधारमा होस्, त्यसैलाई नै हामीले मानवको उत्पत्ति मान्नुपर्दछ ।

## २.२ मानव-समाजको विकास

मान्छे-मान्छेबाट समाज बन्दछ । समाजको प्रमुख अङ्ग मानव भएको हुनाले समाजको निर्माण र विकासमा मानवको केन्द्रीय भूमिकालाई स्वीकार गरी मानव समाजको विकासको चर्चा गरिन्छ ।

### २.२.१ मानव-जातिहरू

भूगर्भशास्त्री तथा मानवविज्ञान विशेषज्ञहरूले पृथ्वीमा विभिन्न युगमा निर्मित चट्टान र त्यसमा विद्यमान जीवाश्महरूको अध्ययन गरेर पृथ्वीमा उत्पन्न प्राणीहरूको विकासलाई चार कल्पमा[१] बाँडेका छन् : अजीवन कल्प, पुराजीवन कल्प, मध्यजीवन कल्प, नवजीवन कल्प ।[२]

**अजीवन कल्प**

प्राणीको सृष्टिको इतिहासमा यो कल्प प्राचीनतम र दीर्घकालीन कल्प हो । यसको समय लगभग १५० करोड वर्षको मानिन्छ । जुन समयलाई आजभन्दा २०० करोड वर्षपूर्वदेखि ५० करोड वर्षपूर्वसम्मको मानिन्छ । पृथ्वीमा सर्वप्रथम जीवको उत्पत्ति यसै युगमा भएको थियो । ती जीव प्रायः एककोशीय थिए । यसै कल्पको उत्तरार्द्धमा समुद्रीय अकशेरुकीय[३] प्राणी उत्पन्न भए ।[४]
।[४]

---

[१] भूतत्व-विज्ञानमा पृथ्वीको प्रमुख काल विभाजनलाई कल्प भनिन्छ । कल्पलाई काल र काललाई युग अथवा अवस्थाहरूमा बाँडिन्छ ।

[२] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ३ ।

[३] 'कशेरु' संस्कृत शब्द हो । जसको अर्थ ढाडको हाड भन्ने हुन्छ । कशेरुकीय प्राणी भन्नाले ढाडको हाड र जोर्नी भएका प्राणीहरू हुन् । ढाडको हाड नभएका प्राणीलाई अकशेरुकीय प्राणी भनिन्छ ।

[४] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. २ ।

### पुराजीवन कल्प

कल्पसम्बद्ध कालक्रमअनुसारको दोस्रो कल्प पुराजीवन कल्प हो । यसको अवधि पचास करोड वर्षपूर्वदेखि बीस करोड वर्षपूर्वसम्मको मानिन्छ । यस कल्पलाई  पुरानो पुराजीवन कल्प र नयाँ पुराजीवन कल्प गरी दुई उपकल्पमा विभाजन गरिन्छ । सर्वप्रथम समुद्रीय प्राणीहरू यसै कल्पमा उत्पन्न भएका थिए । यसै कल्पमा नै माछाहरूको उत्पत्ति भएकाले यस कल्पलाई मत्स्य कल्प पनि भन्ने गरिन्छ । निष्कर्षमा यो कल्प जलचर र स्थलचर प्राणीहरूको उत्पत्तिको बाहुल्यको कल्प थियो ।[१]

### मध्यजीवन कल्प

पुराजीवन कल्प र नवजीवन कल्पको सन्धिकाल मानिएको मध्यजीवन कल्पलाई द्वितीयक काल पनि भनिन्छ । यस कल्पको अवधि लगभग बीस करोड वर्षपूर्वदेखि सात करोड वर्षपूर्वसम्मको हो । यस कल्पलाई ट्रियासिक, ज्युरासिक र क्रिटेसस् गरी तीन उपकल्पमा विभाजन गरिन्छ । ट्रियासिक उपकल्पमा नै स्तनपायी प्राणीहरू उत्पन्न भए तापनि यस उपकल्पमा जलवायविक परिवर्तनका कारणले धेरै प्राणीहरू नष्ट भएका थिए । त्यस बेला उत्पन्न स्तनपायी प्राणीहरू हात्ती, गैंडाहरूभन्दा पनि ठूला थिए । कुनै-कुनै त तीन मिटर लामा चालिस/बयालिस टन भारका थिए भन्ने गरिन्छ ।[२]

### नवजीवन कल्प

भूतात्त्विक कल्पहरूमध्ये यो अन्तिम कल्प हो र यसको अवधि लगभग  ७ करोड वर्षपूर्वदेखि अहिलेसम्मको हो । प्राणीहरू तथा वनस्पतिको विकासका दृष्टिले यस समयको विशिष्ट महत्त्व देखिन्छ ।  अध्ययनको सरलताका लागि यस कल्पलाई पुरा नवजीवन कल्प र नवीन नवजीवन कल्प गरी दुई भागमा विभाजन गरिन्छ । यिनैलाई क्रमशः तृतीयक काल र चतुर्थक काल  भनिन्छ ।[३]  तृतीयक काललाई, जसलाई ७ करोडदेखि डेड करोड वर्षपूर्वसम्म मानिन्छ, आदिनूतन काल, अल्पनूतन काल, मध्यनूतन काल र अतिनूतन काल गरी चार उपकालमा विभाजन गरिन्छ । स्तनपायी प्राणीको पूर्ण विकास यसै तृतीय कालमा अर्थात् पुरा

---

१ ऐजन ।

२ ऐजन, पृ. ३ ।

३ भूतत्व-विज्ञानमा पृथ्वीको प्रमुख काल विभाजनलाई कल्प भनिन्छ । कल्पलाई कालमा विभाजन गरिने चर्चा माथि गरियो । त्यसरी कालमा विभाजन गर्दा नूतन कल्पलाई पुरा नूतन कल्प र नव नूतन कल्प गरी दुई भागमा विभाजन गरेर तिनलाई क्रमशः तृतीयक र चतुर्थक काल भन्ने गरिन्छ । त्यसभन्दा अगाडिको काललाई प्रथम र द्वितीयक काल भनिन्छ ।

नव जीवन कल्पमा  भएको थियो । सुरुताका प्राग्-इतिहासविद्हरू नर-मानवको उत्पत्ति यसै समयमा भएको थियो भन्ने मान्दथे  जुन कुरो आज परिवर्तित भएको छ ।  वास्तवमा यो नर वानरको समय नभएर डायोपिथेकस्, रामापिथेकस्, मेगान्थ्रोपस इत्यादि बाँदर तथा मानवको उत्पत्तिको समय थियो । यसमा सबैभन्दा पुरानो मानववंशी जीवाश्म रामापिथेकस् मध्यनूतन कालको अन्तिम अन्तिम समयको थियो भन्ने मानिन्छ ।  माथि वर्णित कालमध्ये चतुर्थ काललाई, जुन नूतन नवजीवन युग हो, डेड करोड वर्षदेखि अहिलेसम्म मानिन्छ र यसलाई  प्रातिनूतन काल र सर्वनूतन काल गरी दुई उपकालमा विभाजन गरिन्छ । प्रातिनूतन कालको जलवायविक परिवर्तनका दृष्टिले विशिष्ट महत्त्व देखिन्छ । यस समयमा पृथिवीमा साह्रै नै चिसोपनाको आगमन भयो र युरोप तथा उत्तरी अमेरिकातिरको ठूलो भूभाग हिमाच्छादित भयो । यसैलाई हिमयुग भनिन्छ र विद्वान्हरूले हिमयुगभित्रका अन्तर्हिम युगहरूलाई आल्पसको उत्तरतिरको डैन्युब नदीको किनारातिर बग्ने चार धाराहरूको नामका आधारमा कालक्रमअनुसार गुन्ज, मिन्डेल, रिस र बुर्म नाम दिएका छन् । हिम युग एवं अन्तर्हिमयुग तथा वृष्टि युग र अन्तर्वृष्टि युग एउटै थिए वा भिन्नाभिन्नै थिए भन्ने कुरालाई विद्वान्हरूले निश्चितताका साथ भनिहालेको अवस्था छैन । प्रसिद्ध भूतात्त्विक विशेषज्ञ लीकी उक्त दुईमा कालगत समानता मान्दछन् भने जाइनरले त्यसो मान्दैनन् । प्रातिनूतन कालमा भएको जलवायविक परिवर्तनका कारणले पृथ्वीमा सबैभन्दा पहिले मानव-वानरको उत्पत्ति भयो । मानव-सम प्राणीदेखि लिएर आधुनिक मान्छे प्रातिनूतन कालकै हुन् । सर्वनूतन कालको अवधि दश/बार हजार वर्षपूर्वदेखि अहिलेसम्मको मानिन्छ । मानव-सभ्यताको विकास यसै समयमा भयो[१] र होमोसेपियन यसै कालको प्रथम मानव मानिन्छ ।

## २.३ प्रारम्भिक समाजदेखि आधुनिक समाजसम्मको सामाजिक विकास

### २.३.१ प्रारम्भिक समाज

पृथ्वी चाहे पन्ध्र अरब वर्षपूर्व[२] चाहे साढे एघार अरब वर्षपूर्व महाविस्फोटबाट[३] चाहे साढे साढे चार अरब वर्षपूर्व सूर्यदेखि टुक्रिएर[४] बनेको होस्, सुरुमा यो कुनै वनस्पति, वृक्ष, जीवजन्तु आदि जीवित रहन सक्ने अवस्थामा थिएन । अरबौं वर्ष पूर्वदेखि पृथिवी सेलाउन थाल्यो ।[५] समय

[१] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५ ।

[२] वर्तमान खोज अनुसार ।

[३] हेर्नू : परिशिष्ट ३ ।

[४] Sarita Agrawal, **A Textbook Of Biology (**Part 1)**,** Third Reprint, Vikash Publishing House P. Ltd,, New Dilhi, 2001, p 39 .

[५] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र,** आठवाँ संस्करण, दिल्ली : श्री सरस्वती सदन, सन् २००७, पृ. २४९ ।

बित्दै जाँदा प्राचीन कालमा एककोशीय जन्तुहरू पृथिवीमा उत्पन्न भए । यसै युगलाई आदि प्राणी युग भनिन्छ । पछि अनेक कोशीय प्राणीहरूको उत्पत्ति भयो । यिनीहरूको पनि मेरुदण्ड थिएन । क्रमिक रूपमा मेरुदण्डयुक्त प्राणीहरूको जन्म भयो । समय बित्दै जाँदा अनेक प्रकारका जलचर माछाहरू र स्थलचर चौपाया आदि प्राणीहरू उत्पन्न भए । प्राचीन युगमा हजारौँ प्रकारका जीवहरूमध्ये पृथ्वीमा बाँदर-जातिका जीवहरू पनि थिए । आजका बाँदर, लङ्गूर, चिम्पान्जी तिनै प्राचीन बाँदरका वंशज हुन् । मान्छेको उत्पत्ति पनि तिनै बाँदरबाट भयो । सुरुमा मान्छे पनि बाँदर अथवा अन्य प्राणीहरूजस्तै नै थियो तापनि बाँदर र अन्य प्राणीहरूभन्दा मान्छेमा के भेद थियो भने यसको दिमाख अन्य प्रणीको भन्दा ठूलो थियो र अन्यसँग नभएको बुद्धि नामको पदार्थ यससँग थियो । त्यही बुद्धिका आधारमा क्रमिक रूपमा मान्छेको जीवन अन्य प्राणीको जीवनभन्दा भिन्न प्रकारको भयो । त्यस बुद्धिको प्रयोग गरेर मान्छेले विभिन्न प्रकारका औजारहरूको निर्माण गर्‍यो र आफ्नो जीवन धान्नका लागि हात खुट्टामा मात्र उसलाई निर्भर हुन परेन अपि तु औजारको प्रयोग गर्न थाल्यो र विकासको एउटा महत्त्वपूर्ण फट्को मार्‍यो । समाज विकासलाई राम्ररी बुझ्न र बुझाउनका लागि मानवविकास वा सभ्यताको क्रमिक विकासको निरूपण गर्नुका साथै आदि स्थितिदेखि मानव के-कसरी के-कस्तो उन्नति गर्दै यहाँसम्म आइपुग्यो भन्ने प्रस्ट पार्नु पर्ने हुन्छ ।
आदिम समाजदेखि वर्तमान समाजसम्मको सामाजिक विकासलाई गहन रूपमा अध्ययन गर्दा प्राचीन ढुङ्गे युग, नवीन ढुङ्गे युग, धातुको युग र वैज्ञानिक युग गरी मुख्य चार भागमा विभाजन गरिएको पाइन्छ ।

### २.३.२ **प्राचीन ढुङ्गे युग**

सुरुसुरुमा मान्छे पनि अन्य प्राणीहरू जस्तै थियो । त्यस समयमा मान्छे जङ्गलमै बस्दथ्यो र त्यो समय मान्छेका लागि संस्कृतमा प्रयोग गरिने उखान *'करतलभिक्षा तरुतलवासः'* जस्तो थियो, जसको अर्थ हातहातै भिक्षा र रुखमुनि वास अर्थात् खानु र बस्नुको ठेगान नभएको भन्ने हुन्छ ।[१] त्यस समयमा मान्छेले कन्दमूल, फलफूल आदि खाने गर्थ्यो । यस क्रममा उसले आफ्नो बुद्धि लगाएर विभिन्न औजारहरूको निर्माण गर्‍यो र जसका सहायताले उसले सजिलोसँग अनेक

[१] राहुल साङ्कृत्यायन, पूर्ववत्, पृ. १२ ।

प्रकारका शिकारहरू गर्न सक्यो ।[१] त्यस बेला मान्छेले चिल्ला र नकुँदेका ढुङ्गा, काठ, हाड, आदिका हतियार तैयार गर्ने गर्दथ्यो ।[२]

सुरुमा मान्छेले मांस आदि काँचो खाने गर्थ्यो । क्रमिक रूपमा उसलाई आगाको ज्ञान भयो फलतः भोजनका लागि आगाको प्रयोग गर्न थाल्यो र मान्छेले प्रकृतिमाथि पहिलो पटक विजय गऱ्यो ।[३]

यस युगमा मान्छेले विशेषतः नकुँदेका ढुङ्गाका औजार बनाउने भएकाले[४] यस युगलाई पुरातन ढुङ्गे युग भनिन्छ । मानवशास्त्रका अनुसार यस युगको प्रारम्भ लगभग ६ लाख वर्षपूर्व भएको र आजभन्दा १०-१२ हजार वर्ष पूर्वसम्म रहेको मानिन्छ ।[५] यस समयसम्म मान्छे गुफा र वृक्षमुनि बस्ने गर्थ्यो र जाडाबाट जोगिनका लागि केही हदसम्म छालाका कपडा प्रयोग गर्न थालेको थियो ।[६]

**प्राचीन ढुङ्गे युगको जन-जीवन**

यस पृथ्वीमा मान्छेको अस्तित्वको प्रारम्भिक कालमा मान्छे पनि अन्य पशुहरूभैंm थियो भन्ने कुरो यसै प्रसङ्गमा माथि उल्लेख गरिसकियो । अन्य पशुहरूसँग यसको खासै भेद थिएन । अन्य प्राणीले भैंm मान्छेले पनि प्राकृतिक रूपमा नै आफ्ना आवश्यकताहरूको पूर्ति गर्दथ्यो न कि आर्थिक उत्पत्तिका आधारमा ।[७] त्यसो भए तापनि मान्छे बुद्धिमान् थियो जसका कारणले छिट्टै आफ्नो जीवन शैलीलाई अन्य पशुहरूको भन्दा भिन्न गराउँन सक्यो ।

पुरानो ढुङ्गे युगको मान्छेले शिकारद्वारा आफ्नो भोजन सामग्रीको व्यवस्था गर्दथ्यो । पृथ्वीमा उत्पन्न अनेक प्रकारका कन्दमूल, फलफूल र प्राकृतिक रूपमा नै उत्पन्न अन्नहरू भोजनका लागि प्रयोग गर्थ्यो । त्यतिखेरको मान्छे रुखमुनि र गुफा आदिमा निवास गर्थ्यो । त्यस बेला सुरुसुरुमा उसले कुनै प्रकारका कपडाको प्रयोग गर्दैनथ्यो तर क्रमिक रूपमा मान्छे छाला र

---

[१] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र**, पूर्ववत्, पृ. २५० ।

[२] राहुल साङ्कृत्यायन, पूर्ववत्, पृ. १४ ।

[३] सत्यकेतु विद्यालंकार, **समाज शास्त्र**, पूर्ववत्, पृ. २५० ।

[४] ...वह पत्थरसे तीर कुल्हाडे, चाकू, छुरी आदि भी बनाने लगा : सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र**, पूर्ववत्, पृ. २५१ ।

[५] ऐजन, पृ. २५१ ।

[६] राहुल सांकृत्यायन, पूर्ववत्, पृ. १४ ।

[७] सत्यकेतु विद्यालङ्कार, **भारतीय संस्कृति का विकास**, आठवाँ संस्करण, दिल्ली : श्री सरस्वती सदन, सन् २००९, पृ. ३५ ।

रुखका बोक्राहरूको प्रयोगबाट जाडो र गर्मीबाट सुरक्षित हुन थाल्यो । यसरी नै समय बित्दै जाँदा उसले सानासाना झुप्राजस्ता वासस्थानको पनि निर्माण गर्न थाल्यो ।[१]

**संगठन**

मान्छे प्राकृतिक रूपमा नै सामाजिक र संगठित प्राणी हो । ऊ एक्लै बस्न र एक्लै जिउन सक्दैन । यसै कारणले नै प्राचीन ढुङ्गे युगको मान्छे पनि अलिक पछिल्ला दिनहरूमा स- साना झुण्ड झुण्डमा बस्तथ्यो र ती झुण्डहरू संगठित रूपमा हुन्थे । ती झुण्डका व्यक्तिमध्ये कुनै बूढो पाकोलाई मुखिया वा प्रमुख मान्ने गरिन्थ्यो । ती टोलीहरू आहारका खोजीमा ठाउँठाउँमा घुम्थे अर्थात् तिनीहरू घुमन्ते थिए आजको मान्छेझैं स्थायी रूपमा बस्दैनथे ।[२]

**कला**

यद्यपि पुरानो ढुङ्गे युगमा अहिले हामीले देख्ने भोग्ने गरेको कला थिएन अपि तु त्यतिखेरको मान्छे कला कौशलसँग नितान्त अपरिचित थियो भन्ने होइन । साँच्चै भन्ने हो भने पुरानो ढुङ्गे युगीन मानवका कलालाई आश्चर्यजनक र अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यस समयमा कलाका विविध रूप प्राप्त हुन्छन् । मूलतः ढुङ्गा र हात्तीका दाँतबाट निर्मित मूर्तिहरू, माटोबाट बनाइएका पशुहरूको प्रतिरूप, चित्रयुक्त आयुध, गुफा र गुफाका ढोकामा बनाइएका विभिन्न चित्रहरू त्यस बेलाका प्रमुख कला थिए ।[३] त्यस समयको मान्छेले त्यस्ता चित्रहरू आफ्ना भावनाहरू व्यक्त गर्न कोर्ने गर्थ्यो । ती चित्रहरू मूलतः ती पशुहरूका हुने गर्थे, जुन पशुहरूको सिकारबाट उसले आफ्नो बुभुक्षा मेटाउने गर्थ्यो । ती चित्र कोर्दा त्यस बेलाको मान्छेले अङ्गार वा कोइलाका साथै रङ्गीन ढुङ्गाहरूको उपयोग गर्थ्यो ।[४]

### २.३.३ **नयाँ ढुङ्गे युग**

---

[१] ऐजन ।

[२] ऐजन, पृ. ३६ ।

[३] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. २९ ।

[४] ऐजन ।

माथि वर्णित प्राचीन ढुङ्गे युग सभ्यता र विकासतिर निरन्तर लम्की नै रहेको थियो । समय बित्दै जाँदा मान्छेले पशुहरूको शिकार गर्ने मात्र होइन पाल्न पनि थाल्यो र खेती पनि गर्न थाल्यो । यसरी शिकारीबाट ऊ अब पशुपालक र कृषक पनि बन्यो । काठलाई औजारका रूपमा मात्र प्रयोग गर्ने मान्छेले क्रमिक रूपमा काठलाई गृह-निर्माणमा पनि प्रयोग गर्न थाल्यो । एकै ठाउँमा समाजिक र क्रमशः पारिवारिक रूपमा बस्न थाल्यो । शनैः शनैः विभिन्न स्थलमा यस्ता बस्तीहरूको विकास हुन थाल्यो र विभिन्न स्थलका जमीनलाई खेतीका लागि प्रयोग गर्न थाल्यो । प्रारम्भिक दिनहरूमा मान्छेले जाडो र गर्मीबाट बच्न पशुहरूको छाला ओढ्ने, रुखका बोक्राहरूको प्रयोग गर्ने गर्दथ्यो भने अब ऊन अथवा रेशमका कपडाहरू बनाउन सुरु गऱ्यो । यद्यपि यस समयमा पनि मान्छेले धातुको प्रयोग गर्न जानिसकेको थिएन तथापि ढुङ्गा र हाडजस्ता वस्तुलाई औजारका रूपमा प्रयोग गर्दथ्यो र तिनै औजारहरूको सहायताले ऊ सभ्यताका दिशामा द्रुतगतिमा अगाडि बढिरहेको थियो । यसरी सूत्रपात भएर अगाडि बढेको युगलाई नयाँ ढुङ्गे युग भनिन्छ ।[१] नयाँ ढुङ्गे युगमा मान्छे एकै ठाउँमा बस्न थाल्यो र आजीविकाको मुख्य माध्यम शिकार नभएर पशुपालन र खेतीलाई बनायो । खेतीका लागि ढुङ्गा र काठबाट बनेका औजारहरूको प्रयोग गर्न थाल्यो । सुरुसुरुमा उसले ढुङ्गा, काठ आदिका औजारले हातले नै खेत खन्ने र खेती बारीको काम गर्ने गर्थ्यो भने समयान्तरमा उसले गोरु अथवा घोडालाई खेत जोत्ने काममा प्रयोग गर्न मात्र जानेन अपि तु गाडा चलाएर[२] र घोडा दौडाएर सामानहरू बोक्नका लागि पनि प्रयोग गर्न जानेर सभ्यताको विकासको अर्को फड्को माऱ्यो । यस युगमा मान्छेले माटाका भाँडा बनाउने काम पनि सुरु गऱ्यो ।

यहाँ एउटा उल्लेख्य विषय के छ भने यस युगको समाज मातृप्रधान समाज थियो । तर मातृसत्तात्मक होइन ।[३] त्यस बेलाको समाज सामाजिक थियो न कि पारिवारिक । त्यो समाज सामाजिक हुने तर पारिवारिक न हुने यस अर्थमा हो - त्यस बेला कुनै निश्चित नारी र पुरुषको जोडीले वैयक्तिक दाम्पत्य जीवनलाई निर्वाह गर्दैनथ्यो अपि तु कुनै पनि पुरुषसँग कुनै पनि नारीको यौन सम्बन्ध हुन सक्थ्यो । जसले गर्दा बालकको बाबु कुन चाहिं हो भन्ने चिन्न सकिन्थेन तर आमाको भने जानकारी हुनु स्वाभाविक थियो ।[४] चिन्तक मदनमणि दीक्षितका

---

[१] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र,** पूर्ववत्, पृ. २५१ ।

[२] यस बेलाको गाडा धातुको युगको गाडाको प्रारम्भिक रूप थियो ।

[३] मदनमणि दीक्षित, **हिन्दू संस्कृतिको परिशीलन**, काठमाडौँ : ईल्या भट्टराई , वि. स. २०५९, पृ. ३२ ।

[४] फ्रेडरिक एङ्गेल्स्, **परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,** अनु. राजेन्द्र मास्के, दोस्रो संस्करण, काठमाडौँ : प्रगति प्रकाशन, वि. स. २०५६, पृ. ५१ ।

अनुसार समूहको जनसङ्ख्या वृद्धिमा नारीको भूमिका अग्रणी थियो । पृथ्वीले अन्न, कन्दमूल आदि उत्पादन गरेर मानवीय र अन्य प्राणीलाई पनि जोगाए झैं समूहकी नारीले पनि सन्तानोत्पादन गरेर समूहको वृद्धि गरेकी हुनाले तात्कालिक समाजले नारीको त्यो प्रजनन शक्तिलाई देखेर नारीलाई पूजार्हा र सम्मान्या ठान्दै नारीलाई 'मातृका'को विशेष स्थान दियो । जसले गर्दा त्यस समाजलाई मातृका-प्रधान समाज भन्न सकिन्छ ।[१] त्यो समाज यही नवीन ढुङ्गे युगको समाज हो । एङ्गेल्स्का मतमा भन्ने हो भने त्यस समयका बालकको बाबुको जानकारी नहुने भए तापनि नारीहरूले सबै बालकप्रति आफ्नै छोराछोरीलाई झैं स्नेह दिने र मातृ-कर्तव्यको निर्वाह गर्दथे । समूहमा पुरुषहरूको भन्दा नारीको भूमिका प्रमुख थियो । यस कारणले पनि त्यस समाजलाई मातृप्रधान समाज भन्न सकिन्थ्यो ।[२]

२.३.३.१ **नयाँ ढुङ्गे युगको जन**

**जीवन**

**संस्कृति**

प्रागैतिहासिक सभ्यताको अन्तिम चरण नव पाषाण युगसँग सम्बन्धित छ ।[३] यस युगको आगमनलाई मानव सभ्यताको इतिहासमा एउटा क्रान्तिकारी युगका रूपमा लिइन्छ । यसको क्रान्तिकारिताको परिधि भने यस युगको मान्छे पुरानो ढुङ्गे युगीन वन्यता स्थितिदेखि मुक्त हुनुका साथै मान्छे प्रकुतिका अधीन नभएर कतिपय अवस्थामा प्रकृतिलाई आफ्ना अधीनमा राख्दै आर्थिक र वैज्ञानिक उन्नतितिर अग्रसर हुनु हो ।[४] यो युग हिमोत्तर युग हो ।[५] पुरानो ढुङ्गे युग र नयाँ ढुङ्गे युगको विभाजक रेखा भनेर विद्वान्हरूले उपकरण अर्थात् औजार निर्माणका पद्धतिलाई मानेका छन् ।

पुरानो ढुङ्गे युगमा फ्लेक विधिबाट[६] उपकरणको निर्माण गरिन्थ्यो भने नयाँ ढुङ्गे युगमा फलकीकरण गर्ने, रगड्ने र पालिस गर्ने गरेर औजारको निर्माण गरिन्थ्यो ।[७] जुन उपकरणले गर्दा

---

[१] मदनमणि दीक्षित, **हिन्दू संस्कृतिको परिशीलन,** पूर्ववत्, पृ. ३२ ।

[२] फ्रेडरिक एङ्गेल्स, पूर्ववत्, पृ. ५१ ।

[३] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ३५ ।

[४] ऐजन ।

[५] हिमयुग भन्नाले युरोप र उत्तर अमेरिकाको ठूलो भूभाग हिमाच्छादित भएको समय हो । त्यो समय आजभन्दा लगभग सात लाख वर्षपूर्वदेखि लगभग दश हजार वर्षपूर्वसम्मको मानिन्छ : कार्लटन एस. कुन, **मानव की कहानी** , अनु. विराज, दिल्ली : आत्माराम एण्ड सन्स्, स. १९८९, पृ. १५ ।

[६] ढुङ्गाका फ्लेक अर्थात् चपरीहरूलाई औजारका रूपमा प्रयोग गरिने विधि ।

[७] आर. एन. पाण्डेय, पूर्ववत्, पृ.३६ ।

गर्दा तात्कालिक मानवलाई जीवन धान्न पुरानो ढुङ्गे युगभन्दा धेरै सजिलो हुन पुगेको थियो । पुरानो ढुङ्गे युगको मान्छे पशुपालन र कृषिकार्यसँग अपरिचित थियो भने नयाँ ढुङ्गे युगमा यस कार्यको प्रारम्भ भयो । यसै कारणले नै आर्थिक आधारलाई जोड दिदै मानवशास्त्री चाइल्डले नयाँ ढुङ्गे युगको अर्थव्यवस्थालाई आत्मनिर्भर खाद्योत्पादक अर्थव्यवस्था मान्दछन् ।[१]

**औजार**

नयाँ ढुङ्गे युगका औजार बनाउने विधि पुरानो ढुङ्गे युगको भन्दा नितान्त फरक थियो । यस युगका औजारहरूलाई यसमाथिको उपशीर्षकमा भने झैं फलकित गरेर, रगडेर र पालिस गरेर अत्यन्त राम्रा र सजिलोसँग लक्ष्यभेद गर्ने खालका बनाउन थालियो । पुरानो ढुङ्गे युगका औजारहरूमा समात्ने साधन पनि लगाइन्नथ्यो तर यस युगका औजारमा भने काठ वा पशुहरूको सिँग लगाएर समात्ने बनाइन्थ्यो । फलतः औजारहरूको प्रयोगमा सरलता आयो । यस कालका औजारहरू घाँस काट्ने, जङ्गल फाँड्ने, दाउरा काट्ने, माटो खन्ने आदि कार्यमा उपयोग गरिन्थ्यो । यस कालको महत्त्वपूर्ण उपकरणमध्ये एउटा उपकरण हँसिया बन्न पुगेको थियो जसको प्रयोग विशेषतः अन्न काट्नका लागि गरिन्थ्यो । यस समयमा काठबाट पनि विशेष रूपले विभिन्न औजारहरू बनाउन सुरु गरियो ।

**कृषिकार्य र पशुपालनको प्रारम्भ**

पुरानो ढुङ्गे युगका अपेक्षामा नयाँ ढुङ्गे युगको आर्थिक स्थिति धेरै राम्रो भएको थियो । त्यसको मूल धरातल कृषि कार्य थियो । नयाँ ढुङ्गे युगभन्दा केहीपूर्व नै अर्थात् मध्य ढुङ्गे युगमा नै मान्छेले जंगली फल-फूल र अन्नहरू एकत्र गर्न थालिसकेको थियो । तर शनैः शनैः नयाँ ढुङ्गे युगमा आइपुग्दा मान्छे अन्न सङ्ग्राहक स्थितिदेखि अन्न उत्पादक स्थितिसम्म पुग्यो । सुरुसुरुमा मान्छेले मूलतः जौ र धानको खेती गर्दथ्यो । त्यति बेला मान्छेले खनेर खेती गर्दथ्यो भने समय बित्दै जाँदा उसले पशुबाट खेतबारी जोत्न थाल्यो ।

खेतीका लागि मान्छेले पशुबाट दुइटा कुरामा अत्यन्त लाभ लियो । एउटा खेतबारी जोत्नका लागि र अर्को खेतबारीमा पशुको मल प्रयोग गरेर अन्न धेरै उब्जने पक्षबाट ।

[१] ऐजन ।

यस प्रसङ्गमा के कुरो विचारणीय देखिन्छ भने मान्छेले कृषि कार्य र पशुपालन सँगै सुरु गऱ्यो वा अघिपछि ? कतिपय विचारकको भनाइ सँगै नै सुरु भयो भन्ने छ भने कतिपयको पहिले पशुपालन अनि मात्र कृषिकार्यको प्रारम्भ गऱ्यो भन्ने छ । तर कतिपयको मतमा पहिले कृषिकार्य सुरु गऱ्यो र त्यसपछि पशुपालन सुरु गऱ्यो भन्ने छ । जुन मतलाई पुरातत्त्वविद् डा.आर.एन. पाण्डेयले बढी युक्तिसङ्गत ठान्दछन् ।[१] एङ्गेल्स्ले भने पूर्वमा पहिले पशु-पालन गरियो भने पश्चिममा पहिले खेती गर्न सुरु गरियो भन्ने मत राख्दछन् ।[२]

## माटाका भाँडा बनाउने कला

वस्तुतः यस कलाको विकास मध्य ढुङ्गे युगमा नै प्रारम्भ भएको थियो । तर नयाँ ढुङ्गे युगमा यस कला अत्यन्त विकसित हुन पुग्यो । 'आवश्यकता आविष्कारको जननी हो' भने झैं यस युगमा कृषिकार्य उन्नत भइसकेपछि अन्नलाई सुरक्षाका साथ राख्नु पर्ने र बर्षभरिलाई पुऱ्याउनुका साथै अर्को वर्षलाई बिउ जोगाएर राख्नु पर्ने समस्या तात्कालिक मान्छेका सामु आइसकेपछि उसले त्यसका लागि बलिया भाँडाको आवश्यकताको महसूस गऱ्यो । त्यसरी बलिया भाँडा बनाउन उसले धातुको उपयोग गरिसकेको अवस्था थिएन अतः माटाबाट नै बलिया भाँडा बनाउने सोच गर्दै जाँदा मान्छेले माटाका भाँडा निर्माण गरेर आवश्यकताअनुसार आगामा पोल्ने र भाँडालाई बलिया पार्न जान्यो । यसरी माटाका भाँडाको निर्माण नयाँ ढुङ्गे युगको मान्छेको सृजनात्मक पद्धति र वैज्ञानिक ज्ञानको प्रतीक हो । माटाका भाँडाको निर्माण गर्दा प्रायः स्त्रीहरू नै लाग्दथे भन्ने पुरातत्वविद्हरूको मत छ ।[३]

## वस्त्र-निर्माण-कलाको विकास

वस्त्र-निर्माण-कलाको यस युगमा राम्रो उन्नति भएको प्रमाण पाइन्छ ।[४] मध्य पाषाण युगसम्म मान्छेले वस्त्रका रूपमा छालाका लुगाहरूको उपयोग गर्थ्यो परन्तु नयाँ ढुङ्गे युगमा सूत र उनका कपडाहरूको प्रयोग गर्न थाल्यो । प्रथमतः सुत, ऊन आदिबाट धागो कातिन्थ्यो र

---

[१] ऐजन, पृ. ४० ।

[२] फ्रेडरिक एङ्गेल्स्, पूर्ववत्, पृ. ३० ।

[३] ऐजन, पृ. ४१ ।

[४] सत्यकेतु विद्यालङ्कार, **भारतीय संस्कृति का विकास**, पूर्ववत्, पृ. ४१ ।

चर्खाबाट त्यसलाई बुनिन्थ्यो । यस कार्यलाई पनि त्यस बेलाको मान्छेको सृजनात्मक बुद्धि र वैज्ञानिक चिन्तनतिरको प्रवृत्तिको ज्वलन्त उदाहरणको रूपमा लिइन्छ ।[१]

## २.४ धातुको युग

यद्यपि नयाँ पाषाण युगको क्रान्ति मानव-सभ्यताको इतिहासमा एउटा पहिलो महत्त्वपूर्ण क्रान्ति थियो । जुन क्रान्ति मानवको हजारौँ बर्षदेखिको निरन्तर प्रयास र अनुभवका आधारमा भएको थियो तथापि नयाँ ढुङ्गे युगको मान्छेका विभिन्न समस्याहरूको समाधान भए तापनि कतिपय समस्याहरू जस्ताका तस्तै थिए भने कतिपय समस्या उत्पन्न भई थपिइरहेका थिए । नयाँ ढुङ्गे युगको अन्तिम कालसम्म मान्छेको बस्तीको स्थायित्वको प्रारम्भ पक्का भएको थियो तर त्यो स्थायित्व केही समयका लागि मात्र हुने गर्थ्यो । केही समयपछि भने उनीहरूले त्यो स्थान बदल्नु पर्ने हुन्थ्यो । त्यस बेलाको मान्छे स्वावलम्बी र आत्मनिर्भर भइसकेको भए पनि उसले अर्काको आवश्यकतालाई बुझ्न सक्ने अवस्थामा थिएन र उसमा अर्काको सहयोग गर्ने सहयोगी भावना जागृत पनि भएको थिएन । त्यस कुराले सामान्य अवस्थामा केही फरक नपारे तापनि अतिवृष्टि, अनावृष्टि आदि प्राकृतिक प्रकोपका अवस्थामा भने उसको ढाड नै सेकिने गर्थ्यो । फलतः कुनै कुनै अवस्थामा त अस्तित्वकै प्रश्न पनि आउने गर्थ्यो । यस्तै अतिवृष्टिको प्रतीकका रूपमा पुराणहरूमा वर्णित मनु-कालीन वर्षालाई मान्न सकिन्छ । यस्तो अवस्थामा तात्कालिक मान्छेले आफ्नो संरक्षणका लागि र सरलताका लागि त्यस्तो स्थानको खोजी गर्न थाल्यो जहाँ थोरै श्रमबाट धेरै उत्पादन हुन सकोस् र वर्षभरिका लागि जिउन सजिलो होस् ।

यसै क्रममा ऊ खेती योग्य खुला मैदानतिर, सकेसम्म ती मैदानहरू नदीका तीरमा रहेका होऊन् जहाँ खेतीपातीका लागि पानीको समस्या नहोस् र हरियाली भइरहोस्, आकृष्ट भयो । यस समयमा उसले  नयाँ ढुङ्गे युगका समस्याबाट मुक्ति पाउन हलो, नाउ, विशेष पाङ्ग्रायुक्त गाडाहरूको साथै धातुको पनि प्रयोग गर्न सुरु गऱ्यो ।[२] यसै क्रममा धातुको युग आयो । खुला मैदान र नदीका तिरमा संसार प्रसिद्ध हडप्पा, फराउन आदि सभ्यताहरू जन्मे । धातुको युगको महत्त्वपूर्ण उपलब्धि तामाको जानकारी थियो । अतः यस युगलाई तामाको युग भन्न सकिने भए तापनि तात्कालिक मानवले विभिन्न कार्यमा ढुङ्गाको पनि उपयोग गरिरहेकाले

---

[१] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ४२ ।

[२] ऐजन, पृ. ४६ ।

त्यसैले यस युगलाई ताम्र-ढुङ्गे युग भन्ने पनि गरिन्छ ।[१] केही विद्वान्ले भने यस युगलाई नयाँ ढुङ्गे युग र काँस्य युगको सन्धियुग भन्दछन् ।

नयाँ ढुङ्गे युगको मान्छेले आगाको उपयोग गर्थ्यो र माटाका भाँडाको प्रयोग गर्थ्यो । आगो बाल्नका लागि चुलो प्रायः ढुङ्गाबाट नै बनाउँथ्यो तर त्यसमा धातुको मात्रा हुने भएकाले आगामा तातेपछि ती धातुहरू ढुङ्गाबाट अलग हुन्थे । क्रमिक रूपमा मान्छेले ती धातुहरू औजार बनाउन अत्यन्त उपयोगी हुने कुरा बुझ्यो किनभने आगोमा गलेको र पग्लेको देखेर उसको दिमागमा ती धातुलाई पगाल्न मात्र होइन पगालेर आफूले चाहेजस्तो बनाउन सकिने कुरा आयो । यसरी यस युगमा धातुको प्रयोग गर्न थालिएकाले यस युगलाई धातुको युग भनिन्छ । केही पुरातत्त्वविद्ले यस युगलाई तामाको काल र काँसको काल गरी दुई भागका विभाजन गरेका छन् ।[२] यस युगमा सम्भवतः सबैभन्दा पहिला मान्छेले सुनको प्रयोग गर्न सुरु गर्‍यो । तर आवश्यकताअनुरूप सुन नपाइने हुनाले पछि तामादि अन्य धातुहरूको नै बढी प्रयोग गर्न थालियो ।

तामा र काँस धेरै ठाउँमा पाइने र धेरै ठाउँमा प्रयोग गरेका आधारमा नयाँ ढुङ्गे युगपछिको धातुको युग वास्तवमा ताम्र-काँस्य युग हो । संसारका धेरैजसो प्राचीन सभ्यताहरू त्यस समयका हुन्, जुन समयमा मान्छेले ढुङ्गा अथवा पत्थरका औजारका स्थानमा तामा अथवा काँसका औजारहरूको प्रयोग गर्‍यो । इजिप्ट, सिन्धु घाटी, इराक र चीनका प्राचीन सभ्यताहरू यसै युगका हुन् ।[३]

अझ स्पष्टताका साथ भन्ने हो भने धातुको युगको मान्छेले सुरुमा तामाका उपकरणको प्रयोग गर्न थाल्यो भने पछिपछि काँसका उपकरणको प्रयोग गर्न थाल्यो । मूलतः यो काँस्य कालभन्दा पूर्व ताम्र कालमा तात्कालिक मानव समस्थल भूमितिर नै केन्द्रित थियो । काँस्य कालताकामा नै वस्तुतः नदीतीरका उर्वर मैदानतिर आकृष्ट भएको थियो । यसैताका भूमध्यसागर तथा इजियन सागरको पार्श्ववर्त्ती भूभाग, तात्कालिक भारतवर्ष वर्तमान पाकिस्तानमा रहेका सिन्धु, रावी आदि नदी र चीनको ह्वाङ्हो नदीको तीर, मेसापोटामियाको दजला र फरातका साथै अफ्रिकाको मिस्रको नील नदीको तीरको उर्वर भूमि त्यतिखेरका मान्छेका लागि विशेष

[१] ऐजन, पृ.४७ ।

[२] ऐजन, पृ.४७-४८ ।

[३] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र**, पूर्ववत्, पृ. २५३ ।

आकर्षणका केन्द्र बने तर ती नदीका किनारमा एकै समयमा एकैचोटि सभ्यता मौलाए भन्ने होइन ।

यसरी काँस्य कालमा वर्तमान पाकिस्तानमा रहेका सिन्धु, रावी, शतद्रु आदि नदीका तीरमा नगरसभ्यता स्थापित भएको थियो । हडप्पा, मोहेन् जो दडो, वर्तमान भारतमा (पन्जाब) रहेको कालीबङ्गा आदिका अवशेषहरू तिनै शहर वा नगर-सभ्यताका परिचायक हुन् । जसलाई सैन्धव सभ्यता भनिन्छ । त्यसको समयका सम्बन्धमा विद्वान्हरूको मतवैभिन्न्य भए तापनि त्यो सभ्यता इसापूर्व तीन हजारसम्ममा स्थापित भइसकेको थियो भन्ने मत डा.आ. एन्. पाण्डेय राख्दछन् ।[१] चिन्तक मदनमणि दीक्षितको मतमा भने आजभन्दा लगभग अठचालिस सय वर्षपूर्व हडप्पा सभ्यता विकसित भएको थियो र त्यसको केही शताब्दीपछि मोहेन् जो दडो, कालीबङ्गा, लोथर, चन्हुदडो आदि नगरहरूको विकास भएको थियो ।[२] यी सबै नै सैन्धव सभ्यताका मूल स्थान बनेका नगर हुन् ।

यस धातुको युगको सामाजिक जनजीवन पनि स्थान र सभ्यताअनुसार फरक-फरक थिए अतः यहाँ उल्लेख गरिँदैन ।

नूतन ढुङ्गे युगको प्रारम्भ आजभन्दा लगभग १० हजार वर्षपूर्व भएको थियो र त्यो ४ हजार वर्षसम्म अर्थात् आजभन्दा ६ हजार वर्ष पूर्वसम्म रह्यो । त्यसपछि धातु युगको समय प्रारम्भ भयो । धातु युगका मान्छेहरू केवल स्थायी बस्तीहरूमा बस्दैनथे अपि तु उनीहरूले नगर निर्माणको पनि प्रारम्भ गरेका थिए । जुन कुराको सामान्य उल्लेख माथि गरियो । समय बित्दै जाँदा क्रमिक रूपमा मान्छेले फलामको उपयोग गर्न जान्यो र उसको आर्थिक स्थिति र सामाजिक स्थिति अझ उन्नत र विकसित भयो जसका कारणले उसले वैज्ञानिक युगको प्रारम्भ गर्न सक्यो जुन युग आज पनि जारी छ ।

## २.५ **वैज्ञानिक युग**

मान्छेले धातुको प्रयोग गर्न थाल्यो । कृषकले हलोको प्रयोग गर्न थाल्यो र शिल्पकारहरूले घरमै बसेर गृह-उद्योगहरूबाट नै सामानहरू तयार गर्न थाले । यस समयमा औजारहरू पनि फलामका बन्न थालिसकेका थिए । यति हुँदाहुँदै पनि जीवन-पद्धतिमा विशेष अन्तर आइसकेको थिएन । तर अठारौँ शताब्दीमा औद्योगिक क्रान्तिको सुरु भएपछि विशेष अन्तर आउन थाल्यो ।

---

[१] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ४९ ।

[२] मदनमणि दीक्षित, **हिन्दू संस्कृतिको परिशीलन**, पूर्ववत्, पृ. १५६ ।

यान्त्रिक शक्तिको उपयोगबाट जब मान्छेले ठूला-ठूला कलकारखानाहरूको स्थापना गर्न थाल्यो अनि उसको आर्थिक स्थितिमा मात्र नभएर सामाजिक स्थितिमा पनि ठूलो परिवर्तन देखिन थाल्यो । मान्छेले यातायात, संचारहरूका नयाँ-नयाँ साधन र उपकरणहरूको आविष्कार गरेर देश र समयमाथि नै अनुपम विजय हासिल गर्न सक्यो । आजभन्दा दुई-ढाई सय वर्षअगाडि मान्छेसँग घोडाभन्दा छिटो दौडने कुनै साधन थिएन । टेलिफोन, रेडियो आदिको त कुरा नै छोडौं । चर्खामा कपास कातेर धागो निकालिन्थ्यो र त्यसबाट नै कपडा बनाउने कार्य गरिन्थ्यो । यद्यपि समुद्रमा केही जहाजहरू चलाइन्थे तथापि ती पुरानै तरिकाले बहना आदिको प्रयोग गरेर सामान्य रूपमा नै चलाइन्थे । वर्तमान अवस्थामा देखिने आर्थिक सामाजिक र राजनीतिक जीवनमा हामी जसरी अभ्यस्त छौं त्यस्तो त्यस समयमा नितान्त थिएन ।[१] त्यसताका न त कुनै विद्यार्थी सङ्गठन वा आन्दोलन, न त शिक्षक सङ्गठन न त कुनै लोकतान्त्रिक वा समाजवादी आन्दोलन चल्थ्यो । शिक्षाको काम मात्र केही पुरोहित पादरी र धर्माचार्यको हातमा थियो । प्रायः व्यक्ति निरक्षर भट्टाचार्य नै थिए । तर बितेका दुई-ढाई सय वर्षदेखि सभ्यतामा जुन विकास भएको देखिन्छ त्यो अभूतपूर्व नै भएको छ । यस्तो उन्नति वस्तुतः बुद्धिको स्वतन्त्रता, वैज्ञानिक आविष्कार र औद्यौगिक क्रान्तिको परिणाम हो । यिनै कारणले मान्छेको इतिहासमा एउटा नयाँ युगको प्रारम्भ भयो जसलाई हामी औद्यौगिक अथवा वैज्ञानिक युग भन्दछौँ ।[२] पुराना जमानाका पारम्परिक चालचलनमा आधारित सामाजिक विकास र सम्बन्ध विवेक र विज्ञानका आधारमा हुन थाल्यो । धर्म र परम्परामा पनि प्रश्नको उत्तर र कारणको खोजी भयो । सामाजिक चालचलनमा र राष्ट्रिय परिस्थितिमा समाजवादको सूत्रपात हुनुका साथै राजनीति र राज्य संचालनमा चलिरहेको निरङ्कुश राज्यसत्ता र राजतन्त्रका विरुद्ध आवाजहरू उठाउन थालियो । यी समग्र कुरालाई हेर्दा मानव समाज र सभ्यताको विकासमा अत्यन्त क्रान्तिकारी परिवर्तन आएको देख्न सकिन्छ । वैज्ञानिक युगले मान्छेलाई मानव-सभ्यताको बाटोमा तीव्र गतिमा हिँडाएको छ, जसका कारणले वर्तमान समाज अत्यन्त गतिशील त देखिन्छ नै साथै यसमा दानवीय सभ्यता पनि घुसिरहेको भयावह स्थितिसँग आजको बौद्धिक विचारशील तर यान्त्रिक मानव जुध्नु परिरहेको छ ।

## ३. निष्कर्ष

[१] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र,** पूर्ववत्, पृ. २५४ ।

[२] ऐजन, पृ. २५५ ।

भारतीय उपमहाद्वीपीय दार्शनिक र पौराणिक चिन्तनअनुसार मानिसलाई नित्य वा दैवी शक्ति मानिन्छ । उसको कर्मअनुसार नै उसको जन्म वा मृत्यु हुन्छ । अझ स्पष्टताका साथ भन्नुपर्दा जसरी हामीले पुरानो कपडा फ्याँकेर नयाँ कपडा धारण गर्दछौँ, त्यसरी नै आत्माले पनि पुरानो शरीर त्याग्नु र नयाँ शरीर धारण गर्नु नै जन्म र मृत्यु हो ।[१] मान्छेले पूर्व जन्ममा गरेका कर्मअनुसार नै वर्तमान जन्ममा फल भोग्ने गर्दछ । मान्छे समाजको अङ्ग हो र अङ्गी अङ्गअनुरूप नै हुने भएकाले समाज पनि समाजमा रहेका प्राणी सङ्कुचित अर्थमा मान्छेअनुरूप हुने कुरो स्पष्ट हुन्छ । यसरी निष्कर्षमा समाज समाजका अङ्ग अर्थात् मान्छेका पूर्वजन्मका कर्मअनुसार नै अगाडि बढ्दछ न कि विकासवादी वा अन्य कुनै सिद्धान्तका आधारमा ।

पाश्चात्य पौराणिक चिन्तनमा मान्छेलाई परमेश्वरले माटाबाट निर्माण गरेर आफ्नो चेतन अंश हालिदिएका हुन् तर दार्शनिक चिन्तनमा भने केही अपवादलाई छोडेर प्रायः भौतिक चिन्तन प्राप्त गर्न सकिन्छ । स्पष्टताका साथमा भन्ने हो भने सोक्रेटिज्जस्ता दार्शनिक आत्मा वा चेतनावादी दार्शनिक हुन्, जसले मानवको उत्पत्तिलाई कुनै ईश्वरीय वा दैवी शक्तिसँग जोड्न रुचाउँदछन् । एनेक्सिमेन्डर, डेमोक्रिटस्जस्ता दार्शनिकहरू भौतिकवादी दार्शनिक हुन् । जसले मानवको उत्पत्तिलाई प्राकृतिक सिद्धान्तका आधारमा व्याख्या गर्दछन् ।

वैज्ञानिक चिन्तन त नितान्त भौतिकवादी चिन्तन हो । यस चिन्तनमा मूलतः डार्विनको विकासवादी सिद्धान्तको प्रभाव परेकाले सोही सिद्धान्तका आधारमा मानवीय उत्पत्ति र विकासलाई हेरिन्छ । वैज्ञानिक चिन्तनअनुसार मानव सभ्यताको आदिम कालमा 'पुरानो ढुङ्गे युग' थियो । त्यस युगमा मान्छे शिकार वा प्राकृतिक रूपमा उत्पन्न कन्दमूल, फल-फूल आदिमा आश्रित थियो । त्यस समयमा मान्छेले न त आर्थिक उत्पादन गर्न जानेको थियो न त कतै स्थायी रूपमा नै बस्थ्यो । क्रमिक रूपमा मान्छेले औजारहरूको प्रयोग गर्न थाल्यो र औजारहरूलाई परिष्कृत पनि पार्दै लग्यो । त्यसपछि कृषिकार्य र पशुपालन प्रारम्भ गऱ्यो । त्यसरी ऊ 'नयाँ ढुङ्गेयुग'मा प्रवेश गऱ्यो । त्यस युगमा मान्छे घरहरू बनाएर अपेक्षाकृत स्थायी रूपमा बस्न थाल्यो । त्यो युग आजभन्दा दस/बाह्र हजार वर्षपूर्वदेखि सुरु भएको थियो ।

क्रमिक रूपमा मान्छेले धातुहरूको प्रयोग गर्न जान्यो । उसले तामा, काँस आदिका औजारहरू बनाउन थाल्यो । यसबाट मानवसमाज बिस्तारै 'धातु-युग'तिर प्रवेश गरेको देखिन्छ । तत्पश्चात् नगरहरूको निर्माण गर्दै मानव विश्व-प्रसिद्ध सभ्यताहरूको निर्माणमा समर्थ भएको तथ्य समाज-विकासको सिद्धान्तले पुष्टि गर्छ । त्यसरी नै अगाडि बढ्दै जाँदा मान्छेले अठारौँ शताब्दीताका वैज्ञानिक आविष्कारहरूद्वारा यान्त्रिक शक्तिको प्रयोग गर्न जान्यो, जसले गर्दा

---

[१] वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ॥ **श्रीमद्भगवद्गीता**, अध्याय - २, श्लोक -२२ ।

ठूलाठूला कलकारखाना, यातायात र सञ्चारमा नयाँनयाँ साधनहरूको आविष्कार भयो । यसरी प्रधान रूपमा कृषि कार्यमा निर्भर मान्छे अब उद्योगधन्दा, विज्ञान र प्रविधितिर लाग्यो । जुन विकासको चरम अवस्थाले गर्दा आजको मान्छे यान्त्रिक रूपमा सरलतम स्थितिमा पुग्न सके तापनि मानसिक रूपमा दानवीय स्थितिमा पुगेकाले विभीषिकाग्रस्त अवस्था र भयावह स्थितिमा बाँचिरहेको छ ।

आर्थिक जीवनका दृष्टिले हेर्दा मानव-समाज घुमन्ते जीवन, पशुपालक जीवन, कृषक जीवन, वैज्ञानिक जीवनमा रूपान्तरित हुँदै आजको अवस्थामा आइपुगेको हो ।

## परिच्छेद तीन

# समाज–विकासको प्रारम्भिक स्वरूपका दृष्टिले 'भूमिसूक्त'

### ३.१ विषयप्रवेश

केही विद्वान्ले साढे चार अरब वर्षपूर्व पृथिवीको उत्पत्ति भएको हो[१] भन्दछन् भने बीसौं शताब्दीको उत्तरार्द्धताकाका वैज्ञानिकहरूले साढे एघार अरब वर्षपूर्व संसारको सृष्टि हुँदा पृथिवी पनि उत्पन्न भएको मत व्यक्त गर्दथे, जुन मत आज पनि कतिपयले मानेको सुनिन्छ ।[२] अर्कातिर तेह्र/चौध अरब वर्षपूर्व यस संसारको उत्पत्ति हुँदा हाम्रो सौर्य मण्डलका विभिन्न ग्रह र उपग्रहहरूका साथमा पृथ्वीको पनि उत्पत्ति भएको थियो भन्ने खोजकर्ताहरू पनि छन् ।[३] जे होस् प्रारम्भिक अवस्थामा पृथ्वी बल्दो ग्यासको पिण्ड थियो र आजभन्दा अरबौं वर्षपूर्व पृथिवी सेलाउँदै जाँदा त्यसको माथिल्लो भाग खरानीमय भयो अनि त्यो जम्दै गयो र चट्टानमय बन्न पुग्यो । सुरुमा ती चट्टानहरू नितान्त नाङ्गा र शुष्क थिए । त्यहाँ न कुनै घाँस, वृक्ष थियो न त कुनै हरियाली नै थियो । करोडौं वर्षसम्म ती चट्टानहरूमा वर्षा हुँदै गयो र क्रमिक रूपमा ती चट्टान माटा बन्दै गए । त्यो माटो पानीसँग बगेर विभिन्न ठाउँमा गएर जम्न थाल्यो अनि समथल भूमिको रूप धारण गऱ्यो । पानी भने विभिन्न खाल्टाखुल्टीमा जम्न थालेर समुद्र, तलाउ आदिका रूपमा परिणत भयो । पृथिवीमा क्रमिक रूपमा रुख-बिरुवा, हरियाली आदि हुँदै गर्दा जीव जन्तुहरूको पनि उत्पत्ति हुने र ती रहन सक्ने अवस्थामा पृथिवी पुग्यो ।[४]

संसारको सृष्टिसम्बन्धी यिनै विभिन्न तथ्यलाई उपन्यासको विषय-प्रवेशका रूपमा सन्दर्भित गरिएको **भूमिसूक्त** उपन्यासमा उपन्यासकार मदनमणि दीक्षितले सृष्टिसम्बन्धी वैज्ञानिक धारणहरूलाई औपन्यासिकीकरणका साथ प्रस्तुत गरेका छन् । सृष्टिको क्रमलाई जोड्दै उपन्यासकार दीक्षितले यसो भनेका छन् : *एघार अरब वर्षपूर्व महाविस्फोटबाट मूल पदार्थ, ऊर्जा, गतिवेग अर्थात् महाकाल एकै साथ निसृत भए ।*[५] यस भनाइबाट उपन्यासकारले सृष्टिसम्बन्धी स्टेफन हकिङ्को विचारलाई अनुसरण गरेको स्पष्ट देखिन्छ । ग्रहहरू, पृथिवी अनि

---

[१] Sarita Agrawal, **A Textbook Of Biology , Part 1,** Third Reprint, Vikash Publishing House Pri. Ltd,, New Dilhi, 2001, P 39 .

[२] हेर्नू : परिशिष्ट ३ ।

[३] Nicholas Harris, **Space Atlas**, p 3.

[४] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र,** पूर्ववत्, पृ. २४९ ।

[५] **भूमिसूक्त**, पृ.३८ ।

उसको बल्दो स्थिति, वर्षा र त्यहाँ वृक्ष वनस्पतिको उत्पत्तिका बारेमा उपन्यासकार अगाडि भन्दछन् :

*तारामण्डल, सूर्य र ग्रहहरू महावाष्पपिण्डका रूपमा ब्रह्माण्डमा अनायास अवतरित भए ।...परिक्रमा गर्दा गर्दै तिनीहरूले देखे तिनीहरूकी एउटी साथी (पृथ्वी) पनि सूर्यको परिक्रमा गरिरहेकी छन् ।...पृथ्वीमा आँधी बेहरी चलाइरहेको थियो...झन् सुन्दरी भएकी पृथ्वीले आफ्नो पसिनाका नदी, सागर र तालसित फेरि लाज मानेर हरियो सारी र रङ्गी चङ्गी बुट्टा भएको चोलाले अङ्ग प्रत्यङ्ग ढाकिन् ।*[१]

यसरी जगत् पृथिवी र पृथिवीमा पहाड, पर्वत, सागर आदिको उत्पत्तिका साथ अगाडि बढेको उपन्यासले प्राणीको उत्पत्ति सबैभन्दा पहिले जलमा भएको कुराको वर्णन गर्दछ : *तालमा रहेका आफ्नो नीरस जीवनमा प्राण थपिएर तालबाट तिनीहरू बाहिर आउँदै घस्रिएर आकाश तथा बादलबीच उड्न थाले ।*[२] आजको जीवविज्ञानले पनि प्रथम जीवन पानीबाट नै प्रारम्भ भएको मान्दछ ।[3]

## ३.२ समाज विकासका अवस्थाहरू

आजको वैज्ञानिक युगले प्राकृतिक दृष्टिमा मानवीय इतिहासलाई चार अवस्थामा विभाजन गरी अध्ययन गरेको पाइन्छ ।[४] पहिलो अवस्थाको 'उतान मानष' नामको मान्छेका विभिन्न प्रकारका जातिहरू पुरानो दुनियाको स्थल भागको शीत-कालीन हिम रेखाको दक्षिणपट्टि निवास गर्थे भनिन्छ । नयाँ दुनिया भन्नाले अमेरिका बुझिन्छ । यस पहिलो अवस्थाको प्रारम्भिक चरणमा मान्छेले आगो बाल्न र खाना पकाउन थाल्यो ।[५] उपन्यासकार दीक्षितले यसभन्दा पूर्वावस्थाको बारेमा केही अस्पष्ट रूपमा वर्णन गरे तापनि यस अवस्थाको वर्णन भने स्पष्ट रूपमा नै गरेका छन् : *हजारौँ लाखौँ पटक पूर्ण चन्द्रोदय र स्वर्णिम सूर्योदयहरू भए । मानव र मानवीले सम्वाद सुरु गरेका थिए । छालाका वस्त्र लगाएका झारपातका छाना हालेर छाप्रा*

---

[१] ऐजन, पृ. ४० ।

[२] ऐजन, पृ. ४१ ।

[3] जनकलाल शर्मा, **हाम्रो समाज एक चिन्तन,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, वि. स. २०५८, पृ. ३ ।

[४] कार्लटन एस. कुन, पूर्ववत्, पृ. १३ ।

[५] ऐजन ।

*बनाएका थिए । नदीका किनारामा आगो बालेर हाँस र माछा पोलेर खाएका थिए ।*[1] यस भनाइबाट उपन्यासकारको मतमा पनि समाज विकासको प्रथम अवस्थामा मानवले वाणीको प्रयोग गर्न थाल्नुका साथै क्रमिक रूपमा आगाको प्रयोग र छाला र बोक्राका वस्त्र लगाएर चिसो र तातोबाट जोगिन थाल्यो । त्यसै क्रममा उसले ससाना छाप्रा बनाएर बस्न थाल्यो । जुन कुरा मानवशास्त्री कुनसँग मिल्दो दखिन्छ ।

दोस्रो अवस्थामा मान्छेले माटाका भाँडा बनाउन र कपडा सिउन सिक्यो र छालाका अतिरिक्त कपडाका पनि वस्त्र लगाउन सुरु गऱ्यो ।  यस अवस्थामा शिकारका लागि धनुष बाण आदि औजारको प्रयोग गर्न थाल्यो । सहयोगीका रूपमा कुकुर पनि पाल्न थाल्यो र शिकारी कार्यमा अपेक्षाकृत सरलताको अनुभूति गर्दै विभिन्न कला कौशलका लागि पनि समय पाउन थाल्यो । उपन्यासकारले यसै अवस्थामा मान्छे गुफामा बस्न थालेको र केही हदसम्म पारिवारिक अनुभूति गर्दै आनन्दित हुने र बाह्य कला कौशलमा सौन्दर्यबोध गर्न थालेको धारणा राख्दछन् : *समय बित्दै गयो । नरनारी आफ्ना गुफा, जनावर समात्ने, पोलेर खाने र शिशुलाई ख्वाउँदै आनन्दित हुन्थे ।*[2]

तेस्रो अवस्थामा मान्छेले पशु पाल्ने अनि खेती गर्ने कार्यहरू सुरु गर्न थाल्यो । यस समयको वर्णनमा उपन्यासकार भन्दछन् :

> *पुरुषहरू वनबाट पशुका मासु र फल ल्याउँथे, नारीहरु छाप्रा अगाडि अन्न उमार्थे, भोजन संग्रहनिम्ति पुरुषका भारलाई घटाउँथे ।...चुच्चे ढुङ्गा र लट्ठीले खोस्रिएर अन्न हाली माटोले छोपिदिने गरेमा नयाँ अन्न बढी मात्रामा प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान ती नारीमा भयो ।*[3]

यसरी खेतीको सुरुवात नारीले गरेका हुन् भन्ने चिन्तन उपन्यासकार दीक्षितले विभिन्न वैज्ञानिकका आधारमा दिएको धारणा व्यक्त गरे तापनि[4] समाजशास्त्री र मानवशास्त्रीहरूले त्यसो भनेको पाइँदैन ।

यसै समयमा मान्छेले माटाका भाँडाहरूको निर्माण गर्न थाल्यो । तामा, काँस आदिको प्रयोग व्यापक रूपमा गर्न थाल्यो । त्यति मात्र होइन विविध व्यापार, मुद्राको निर्माण र प्रयोग,

---

[1] **भूमिसूक्त**, पृ. ५१ ।

[2] ऐजन, पृ. ५२ ।

[3] ऐजन, पृ. ५४ ।

[4] हेर्नू : परिशिष्ट ३ ।

केही मात्रामा फलामको प्रयोग, सामूद्रिक जहाजको प्रयोग पनि गर्न थाल्यो ।[1] यस चरणको प्रारम्भिक अवस्थाका कुराहरू उपन्यासकारले वर्णन गर्दछन् भने अन्तिम चरणका छनकसम्म दिने कोसिस उपन्यासमा गरिन्छ ।

चौथो अवस्थाको कुरा गर्ने हो भने दुइटा विकल्प देखिने अवस्थामा संसार छ : संसार नष्ट हुने वा मान्छेदेखि अलग भएर प्रकृतिले आफ्नो वास्तविक स्वरूप प्राप्त गर्ने । यद्यपि औपन्यासिक कालखण्डलाई हेर्ने हो भने यस चौथो अवस्थालाई उपन्यासले पटक्कै छुँदैन तर पनि चिन्तन र आशाका आधारमा हेर्दा महाभारतलाई पटक पटक परिशीलन गर्ने उपन्यासकार महाभारतको कर्ण, भीष्म, द्रोण आदि मारिइसकेपछि पनि मैले पाण्डवहरूलाई जित्नेछु भन्ने दृढ आशाका साथ शल्य लड्दछन् भन्ने प्रसङ्गमा अनुश्रुतिका रूपमा रहेको श्लोकबाट[2] प्रभावित हुँदै र भविष्यप्रति आशावादी रहँदै भोलिका उज्वल दिनहरूतिर संकेत गर्दछन् *: बहिनी पृथ्वी, किन तिमीले बिर्स्यौ आफ्नो त्यो महागाथा ? समय हो फेरि फर्कनेछ झन् सुन्दर र सङ्गीतमय जीवन सृष्टिकारी भएर ।...आशा नछाड । भविष्यलाई यसरी अँध्यारो नठान ।*[3] यसरी उपन्यासकारले **भूमिसूक्त** उपन्यासमा भोलिका उज्वल भविष्यको परिकल्पना गर्दै भूमिको गीत गाएका छन् ।

## ३.३ भूमिसूक्त उपन्यासको प्रारम्भिक समाज

### ३.३.१ स्थान र समाजविशेष

समाज विकासलाई इतिहासका रूपमा छुट्याउने हो भने प्रारम्भिक समाज भनेर सभ्य समाजभन्दा पूर्वको समाजलाई छुट्याउनु पर्ने हुन्छ । त्यो सभ्य समाजभन्दा पूर्वको समाजलाई पनि जङ्गली र बर्बर गरी दुइटा समाजमा विभाजन गरिन्छ ।[4] यद्यपि समयसीमाका आधारमा हेर्दा प्रारम्भिक समाज र त्यसपछिको समाजको समयसीमा कहिले थियो भन्ने कुरो स्पष्टताका साथ इदमित्थं भनेर भन्न सकिदैन तथापि एङ्गेल्स्ले कार्यका आधारमा यसलाई विभाजन गरेको हामी पाउँछौं । उनका विचारमा प्रकृतिमा पाइने वस्तुहरू जस्ताको तस्तै प्रयोग गरिने समय नै जङ्गली युग हो । यो समय पुरानो ढुङ्गे युगसँग सम्बद्ध छ । बर्बर युगमा पशुपालन र खेतीपातीको थालनी भयो । यसै युगमा मान्छे अपेक्षाकृत स्थायी रूपमा बस्न थाल्यो । सभ्य युग

---

[1] कार्लटन एस. कुन, पूर्ववत्, पृ. १४ ।

[2] हते कर्णे हते भीष्मे द्रोणे च विनिपातिते ।
आशा बलवती राजन् शल्यो जेष्यति पाण्डवान् ॥

[3] **भूमिसूक्त**, पृ. २२३ ।

[4] फ्रेडरिक एङ्गेल्स्, पूर्ववत्, पृ. २७ ।

भन्नाले प्राकृतिक चीजहरूको बढीभन्दा बढी प्रशोधन र उत्पादन गर्ने कलामा दक्षता प्राप्तिको अवधि हो । यसै समयमा नै उद्योग तथा प्रविधिको विकास भयो र हुँदै पनि छ ।[१] यी तीनओटा युगमध्ये जङ्गली युग र बर्बर युगलाई परिच्छेद दुईमा वर्णित पुरा पाषाण युग र पाषाण युग अन्तर्गत राख्न सकिन्छ भने उक्त परिच्छेदमा नै वर्णित धातुको युग र वैज्ञानिक युगलाई सभ्य युगभित्र राख्न सकिन्छ । यस आधारमा हेर्दा राहुल साङ्कृत्यायनले भन्ने गरेको सभ्य समाजको थालनीको मुख्य तत्त्व तात्कालिक मानव वास्तविक रूपमा सभ्य हुनु होइन अपि तु पुरुष-प्रधान समाज बन्नु हो भन्ने मत ठिकै देखिन्छ ।

पुरातात्त्विक सिद्धान्तका आधारमा समाज विकासलाई प्राचीन ढुङ्गे युग, नयाँ ढुङ्गे युग, धातुको युग र वैज्ञानिक युग गरी चार युगमा विभाजन गरिन्छ । तीमध्ये प्राचीन ढुङ्गे युग लगभग छ लाख वर्षपूर्व प्रारम्भ भएको र आजभन्दा लगभग दश/बाह्र हजार वर्षपूर्वसम्म रहेको अनि नयाँ ढुङ्गे युग प्रारम्भ भएको र चार/पाँच हजार वर्षसम्म रहेको त्यसपछि धातुको युगको प्रारम्भ भएको र आजका प्रसिद्ध पुराना सभ्यताहरूको निर्माण यसै समयमा भएको थियो भन्ने विद्वान्हरूको भनाइ पाइन्छ ।[२] यी विवरणबाट के निष्कर्ष निकाल्न सकिन्छ भने धातुको युगको प्रारम्भ हुँदै गर्दा सभ्य समाजको प्रारम्भ भयो, जुन समयमा इजिप्ट, सिन्धुघाटी, हडप्पा, मोहेन् जो दडो आदि सभ्यताहरूको निर्माण हुने प्रक्रिया चल्दै थियो र त्यो समय मोटामोटी इसापूर्व चार हजारदेखि सुरु हुँदै थियो । अब निष्कर्षमा के भन्न सकियो भने त्यसभन्दा अघिको समाजलाई नै मानव विकासको प्रारम्भिक समाज भन्नु पर्ने हुन्छ जुन समाज जङ्गली युगको अन्त अन्ततिरबाट सुरु हुँदै धातुको युगको प्रारम्भ हुँदासम्ममा अन्तावस्थामा पुग्दछ । त्यस अन्तावस्था ताकासम्म मातृकाप्रधान समाज चरम अवस्थामा पुगेको हुन्छ, जुन समय इसापूर्व चार हजार वर्षभन्दा पूर्वको हो । त्यही समयलाई नै **भूमिसूक्त**ले मातृकाप्रधान समाज भनेर वर्णन गरेको छ । सभ्य समाजभन्दा पूर्वको समाज मातृकाप्रधान समाज थियो भन्न सकिने अर्को आधार के हो भने सभ्य समाज भनेको निःस्वार्थ उच्च आदर्शयुक्त मानव समाज भनेको होइन अपि तु पितृप्रधान समाज भनेको हो ।[३] कतिपय अध्येताले त्यस समाजलाई पितृसत्तात्मक समाज र त्यसभन्दा पूर्वको समाजलाई मातृसत्तात्मक समाज भन्न रुचाए तापनि उपन्यासकार दीक्षित भने सत्ता शब्दको प्रयोगका लागि राज्यको अवधारणको उत्पत्ति र त्यसको बागडोरको कुरो आउँछ, जुन

---

[१] ऐजन, पृ. ३४ ।

[२] सत्यकेतु विद्यालङ्कार, **समाज शास्त्र,** पूर्ववत्, पृ. २५४ ।

[३] राहुल सांकृत्यायन, पूर्ववत्, पृ. ३८ ।

कुरा त्यस समयमा थिएन अतः सत्ता शब्दको प्रयोग उचित होइन भन्दछन्,[1] जुन कुरा मनासिब लाग्दछ । यस सम्बन्धमा एङ्गेल्स्ले बाखोफनले 'मातृ-सत्ता' शब्दको प्रयोग गरेका र सरलताका लागि आफूले पनि त्यही शब्दको प्रयोग गर्ने गरेको तर त्यो नाम त्यति उपयुक्त नभएको मत प्रकट गर्दछन् र कारणमा त्यस समयमा कानुनी रूपमा सत्ताजस्तो कुनै कुराको प्रादुर्भाव नहुनु भन्दछन् ।[2]

यसरी सभ्य समाज भन्नाले पितृ-प्रधान समाज हो भन्ने कुराले हामीलाई त्यसभन्दा अगाडि नारीप्रधान तथाकथित राजनैतिक शब्दमा नारीसत्तात्मक समाज थियो भन्ने स्पष्ट पार्दछ । त्यस बेला मातृसत्तात्मक समाज थियो भन्ने कुराको स्वीकार गर्दा गर्दै पनि आज भोलिका कयौं समाज वैज्ञानिकहरूले समूह विवाहको प्रथा भएको कुरा स्वीकार गर्दैनन् ।[3] उपन्यासकार दीक्षितले पनि त्यसो स्वीकार नगरेर नै होला मातृकाहरूको प्रमुखता देखाउँदा देखाउँदै पनि सामूहिक विवाहको कुरा गरेका छैनन् ।

मोर्गन, एङ्गेल्स् आदि समाजशास्त्रीहरूले आदिम समाज मातृका प्रधानात्मक समाज थियो भन्ने मानेको कुरामा सहमति जनाउँदै **भूमिसूक्त** उपन्यासका उपन्यासकारले वैदिक, पौराणिक विशेषतः चण्डी सप्तशती, कालिका पुराण र देवी भागवतजस्ता ग्रन्थहरूको अध्ययनबाट तात्कालिक समाज मातृकाप्रधानात्मक समाज थियो भन्ने निष्कर्ष दिएका छन् :

> *असंख्य इल महामातृकाहरूको क्रममा मनुपुत्री इला महामातृकामा वरण गरिएकी थिइन् ।[4]...महामातृका काकीदेखि इलासम्मको एलम जनसमुदाय वङ्क्षु नदीको दुवैतिरको किनारामा फैलिएको थियो ।[5]...काकीमा सागरतटको मरुभूमिबीच बालुवामुन्तिर कहाँनेर पानी पाउन सकिन्छ भन्ने पत्ता लगाउने सामर्थ्य थियो । आफ्ना जनका नरनारीबाट प्रत्येक ठाउँमा चिह्नबारे ऊ सङ्केतहरू सङ्कलन गर्ने गर्थी र एउटा कुवामा पानी सुक्ता अर्को कुन ठाउँमा बालुवा सारेर पानी झिक्ने भन्नेबारे काकी तुरुन्तै आफ्नो जनलाई निर्देशन दिने गर्थी । त्यसरी पानीको जन्मदात्रीको रूपमा काकीलाई देवजन र ऐल सबैले अम्बा र अप्सराको सम्मान प्रदान गरेका थिए ।[6]...ऐलहरू देवजन, स्वर्गलोक र*

---

[1] मदनमणि दीक्षित, **हिन्दू संस्कृतिको परिशीलन**, पूर्ववत्, पृ. ३२ ।

[2] फ्रेडरिक एङ्गेल्स्, पूर्ववत्, पृ. ५१ ।

[3] ऐजन, पृ. १३ ।

[4] **भूमिसूक्त**, पृ. ५६ ।

[5] ऐजन, पृ.५७ ।

[6] ऐजन, पृ. ६९ ।

*हिमवन्तका मित्रहरू हुन् । त्यहाँका सप्तमातृका महामाया हाम्रानिम्ति पनि पूजायोग्य र सम्माननीय छन् ।*[1]

तर भिन्नता केमा देखिन्छ भने माथि वर्णित समाजशास्त्रीहरूले अध्ययन गर्दा कुनै ठाउँ विशेषको अध्ययन गरे तापनि नारीप्रधान समाजको कुरा गर्दा कुनै स्थल विशेषको कुरा नगरेर समग्र मानवसमाजको चरित्रका आधारमा उक्त निर्णय दिएका छन् भने प्रस्तुत उपन्यासका उपन्यासकारले विशेषतः आजको उज्वेकिस्तानमा पर्ने एलम प्रदेश, जहाँ दुई तिरबाट वंक्षु र भद्रसोमा[2] भनिने आमुदरिया र सर्दरिया नामका नदी गन्धमादनको उत्तरभाग र पामिरतिरबाट निस्केर समतल भूभागमा बग्दै अरल सागरमा गएर मिसिन्छन्, मेरु, गन्धमादन र मानस वरिपरिको क्षेत्रको नारीप्रधान समाजको वर्णन गरेका छन् ।

## ३.४ भूमिसूक्त उपन्यासमा वर्णित नारीप्रधान समाज

वेदहरू वस्तुतः पुरुषप्रधान समाजको समयमा रचिएका अथवा दृष्ट ग्रन्थ हुन् । अतः त्यहाँ पृथ्वी-सूक्त, नदी-सूक्त जस्ता प्रकृतिलाई विषय बनाइएका स्तुति बाहेक त्यति धेरै मातृकाका स्तुति छैनन् तापनि ऋग्वेदको एक ठाउँमा सात नदी र सात स्वरकी माताको रूपमा स्तुति पाइन्छ ।[3] वैदिक साहित्यका प्रायः विषय मातृकाप्रधान समाजभन्दा पछिका पुरुषप्रधान समाजका हुन् । ग्रन्थमा ग्रथित विषय तत्कालीन समाजका प्रमुख व्यक्तिको हुने भएकाले नै वैदिक साहित्यमा रूपकात्मक ढङ्गले इन्द्र आदि पुरुषको अथवा पुरुषवंशको वर्णन अत्यधिक पाइए तापनि समाजको श्रुतिपरम्परालाई भने रोक्न नसकिने कुरो सत्य हो । त्यसअनुरूप नै वैदिक साहित्यको रचनापछि रचिएका महाभारत, देवीभागवत, कालिका पुराण विशेषतः सप्तशती चण्डी आदिमा मातृकाको प्रचुर गुन-गान छ, जुन वैदिक साहित्यको रचनाभन्दा धेरै अगाडि रहेको मातृका-प्रधान समाजको वर्णन हो । तन्त्रमा शक्तिलाई मुख्य मान्नुको तात्पर्य पनि मानव विकासको प्रथम अवस्थामा नारीको नै प्रधानता थियो भन्ने जनाउनु हो । महाभारतको ठाउँ-ठाउँमा स्कन्द कार्तिकेयका अनुचरी मातृकाहरूको नामावली प्राप्त हुन्छ ।

पुराण र महाभारतमा प्राप्त मातृकाहरूको नामावली निम्नानुसार छ :

---

[1] ऐजन, पृ. ९१ ।

[2] हेर्नू : परिशिष्ट २ ।

[3] **ऋग्वेद** ९ - १० - ४ ।

१. **सप्तमातृका** : ब्राह्मी, माहेश्वरी, कौमारी, वाराही, नारसिंही, वैष्णवी र ऐन्द्री।[1]

२. **अष्टमातृका** : ब्राह्मी, माहेश्वरी, चण्डी, वाराही, वैष्णवी, कौमारी, चामुण्डा एवं चर्चिका ।[2]

३. **शिशुमातृका** : काकी, हलिमा, रुद्रा, बृंहली, आर्या, पलाला एवं मित्रा ।[3]

४. **अष्टादशमातृका** : विनता, पूतना, कष्टा, पिशाची, अदिति (खेती), मुखमण्डिका, दिति, सुरभि, शकुनि, सरमा, कद्रू, विलीनगर्भा, करञ्जनीलया, धात्री, लोहितायनि र आर्या ।[4]

५. **चौधमातृका** : गौरी, पद्मा, शची, मेधा, सावित्री, विजया, जया, देवसेना, स्वधा, स्वाहा, धृति, पुष्टि र कुलदेवता ।[5]

यिनीहरूको प्राचीनताको प्रमाणका रूपमा माथि उल्लिखित केही पुराण र महाभारतादिमा श्रुतिपरम्पराबाट आएको मातृकाहरूको विवरणलाई मान्न सकिन्छ । वराहमिहिरको बृहत्संहितामा तथा शूद्रकको मृच्छकटिकमा मातृका पूजाको स्पष्ट निर्देश पाइन्छ ।[6] यसैको निरन्तरताका रूपमा स्कन्दगुप्तको विहार स्तम्भलेखजस्ता विभिन्न स्तम्भ लेख र मातृकाहरूको मन्दिरहरूलाई पनि उक्त मातृकाको प्रमाणका रूपमा मान्न सकिन्छ ।[7] उपन्यासकारले मातृकाको कुरा गर्दा आदिमाता अदितिबाट प्रारम्भ गरेका छन् ।

ब्रह्माका मानसपुत्र मानिने कश्यपकी पत्नीहरू मूलतः तेह्र वा पन्ध्र मानिने भए तापनि विभिन्न पत्नीहरू भएको कुरो पाइन्छ : अदिति, अरिष्टा, इरा, कद्रू, कपिला, कालका, काला, काष्ठा, क्रोधवशा, क्रोधा, खसा, ग्रावा, ताम्रा, तिमि, दनु, दनायु, दया, दिति, धनु, नायु, पतङ्गी, पुलोमा, प्राधा, प्रोवा, मुनि, यामिनी, वसिष्ठा, विनता, विश्वा, सरमा, सिंही, सिंहिका, सुनेत्रा, सुपर्णा, सुरभि, सुरसा र सूर्या ।[8] यथार्थमा कश्यपका तेह्र पत्नी थिए भन्ने गरिन्छ । अन्य नामहरू

---

[1] **मार्कण्डेय पुराण** ८८, ११-२० ।

[2] विद्यानिधि सिद्धेश्वर शास्त्री (सम्पादित), **भारतवर्षीय प्राचीन चरित्र कोश**, पूना : भारतीय चरित्र कोश मण्डल, वि. स.०२१, पृ.६३८ ।

[3] काकी च हलिमा चैव रुद्राथ बृंहली तथा ।
आर्या पलाला वै मित्रा सप्तैताः शिशुमातरः ॥ (**महाभारत वनपर्व**, अ.२१७, श्लो. ९ )

[4] **म. आर.**, २१९ ।

[5] **गोभिल स्मृति** १, ११ - १२ ।

[6] **बृहत्संहिता** ५८, ५६ ।

[7] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६३८ ।

[8] ऐजन, पृ. १२८ ।

नामहरू त पाठान्तरले गर्दा आएका हुन् । सन्ततिको सादृश्यले पनि यो कुराको पुष्टि हुन्छ । यीमध्ये पुलोमा र कालका वैश्वानरकी छोरी थिए भने अन्य सबै दक्षका छोरीहरू थिए ।[१]

यसरी पुराणहरूका यी विभिन्न नामावलीले प्राचीन समयमा मातृकाको प्राधान्य थियो भन्ने निष्कर्ष निकाल्न सघाउँने बुझेर दीक्षितले मातृकासम्बन्धी पौराणिक मिथकहरूलाई समाजशास्त्रीय आधारमा अर्थ्याउँदै उपन्यासमा प्रयोग गरेका छन् । त्यसै क्रममा उपन्यासकार दीक्षितले अदितिलाई पहिली महामातृका रूपमा लिएका छन् । जसलाई आदिमाता पनि भनेका छन् ।[२] त्यसपछि विभिन्न माताहरूको नाम लिएका छन्, जुन माथि उल्लिखित सैंतीसमध्ये नै पर्दछन् । सिन्धु सभ्यताभन्दा धेरै अघि, नयाँ ढुङ्गे युगको अन्त अन्ततिरको मानव विकासको चरणमा समाजमा मातृकाको प्रधानता थियो र उनीहरूको नाम इतिहासमा श्रुतिपरम्परामा आए पनि पुरुषको नाम नआउने हुनाले पुराणादिमा पनि त्यति खेरको पुरुषमात्रलाई कश्यप भनिन्थ्यो भन्ने तात्पर्यलाई उपन्यासकारले उक्त नारीको पति/महापुरोहितका रूपमा कश्यपलाई उल्लेख गरेका छन् । उपन्यासमा प्रयुक्त महापुरोहित भन्ने शब्द उनको काल्पनिक हो ।[३]

कल्पना मात्र हो वा यथार्थ ? अथवा केही यथार्थ केही कल्पना ? यसै हो भनेर इदमित्थं गर्न सकिने अवस्था छैन । उदाहरणको लागि वशिष्ठलाई स्वायम्भुव मनुका पालाका सप्तर्षिमध्ये पनि गनिएको छ त्यस्तै वैवस्वत मनुका पालाका सप्तर्षिमध्ये पनि गनिएको छ । त्यस्तै कश्यप या काश्यपलाई पनि स्वारोचिष र वैवस्वत दुवै मन्वन्तरका सप्तर्षिमध्ये गनिएको छ । त्यस्तै पुत्रहरूका बारेमा पनि प्राप्त गर्न सकिन्छ । अतः यथार्थ के हो र समय कुन हो, निश्चित रूपमा भन्न साह्रै गाह्रो छ । कल्प भेद भन्नु, मन्वन्तर भेद भन्नु आफ्नो चित्त बुझाउने बाटो मात्र हो । उपन्यासकारले वशिष्ठलाई आफैले महाभारतका आधारमा नाम दिएको स्त्रीराज्यकी कुनै काकी र ऐतस वरुणबाट जन्मेको भनेका छन् : *मैले आफ्नो संस्कारित कुम्भमा तिम्रो बीज धारण गरें । तिम्रो पुत्रको नाम राखिसकें मैले –वशिष्ठ* ।[४] वरुण र उर्वशी अप्सराबाट वशिष्ठको जन्म भएको[५] अथवा वशिष्ठलाई मैत्रावरुणि भनिने भएकाले यिनी मित्रावरुण र उर्वशी अप्सराबाट जन्मिएका हुन् भन्ने कुरालाई मान्दा केही हदसम्म उपन्यासकार दीक्षितको भनाइ र यस कुराको समीकरण हुन सक्ला तर स्थान र समयको बारेमा फेरि के भन्ने ? त्यस्तै समस्या

---

[१] ऐजन ।

[२] **भूमिसूक्त**, पृ.५६ ।

[३] हेर्नू : परिशिष्ट ३ ।

[४] **भूमिसूक्त**, पृ. १३० ।

[५] **ऋग्वेद**, ७ -३१ - ११ ।

कश्यपको बारेमा पनि देखिन्छ । दीक्षितको भनाइलाई विचार गर्दा उनले वैवस्वत मन्वन्तरका कश्यपको उल्लेख गरे जस्तो लाग्छ । त्यतिखेर स्वारोचिष मन्वन्तरका कश्यपको कथा कता जाने हो ? विचारणीय छ ।

उपन्यासमा वर्णित कश्यप पति मात्र हो कि महापुरोहित पनि ? अथवा पति र महाप्रोहितमा के कति फरक थियो भन्ने कुरा यहाँ स्पष्ट हुन सकेको छैन :

*इल जनका महापुरोहितमा जो बस्थे प्रत्येक पुरुषको नाम कश्यप थियो । ...महाधनुर्धारी युवकलाई पतिमा वरण गरी कश्यप नाउँ दिन्थे ।...महामातृकामा इलाको वरण भएपछि महापुरोहितमा मनु स्वयं बसे । इलाले ऐल युवकहरूमध्ये बलिष्ठ र सुन्दर पिङ्गलकेशी श्वेतवर्ण एउटा ऐल युवकलाई आफ्नानिम्ति वरण गरिन् ।*[1]

माथिको भनाइबाट अस्पष्टता आउने भए तापनि एउटा के कुराको सम्भावना हुन्छ भने त्यस समयका सुरुका दिनहरूमा समाजमा महापुरोहित थिएन क्रमिक रूपमा समाज पुरुषप्रधानताको बाटोतिर लाग्दै जाँदा महापुरोहितको स्थिति देखिन थाल्यो । मनुको समयमा महापुरोहितको अस्तित्व मानिसकेको आभास हामी उपन्यासबाट पाउन सक्छौं । जे होस् पौराणिक आधारमा हेर्दा पनि मनु समूहभन्दा कश्यप समूह पुरानो देखिन्छ र कश्यप समूहबाट जन्मिएका जातिहरू विभिन्न समूह उपसमूहमा विभाजित भएको देखिन्छ ।

माथि गणना गरिएका कश्यप पत्नीहरूमध्ये तेह्र जनालाई मुख्य मानिने भए तापनि मूलतः अरिष्टा, मुनि, खसा, कद्रू, सुरभि, दनु, दनायु, दिति, पुलोमा , सिंहिका, सुरसा, कालका, , विनता ताम्रा र अदिति नामका पन्ध्र जना मातृकाबाट देव, गन्धर्व, अप्सरा, नाग, राक्षस, दैत्य, दानव, पंक्षी, देवगण आदि जाति प्रजातिको जन्म भएको मानिन्छ ।[2] जसलाई उपन्यासकारले कश्यपवंश भनेर भनेका छन् । महाभारतले राक्षस, यक्ष आदिलाई पुलह, पुलस्त्य, अगस्त्यजस्ता सप्तर्षिका सन्तान भनेको छ ।[3]

यसै अनुच्छेदमा माथि भनिएका पन्ध्र जना मातृकाबाट मात्रै नभएर माथि नै नाम दिइएका सैंतीसओटै कश्यप-पत्नीबाट सन्तति भएको कुरा पुराणहरूमा पाइन्छ, जसले

[1] **भूमिसूक्त**, पृ. ५७ ।

[2] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ११५५ ।

[3] **म.आ.**, ६० ।

तात्कालिक मातृका-प्रधान समाजका बारेमा मिथकीय रूपमा नै भए पनि केही बुझ्न सजिलो गराउँदछ ।[1]

उपन्यासकार दीक्षितले प्रत्येक महामातृकाले रोज्ने ऐल युवकलाई कश्यप भनिन्थ्यो भनेका छन् तर यसै परिच्छेदमा माथि वर्णित महाभारतका आधारमा भन्ने हो भने कश्यप मात्र नभनेर पुलस्त्य आदि पनि भनिन्थ्यो भन्न सकिन्छ ।

यद्यपि माथि उल्लिखित जातिहरू मानवविशेष नै हुन् तथापि स्थान, प्रवृत्ति, स्वभाव आदिले गर्दा उनीहरूलाई र उनीहरूका सन्ततिलाई अलग अलग नाम दिइयो । उदाहरणका लागि वायु पुराणमा सबै मानव जातिका पुर्खालाई वैवस्वत मनु र अन्यका पुर्खालाई पुलस्त्य आदि मानेको छ ।[2]

माथि वर्णित कश्यप-समूहमध्ये इलजनहरू एलम प्रदेशमा गएर बसेका थिए वा त्यस ठाउँमा विभिन्न जातिहरू पहिले सँगै नै रहेर पछि अलग्गिएका हुन् निश्चित रूपमा भनिहाल्न सकिने अवस्था छैन । तर ढिलो चाँडो उक्त समूहहरू अलग बस्न थाले । उदारहरणका लागि आज हामीले पाताल भन्ने गरेको स्थल इजरायल वा त्यसकै नजिकको कुनै ठाउँ भएको देखिन्छ र त्यस ठाउँमा नाग जातिहरू बसेका कुरा हामीले प्राप्त गर्छौं । पाताल भनेर नागलोक र नाग भन्नाले एउटा काल्पनिक नाग दैत्य जसको मुख मनुष्यको जस्तो र पुच्छर सर्पको जस्तो हुन्छ, जुन पातालमा बस्छ[3] भनिएको छ र वरुणलाई त्यस समूहको अधिपति मानिएको छ ।[4] नागसमूह सर्पविशेष नभएर मानवविशेष समूह हो । यस समूहका व्यक्तिहरू कश्यप तथा कद्रूबाट जन्मेका थिए । यिनीहरूमध्ये कतिपय वरुणको सभाका सभासद् थिए ।[5] वरुणको सभासद् भएका नाताले र वरुणलोक भन्नाले पाताल अर्थात् पश्चिम सागर अहिलेको इजरायलनजिक मानिएकाले यी नाग जातिहरू एलमबाट त्यतै गएका थिए भने पुष्टि हुन्छ ।

यिनीहरूको वासस्थानको सवालमा सरस्वती नदीको किनार र नैमिषारण्यमा स्थित गोमतीका किनारका अतिरिक्त भूतलदेखि हजारौं योजन पर रहेको, नागराज वासुकि राजा भएको नागलोक नामको देश भनेर महाभारतमा भनिएकाले[6] यिनीहरूको वासस्थान वर्तमानको

---

[1] हेर्नू : परिशिष्ट १ ।

[2] **वा. पु.** ७०, ३१ - ६३ - ६५ ।

[3] वामन शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**, जयपुर : रचना प्रकाशन, स.२००४, पृ. ५१५ ।

[4] आदित्यास्तत्र वरुणं जलेश्वरमुपासते । म. स., अ.९, श्लो.७ ।

[5] ऐजन, अ.९, श्लो.८ ।

[6] **म. आश्व.**, अ. ५६, श्लो. ३३ ।

इजरायल वा  इजरायलका नजिक कतै थियो भन्न सकिने प्रमाण प्राप्त हुन्छ । यस प्रसङ्गमा महाभारतमा प्रयुक्त 'भूतल' शब्दले भारतलाई बुझ्नुपर्दछ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने आज हामीले आर्य र अनार्य, सुर र असुर, गन्धर्व, किन्नर आदि भनेर छुट्याउने गरेका मानवविशेषका साथै यक्ष,  इन्द्र आदिका पितृ पितामहहरू एलम प्रदेशमा बस्तथे र त्यहाँबाट उनीहरूको वंश विस्तार हुँदा कोही मेरु, पामिर, गन्धमादन हुँदै नेपालसम्म पनि आइपुगेका हुन सक्दछन् भने कतिपय सप्त सिन्धु तिर लागे त्यस्तै कतिपय इलजन पश्चिमतिर लागे होलान् भन्ने उपन्यासकारको ठम्याइ छ ।[१]

यद्यपि उनीहरूको समग्र सामाजिक रहन-सहन, धार्मिक रीतिस्थिति, पारिवारिक परिस्थितिलाई इदमित्थं भन्न नसकिए तापनि उनीहरूले सभ्यताको खुड्किलाहरू पार गर्दै थिए भन्ने निष्कर्ष उपन्यासकारले दिन खोजेका छन् :

> *उसको साथमा भेडा बाखाका बथान र केही गाईवस्तु  मात्र तथा माटाको सानो भाँडामा डोरी बाँधी आफ्नो घाँटीमा झुन्ड्याएर आफूसँगै ल्याएको ऐल-मातृकाप्रदत्त आगो मात्र थियो ।... काठ, किचकबाँस, ढुङ्गा र माटाका घरमा देवजन बस्थे ।*[२]

उपन्यासकार दीक्षितले यस्तो निष्कर्ष दिदाखेरि कुनै एउटा ठोस प्रमाणका आधारमा मात्र नभएर आफूले अध्ययन गरेको वैदिक, उत्तर वैदिक साहित्यका साथै पौराणिक साहित्यहरूको अध्ययन र त्यसमा भएका कतिपय मिथकहरूलाई आफ्ना ऐतिहासिक पुरातात्त्विक र नृवंशीय अध्ययन अनि मानव समाजको विकासको चरित्रका आधारमा दिएका छन् ।[३]

माथि भनिएका मातृकाहरूमध्येबाट नै आर्यापछि इला महामातृकामा वर्णन गरिएकी र उनीमा चन्द्रबाट गर्भ बसेको छ । त्यसपछि इलापति ऐलको बलि इलामा भएको छ । बालक बुधको जन्म भइसकेपछि बुधको अन्नप्राशन गरेको दिन महामातृकामा वरण भएकी अर्की मातृकामा स्वयं इलाको पनि बलि भयो : *महाकातृका इलाबाट पुष्पक ऐल जन्मियो । नवजात शिशुको पाँचौ पूर्णिमामा अन्नबलि पाएकै दिन नारी-योनि-रेखा अङ्कित ऐशाको श्रीयन्त्र योनिचक्रमा इलाको बलि भयो ।*[४]

---

[१] मदनमणि दीक्षित, "नेपालको नलेखिएको प्राचीन इतिहास" **दायित्व,** वर्ष २३, अङ्क ६५, २०६६ जेठ-असार, पृ. २ ।

[२] **भूमिसूक्त**, पृ. ८९ ।

[३] हेर्नू : परिशिष्ट ३ ।

[४] **भूमिसूक्त**, पृ. ८४ ।

छोरी इलाको बलि भएको घटनाले[1] मनु स्वयं क्षोभाक्रान्त र खिन्न भएर त्यो ठाउँ छोडेर गन्धमादन, मेरुतिर लागेको कुरा दीक्षितको छ :

*एलमको इल जनपद र पुष्पकलाई जेठो छोरो प्रियव्रत इक्ष्वाकु तथा पत्नी श्रद्धासँगै वैवस्वत मनु तीर्थ यात्रानिम्ति मेरु जान पश्चिमतिर पहाड चढ्दै गए । आफ्नासामु आफ्नै छोरी इलाको रक्तबलि देखेकाबाट उत्पन्न विक्षोभले मनुलाई छोडेको थिएन ।*[2]

जसको अर्थ के हो भने एलम प्रदेशको तात्कालिक समाज कतैबाट आएर उज्वेकिस्तानको वंक्षु र भद्रसोमा नदीको बीचको समतल भागमा बसेको थियो त्यो समाज सुस्त सुस्त त्यहाँबाट हिँड्न थाल्यो । त्यसरी हिँड्दा कोही व्यक्ति पश्चिम इजरायल अफ्रिकातिर गए भने कोही व्यक्ति मेरुतिर आउनुका साथै केही हदसम्म छ्यास्मिस् पनि भए । अझ स्पष्टसँग भन्ने हो भने गन्धमादन वा त्यसभन्दा पनि माथितिर आइसकेका कोही व्यक्ति तल इजरायलतिर अथवा बीचमा कतै लागे भने पीश्चमतिर लागेकामध्ये केही गन्धमादनतिर पनि फर्के भन्ने निष्कर्ष उपन्यासकार दीक्षितको हो । यसको अर्को तात्पर्य के भने समाजमा मान्छे बढ्दै गएपछि सबैको कुरो एउटै नभएर अलग-अलग हुन सक्छ । 'मुण्डे मुण्डे मतिर्भिन्ना' भने झैं चिन्तनमा भिन्नता आएपछि मान्छेले चलिआएको परम्परामा प्रश्न उठाउन खोज्छ । सकेदेखि त्यो परम्परालाई हटाउन खोज्छ नसके त्यस ठाउँलाई छोडेर अर्को स्थानतिर जान्छ । यही कुरा नै तात्कालिक अवस्थामा इल जनको बारेमा भएको हो ।

यतिखेर यहाँ के कुरो स्मर्तव्य छ भने इलजन वा इल भनेको के हो र उनीहरू कहाँबाट एलमप्रदेशमा आएका थिए ? यद्यपि यसको उत्तरमा इदमित्थं भनेर भन्न सकिने अवस्था छैन तर केसम्म अनुमान गर्न सकिन्छ भने संस्कृत व्याकरणमा इल गतौ[3] धातु छ र यस्ता गत्यर्थक धातुहरू अत्यधिक छन् । जसले हामीलाई हाम्रा पुर्खाहरू घुमक्कड थिए भन्ने अनुमान गर्न सजिलो तुल्याउँछ । तदनुरूप यहाँ पनि इलतीति 'इलः' अर्थात् घुमन्ते । यसबाट उनीहरू घुमक्कड थिए फलतः ठाउँठाउँमा घुम्दै त्यहाँ पुगेका थिए भन्ने अर्थ प्रतिफलित हुन्छ । त्यस बेलादेखिको इतिहासको केही अनुमान र अस्पष्ट आभास पाउन सकिने भएकाले उनीहरूलाई पनि अस्पष्ट रूपमै इल भनेर पुराणादिमा उल्लेख गरेको हो भन्ने स्पष्ट देखिन्छ ।

---

[1] अन्नप्राशन गरेका दिन बलि दिइन्थ्यो भन्ने कुरालाई उपन्यासकारले तोकेका छन् । प्रश्न के उठ्छ भने अन्नप्राशन गरिन्थ्यो वा गरिन्थेन भन्ने कुराको नै निश्चित छैन अत त्यो दिन बलि दिने भन्ने कुरा स्वैरकल्पनात्मक हो तर जे होस् त्यस समयमा मातृबलि पनि हुन्थ्यो भन्ने कुरा डी. डी. कौशम्बीका भनाइअनुसार पनि स्पष्ट हुन्छ ।

[2] **भूमिसूक्त**, पृ. १४८ ।

[3] पाणिनीय धातु (तुदादिगण १४०१) ।

मदनमणि दीक्षितले मात्र होइन आजसम्मका अध्येताहरूले इसापूर्व तीन हजारभन्दा अघिको र त्यसकै वरिपरिको समयको बारेमा एलम-प्रदेशको यस्तै समाज थियो भनेर किटानका साथ भनिसकेको अवस्था छैन तर पनि महाभारतादिमा उल्लेख केही मातृकाहरूको विवरण र देवी भागवत र विशेषतः चण्डी सप्तशतीका विवरणहरूबाट सिन्धु सभ्यताभन्दा धेरै नै प्राक्तन एलम प्रदेशको समाज मातृकाप्रधान समाज थियो भनेर आकलन गरिने कुरा मात्र हो र उपन्यासकार दीक्षितले पनि त्यही आकलन गरेका छन् । वैदिक साहित्यहरूमा र पौराणिक साहित्यमा पनि मनुलाई मानवसृष्टिको प्रवर्तक[1] र हाम्रा बुबा[2] आदि भनिएकोबाट के अनुमान गर्न सकिन्छ भने मनु भनिने व्यक्ति/समूहले मातृकाप्रधान समाजका कतिपय विकृत परम्परालाई तोडेर नयाँ परम्पराको थालनी गरेका हुन सक्दछन्, जुन परम्परा पुरुष-प्रधान परम्पराका रूपमा चलेको देखिन्छ । मनुलाई प्रजाको पिता भनेर ऋग्वेदले भन्नुको एउटा तात्पर्य के निस्कन्छ भने वैदिक साहित्यहरूको रचनाको समयमा पुरुष-प्रधान समाज भएकाले र त्यस परम्पराका आद्य व्यक्ति/समूह मनु भएकाले पछिका व्यक्तिलाई मानव भनेको हो । जुन कारणले गर्दा पनि मनुको अवस्थाभन्दा अगाडिको समाजमा नारीकै बढी प्रधानता पक्का थियो भन्न सकिएला अथवा नसकिएला तर केसम्म पक्का भन्न सकिन्छ भने पुरुषप्रधान समाज थिएन । सप्तशतीमा उल्लिखित 'जुन पुरुष नारीसँग संग्रामका लागि तैयार हुन्थ्यो र विजयी पनि हुन्थ्यो नारीले त्यसैलाई रोज्दथी'[3] भन्ने भनाइका आधारमा समाजमा नारीको स्थान र शक्ति राम्रै थियो भन्न सकिन्छ । दीक्षितले यस्तैका आधारमा आफ्नो त्यस्तै निष्कर्ष दिएका छन् : *ती महामातृकाहरू गणिकाका रूपमा विख्यात थिए । किन भने गणको सुन्दर बलिष्ठ र महाधनुर्धारी युवकलाई पतिका रूपमा वरण गर्थे ।*[4]

भूमिसूक्तमा वर्णित नारीप्रधान समाजको वास्तविक अवस्था के-कस्तो थियो भन्ने कुरो तत्कालीन समाजको जन-जीवनबाट बुझ्न सकिन्छ अतः यहाँ त्यसको वर्णन गरिन्छ ।

---

[1] **ऋ. वे.** १-८०-१६, ११४–२, २-३३-१३, ८-३३-१ ।

[2] ऐजन २ - ३३ ।

[3] यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति ।
यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ॥ **श्रीदुर्गासप्तशती**, अ. ५, श्लो. १२० ।

[4] **भूमिसूक्त**, पृ. ५७ ।

## ३.५ इलजन र हिमवत् क्षेत्रको जन-जीवन

वैदिक सभ्यताभन्दा धेरै नै पूर्व मातृका-प्रधान समाज थियो । त्यो समाज दीक्षितका भनाइमा इसापूर्व ३०/३५ सय वर्ष पूर्वदेखि ६०/६५ सयवर्ष सम्म भए तापनि[१] स्पष्ट भन्न भने सकिदैन । त्यस बेलाको पुरुषलाई पुराणका आधारमा कश्यप, मनु आदिका रूपमा चिनिन्थ्यो । अनि दिति, आर्या, इला आदि मातृकाहरू महामातृकाका रूपमा रहन्थे । जसलाई मुख्य मातृका भनिन्थ्यो भन्दै प्रकृतिवादी मदनमणि दीक्षितले अङ्गिरा[२] नामको आफ्नो पात्रबाट *: हावामा मधुमास मधुमास छ । सरोवरले मधु छरिरहेछ । माता पृथ्वी पधुमय छिन् । आकाश मधुमय छ । हाम्रा रात्रि र उषा अन्न ओषधि र रजकण मधुमय छन् । हाम्रा आकाशका पिता सूर्य मधुमय होऊन् । हाम्रा गाईवस्तु मधुररसयुक्त रहून् ।*[3] जस्ता गीतद्वारा प्रकृतिको वर्णन गरेका छन् । वस्तुतः मुख्य रूपमा उपन्यासकारले यस **भूमिसूक्त** उपन्यासमा पाषाण युगपछिको मानिएको आद्य ऐतिहासिक युग वा  आद्य सभ्यताको[४] युगको मातृका प्रधान समाजदेखि त्यस समाजका व्यक्तिहरू त्यहाँबाट मेरु, गन्धमादन आदितिर जादै त्यसपछि दक्षिण पश्चिम झर्दै इरान वा इरानभन्दा अगाडि पुगेर फेरि पूर्वतिर लाग्दै  सप्त सिन्धु र त्यहाँबाट भारततिरसम्म पुगेका कुराको वर्णन गरेका छन् तथापि यस उपन्यासमा सृष्टिको आदिम अवस्थादेखि प्राक्सभ्यता[५], आद्यसभ्यता हुँदै इसापूर्व पन्ध्रौं शताव्दीसम्मका पृथ्वीकै विभिन्न घटनालाई व्यक्त गरिएको छ र तिनै घटनाहरूलाई लिएर पृथ्वीको गीत गाइएको भन्ने अर्थमा अर्थ्याएर नाम पनि भूमिसूक्त दिएका छन् जसको अर्थ पृथिवीको सङ्गीत भन्ने हो । उनले त्यसका लागि अथर्ववेदको भूमिसूक्त=पृथ्वीसूक्तमा रहेका केही कण्डिकाहरूलाई पृथ्वीको सङ्गीतका रूपमा उल्लेख पनि गरेका छन् ।[६] दीक्षितले त्यसरी पृथ्वीको सङ्गीत गाउनका लागि वैदिककालीन समाजले आफूभन्दा अघिका प्राक्-सभ्यता, आद्यसभ्यतामा घटेका घटना परिघटनालाई लिएर पृथ्वीको गीत गाएर पृथ्वीको विशेषता झल्काउँदै  आउने दिनहरूमा आशावादी चिन्तन प्रस्तुत गरेको कुराको उल्लेख गरेका छन् ।

---

[१] हेर्नू : परिशिष्ट ३ ।

[२] हेर्नू : परिशिष्ट २ ।

[3] **भूमिसूक्त**, पृ.१४४ ।

[४] द्वारिकाप्रसाद मिश्र, **भारतीय आद्य इतिहास का अध्ययन,** भूपाल : भारतीय हिन्दी ग्रन्थ अकादमी, स. १९७३, अनुवादकीय पृ. पाँच ।

[५] पाषाण युग, प्राक् ऐतिहासिक युग अथवा प्राक् सभ्यताको युग भन्नाले त्यो युग हो, जुन युगलाई मानव सभ्यताको प्रारम्भिक युग भनिन्छ र यस युगमा मानव सभ्यताको विकास नै भएको थिएन : ऐजन ।

[६] हेर्नू : परिशिष्ट ४ ।

पहिले एकै स्थान इल प्रदेशमा रहने किरात, यक्ष, राक्षस, गुह्यक, पिशाच, गन्धर्व अप्सरा आदि देव-योनि, इलजनहरू, देवजनहरू र दैत्यजनहरू समयको अन्तरालमा विभिन्न स्थानमा गएका र इल प्रदेशमा रहँदा नाममा भेद नदेखिए तापनि स्थान र प्रवृत्तिमा परिवर्तन आउँदै जाँदा उपर्युल्लिखित विभिन्न नामले चिनिन थालिएकामध्ये केही हिमाल, मेरुतिर गएका र उनीहरू नाचगान आदि कुराहरूमा आधारित भएको कुराको उपन्यासकारले वर्णन गरेका छन् :

*उसको हृदय र मस्तिष्कमा इन्द्रसभाका अप्सरा र गन्धर्वका नृत्य र गायन प्रतिध्वनित भइरहे ।*[१]*...तुम्बरु*[२] *भन्ने गन्धर्व युवकको छातीमा झुण्डिएको सानो मादल लिएर उसले आफ्नो घाँटीमा झुण्ड्यायो र गीत गाउँदै राक्षसभाषामा महादेवको स्तुति गर्न थाल्यो ।*[३]*...महामाया काकी र पुष्पकका नृत्यले स्त्रीराज्य र हैमवतहरूलाई अत्यन्त प्रसन्न तुल्यायो ।...नरनारीहरू आ-आफ्ना ठाउँमा बसे । वाद्यवृन्दसँगै गाना गाउन थाले । पुष्पकले स्वर्गको इन्द्रसभाका गन्धर्व चित्ररथबाट*[४] *सुनेको गीत गाउँदै आफ्नो सुरिलो बाँसुरीद्वारा सुर थप्दै गयो ।*[५]

इलप्रदेशदेखि गन्धमादन, मेरु, स्वर्गहुँदै स्त्रीराज्य, पुगेको पुरुरवा ऐल(पुष्पक)ले अङ्गिरालाई दिएको उत्तरबाट पहाडी र हिमाली भेकमा त्यस समयको नाचगान र संगीतको सौन्दर्यको आभास पाउन सक्छौं : *यो बाँसुरीलाई ओठमा जोड्नासाथ यो बाँसुरी आफै गायनरत हुँदै जान्छ । म त बाँसुरी बजाउँदा आफ्ना ओठले र दशै औँलाले बाँसुरीका छिद्रहरूमा आफ्नो प्राणरसरूपी सास मात्र फुक्ने गर्छु । यो बाँसुरी मेरो जीवनको कथा आफै गाउँछ ।*[६] त्यस्तै गन्धमादन, स्वर्ग, मेरुतिरका व्यक्तिहरूको चैत्यमा पूजा गर्ने संस्कृति थियो भन्ने कुरा पनि कोट्याइएको छ । हिमवान्का राजा हैमवत,[७] रानी मेनका, हिमालय पुत्री अपर्णा आदि कैलाशबाट स्वर्ग गएको समयमा स्वर्गमा नै भएको अपर्णा पार्वती र महादेव विवाहबाट त्यस बेला पनि धूमधामका साथ विवाह हुने प्रचलन थियो भन्ने कुरा कोट्याइनुका साथै पुष्पकको गाई-गोठ, भेडा-वाखा र उनीहरूको चरन, पालन पोषणको वर्णन गर्दै तत्कालीन समाजमा

---

[१] **भूमिसूक्त**, पृ. ९३ ।

[२] हेर्नू : परिशिष्ट २ ।

[३] **भूमिसूक्त**, पृ.९५ ।

[४] हेर्नू : परिशिष्ट २ ।

[५] **भूमिसूक्त**, पृ.९५ ।

[६] ऐजन, पृ.१०४ ।

[७] हेर्नू : परिशिष्ट २ ।

पर्वतका फेदमा गाई, भेडा, बाखा आदि पाल्ने र मांसभक्षण गर्ने गरिन्थ्यो भन्ने झल्को दिइएको छ ।

इलजनमा मात्र नभएर गन्धमादन, मेरु, स्वर्ग, महाकाली नदीको सिरान भनेर दीक्षितले मानेको स्त्रीराज्यमा पनि मातृकाको प्रधानता थियो भन्ने देखाउन पुरूरवा ऐललाई स्त्रीराज्यमा महामातृकामा बलि दिएको कुराको उल्लेख गरेका छन् । यहाँ स्मर्तव्य के छ भने पृथिवीलाई बलि दिएपछि अर्थात् पृथ्वीमा अन्न रोपेपछि पृथिवी प्रसववती भएर धेरै अन्न फलाए झैं नारीमा पनि पुरुषको रक्त-बलि दिएपछि वाजिनीवती भएर सन्तानको जन्म गराउँछे भन्ने चिन्तनका आधारमा पनि बलि दिने गरिएको कुरा दीक्षितको छ : *वसुधालाई रक्तको बलिभोग चाहिन्छ । देखेकै छौ भूमिको जुन ठाँउमा रक्तबलि दिइन्छ त्यहाँ बढी अन्न उत्पन्न हुन्छ । नारी त्यसैले भूमि हो ।*[१] तर समय बित्दै जाँदा भने बलि-प्रथाप्रति केही विद्रोहात्मक स्वरहरू देखिन थालेका छन् । क्रमिक रूपमा पितृ र मातृबलि शिशु-बलिमा परिवर्तित हुँदै बलि-प्रथाको कमी हुँदै अन्त भएको कुराको वर्णन पनि गरिएको छ । जस्तो कि पश्चिम इजरायलमा पुगेका वरुणहरूले माता र पिताको बलिलाई रोकेर प्रथम-जन्मा पुत्रको बलि दिन थालेका थिए । यसरी बलि-प्रथा एक प्रकारले परिवर्तित भएको र क्रमिक रूपमा बलिप्रथाको अन्त वा कमी भएको कुरा उपन्यासकारले गरेका छन् : *माता र पिताका बलिलाई रोकेर वरुणहरूले शिशुबलि दिन थाले । एक दिन यो हिमवान्‌मा नर, नारी र शिशुको बलिको अन्त्य हुनेछ ।*[२]

अजिगर्ति शुनशेपको कहानीले के स्पष्ट पार्छ भने मातृकाप्रधान समाजको समयमा भएको बलि-प्रथाको पछिल्ला दिनहरूमा प्रायः कमी आउँदै अन्त भयो । मानव समाजका प्राक्सभ्यता र आद्यसभ्यतामा नरबलिको प्रथा थियो र त्यस बेला मातृकाप्रधान समाज थियो भन्ने कुराको संस्कृत वाङ्मयका आधारमा प्रमाण भनेको कालिका-पुराण, देवी-भागवत, सप्तशती चण्डी हुन् । क्रमिक रूपमा नरबलिको पनि कमी हुँदै गयो र मातृकाप्रधान समाज पनि पुरुषप्रधान समाजमा परिणत हुँदै गयो भन्ने निष्कर्ष चिन्तन दीक्षितले दिन खोजेका छन् ।[३] उपन्यासमा तत्कालीन समाजका महिलाहरूको पहिरन, पोशाक र श्रृङ्गारको बारेमा पनि केही

---

[१] **भूमिसूक्त**, पृ. १४० ।

[२] ऐजन, पृ.१२० ।

[३] हेर्नू : परिशिष्ट ३ ।

उल्लेख पाइन्छ : *शरीरमा तामा र सुनका मुगा र हाड अनि पोलिएका माटाका सुनका लेपयुक्त हातका बाला र कानका मुन्द्री आदिले गर्दा विश्वसुन्दरी जस्ती देखिन्थिन्।*[1]

त्यस्तै स्त्रीराज्य अथवा त्यसको वरिपरि को समाजका स्त्रीहरूले माटाका भाँडा बनाउने, सामान्य कृषि कार्य गर्ने, सन्तानको लालन पालन गर्ने, र पुरुषहरूले भेडाबाखा चराउने, शिकार गर्ने जस्ता कार्य गदर्थे भन्ने कुराको ठम्याइ उपन्यासकारको छ : *माटाका भाँडा बनाउनु स्त्रीधर्म हो। पुरुषहरू भेडाबाखा चराउँछन् र शिकार खेल्छन् नारीहरू कृषि गर्दै सन्तानको लालन-पालन गर्छन्।*[2]

माटाको भाँडाको निर्माण गर्दा प्रायः स्त्रीहरू नै लाग्थे भन्ने पुरातत्वविद्हरूको मतसँग नै सहमति जनाउँदै उपन्यासकार दीक्षितले पनि सुरुमा मृद्भाण्डको निर्माणमा नारीहरू नै लाग्ने गरेको कुरा व्यक्त गरेका छन् :

> *महामातृकामा मेरो वरण हुनुभन्दा पूर्व म पनि कुलाली (कुमाले) नै थिएँ। माटाका भाँडा बनाउनु स्त्रीधर्म हो। पुरुषहरू भेडाबाखा चराउँछन् र शिकार खेल्छन् नारीहरू कृषि गर्दै सन्तानको लालन पालन गर्छन् आद्या जस्ती वृद्धाहरू कुलाली भएर भाँडा बनाउँदै, भाँडा पोल्दै स्त्रीराज्यका अन्नपछिका गहन आवश्यकता पूरा गर्छन्।* [3]

तर क्रमिक रूपमा भाँडा बनाउने जस्ता कार्य पुरुषले गर्न थाल्यो भन्ने निष्कर्ष उपन्यासकार दीक्षितको छ : *माटाका भाँडा बनाइरहेका अङ्गिरालाई सबैले प्रशंसा गरे।*[4]

यो मातृका-प्रधान समाजको समय नयाँ पाषाण युगको अन्त अन्ततिरको हो र धातु युगको प्रारम्भिक समयलाई पनि यसले केही छुन्छ। यहाँ वर्णित माटाका भाँडा बनाउने कार्य र हातमा बाला र कानमा मुन्द्री लगाउने कार्य यही नयाँ ढुङ्गे युगको अन्तमा र धातुको युगको नितान्त सुरुसुरुमा भएको थियो। त्यस समयमा नारीले माटाका भाँडा बनाउने, स-साना घरहरू छाउने आदि कार्य गर्दथे।[5]

यद्यपि उपन्यासकार दीक्षितको भूमिसूक्त उपन्यासको विषयवस्तु आजभन्दा साढे एघार अरब वर्षपूर्वको महाविस्फोटबाट भएको ब्रह्माण्डको उत्पत्तिदेखि पूर्ववैदिक युगसम्म तन्किएको

---

[1] **भूमिसूक्त**, पृ. १०१।
[2] ऐजन, पृ. १४२।
[3] ऐजन, पृ. १४२।
[4] ऐजन, पृ. १४३।
[5] हेर्नू : परिशिष्ट ५।

छ । पूर्ववैदिक युगको समय उपन्यासकारकै मतमा इसापूर्व पन्ध्रौंतिरको हो ।[१] तथापि मूलतः सिन्धुसभ्यता पूर्वको एलमप्रदेशको मातृका प्रधान-समाज र सिन्धु सभ्यताकालीन समाज नै मुख्य विषय वस्तुका रूपमा र आदि वैदिक युगीन समाज गौण विषय वस्तुका रूपमा उपन्यासमा आएका छन् ।

उपन्यासकार दीक्षितले नारीप्रधान समाज भनेर वर्णन गरेको एलमप्रदेशीय नयाँ ढुङ्गे युगको अन्तिम-अन्तिम समयको समाज हो । नयाँ ढुङ्गे युगको समाजका कतिपय कुराहरू स्पष्टसँग भन्न नसकिने भएकाले उपन्यासकारले स्व-उपन्यासमा प्रतिपाद्य त्यस बेलाका विषयहरूका बारेमा इदमित्थं भनेर स्पष्टताका साथ भनेका छैनन् । केही सामान्य रूपमा सृष्टिको आदिम अवस्थादेखिको विषयवस्तु यस शोधपत्रमा समेटिए तापनि मातृका-प्रधान समाज मूलतः एलमप्रदेशको मातृकाप्रधान समाजदेखिका कुराहरूलाई विशेषतः वर्णन गरिएको छ । समयका दृष्टिले हेर्दा इसापूर्व चार/पाँच हजार वर्षपूर्वको समयलाई नयाँ ढुङ्गे युग वा उपन्यासमा वर्णित मातृकाप्रधान समाज बुझ्नु पर्ने हुन्छ । त्यसपछिको समाज धातुयुगीन समाज हो ।

निष्कर्षमा नयाँ ढुङ्गे युगको समाज नै सभ्यता र चिन्तनका दृष्टिले प्रारम्भिक समाज हो । त्यस नवीन ढुङ्गे युगको समाजमध्ये **भूमिसूक्त** उपन्यासमा एलम-प्रदेशको नारी-प्रधान समाज नै प्रारम्भिक समाजका दृष्टिले वर्णित छ । त्यो समाज सभ्यता र विकासका दृष्टिले भर्खर वामे सर्ने तरखरमा थियो । हल्का फुल्का खेती गर्ने, केही माटाका भाँडाहरूको निर्माण गर्ने, वासका लागि सानासाना झुपडीहरू निर्माण गर्ने कार्य त्यस समाजमा हुन्थे । त्यस समाजमा नारीहरूको प्रधानता भएकाले पुरुषमात्रलाई एउटा समूहविशेषका रूपमा हेरिने भएकाले आज पनि ती पुरुषहरूलाई प्रायः एउटै नामबाट बुझिने गरिन्छ । त्यस समाजमा बलि दिने चलन एउटा विशेष प्रकृतिको थियो । जसमा मातृबलि र पितृबलि दिइने गरिन्थ्यो । त्यो समाज विघटित भएर विभिन्न स्थलमा छरिनु र नयाँ परम्परा र सभ्यताको जन्म हुनुमा प्रमुख कारण यही बलिप्रथा रहेको थियो । जसलाई कुप्रथाका रूपमा लिएर त्यहाँबाट अन्यत्र जानेहरूले अपनाएनन् ।

[१] **भूमिसूक्त**, सुरुमा, पृ. ३५ ।

## परिच्छेद चार

# सैन्धव सैभ्यताको चित्रणका दृष्टिले 'भूमिसूक्त'

### ४.१ विषय प्रवेश : मनुको यात्रा

इल प्रदेशमा कुनै मातृकालाई महामातृकामा वरण गरिने र महामातृकाले कुनै बलिष्ठ, सुन्दर युवकलाई आफ्नो पतिका रूपमा रोज्ने कुरा परिच्छेद तीनमा गरियो । त्यसै क्रममा आर्यापछि मनुकी छोरी इला लोकमाता भइन् । महामातृकामा इलाको वरण भएपछि महामायाको पुरोहितका रूपमा मनु स्वयं बसेको कुरा उपन्यासकारले गरेका छन् ।[१] इलाबाट पुत्र ऐल जन्मेपछि नवजात शिशुले पाँचौं पूर्णिमामा अन्नबलि पाएकै दिन इलाको बलि भयो । पुत्री इलाको बलि भएर खिन्न भएका मनु भाइ यम[२] र पुत्रहरूका साथ गन्धमादन, मेरुतिर[३] लागे । एलम प्रदेशको महामातृकाको तान्त्रिक पूजा, आराधना पद्धति र बलिप्रथालाई अत्यन्त नराम्रो मान्दै क्षोभ प्रकट गर्नुका साथै नयाँ मानव धर्मको स्थापना र पालन गर्ने गराउने चिन्तन गरे । मनुले आफ्ना केही छोरा उत्तरतिर र केही पश्चिमतिर पठाएर आफू दक्षिण पश्चिम[४] इरानतिर झर्दै गर्दा वर्षा[५] भूकम्पमा[६] परेर बेडाका[७] आधारमा सुरक्षित[८] हुँदै पुनश्च पूर्वतिर[९] लागेको कुरा गर्दै पञ्चनद क्षेत्रमा पुगेर आजको हिन्दु वा सिन्धु सभ्यताको जग बसालेर त्यसलाई फुलाउने फलाउने कार्य गरे । जसका कारणले गर्दा मनु मनु बनेका, आजका हामी मानवका पिता बनेका कुराको अनुमान गर्दै दीक्षितले उपन्यासमा स्वायम्भुव मनु र अन्य केही मनुहरू पनि परापूर्वकालमा इलप्रदेशमा रहन्थे र उनीहरू त्यहाँबाट मेरुतिर लागेको कुराको वर्णन गरेका छन् । तर पाश्चात्य विद्वान्हरूले वैवस्वत मनुको स्थान र समयको बारेमा केही आकलन गरेका

---

[१] ऐजन, पृ. २६० ।

[२] हेर्नू : परिशिष्ट २ ।

[३] ...एक दिन विवस्वान् (वैवस्वत) मनुले सपरिवार मेरुतिर ...जाने विचार प्रस्तुत गरे (**भूमिसूक्त**, पृ. ८४) ।

[४] ...आफ्नो परिवार लिएर मनु आहुर समुदायबाट बिदा भई पश्चिम दक्षिण दिशामा अघि बढ्दै गए (**भूमिसूक्त**, पृ. १५४) ।

[५] ...मनुको डफ्फा दक्षिणतिर ओह्रालिदा वर्षा सुरु भयो । बिजुली र वर्षाको लहर तीन दिनसम्म घनघोर हुँदै गयो (**भूमिसूक्त**, पृ. १५३) ।

[६] ...डामाडोल भएर कापिरहेकी पृथ्वीमा तिनीहरू कहीं पनि उभिन सकेनन् (**भूमिसूक्त**, पृ. १५४ ) ।

[७] ...मनु र तिनका अन्य दुई छोरा र आहुरहरूले बेडा तयार पारे (**भूमिसूक्त**, पृ. १५५) ।

[८] ...'श्रद्धा मेरा पुत्रहरू र आहुरहरू सबै उपकरण आगो र फलफूल लिएर बेडामा बस । हाम्रो प्रस्थान समय आइपुगे जस्तो छ । (**भूमिसूक्त**, पृ. १५६ ) ।

[९] ...समुद्रका ठूला ठूला लहर बेडालाई पश्चिमतिर घचेट्थे । बेडामा रहेका आठै यात्रीले बाँसले पानीको पिंधमा टेकेर घचेड्दै बेडालाई पूर्वतिर लैजाने कोसिस गर्थे ।...ती यात्रीहरूले बेडालाई छोडिदिने र पूर्वैपूर्वतिर लाग्ने निर्णय गरे (**भूमिसूक्त**, पृ. १५८) ।

भए तापनि स्वायम्भुव मनुका स्थान र समयको बारेमा यसो हो भनेर आकलन गर्न सकिने अवस्था देखिदैन । हुन त साँच्चिकै स्वायम्भुव आदि मनुको अस्तित्व थियो त भन्ने प्रश्न पनि उठ्छ । भागवतमा वर्णित स्वायम्भुव मनुको कुरो कल्पनाजस्तै ठहर्दछ । अतः उपन्यासकार दीक्षितले गरेको स्वायम्भुव आदि मनुको उल्लेख पनि कल्पना हो भन्न सकिन्छ ।

## ४.२ आदि पुरुष मनु

मनु एउटा व्यक्ति मात्र नभएर समूह विशेष थिए भन्ने विभिन्न विद्वान्हरूले मानेको देखिन्छ ।[१] भारतीय विशिष्ट विद्वान् महामहोपाध्याय श्रीसिद्धेश्वर शास्त्री चित्रावले मनु एउटा जाति थियो । यो जाति तात्कालीन अवस्थामा समाजको मुख्य भएको अनुमान मात्र होइन निश्चित गर्न सकिन्छ भनेका छन् ।[२] यसै गरी पौराणिक अनुश्रुतिलाई केलाउँदा पनि मनु समूह वा जाति विशेष नै थियो भन्ने निष्कर्षमा जान सकिन्छ । अतः यहाँ पनि मनु भन्नाले समूह विशेषलाई नै बुझ्नु पर्छ ।

ऋग्वेदमा मनुको नाम लगभग २० पटक आएको छ । त्यहाँ सबै ठाउँमा मनुलाई आदिपुरुष, मानव जातिको बुबा र यज्ञ प्रथाका आरम्भ कर्ताका रूपमा यज्ञसम्बन्धी विषयका मार्गदर्शक भन्दै पाँच पटक बुबा र एक पटक हाम्रो बुबा भनिएको छ ।[३] वैदिक साहित्यले यमलाई पनि विवस्वान्का छोरा भनेको र कतिपय ठाउँमा मरणशील मान्छेमध्ये पहिलो मानेको छ । यसबाट के आकलन गर्न सकिन्छ भने वैदिक कालका प्रारम्भिक दिनहरूमा मनु र यमलाई अभिन्न मानिने तर उत्तरवैदिक कालमा मनुलाई जीवित मान्छे र यमलाई मृतलोकका मान्छेहरूको आदि पुरुष मानिएको देखिन्छ ।[४] यसै कारणले होला शतपथ ब्राह्मणले वैवस्वत मनुलाई जीवित मान्छेको शासकका रूपमा र वैवस्वत यमलाई मृतक मान्छेहरूको शासकका रूपमा वर्णन गरेको छ ।[५] आदि पुरुष मनुपछि पृथ्वीमा मनु नामका अनेक व्यक्ति/राजा/समूह भए, जसले आफ्ना नामले मन्वन्तर निर्माण गरे । भूमिसूक्त उपन्यासमा मात्र होइन अनेक वैदिक र पौराणिक ग्रन्थमा जति पनि मनुका विवरण पाइन्छन् ती विवरणहरूमध्ये केहीलाई छाडेर धेरै विवरण वैवस्वत मनुकै पाइन्छन् । उपन्यासकार दीक्षितले पनि स्वायम्भुव आदि मनुको

---

[१] हेर्नू : परिशिष्ट ३ ।

[२] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६०६ ।

[३] **ऋ. वे.**, २ - ३३ ।

[४] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६०६ ।

[५] **श. ब्रा.**, १३ - ४ - ३ ।

थौरै मात्र सङ्केत गरेर वैवस्वत मनुकै धेरै विवरण दिएका छन् । पुराणहरूमा पाइने मनु र मन्वन्तरको विवरण दिँदा वैवस्वत मनुलाई बुझ्न केही हदसम्म सजिलो होला भन्ने धारणाले मनु र मन्वन्तरको चिनारी दिइन्छ :

सत्य, त्रेता, द्वापर र कलि चार युगको पूरा समयलाई एउटा महायुग भनिन्छ । यस्ता ७१ महायुगभरि एउटा मनुको शासन चल्छ । एउटा मनुका शासन चल्ने समयलाई अर्थात् ७१ महायुगलाई मन्वन्तर भनिन्छ । यस्ता १४ मन्वन्तरको एक कल्प हुन्छ । सय वर्ष बाँच्ने ब्रह्माजीको एक दिनलाई कल्प मानिन्छ । वर्तमान कल्पको नाम श्वेतवाराहकल्प हो र हाल वैवस्वत मनुको शासन चलेको छ ।

आजको पुरातात्त्विक आधारका खोजीमा अन्य मनुहरूको अत्तो पत्तो केही नभए तापनि वैवस्वत मनुका बारेमा भने खोज कर्ताहरूले केही न केही आकलन गरेका छन् । तिनै अनुसन्धान, आकलन र आफ्ना विभिन्न अध्ययनलाई आधार मानेर उपन्यासकारले वैवस्वत मनु सम्बन्धी निष्कर्ष दिएका छन् ।[१]

पृथ्वीका विभिन्न स्थलमा जलाप्लावन भएका अवस्थामा एउटा मत्स्यद्वारा मनुलाई बचाएको कुरा वैदिक र उत्तर वैदिक ग्रन्थहरूमा पाइन्छ । ठूलो वर्षाले सबै चीजहरू डुब्न र बग्न थालेका बेलामा मनुलाई नाउमा हालेर माछाले बचाएको[२] शतपथ ब्राह्मणको चर्चा र पृथ्वीको जलप्रलयको कथा मत्स्यावतारका रूपमा महाभारतमा पाइने वर्णनका[३] साथै विभिन्न पुरातात्त्विक अध्ययनलाई उपन्यासकारले उपन्यासमा वर्णित वैवस्वत मनुले भोगेका वर्षा भूकम्पादिको आधार बनाएको देखिन्छ । महाभारतको कथाअनुसार पृथ्वीको कतिपय स्थल जलाम्य भएको अवस्थामा मनुले नाउलाई नौबन्धन नामको पहाडमा ल्याएर अड्याएको अथवा बाँधेको कुराको वर्णन पाइन्छ ।[४] दीक्षितले भने सिन्धु नदीका अघि उत्तरपट्टि निकै माथि कुनै अस्पष्ट ठाउँमा कतै बेडालाई छोडेर मनुहरू तक्षकशिलातिर पैदल यात्रामा लागेको कुरा गरेका छन् ।[५]

यस्ता जलप्रलय भनौं वर्षाका कुरा कतिपय पश्चिमी साहित्यमा पनि पाइन्छन् : युनानी साहित्यमा ड्युकलियन तथा उसकी पत्नी पिरियाको कथा मनुको जस्तै नै पाइन्छ । बेबोलियन

---

१ हेर्नू : परिशिष्ट ३ ।

२ **श. ब्रा.**, १ - ८ - १ ।

३ **म .व.**, १८५ ।

४ विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ.६११ ।

५ **भूमिसूक्त**, पृ. २३१ ।

साहित्यको अत्रहसिस महाकाव्यमा वर्णित एउटा कथाअनुसार अर्डेन्टस्का छोरा जिसथ्रसले जलाप्लावनपछि देवहरूलाई बलि दिएर बेबोलियन नगरको निर्माण गरेको कुरो छ । इसाइ धर्मग्रन्थको बाइबलमा यो कथा विस्तारपूर्वक दिइएको छ । जसमा नूहको वर्णन मनुकोजस्तै नै छ । त्यस्तै कुरान सरिफमा पनि यो कथा बाइबलसँग मिल्दो छ । अन्तर मात्र के भने बाइबलमा हजरत नुहको नाउ अएएट पर्वतमा आएर रोकिन्छ भने कुरानमा त्यस पर्वतलाई जुदी नाम दिइएको छ ।[१]

यसका अतिरिक्त चौल्डिया साहित्यमा पनि हासीसद्रा परमेश्वर ईका अनुसार आफूलाई जलाप्लावनबाट बचाएको कथा पाइन्छ । त्यस्तै पारसी धार्मिक ग्रन्थ वेन्दीदादमा पनि जलाप्लावनसम्बन्धी कथा पाइन्छ त्यस्तै पहलवी, सुमेरिन, आइसलैन्ड, वेल्स्, लिथुआनिया र असिरियाको साहित्यमा रहेका जलाप्लावनका कथा मिल्दा जुल्दा छन् ।[२]

यसका साथै चीन, ब्रह्मा, अस्ट्रेलिया, उत्तर दक्षिण अमेरिका आदि देशका जलाप्लावनसम्बन्धी कथाहरू प्राप्त छन् ।[३] संसारका सबै जलाप्लावनसम्बन्धी कथाहरूको तुलना गर्दाखेरि दक्षिण एसियाका सबै कथाहरूमा समानता पाइन्छ ।[४]

यहाँ निष्कर्षमा के भन्न सकिन्छ भने विभिन्न पुराणमा वर्णित प्रलयको कुरो र अन्य साहित्यमा वर्णित प्रलयको समानता देखिएकाले वर्षा भूकम्पादि विभिन्न स्थलमा हुन सक्ने भए तापनि दक्षिण एसियासम्बन्धी प्राप्त विवरण एउटै ठाउँका हुन् भन्ने देखिन्छ । उपन्यासकारका मतमा अहिलेको इरान र इराकनजिक रहेको होर्मुज पर्वत श्रृङ्खलानजिक विशेष रूपमा वर्षा भएको र भूकम्प गएको थियो ।[५] जुन अवस्थाको सामना गरेर मनुले आफ्ना परिवार वा समूहको समूहको सहयोगका साथ सैन्धव क्षेत्रतिर लागेका थिए ।

पुराणमा वैवस्वत मनुलाई जलाप्लावनपछिका मानव-समाजका आदिपुरुष मानिन्छ । पुराणहरूमा निर्दिष्ट राजवंशहरू यिनीबाट नै प्रारम्भ भएका मानिन्छन् ।[६] उपन्यासकार दीक्षितले यिनलाई मातृसमाजमा रहेको बलि-प्रथाका विरोधक, मानवीय मर्यादाको स्थापना गर्ने चाहना गर्दै नयाँ मानव समाजको प्रारम्भ गर्ने प्रथम व्यक्ति वा समूहका रूपमा देखाएका छन् :

---

१ विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६११ ।

२ ऐजन ।

३ ऐजन ।

४ ऐजन ।

५ हेर्नू : परिशिष्ट ३ ।

६ विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६११ ।

*"पुत्र, देवजनकै जस्तो नभए पनि नयाँ धर्मको आवश्यकता परेको छ । हामीहरूले गोधन र भेडाबाखा पालेर नर-नारीका बलि दिने तान्त्रिक विधिद्वारा मात्र अब आफ्नो जीवन र जनसमुदायको सम्बर्द्धन गर्न सक्नेमा ममा शङ्का छ । वैवस्वत मनुका तिमी मानवपुत्र हौ, यो कुरालाई गडेर बुझ । निश्चय नै हामीहरूलाई नयाँ धर्मको नयाँ बाटो चाहिएको छ" ।...मनुले अन्त्यमा आफ्नो आदेश दिए -"पृथ्वी हाम्री माता र आकाश पिता हुन् । यिनको बलि कहिल्यै हुनुहुँदैन । नर-नारी सबै पृथ्वीका सुन्दर सृष्टि हुन् । तिनका सुख र दुःख आनन्द न्याय, कल्याण र पीडालाई धर्मको रूपमा सबैले जहाँ गए पनि स्वीकार गर्नुपर्छ । यसका निम्ति तिमीहरू सबैले आफ्नो गणको स्थापना गरेर त्यसको सम्बर्द्धन गर्नुपर्छ । पश्चिम सागरका वरुणको ऋत त्यसैको पालन गरिरहेको छ" ।*[१]

उपन्यासकारको यस निष्कर्षको आधार तन्त्रका ग्रन्थहरू, देवीभागवत, कालिका पुराणका साथै समाज-शास्त्रीय दृष्टिले मातृका-प्रधान समाजको अध्ययन आदि हुन् ।[२]

मनुको कालका सम्बन्धमा दीक्षितले इदमित्थं भनेर नतोके तापनि यिनको समय इसापूर्व ३०/३२ सयतिर मानेका छन् ।[३] पुराणहरूमा पाइने वंशावलीअनुसार वैवस्वत मनुको समय महाभारतको लडाइँभन्दा ९५ पिंढी पूर्व मानिन्छ । महाभारतको युद्धको समय आधुनिक विद्वान्हरूले इसापूर्व १४०० तिर मानेका छन् र प्रत्येक पिंढीलाई १८ वर्षका दरले छुट्याएर ९५ पिंढीको समय १७१० मानेका छन्[४] यसरी वैवस्वत मनुको समय इसापूर्व ३११० तिर पर्न जान्छ । । अहिलेको हिन्दु संस्कृति, सभ्यता आदिका वास्तविक प्रवर्तक मनु थिए र प्रवर्तन गर्ने काम सैन्धव प्रदेशमा भएको थियो, जसको मूल थलो हडप्पा नामले प्रसिद्ध हरियुपिया, मोहेन् जो दरोका नाममा प्रसिद्ध नार्मिणी, कालिबङ्गा आदि थियो भन्ने निष्कर्ष उपन्यासकार दीक्षितको छ ।

पौराणिक आधारमा वैवस्वत मनुका साथै अन्य मनुहरूका ऋषि, पुत्र, देव आदि अलग-अलग प्राप्त गर्न सकिन्छ ।[५]

मनुले एलम प्रदेश छाडेर सैन्धव क्षेत्रसम्म आउँदा सैन्धव क्षेत्रमा कुनै प्रकारको सभ्यता फुली फलिरहेको थियो वा थिएन स्पष्टताका साथ भन्न सकिने अवस्था नदेखिए तापनि कुनै न कुनै मानवसमाज त थियो नै अतः कुनै न कुनै सभ्यता हुनुपर्छ भन्ने अनुमान गर्न सकिन्छ । हुन

---

[१] **भूमिसूक्त**, पृ. १५२ ।

[२] हेर्नू : परिशिष्ट ३ ।

[३] ऐजन ।

[४] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६१२ ।

[५] हेर्नू : परिशिष्ट १ ।

त मनु एलम प्रदेशबाट नै आएका र सैन्धव क्षेत्रमा नै नयाँ सभ्यताको थालनी गरेका थिए भन्ने कुरामा पनि उपन्यासकार अनुमानमा नै भर परेका देखिन्छन् । त्यसका लागि कुनै ठोस प्रमाण दिएका छैनन् । त्यसो गर्न प्रायः सम्भावना पनि देखिँदैन । तथापि पश्चिम इरानतिरबाट वैदिक आर्यहरू आएका र उनीहरूका सेना र इन्द्र, कार्तिकेयजस्ता सेनापतिहरूले अनार्य वा असुरहरूसँग युद्ध गरेको र आफ्नो संस्कार, संस्कृति र त्यस ठाउँमा चलिरहेको संस्कृति, संस्कारको मेलनबाट नयाँ समेकित संस्कार, संस्कृतिको प्रारम्भ गरेको कुरा यत्र तत्र पाइने भएकाले मनु पनि त्यसमध्येका हुनुपर्ने र उनी आएको अवस्थामा असुरहरूको सभ्यता चलिरहेको कुरा मान्न सकिन्छ । जे होस् मातृकाप्रधान समाजलाई वैवस्वत मनुले पुरुषप्रधान समाजमा परिणत गरेको कुरा उपन्यासका तलका भनाइबाट पनि स्पष्ट हुन सकिन्छ :

> *त्यो समयावधि र क्षेत्रले हिन्दुजीवन पद्धति र त्यसका मान्यता र आदर्शलाई जन्मायो । यो भूभागमा त्यस अवधिमा नयाँ मानवले नयाँ मानवसमाजलाई जन्मायो । मातृकाप्रधान समाजलाई वैवस्वत मनुले पुरुषप्रधान समाजमा परिणत गर्न सुरु गरे । प्राचीन वरुणको ऋतमा नयाँ हिन्दु जीवन आदर्शको धर्मले सुदीर्घ कालनिम्ति संशोधन गरेर धर्मको स्थापना गऱ्यो ।*[१]

मनुले स्थापना गरेको यो नयाँ समाज धातुको युगको प्रारम्भिक समयको समाज हो । त्यस समयको समाजले परिच्छेद तीनमा वर्णित नारी-प्रधान समाजलाई परिवर्तन गर्नुका साथै त्यो समाज परिच्छेद दुईमा वर्णित नयाँ ढुङ्गे युगमा आइपर्ने विभिन्न प्राकृतिक प्रकोपात्मक समस्याहरूबाट मुक्ति पाउन खेती योग्य मैदानतिर र नदीका तटतिर आकृष्ट भएर नयाँ ढुङ्गे युगमा आइपरेका विभिन्न समस्याहरूबाट मुक्ति पाउन हलो, नाउ आदिको पनि प्रयोग गर्न थाल्यो । उपन्यासमा वर्णित एलम प्रदेशको समाज नयाँ ढुङ्गे युगको अन्ततिरको समाज थियो । धातुको युगको महत्त्वपूर्ण उपलब्धि तामाको जानकारी थियो । अतः यस युगलाई तामाको युग भन्न सकिने भए तापनि तात्कालिक मानवले विभिन्न कार्यमा ढुङ्गाको पनि उपयोग गरिरहेकाले त्यसैले यस युगलाई ताम्र-ढुङ्गे युग भन्ने पनि गरिन्छ ।[२] केही विद्वान्ले भने यस युगलाई नयाँ ढुङ्गे युग र काँस्य युगको सन्धियुग भन्दछन् ।

नयाँ ढुङ्गे युगको मान्छेले आगाको उपयोग गर्थ्यो र माटाका भाँडाको प्रयोग गर्थ्यो । त्यसरी आगाको प्रयोगका लागि ढुङ्गाबाट चुलो बनाउँथ्यो । त्यसमा धातुको मात्रा भएकाले

---

१ **भूमिसूक्त**, सुरुमा, पृ. ३३ ।

२ ऐजन, पृ.४७ ।

आगाको तापले ती धातुहरू ढुङ्गाबाट अलग हुन्थे । मान्छेले ती धातुहरू औजार बनाउन अत्यन्त उपयोगी हुने कुरा बुझ्यो किनभने ती धातुलाई पगाल्न मात्र होइन पगालेर आफूले चाहेजस्तो बनाउन सकिने कुरा आगोमा गलेको र पग्लेको देखेर उसको दिमागमा आयो । यसरी यस युगमा धातुको प्रयोग गर्न थालिएकाले यस युगलाई धातुको युग भनिन्छ । यस युगलाई तामाको काल र काँसको काल गरी दुई भागका विभाजन गरिन्छ ।[१] यस युगमा सम्भवतः सबैभन्दा पहिला मान्छेले सुनको प्रयोग गर्न सुरु गऱ्यो । तर आवश्यकता अनुरूप सुन नपाइने हुनाले पछि तामादि अन्य धातुहरूको नै बढी प्रयोग गर्न थालियो । उपन्यासकार दीक्षित पनि सबैभन्दा पहिले सुनको प्रयोग भएको मत प्रकट गर्दछन् :

*समय बित्दै गयो । पहिले सुन फेला पार्ने ती नागहरूले पर्वतबाट ढुङ्गा भनेर ल्याउँदा त्यसै गरी पहिले तामा अनि चाँदीका डल्लाहरू आगोबाट झिकेर ढुङ्गाले हान्दै लामो र सोलो डोलो परेका घुमाउरो डण्डीमा परिणत गरेर खुट्टामा बेरिएर आफू अचम्मका र रमाइला देखिन सक्दा रहेछन् ।*[२]

तामो र काँस धेरै ठाउँमा पाइने र धेरै ठाउँमा प्रयोग गरिएका आधारमा नयाँ ढुङ्गे युगपछिको धातुको युगलाई वास्तवमा ताम्र-काँस्य युग भनिने कुरा परिच्छेद दुईमा उल्लेख गरियो । संसारका धेरै जसो प्राचीन सभ्यताहरू त्यस समयका हुन्, जुन समयमा मान्छेले ढुङ्गा अथवा पत्थरका औजारका स्थानमा तामा अथवा काँसका औजारहरूको प्रयोग गर्न थाल्यो ।

अझ स्पष्टताका साथ भन्ने हो भने धातुको युगको मान्छेले सुरुमा तामाका उपकरणको प्रयोग गर्न थाल्यो भने पछिपछि काँसका उपकरणका प्रयोग गर्न थाल्यो । मूलतः यो काँस्य कालभन्दा पूर्व ताम्र कालमा तात्कालिक मानव समस्थल भूमितिर नै केन्द्रित थियो । काँस्य कालताकामा नै वस्तुतः नदीतीरका उर्वर मैदानतिर आकृष्ट भएको थियो । **भूमिसूक्त** उपन्यासकारको मत पनि यस्तै छ : *सिन्धु नदीको फाँट हरिया वनस्पतिले ढाकिएको देखेर मनु परिवार प्रसन्न भयो ।*[३] यसैताका भूमध्यसागर तथा ईजियन सागरको पार्श्ववर्त्ती भूभाग, तात्कालिक भारतवर्ष वर्तमान पाकिस्तानमा रहेका सिन्धु, रावी आदि नदी र चीनको ह्वाङ्गहो नदीको तीर, मेसापोटामियाको दजला र फरातका साथै अफ्रिकाको मिस्रको नील नदीको तीरको

[१] ऐजन, पृ. ४७-४८ ।

[२] ऐजन, पृ. ६५ ।

[३] ऐजन, पृ. २२९ ।

उर्वर भूमि त्यतिखेरका मान्छेका लागि विशेष आकर्षणका केन्द्र बने तर ती नदीका किनारमा एकै समयमा एकै चोटि सभ्यता मौलाए भन्ने होइन ।

यसरी काँस्य कालमा वर्तमान पाकिस्तानमा रहेका सिन्धु, रावी, शुतुद्रु आदि नदीका तीरमा नगरसभ्यता स्थापित भएको थियो । हडप्पा, मोहेन् जो दडो,  वर्तमान भारतमा (पन्जाब) रहेको कालीबङ्गा आदिका अवशेषहरू तिनै सहर वा नगर-सभ्यताका परिचायक हुन् ।  जसलाई सैन्धव सभ्यता भनिन्छ । त्यसको समयका सम्बन्धमा विद्वान्हरूको मतभेद भए तापनि कतिपयले इसापूर्व पच्चीस सयतिर स्थापित भइसकेको थियो भन्ने मत व्यक्त गर्दछन् ।[1] उपन्यासकार दीक्षितको मतमा भने विक्रमपूर्व सत्ताइस सयदेखि सत्र सयसम्मको एक हजार लामो समयमा सैन्धव सभ्यता स्थापित भएको थियो : *त्यसरी एक हजार वर्ष ( विक्रम पूर्व २७००-१७००) पछि सैन्धव नगरहरू ध्वस्त भए* ।[2] यहाँ सोही सैन्धव सभ्यताको अध्ययन विविध दृष्टिकोणबाट गरिएको छ ।

## ४.३ सैन्धव सभ्यता

मिस्र तथा मेसोपोटामियाझैं आजको हिन्दु धर्म, संस्कृति र चिन्तनका प्रारम्भिक संस्कृति, समाजको सभ्यतालाई सिन्धु सभ्यता भनिन्छ । जसलाई सिन्धु उपत्यकाको सभ्यता अथवा हडप्पा सभ्यता भनिएको छ । यद्यपि सिन्धु सभ्यता हडप्पा क्षेत्रको मात्र सभ्यता होइन अपि तु यो सभ्यताको चिनारी सर्वप्रथम हडप्पा क्षेत्रमा भएकाले हडप्पा सभ्यता भनिने गरिएको हो ।[3] आज भोलि त यो  सैन्धव सभ्यताका नामले नै प्रसिद्ध छ ।

### ४.३.१ सैन्धव सभ्यताको समय

अनेक विद्वान्हरूले विभिन्न प्रयास गर्दा गर्दै पनि सिन्धु लिपि पढ्न सकिएको छैन । सिन्धु सभ्यतासम्बन्धी लिखित साक्ष्य होलान् तर पढ्न नसकिएकाले सैन्धव सभ्यताको तिथि-मितिका बारेमा निश्चितताका साथ केही भन्न सकिने अवस्था छैन । हडप्पाका अहिलेसम्म प्राप्त पुरातात्त्विक अवशेषका आधारमा समयको अनुमान गर्ने गरिन्छ तर यहाँ स्मर्तव्य विषय के छ भने अहिलेसम्म प्राप्त अवशेषहरू मुख्यतः त्यस सभ्यताका परिपक्व अवस्थाका हुन् ।[4] तीबाट

[1] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ४९ ।

[2] **भूमिसूक्त**, पृ. २२५ ।

[3] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५०६ ।

[4] भगवान् सिंह, **हडप्पा सभ्यता और वैदिक साहित्य,** पहला आवृत्ति, दिल्ली : राधाकृष्ण प्रकाशन, स.२००७, पृ. ६२ ।

सामान्यतः त्यो सभ्यता परिपक्व अवस्थामा पुगेको समयको आकलन गरिने भए तापनि त्यस सभ्यताको प्रारम्भको समयको आकलन दुष्कर नै देखिन्छ । सरस्वती, परुष्णि, सिन्धु आदि नदीका तीरमा स्थित यस सभ्यताको सर्वप्रथम खोज गर्ने श्रेय श्रीराखलदास वनर्जी र श्रीदयाराम साहनीलाई छ । यद्यपि यस सभ्यताको समयका सम्बन्धमा अहिलेसम्म विद्वान् अनुसन्धाताहरूको ऐक्यमत्य देखिँदैन अपि तु के कुरामा प्रायः विद्वान् सहमत छन् भने सिन्धु क्षेत्रको सभ्यता इसापूर्व पच्चीस सय जति पुरानो हो ।[1] इ. जे. एच. नामका विद्वान्ले मोहेन् जो दडोको अन्तिम समय इसापूर्व २५०० मान्दछन् भने प्रारम्भिक काल इसापूर्व २८०० मान्दछन् । एम. एस. वत्स हडप्पा नगरको प्रारम्भिक समय इसापूर्व ३५०० र अन्तिम समय इसापूर्व २७०० मान्दछन् । त्यस्तै सी. जे. गौड नामक विद्वान्ले सुमेरियामा प्राप्त मुद्राहरूको अध्ययनबाट सिन्धु सभ्यताको समय इसापूर्व २५०० देखि १५०० सम्म भएको कुरा स्विकारेका छन् । डब्लू ए. के. फेयरसर्विस् सिन्धु सभ्यताको समय इसापूर्व २००० देखि इसापूर्व १५०० सम्म मान्दछन् । बी. अल्बिन र एफ. आर. अल्बिनले कोटदीजी तथा कालीबङ्गाका आधारमा यस सभ्यताको समय इसापूर्व २१५० देखि १७५० सम्म स्विकार्दछन् । भारतीय खोजकर्ता धर्मपाल अग्रवाल र पन्नालाल अग्रवालले इसापूर्व २३०० देखि इसापूर्व १७०० सम्मको समय स्विकार्दछन् ।  आधुनिक खोजबाट प्राप्त रेडियो कार्बन तिथिका आधारमा भन्ने हो भने यस सभ्यताको समय इसापूर्व २५ सयदेखि इसापूर्व १५ सयसम्मको मानिन्छ ।[2] उपन्यासकार दीक्षितले सिन्धु सभ्यताको काल विपू २७०० देखि १७०० सय सम्मको एक हजारको थियो भन्ने मान्दछन् :

> *परन्तु देवसेनाका अग्निबाणसामु ती आयुधहरूले काम गरेनन् । त्यसै बेला सप्तसिन्धुका सबै नदीहरूले पनि असुर नगरीलाई आफ्ना बाढीद्वारा नष्ट तुल्याउन थालेका थिए । त्यसरी एक हजार वर्ष (विक्रम पूर्व २७००-१७००) पछि सैन्धव नगरहरू ध्वस्त भए ।*[3]

### ४.३.२ सैन्धव सभ्यताका निर्माता

व्यापक र विस्तृत सैन्धव सभ्यताको उद्भव र प्रारम्भ कहिलेबाट भयो र निर्माताहरू को थिए ? भन्ने कुरा इदमित्थं भन्न सकिने अवस्था छैन । यस सभ्यताको समृद्धि र विकास कहिले भयो अनि निर्माता को थिए भन्ने बारेमा समय समयमा विभिन्न विद्वान्हरूले लेखेका छन्,

---

[1] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग,** दशवाँ संस्करण, दिल्ली : श्री सरस्वती सदन, सन् २००७, पृ. ८८ ।

[2] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५११ ।

[3] **भूमिसूक्त**, पृ. २२५ ।

तथापि समस्या प्रायः समस्याका रूपमा नै यथावत् देखिन्छ । वस्तुतः सारा समस्या सिन्धु लिपिको पढाइ र बुझाइबाट सुल्झाउन सकिन्छ भन्ने ठम्याइ विद्वान्हरूको छ ।

कतिपय विद्वान्हरूले यस लिपिलाई पढ्ने प्रयास पनि गरे तर उनीहरू असफल नै रहे ।[१] आज सुमेरियन लिपि पढ्न सकिएको अवस्था छ फलतः उक्त सभ्यताको बारेमा धेरै जानकारी भएको छ तर सैन्धव सभ्यता प्रायः अनुमानमा आधारित देखिन्छ । भविष्यमा कुनै दिन सिन्धु लिपि पढ्न र बुझ्न सकियो भने सैन्धव सभ्यता भनौं अहिलेको हिन्दु संस्कृति र सभ्यताको मूल सभ्यतालाई राम्ररी बुझ्न सकिएला ।

नृवंश शास्त्रका आधारमा अहिलेसम्म भएको अध्ययनका आधारमा मोहेन् जो दडो र हडप्पामा लगभग २४ खोपडीहरू प्राप्त भएका छन् । ती खोपडीहरू निम्न चार जातिका थिए : ककेसियाली अथवा अस्ट्रियाली, भूमध्यसागरीय/भूमध्यसागरका किनारामा बस्ने जाति, मङ्गोलियन र अल्पाइन जाति ।[२]

परन्तु तीमध्ये कुन प्रजाति चाहिँ यस सभ्यताको प्रमुख जन्मदाता थियो भन्ने कुरो निश्चितताका साथ भन्न सकिँदैन अपि तु द्रविड, ब्रहुई, सुमेरियन, पणि, असुर, व्रात्य, बाह्लीक, दास, नाग र आर्यहरू नै उल्लेख्य छन्, जसका बारेमा विभिन्न विद्वान्हरूले लेखेका छन् । वैदिक र पौराणिक अध्ययनबाट राजबली पाण्डेय नामका विद्वान्ले सैन्धव सभ्यताको निर्माण असुरहरूले गरेका थिए भन्ने मत राख्दछन् ।[३] यिनका अनुसार आर्यहरू असुरहरूसँग युद्ध गरेका र असुरहरू आर्यहरूसँग पराजित भएर इरान, सुमेरतिर गएर बसेका थिए ।
कसैकसैले वैदिक आर्यहरूलाई सैन्धव सभ्यताका निर्माताका रूपमा हेर्दछन् ।[४] अन्यत्र यस विपरीत निष्कर्ष दिएको जस्तो पाइए पनि उपन्यासकार दीक्षितका तलका भनाइबाट यसै कुरामा सहमति जनाएको पाइन्छ :

*मानव धर्मका मुख्य संस्थापक वैवस्वत मनु थिए तर त्यस धर्मका मुख्य सम्बर्द्धनकर्ता ती सप्तर्षि भए । यद्यपि तिनीहरूले त्यो धर्मलाई मानव धर्म नै भन्ने गरे । ती सप्तर्षिका आ-आफ्ना मन्त्रज्ञान थिए । तिनकै दृष्टिसामु परुष्णि नदी किनारामा हरियुपिया (हडप्पा)*

---

१ ऐजन, पृ. ५०८ ।

२ सतीशचन्द्र काला, **मोहें जो देडो तथा सिन्धु सभ्यता,** काशी : नागरीप्रचारिणी सभा, स. १९९८, पृ. ३५ ।

३ आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५०८ ।

४ ऐजन, पृ. ५०९ ।

*नगरीको उदय हुन थाल्यो । सिन्धु नदीको तल्लो भागमा पव्यावती मातृशिखरले नगरको रूप लिन थालेको त स्वयं वैवस्वत मनुले मनुले देखेका थिए ।*[1]

तर आर्य सभ्यता र सैन्धव सभ्यताका विभिन्न भेद देखिने भएकाले आर्यहरू नै सैन्धव सभ्यताका निर्माता थिए भन्न साह्रै गाह्रो छ । सैन्धव सभ्यता नगर सभ्यता थियो जब कि आर्य सभ्यता ग्राम्य सभ्यता थियो । सैन्धव क्षेत्रका निवासीहरू घोडासँग अपरिचित रहेको अनुभूति हुन्छ तर आर्यहरूका लागि घोडा विशेष महत्त्वको पशु थियो । सम्भवतः यिनीहरू घुमन्ते भएर त्यसो भएको होला । सिन्धु क्षेत्रका निवासीका लागि गाई कुनै विशेष महत्त्वको पशु थिएन तर आर्यका लागि यो पूज्य पशु थियो ।

उपन्यासकार दीक्षितलाई पनि यिनीहरू नै सिन्धु सभ्यताका निर्माता थिए भन्न गाह्रो परेकाले होला आहुर, द्रविण, दानव, आदि यस सभ्यताका निर्माणमा सहयोगी थिए भन्ने झल्को दिँदै केही आर्यहरू नगरबाहिर बस्ने र केही नगरमा नै बसेर पशुपालन, अन्न उत्पादनका माध्यमबाट नगर निर्माणमा साथ दिने गर्थे भन्ने कुराको जानकारी दिन्छन् :

> *सुगुप्तका अनुसार हरियुपियामा पणि श्रेष्ठीहरू छन्, तिनीहरूलाई राजा नत्र राजन्य भन्ने चलन छ । त्यो नगरमा आहुर, द्रविड, दानव, दैत्य तथा मरुस्थलका काला जातजातिका नरनारी छन् । दानव र दैत्यहरू विष्णुको आराधना गर्दछन् । आहुर माज्दा स्वीकार गर्दछन् । उमा र पशुपतिका आराधना गर्ने वा नगर्ने किरातहरू पशुपालनमा विशेष रुचि लिन्छन् । आफूलाई देवजन भन्नेहरू नगरबाहिरका कृषिक्षेत्रमा अन्न उत्पादन गर्दै इन्द्र र ब्रह्माको स्तुति वा गाथा गाउँछन् । विश्वामित्रले सोधे -"त्यसो भए पणिराज सुगुप्त, यो नगरमा आर्यजनको उपस्थिति छैन ?" "किन नहुनु" धन्याले भन्न थाली - "देवजनका साथै आर्यहरू पनि अन्न उत्पादन र पशुपालन गर्ने गर्छन् । देवजन थोरै छन् । तिनीहरू हामीजस्तै यज्ञ गर्दै अग्निमा आफ्ना पितृहरूका निम्ति मन्त्रोच्चारण गर्दै आहुति दिने गर्दछन् । तिनका मन्त्र हाम्राभन्दा फरक छन् । यज्ञ गर्दा केही आर्यहरू बसेर हाबु, हाबु, हिँ हिँ हिँ गर्दै गायनका रूपमा गाउँदै* जान्छन् ।[2]

यसरी भूमिसूक्त उपन्यासका आधारमा हामी कुन निष्कर्षका पुग्न सक्छौं भने सैन्धव सभ्यताको प्रारम्भिक अवस्थामा यसका प्रारम्भिक निर्माताहरू यिनी नै थिए भन्न नसकिए तापनि यस सभ्यताको उत्थान र विकासका क्रममा आर्य,अनार्य, सुर, असुर, दानव आदिको हात थियो ।

---

[1] **भूमिसूक्त**, पृ. १९० ।

[2] ऐजन, पृ. १९८ ।

### ४.३.३ सैन्धव क्षेत्रको विस्तार

बीसौं शताब्दीको तेस्रो दशकको सुरुताका सिन्धु सभ्यताको विस्तार केवल हडप्पा र मोहेन् जो दडोसम्म मात्र ठानिन्थ्यो । यद्यपि आज पनि सिन्धु सभ्यता भन्ने बित्तिकै सामान्यतः हडप्पा र मोहेन् जो दडोलाई नै सम्झिने गरिन्छ । तात्कालीन समयमा यिनीहरूको प्रमुखताले पनि त्यसो भएको हुन सक्छ । त्यसै कारणले होला 'आफ्ना युगमा हडप्पा र मोहेन् जो दडो राजधानी रहेजस्तो प्रतीत हुन्छ' भनेर विद्वान्हरूले भन्ने गरेको पनि पाइन्छ ।[1] तर पुरातात्त्विक अध्ययन हुँदै जाँदा सिन्धु सभ्यताभन्दा अतिरिक्त यस सभ्यतासँग सम्बद्ध सयकडौं ठाउँहरू प्रकाशित भइरहेको पाइन्छ ।[2] त्यसरी आज प्रकाशित स्थलहरू अफगानिस्तान, पाकिस्तान र भारतमा पर्दछन् । अफगानिस्तानमा मुंडीगाक र सोर्तुघई आदि ठाउँहरू प्रकाशमा आएका छन् । पाकिस्तानमा इस्काइखान, जलीलपुर, रहमानढेरी, चक पुरबानेस्याल आदि नामका पुराना ठाउँहरू प्रकाशमा आएका छन् । त्यस्तै भारतमा यस सभ्यताको प्रचार प्रसार पंजाब, हरियाणा, राजस्थान, जम्मु-कस्मिर, गुजरात, महाराष्ट्रसम्म फैलिएको थियो । भारतका उक्त ठाउँहरूमध्ये गङ्गा-नगरमा स्थित कालीबङ्गा सबैभन्दा महत्त्वपूर्ण नगर थियो । यसै कारणले होला केही विद्वान्ले कालीबंगा सैन्धव साम्राज्यको तेस्रो राजधानी भएको सम्भावना प्रकट गर्दछन् ।[3] यसरी के भन्न सकिन्छ भने सिन्धु सभ्यताको प्रचार तात्कालिक अवस्थामा नै अफगानिस्तान, पाकिस्तानको बलुचिस्तान, पन्जाब तथा सिन्ध प्रान्त र भारतको पंजाब, हरियाणा, जम्मु-कास्मिर, पश्चिम उत्तर प्रदेश, राजस्तान र गुजरातसम्म फैलिएको अनुभव हुन्छ । उक्त स्थानका आधारमा सैन्धव सभ्यता पश्चिम सुत्कागेन्डोरबाट सबैभन्दा पूर्वी स्थल आलमगीरपुरको दूरी लगभग १६०० कि.मि. र उत्तरी स्थल रहमानढेरीदेखि पश्चिमी भगतराव नामक स्थलको दूरी लगभग १४०० कि.मि. भएको देखिन्छ । कसै-कसैले भने उत्तरदेखि दक्षिणको १६०० किमि दूरीका स्थान क्रमशः उत्तरमा जम्मुमा रहेको मान्डादेखि दक्षिणमा दाइमाबादसम्मलाई मानेका छन् ।[4] उपन्यासकार दीक्षितको मतमा उलले डेकन कालेज, पुणेको पुस्तकालयमा कुनै शोध-ग्रन्थ पढेअनुसार सैन्धवसभ्यता १३ लाख वर्ग किमि फैलिएको थियो ।[5] यसरी हेर्दा तात्कालिक अवस्थाको सैन्धव

---

[1] सतीशचन्द्र काला, पूर्ववत्, पृ. ११ ।

[2] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५०७ ।

[3] ऐजन ।

[4] किरण कुमार थपल्याल, **सिन्धु सभ्यता,** षष्ठ संस्करण, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान, सन् २००३, पृ. २ ।

[5] हेर्नू : परिशिष्ट ३ ।

सभ्यता समकालीन मेसोपेटोमिया र मिश्रको सभ्यताभन्दा ठूलो भूभागका फैलिएको स्पष्ट हुन्छ ।[1]

### ४.४ सिन्धु सभ्यता कालीन समाजको विभिन्न पक्षको अध्ययन

सिन्धु सभ्यता कालीन समाजको अध्ययन गर्दा सामाजिक रहन-सहन, आर्थिक स्थिति, स्थापत्यको स्थिति, कला-कौशलको स्थिति, मुद्रा र ताम्र पट्टात्मक कलाको स्थिति, तात्कालिक विज्ञान-प्रविधि र धार्मिक स्थितिका आधारमा अध्ययन गर्न सकिन्छ ।

#### ४.४.१ सामाजिक रहन-सहन

सिन्धु सभ्यता धातु युगीनमध्येको एउटा सभ्यता हो । अतः यस सभ्यताको समाज स्वाभाविक रूपमा नयाँ ढुङ्गे युगमा उब्जिएका विभिन्न समस्याको समाधान गर्ने कोसिसमा अगाडि बढ्दै गरेको समाज हो । धातु युगभन्दा अगाडिका समाजहरू सामान्यतः संसारभरिका उस्तै–उस्तै प्रकृतिका थिए तर यसै युगमा आज पनि प्रसिद्ध विभिन्न सभ्यताहरू जन्मे र सभ्यताअनुरूप भिन्न-भिन्न सामाजिक स्थिति देखिनु स्वाभाविक भयो । यसरी सभ्यताको विभेदका कारणले सामाजिक स्थिति पनि भिन्न हुनु सामान्य भए तापनि केही न केही समानता हुनु पनि सामान्य नै थियो । अतः यस सभ्यताको सामाजिक स्थिति पनि अन्य सभ्यताको सामाजिक स्थितिजस्तै नै थियो भनेर एउटा सामान्यीकरण गर्न सकिए तापनि यस सभ्यताको वास्तविक र ठोस सामाजिक स्थिति, रीति-रिवाज, जन-जीवन आदिका बारेमा यसै हो भन्नका लागि त्यति बेलासम्म गाह्रो छ जबसम्म ठिक ढङ्गसँग सिन्धु लिपि पढ्न सकिँदैन ।[2] तात्कालिक अवस्थाका समृद्ध र समुन्नत मोहेन् जो दडो, हडप्पा जस्ता नगरहरूबाट त्यस बेलाको सैन्धव समाज उन्नत र समृद्ध थियो भन्ने जान्न सकिन्छ । तात्कालिक समयमा सैन्धव नगरहरू समृद्ध थिए भन्ने कुरामा कारण नदिए तापनि आफ्नो सहमति जनाउँदै उपन्यासकार दीक्षित भन्दछन् : *तिनीहरूले आ-आफ्ना जनमा पनि त्यस्तै देखेका थिए तर हरियुपिया र पव्यावती मातृशिखर कसरी त्यस्तो शान्त, समृद्ध र वैभवशाली भयो भन्ने तिनीहरूले बुझ्न सकेनन् ।*[3]

उनीहरूको त्यो समृद्धिको मुख्य आधार भने आजको जस्तो आधुनिक वैज्ञानिक प्रविधि नभएर कृषि र पशु-पालन थियो भने साहायक आधारहरूमा व्यापार-व्यवसाय, कला-कौशल

---

[1] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५०८ ।

[2] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. २४४।

[3] **भूमिसूक्त**, पृ. १९९ ।

आदि थिए । सिन्धु सभ्यता धातु-युगको आदिम समयको सभ्यता भएकाले त्यस सभ्यताको समृद्धिको मूल आधार कृषि र पशु-पालन हुनु स्वाभाविकै भयो । उपन्यासकारले दिएको तलको भोजनको विवरणबाट त्यस क्षेत्रमा कृषि र पशु-पालन कार्य राम्रो थियो  भन्ने जानकारी हुन्छ :

*रात्रिको भोजन अतिस्वादिष्ट थियो । जौको आसवसँगै चामलको भात, दही, कालो तिल र मासको अचार, शखरखण्ड र विभिन्न सागको तरकारी, हाँसको झोले मासु, दूध, केरा, र त्यसपछि गहुँको पीठो भुटेर शखर र मसलाहरू मुछेर बनाइएको लड्डु खाएर सुगुप्तको रात्रि-भोजन समाप्त भयो ।*[१]

खेती गर्न खन-जोतका लागि ताम्र र प्रस्तरहरूका उपकरणको प्रयोग गरिन्थ्यो भने सिँचाइका लागि नहर र बाँधहरूको प्रयोग गरिन्थ्यो ।[२] अन्नमा मुख्य रूपमा गहुँ, जौ, मटर, तिल, सर्स्यूं र कपासको खेती गरिन्थ्यो ।[३] ठूलाठूला अन्न भण्डारमा अन्नको भण्डारण गरिन्थ्यो र यस्ता भण्डारहरूको संरक्षणका लागि विभिन्न कर्मचारीहरूको नियुक्ति गरिन्थ्यो । त्यस बेलाका समाजमा शाकाहारी व्यक्तिहरू मात्र नभएर मांसाहारी पनि थिए । उनीहरूले माछा, मासु, अन्डा आदि खाने गर्थे । कछुवा, भेडाको मासु र माछाहरू मोहेन् जो दडो र हडप्पा निवासीको मांस-भोजनका मुख्य अङ्ग थिए ।[४] यसै परिच्छेदमा माथि उल्लेख गरिएको उपन्यासको भोजनको विवरणबाट यस कुराको पुष्टि हुन्छ । पुरातात्त्विक अवशेषहरूको अध्ययनबाट प्राप्त मोहरहरू अङ्कित गाई, गोरु, भैंसी आदिको प्रतिमाबाट सिन्धु सभ्यतामा यी पशुहरूको महत्त्वपूर्ण स्थान थियो भन्ने जानकारी हुन्छ ।[५] मोहेन् जो दडोका अवशेषमा चाँदीको एउटा कलशका साथमा प्राप्त चिप्किएको कपडाको अध्ययनबाट विशेषज्ञहरूले त्यो कपडा कपासको थियो भन्ने निष्कर्ष निकालेका छन् र त्यसबाट त्यति बेला सिन्धु क्षेत्रको समाजमा कपडाको खेती गरिन्थ्यो भन्ने निष्कर्ष निकालेका छन् ।[६] मोहेन् जो दडोजस्ता नगर एक प्रकारका औद्योगिक विकासका केन्द्र थिए ।

त्यस समयमा सिन्धु क्षेत्रमा व्यापार र कला-कौशलहरू विशेष उल्लेख्य नै थिए भन्ने मत उपन्यासकार व्यक्त गर्दछन् । उपन्यासकारले दिएको तलको व्यापारीको विवरणबाट त्यस

---

[१] ऐजन, पृ. ५९७ ।

[२] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१३ ।

[३] ऐजन ।

[४] सतीशचन्द्र काला, पूर्ववत्, १९९८, पृ. ४० ।

[५] सत्यकेतु विद्यालंकार, **भारतीय संस्कृति का विकास,** पूर्ववत्, पृ. ५० ।

[६] ऐजन, पृ. ५१ ।

सभ्यतामा व्यापारका बारेमा स्पष्ट हुन सकिन्छ :*...सुगुप्तका अनुसार हरियुपियामा पणि श्रेष्ठीहरू छन् ।*[१]*...उसले ती सातै जनालाई हरियुपियाका ठूला ठूला पणिहरू ...जनपतिहरूलाई साँझको भोजनमा आफ्ना घरमा निम्त्याएको छु भन्ने जानकारी पठायो ।*[२]

ती नगरहरूमा भिन्न-भिन्न आजीविकाका मान्छे बस्थे । माथिल्ला वर्गका समाजमा पुरोहित, डाक्टर, ज्योतिषी र टुनामुना गर्ने व्यक्तिहरू  र निम्न वर्गका मान्छेमा माझी, कृषक, वणिक्, गोठाला, कुमाले आदि व्यक्तिहरू बस्थे ।[३] भवन निर्माताहरू विशेष कलाकार थिए भन्ने मत उपन्यासकारको छ :*मय दानव तथा त्यसको प्रमुख शिष्य विश्वकर्माका रेखदेखमा निर्माण भइरहेको मातृशिखर भन्ने नगर देखेर ती दुवै चकित भए ।*[४]*...त्यसपछि ती तीन असुरराजले हरियुपियाका साथै मातृशिखर र कालाकङ्कण नामक तीन ओटा महानगरीको निर्माण गरे ।*[५]

सिन्धु सभ्यताका जनताहरूको अतिथिहरूप्रति साह्रै राम्रो व्यवहार र सत्कार, सम्मान गर्ने गर्थे । उनीहरू अतिथि नै देवता हुन्[६] भन्ने औपनिषदिक चिन्तनलाई मूलमन्त्र ठानेर त्यसबाट ओतप्रोत थिए । जुन कुराको पुष्टि उपन्यासकारको तलको भनाइबाट हुन्छ :

> *बिहानको भोजनपछि दुवै पाहुनाले सुगुप्तसित बिदा मागे । सुगुप्त र धन्याको मुख केही मलिन जस्तो देखियो । विवस्वानका नाति इक्ष्वाकु र हिमवानका ऋषि विश्वामित्र जस्ता दुई  युवकलाई पाहुनाको रूपमा स्वागत गर्दा त्यो दम्पत्ति निकै खुसी भएको थियो । तिनीहरू नजाऊन् भन्ने सुगुप्तको इच्छा थियो तर तिनीहरू जाने भए । सुगुप्तले दुई ओटा पगरी ल्यायो । दुवै पगरी रातो किनाराका सेतो र मसिनो कपडाका थिए । सुगुप्तले दुवै पाहुनालाई पगरी अर्पित गरेर पाहुनाका पगरी आफूले लियो ।*[७]

सिन्धु सभ्यताको समाजमा नारी र पुरुषको समान सम्मान र हैसियत थियो । वैदिक र पौराणिक युगको ‘जहाँ नारीको पूजा  गरिन्छ त्यहाँ देवता खुसी हुन्छन्’[८] भन्ने चिन्तनको बीज सिन्धु सभ्यतामा नै थियो । यसै नारी समानताको बारेमा उपन्यासकार दीक्षित भन्दछन् :

---

१ **भूमिसूक्त**, पृ. १९८ ।

२ पूर्ववत् , पृ. २०४ ।

३ सतीशचन्द्र काला, पूर्ववत्, पृ. ४० ।

४ **भूमिसूक्त**, पृ. १९३ ।

५ ऐजन, पृ. २०९ ।

६ अतिथिदेवो भव : **तैत्तिरीयोपनिषद्**, एकादश अनुवाक  ।

७ **भूमिसूक्त**, पृ. १९३ ।

८ यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः । मनुस्मृति  ...?

*यन्त्रमा बसेका हरियुपियाका महाजनहरूको ठूलो सभा चलिरहेको थियो । सभामा उपस्थित कसैसित पनि कुनै शस्त्रास्त्र थिएन । सभामा आधिजति नारी-उपस्थिति थियो । नारी र पुरुषहरू आफ्ना श्रृङ्गार, सुन्दर आभूषण र वस्त्रमा वा पहिरनमा थिए । "यहाँका सभामा नारी र पुरुष समान रहेछन् " भन्ने विश्वामित्रले बुझ्यो ।*[१]

यसरी सैन्धव सभ्यतामा मानवीय मूल्य र मान्यताहरू उच्च स्थितिमा थिए भन्ने कुरा अथितिको सम्मान, नारीको सम्मान आदिबाट देखिन्छ ।

### ४.४.२ आर्थिक स्थिति

सिन्धु सभ्यताको मुख्य कार्य कृषि कार्य थियो भन्ने कुरा यसै परिच्छेदमा माथि उल्लेख गरिसकियो । जुन सैन्धव सभ्यताको प्रारम्भिक अवस्थाको कुरा हो । सिन्धु आदि नदीका तीरका उर्वर भूमिमा तात्कालिक समाजले कृषि कार्य गर्दथ्यो । त्यस बेलाको उनीहरूको कृषि कार्य समुन्नत थियो । खन-जोतका लागि तामा र ढुङ्गाका उपकरणको प्रयोग गरिन्थ्यो भने प्रमुखतः गहुँ, मटर, तिल, आदिको खेती-पाती हुन्थ्यो । अत्यन्त राम्रो खेती-पाती गरिने र सुरुसुरुको आर्थिक समुन्नतिको मुख्य कारण पनि खेती नै भएकाले अन्नको संरक्षण आधुनिक ढङ्गले गरिन्थ्यो । अन्नादिको संरक्षणका लागि कर्मचारीहरू पनि नियुक्त थिए । अन्न कुट्ने, पिस्ने कार्यका लागि कतिपय आधुनिक मिलजस्ता उपकरणहरू थिए भन्ने कुराका प्रमाणहरू आजका पुरातात्त्विक खोजबाट प्राप्त भएका छन् ।[२] कृषिका साथै पशुपालन पनि त्यस ताकाको सिन्धु सभ्यताको बलियै आधार देखिन्छ । उत्खनित मृद्भाण्ड, मुद्राङ्कन खेलौनाहरूका माध्यमबाट सिन्धु सभ्यताका बासिन्दाले भैंडा, बाखा, कुकुर, गधा, हात्ती, गाई, गोरु, भैंसी आदि पाल्दथे भन्ने कुराको जानकारी हुन्छ र ती पशुरूको उपयोग मासु, ऊन, छाला र भारी बोकाउने, खेती गर्ने कार्यका लागि प्रयोग गरिन्थ्यो ।[३] पञ्चनद प्रदेश तथा गङ्गा नदीको क्षेत्रका नदीहरूको तटमा धातुयुगको प्रारम्भ भएपछि आजभन्दा धेरै हरिया-भरिया मैदानहरूमा मान्छेहरू स्थायी रूपमा बस्न थाले र गाई-भैंसी, घोडा, उँट, भैंडा-बाखा आदि पाल्न सुरु गर्नुका साथै खेती गर्न सुरु गरे भन्ने एङ्गेल्स्को मत छ ।[४] जुन कुराले यसै प्रसङ्गमा माथि वर्णित कुराको पुष्टि गर्दछ ।

---

[१] **भूमिसूक्त**, पृ. २०७ ।

[२] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१३ ।

[३] ऐजन ।

[४] फ्रेडरिक एङ्गेल्स्, पूर्ववत्, पृ. ६५ ।

त्यस समयमा सिन्धु क्षेत्रमा कृषि र पशुपालनका साथ-साथै केही उद्योग-धन्दा पनि प्रचलनमा थिए । उनीहरूले कपास उत्पन्न गर्दथे र त्यसका सहायताले कपडाहरूको निर्माण गर्दथे । यी कपडाहरू मेसोपोटामिया लगायत सुदूरवर्ती देशहरूमा विक्रयका लागि पठाइन्थ्यो र ती पश्चिमी देशहरूमा ती कपडाहरूको साह्रै आदर थियो ।[१] आभूषण र विभिन्न प्रकारका भाँडाहरूको व्यवसाय पनि सैन्धव क्षेत्रमा थियो ।

उपन्यासकार दीक्षितले व्यापारमा मुद्रा र मुद्राछापको प्रयोग गरिने कुरा गरेर त्यस सभ्यता नजिकै र टाढा पश्चिमी जगत्सँग पनि राम्रै व्यापार हुन्थ्यो भन्ने उल्लेख गर्दछन् :

*हरियुपियामा पणिपतिहरूले आफ्ना भण्डारबाट जुन वस्तुको सङ्ग्रह गरी मातृशिखर, सुसा, बाभेरु र बाबुलमण्डपमा जहाँ जहाँ वस्तुहरू पठाउँदछन् ती सबै संग्रहका पोकामा आफ्ना मुद्रा अङ्कित गर्ने गर्दछन् ।*[२]

ती वस्तु भनेका व्यापारिक वस्तु हुन् । सिन्धु सभ्यताताका त्यहाँ प्राप्य वस्तुहरूको व्यापार बाहिर टाढा टाढासम्म पनि हुन्थ्यो भन्ने कुरा उपन्यासमा रहेको व्यापारीको वर्णनबाट जानकारी हुन्छ : *हरियुपियामा पणि श्रेष्ठीहरू छन् ।*[३]*...हरियुपियाका ठुला ठूला पणिहरू ...जनपतिहरूलाई साँझको भोजनमा आफ्ना घरमा निम्त्याएको छु भन्ने जानकारी पठायो ।*[४]

सिन्धु सभ्यताको विकासको प्रारम्भिक अवस्थाको मुख्य स्रोत कृषि र पशु-पालन थियो भने अगाडि बढ्दै जाँदा नगरको समृद्धिको मूल स्रोत व्यापार हुन पुग्यो ।[५] त्यसको आधार उँट र घोडा, रथ आदि स्थल यातायातका अतिरिक्त जल यातायात पनि थियो । जसले गर्दा व्यापारिक सामानहरूको ओसार-पसारमा सजिलो हुन्थ्यो र व्यापार बढ्दथ्यो ।

भनिन्छ मोहेन् जो दडोमा कुमालेहरू र भाँडा निर्माताहरूको एउटा प्रमाण नै प्राप्त भएको छ । धातुलाई पगालेर यसका सहायताबाट विभिन्न प्रकारका वस्तुहरू बनाइन्थे । शङ्ख, सिप, हात्ती आदिका दाँतहरूबाट विभिन्न प्रकारका उपकरणहरू बनाइने र टिन तामा आदिको मिश्रणबाट एक प्रकारको धातुविशेष (काँस) तैयार गरिन्थ्यो र जसबाट कोदाला, छुरी, आरी आदि

---

[१] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग**, पूर्ववत्, पृ. ९६ ।

[२] **भूमिसूक्त**, पृ. १९५ ।

[३] ऐजन, पृ. १९८ ।

[४] ऐजन, पृ. २०४ ।

[५] किरण कुमार थपल्याल, पूर्ववत्, पृ.२०८ ।

उपकरणहरू पनि बनाइन्थे ।[1] जुन चीजहरू आफूले प्रयोग गर्नुका साथै क्रयविक्रयका लागि पनि प्रयोग गरिन्थ्यो ।

### ४.४.३ **नगर-विन्यास र भवननिर्माण**

सिन्धु सभ्यताको नगरहरू विश्वकै प्राचीनतम र सुनियोजित तरिकाले निर्माण गरिएका थिए । विश्वमा पहिलो पटक नगरीकरण सिन्धु प्रदेशमा सुरु भएको थियो । पोलेका इँटले गृह-निर्माण गरिने प्रकियालाई नगरीकरण भनिन्छ ।[2] त्यस बेलाका हडप्पा, मोहेन् जो दडो, कालिबङ्गा आदि नगरहरूको निर्माण विधिवत् नक्सा बनाएर वर्तमान नगर-पालिकाले सहरीकरण गरे झैं सुनियोजित तरिकाले गरिएको थियो । सुरक्षाका लागि शहरहरू पर्खालद्वारा वेष्टित थिए । मोहेन् जो दडोका सबै सडकहरू पूर्वदेखि पश्चिमसम्म अथवा उत्तरदेखि दक्षिणसम्म सिधा रेखामा जान्थे । चौडाइ पनि विशेष प्रकारको नै थियो ।[3] मोहेन् जो दडोको सबैभन्दा चाक्लो सडक दस मिटरभन्दा केही बढी चाक्लो भएको र त्यसको नाम राजपथ भएको कुरा पुरातत्त्वविद्हरूको छ ।[4] यसबाट के कुराको जानकारी हुन्छ भने ती सडकमा रथ, गाडाहरूको प्रयोग हुन्थ्यो । पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिणमा जाने शहरहरूका समानान्तरमा बीच बीचमा अनेक सडकहरू हुन्थे । यस्ता सडकहरू पनि व्यवस्थित र अठ्ठार फिट जति चाक्ला हुन्थे । ती सडकहरूलाई जोड्ने साना बाटा हुन्थे । ती बाटा पनि चार फिट जतिका हुन्थे ।[5] त्यस्ता सडकमध्ये मुख्य सडकको नाम पुरातत्त्वविद्हरूले राजपथ दिए पनि उपन्यासकार दीक्षितले भने मुख्य मार्गको नाम घन्टापथ र अन्य साना बाटाहरूको नाम विपथ र कापथ भएको धारणा व्यक्त गर्दछन् :

> *नगरभित्र त्यस्ता तीन ओटा उत्तर-दक्षिण सोझा सडकहरू थिए भने पाँच छ घरपश्चात् उस्तै पूर्व-दक्षिण सोझा फराकिला र इँट छापेका सडकहरूसमेत तिनले देखे । बाटो हिँड्नेसित कुरा गर्दा मुख्य सडकलाई घन्टापथ र अन्य सडकहरूलाई विपथ र कापथ भन्ने गरिएको तिनीहरूले बुझे ।*[6]

---

[1] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१३ ।

[2] हेर्नू : परिशिष्ट ३ ।

[3] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग**, पूर्ववत्, पृ. ८९ ।

[4] किरण कुमार थपल्याल, पूर्ववत्, पृ ३८ ।

[5] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग**, पूर्ववत्, पृ. ८९।

[6] **भूमिसूक्त**, पृ. १९४ ।

कतिपय विद्वान्हरूले सिन्धु सभ्यताका सडकहरूलाई इँट आदि ओछ्याएर पक्का नबनाएको मत व्यक्त गरेका छन् ।[1] तर उपन्यासकार दीक्षितले भने सडकहरूको निर्माण इँटले गरेको मत प्रकट गरेका छन् : *पूर्व-दक्षिण सोझा फराकिला र इँट छापेका सडकहरू समेत तिनले देखे ।*[2] *...त्यो बाटोको भुइँमा उस्तै इँटहरू छापेर सडक बनाइएको पनि विश्वामित्रले देखे ।*[3] सैन्धव समाजका घरहरू विभिन्न आकार प्रकारका हुन्थे । ती घरहरूमध्ये धनाढ्यका विशाल भवन, सामान्य व्यक्तिका साधारण घर हुन्थे । त्यस्तै पसल, सार्वजनिक भवन आदि पनि हुने गर्थे ।[4] ती घरका छाना काठका दलिनमाथि काठ नै राखेर माटाका पत्रहरूले छोपिएका थिए थिए र हावा ओहोरदोहोर गर्ने खालका भ्यान्टिलेशनयुक्त झ्याल थिए भन्दै मोहेन् जो दडो र हडप्पाको प्रारम्भिक अवस्थालाई उपन्यासकारले जनाउँदछन् :

> *उता मातृशिखर अनि हरियुपियामा विस्मयकारी परिवर्तन हुँदै गयो । त्यहाँका छाप्राहरूका ठाउँमा पोलेर बनाइएका राता, चाक्ला बाक्ला इँटहरूले बनेका त्यस्ता नयाँ घरहरू देखापरे, जसका छाना काठका दलिनमाथि काठकै दाउराहरू राखेर माटाका पत्रहरूले छोपिएका थिए । द्वार भन्ने त पहिलेदेखि नै हुने गर्थे । ती नयाँ नगरका घरमा शीतल वायुले ओहोरदोहोर गर्न हुने गरी काँसका करौंतीले चिरेर काठका डन्डी भएका झ्यालहरू हालिन थाले । ती घरहरूका ताँतीबीच ठाउँ छोडिएको थियो यद्यपि घरका पङ्क्तिहरू टाढाटाढासम्म डोरी ताने झैं सोझा रेखामा थिए । ती घरहरू पङ्क्तिबद्ध रहेका मनुपुत्र इक्ष्वाकुले देखे । त्यस्ता दुई लहरमा पङ्क्तिबद्ध घरहरूबीच हिँड्ने बाटो थियो ।*[5]

सडक र गल्लीका दुबैतिर घरहरूको निर्माण भएको थियो । ती घरहरूको घेराउका लागि निर्मित पर्खालहरू अवशेषका रूपमा अहिले पनि विद्यमान छन् । ती पर्खालहरू पच्चीस फिट जति अग्ला हुन्थे । जसका आधारमा कतिपय पुरातत्त्वविद्ले यति तले नै भनेर नकिटे पनि मोहेन् जो दडो र हडप्पाका घरहरू भव्य अग्ला हुन्थे भन्ने कुराको सजिलैसँग अनुमान गर्न सकिने र

---

[1] किरण कुमार थपल्याल, पूर्ववत्, पृ ३८ ।

[2] **भूमिसूक्त**, पृ. १९४ ।

[3] ऐजन, पृ. १९१ ।

[4] किरण कुमार थपल्याल, पूर्ववत्, पृ ३८ ।

[5] **भूमिसूक्त**, पृ. १९१ ।

ती घरका पङ्क्तिहरू अत्यन्त सुन्दर देखिन्थे भन्ने मत प्रकट गर्दछन्[1] तर उपन्यासकार दीक्षित भने प्राय दुईतले र थोरै मात्रामा तीनतले घर भएको मत व्यक्त गर्दछन् :...*निकै सङ्ख्यामा दुईतले र तीन चारओटा घर तीनतले सम्म रहेका विश्वामित्र र इक्ष्वाकुले देखे ।*

अन्य नयाँ नयाँ घर बनिरहेको कुरो व्यक्त गरेर तीन तलाभन्दा बढी तला भएका घरहरू बनेको कुरासँग उपन्यासकारले पनि सहमति जनाउँन खोजेको देखिन्छ : ...*नयाँ नयाँ घरहरू बनिरहेकोतिर ती दुवैको चकित दृष्टि गयो ।*[2] ती भव्य घरहरूको भित्ता पाँचदेखि सात फुटसम्म मोटा हुन्थे भन्ने मत पुरातत्त्वविद्हरूको छ ।[3] ती घरहरूका बीचमा आँगन हुन्थे । आँगनको एउटा कुनामा भोजन बनाउने प्रबन्ध गरिन्थ्यो । जहाँ साना कोठाहरू बनाइएका हुन्थे ।[4] सिन्धु सभ्यताका घरहरू पकाएका इँटबाट निर्मित हुन्थे । ती इँटहरूको बनावट साह्रै मनमोहक हुन्थ्यो । पर्खालमा पनि तिनै राम्रा इँटहरूको प्रयोग गरिन्थ्यो । ती इँटहरू पोल्नुभन्दा पहिले घाममा सुकाइन्थे ।[5] मुलायम माटोबाट बनाइने ती इँटमध्ये सबैभन्दा ठूला इँट ५१.४३ सेमि. x २६.२७ सेमि. x ६.३५ सेमिका हुन्थे । केही इँट ३६.८३ सेमि. x १८.४१ सेमि. x १०.१६ सेमिका हुन्थे । साना इँट २४.१३ सेमि. x ११.०५ सेमि. x ५.०८ सेमिका हुन्थे । सामान्यतया व्यवहारमा प्रयुक्त इँट २७.९४ सेमि. x १३.९७ सेमि. x ६.३५ सेमिका थिए ।[6]

घरका छतहरू माटो, काँचा इँट अथवा पाकेका इँटले बनाइन्थे भन्ने मत केही पुरातत्त्वविशेषज्ञको छ भने उपन्यासकार छतको कुरा नगरी भिन्न प्रकृतिका छानाको विवरण दिन्छन् :*घरहरू देखापरे जसका छाना काठका दलिनमाथि काठकै दाउराहरू राखेर माटाका पत्रहरूले छोपिएका थिए ।*[7] माटाका पत्रहरूले छोपिएका भनेका हुनाले वस्तुतः उपन्यासकारले छतको नै वर्णन गरेको बुझिन्छ । मोहेन् जो दडोका घरहरूमा प्रायः आम सडकपट्टि ढोका राखिन्नथ्यो । ढोकाहरू प्रायः साना बाटा वा गल्लीतिर राखिन्थ्यो । ढोका र झ्यालहरू काठका अहिले बनाइने प्रकृतिकै बनाइन्थ्यो । घरको माथिल्लो तलामा जानका लागि सिँढीहरू बनाइन्थे ।

---

[1] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग**, पूर्ववत्, पृ. ८९ ।

[2] **भूमिसूक्त**, पृ. १९४ ।

[3] भगवान सिंह, पूर्ववत्, पृ. १८१ ।

[4] किरण कुमार थपल्याल, पूर्ववत्, पृ ३९ ।

[5] सतीशचन्द्र काला, पूर्ववत्, पृ. १९३ ।

[6] किरण कुमार थपल्याल, पूर्ववत्, पृ ४० ।

[7] **भूमिसूक्त**, पृ. १९१ ।

ती सिँढीहरू त्यति चौडा हुँदैनथे ।[1] सिन्धु सभ्यताका नगरहरूको फोहोर पानी नालीबाट बाहिर लैजाने व्यवस्था अत्यन्त उत्तम ढङ्गले गरिएको थियो । नुहाएको, भान्सा घरको र शौचालय आदिको पानी नालीद्वारा बाहिर जान्थ्यो र त्यो शहरको ठूलो नालीमा मिल्थ्यो । प्रत्येक गल्ली र सडकका साथ फोहर पानीको निकासका लागि नाली बनाइएका थिए । नालीहरूको निर्माण पनि पाकेका इँटबाट गरिन्थ्यो । नालीहरू ढाक्न पनि इँटकै प्रयोग गरिन्थ्यो र बेला-बेलामा ती इँटलाई झिकेर नाली साफ गरिन्थ्यो । अलिक चाक्ला नाली ढाक्न भने पातला प्रकृतिका ढुङ्गाको प्रयोग गरिन्थ्यो । यसरी नालीको प्रयोगका साथै फोहर पानी सहरदेखि बाहिर निकाल्न माटाको पायपको पनि प्रयोग गरिन्थ्यो ।[2] यस्ता भित्रपट्टिका साना साना नालीहरू सडकमुन्तिरको अलिक ठूलो नालीमा मिल्ने र ती अलिक ठूला नालीहरू अझ ठूलो नालीमा मिसिँदै आज रावी भनिने परुष्णि, सिन्धु आदि नदीमा गएर मिसिन्थे । त्यसरी नालीको प्रयोग गरिन्थ्यो र बेला-बेलामा तिनीहरूलाई साफ पनि गरिन्थ्यो भन्ने पुरातत्त्वविद्हरूको मतसँग सहमति जनाउँदै उपन्यासकार भन्दछन् :

> *ती तीनै जना नगरमा हिँड्दै गए । एक ठाउँमा सडकको बीचमा छोपिएको इँटलाई उप्काउने तल खन्ने काममा चार जना लागेको तिनीहरूले देखे । इक्ष्वाकुले भन्यो "इँट छापिएको यो सडक सुरम्य र सफा छ तैपनि किन बीचमा यो खाडल खन्न थालियो" ? विश्वामित्र विचार गर्न लागेको थियो । चारुदत्तले भन्यो "यहाँ खाडल खन्न लागेको होइन । हरियुपियामा सबै सडकमुन्तिर जल निकासनिम्ति नालीहरू हालिएका छन् । यो ठाउँमा नालीमा फोहर जम्यो होला त्यसैलाई सफा गर्न लागेका हुन्" । त्यस्ता नालीहरू पचास हातपछि सडकमुन्तिरको मङ्गालमा खस्तथ्यो र फेरि मङ्गालबाट दोस्रो गोल नाली आर्को मङ्गालमा अनि फेरि मङ्गालमा हुँदै अन्तमा गएर परुष्णि नदीमा शहरका मल र जलप्रवाहलाई खन्याउथे ।*[3]

सैन्धव सभ्यताका साधारण वा असाधारण प्रायः सबै घरमा कुवा वा इनार बनाइन्थे । आवश्यक स्थलमा सार्वजनिक इनारहरू पनि बनाइन्थे भने कतिपय निजी इनारहरू बाहिरी मान्छेलाई पनि खुल्लै हुन्थे ।[4] पानी प्रायः आजकै ग्रामीण परिवेशमा झैं नै डोरीले तानिन्थ्यो ।[5]

---

[1] सतीशचन्द्र काला, पूर्ववत्, १९९८, पृ. १९८ ।

[2] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग**, पूर्ववत्, पृ. ८९ ।

[3] **भूमिसूक्त**, पृ.२०७ ।

[4] हेर्नू : परिशिष्ट ५ ।

[5] सतीशचन्द्र काला, पूर्ववत्, पृ. २०० ।

### ४.४.४ **कला–कौशल**

सैन्धव सभ्यता कलात्मक दृष्टिले अत्यन्त समृद्ध थियो ।[१] सैन्धव सभ्यताका कला-कौशललाई मूलतः वास्तुकला, मूर्त्तिकला, मुद्रा र ताम्रपट्टात्मक कला, मृद्भाण्डीय कला, र उपकरणात्मक  कला गरी पञ्च कलामा आधारमा अध्ययन गरिन्छ । वास्तु कला भन्नाले गृह-निर्माण सम्बन्धी कलालाई बुझिन्छ, जुन कुरो माथि 'नगर-विन्यास र गृह निर्माण' भन्ने उपशीर्षकमा प्रस्तुत गरियो । यहाँ यति मात्र भनौं नगर-विन्यासका आधारमा नगरका घरहरूको निर्माणको शैली, बाटाघाटाको निर्माणको शैली र पानी निकासको व्यवस्था जुन रूपमा सैन्धव सभ्यतामा विशेषतः हडप्पा, मोहेन् जो दडो र कालिबङ्गामा गरिएको थियो त्यस रूपमा त्यस समयमा अन्य कुनै पनि सभ्यताको समाजमा गरिएको थिएन ।[२] यहाँ अन्य कलाको चर्चा गरौं ।

**मूर्तिकला**

सिन्धु सभ्यताका कतिपय कुराहरू आफ्ना कलात्मकताका कारणले प्रसिद्ध छन् तर ढुङ्गाका मूर्ति र माटाका मूर्ति भने न्यून अपवादलाई छोडेर सामान्य कोटिका पाइन्छन् । अपवादका लागि हडप्पाका दुइटा ढुङ्गाका मूर्ति र मोहेन् जो दडोमा प्राप्त माटाका गोरुका आकृति अत्यन्त मनोहर छन् । जसले वास्तवमै त्यति खेरको सिन्धु सभ्यताको मूर्तिकलाको प्रतिनिधित्व गर्न सक्दैनन् ।[३] यसै कारणले उपन्यासकारले पनि सिन्धु सभ्यताको विवरणमा नगर प्रकृतिको भवन निर्माण र व्यापारिक कुराको विवरणमा जति समय खर्चेका छन् त्यसका तुलनामा मूर्तिकलाको उल्लेख न्यून नै गरेका छन् ।

सिन्धु सभ्यताको मूर्तिकलालाई ढुङ्गे मूर्ति , धातु मूर्ति र माटाका मूर्ति गरी तीन भागमा विभाजन गरेर अध्ययन गरिन्छ ।

**ढुङ्गे मूर्ति**

मोहेन् जो दडोमा एउटा खण्डित ढुङ्गाको मानवमूर्ति प्राप्त भएको छ ।[४] यो मूर्ति केवल कटिभागभन्दा माथिको भागसम्म मात्र छ । दाढी भएको र एउटा वस्त्र ओढेको जस्तो छ ।[५]

---

[१] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२२ ।

[२] ऐजन, पृ. ५२३ ।

[३] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ४० ।

[४] ऐजन, पृ. ८३ ।

[५] हेर्नू : परिशिष्ट ५ ।

आखाँ आधा खोलेको योगीको जस्तो भएको हुनाले रामप्रसाद चल्दा भन्नेले 'यो योगीको मूर्ति हो' भनेका छन् ।[1]

त्यस्तै मोहेन् जो दडोमा नरम प्रकृतिका सङ्गमरमरबाट बनेको एउटा बसेको मान्छेको २०.५ सेमि अग्लो मूर्ति प्राप्त भएको कुरा पुरातत्वविद्हरूको छ । यस मूर्तिको कटिभाग सानो वस्त्रले बेरेको जस्तो र बायाँ हात ढाकेर दाहिने हातको तलबाट एउटा पारदर्शी खास्टो ओढेको जस्तो छ ।[2]

हडप्पाको उत्खननबाट दुइटा यस्ता मूर्तिहरू पाइएका छन् जुन शैली र भावाभिव्यक्तिका दृष्टिले प्रायः युनानी कलासँग मिल्दोजुल्दा देखिन्छन् । यी दुवै मूर्ति खण्डित छन् । हात र खुट्टा काटिएको जस्तो छ । टाउको पनि देखिँदैन । केवल शरीरको भाग मात्र देखिन्छ । शरीरका अङ्ग भने अत्यन्त सजीव तथा स्वाभाविक रूपले गठित छन् ।[3] यी मूर्ति पूर्णतया नाङ्गा भएकाले केही विद्वान्हरूले यिनलाई जैन तीर्थङ्करको कायोत्सर्ग मुद्राको प्राक्-रूपका रूपमा कल्पना गर्दछन् ।[4]

सिन्धु सभ्यताका ढुङ्गे मूर्तिको समकालीन मेसोपोटामिया मूर्तिसँग केही समता र केही भिन्नताका आधारमा विद्वान्हरूले तुलना गरेका छन् । मोटो गर्दन भएका र दारी मुढेका मूर्ति दुवै तिरका समानताका द्योतक हुन् भने सिन्धु सभ्यताको मूर्तिमा आँखा आधा खुला आधा बन्दजस्ता तर मेसोपोटायाका मूर्तिमा आँखा गोला र पूरा खुला छन् । जुन भिन्नताका द्योतक हुन् ।[5]

ढुङ्गाका केही पशुका मूर्ति पनि सैन्धव सभ्यता कालीन समाजमा बनाइन्थ्यो । तर ती अत्यन्त अल्प संख्यामा प्राप्त भएको कुरा विद्वान्हरूको छ । मोहेन् जो दडोमा एउटा २५.४ सेमि. अग्लो ढुङ्गाको मूर्ति पाइएको छ, जसमा कुनै पशुको सिङ् र शरीर देखाइएको छ । त्यसमा हात्तीको जस्तो सुँड पनि देखिन्छ ।[6] यसै अनुच्छेदमा माथि उल्लेख गरिए झैं सिन्धु सभ्यताताका बनाइएका ढुङ्गाका मूर्तिहरू अत्यल्प प्राप्त हुनु एउटा पक्ष हो । अत्यल्पताको कारणले नै होला उपन्यासकार दीक्षितले ढुङ्गाका मूर्तिको स्पष्ट रूपमा कुनै पनि उल्लेख गर्दैनन् । तर उनले त्यस बेलाका कामदारले ढुङ्गामा आराधना गर्थे भन्दै ढुङ्गे मूर्तिको सामान्य छनकसम्म दिएका छन् :

---

[1] सतीशचन्द्र काला, पूर्ववत्, पृ. १५९ ।

[2] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ८६ ।

[3] ऐजन, पृ. ८८ ।

[4] ऐजन ।

[5] ऐजन, पृ. ८७ ।

[6] ऐजन, पृ. ९१ ।

*इक्ष्वाकु, यो मूर्तिकी नारी यो श्रेणीको यो कर्मकरको हृदय र मस्तिष्कभित्र छ । यो कर्मकरमा मातृका आराधनाप्रति श्रद्धा छ । त्यस्ता अन्धहरू ढुङ्गामा मातृकाको आराधना गर्दछन् ।*[१] यसरी सैन्धव सभ्यतामा विविध प्रकारका ढुङ्गे मूर्ति बनाइन्थे भन्ने कुराको पुष्टि हुन्छ ।[२]

**धातु-मूर्ति**

सैन्धव सभ्यताका धातुका मूर्तिमध्ये मोहेन् जो दडोमा प्राप्त कांस्यनिर्मित नर्तकीको मूर्ति विशेष प्रसिद्ध छ ।[३] मोहेन् जो दडोको एच्. आर. क्षेत्रमा प्राप्त यो मूर्ति १४ सेमि. अग्लो छ । यसको घुँडाभन्दा अलिक तलतिरदेखिको भाग छैन । आकृति नाङ्गो छ । ऊ आरामसँग नृत्य गरेकी जस्ती देखिन्छे । जसले दाहिने हात कटिमा राखेकी छ र अर्को हात लत्रङ्ग छोडेकी छ ।[४] उपन्यासकार दीक्षितले धातुका मूर्तिको[५] केही उल्लेख गरेका छन् । जुन उल्लेख यहाँ वर्णित नर्तकीको नै हो :

> *चारुदत्तले दुवै पाहुनालाई काम भैरहेको श्रेणी देखाउन लग्यो । एउटा श्रेणीमा काम गरिरहेको कर्मकरसित मागेर चारुदत्तले एक बित्ता अग्लो एउटा नारीमूर्ति दुवै पाहुनालाई देखायो । काँसको त्यो सानो नारीपूर्तिका जुनजुन अङ्गमा शिरको बिन्दीदेखि पाउका पाउजेबसम्म सबै गहना मूर्तिमा गढिएका थिए । तर नारीमूर्तिका ती-ती अङ्गहरूमा कुनै वस्त्रको चिह्नसमेत थिएन । धाुबाट मूर्ति ढालेको हो भन्ने बुझ्न इक्ष्वाकुनिन्ति नयाँ र महत्त्वपूर्ण ज्ञान भयो । विश्वमित्रले आफ्नो हातमा लिएर त्या नारीमूर्ति हेर्दा मूर्तिको त्यो नारी नाच्दानाच्दै एउटा ठाउँमा पुगेर एउटा हात कम्मरमा अड्याई अर्को हालाई लत्रङ्ग छोडेर तेर्सो आँखा लगाउँदै मुस्कुराउँदै त्रिभङ्ग मुद्रामा उभिएकी छे । धातुबाट गढेको त्यो उपल्लो स्तरको कौशल हरियुपियामा देखेर विश्वामित्रमा मुग्धता र प्रसन्नताको उदय भयो ।*[६]

ती मूर्तिहरूको निर्माण द्रवी-मोम विधिबाट भएको र निर्माण एउटै प्रयासबाट भएकाले मूर्तिमा अत्यन्त स्वाभाविकता आउँथ्यो । अतः ढुङ्गाका मूर्तिका अपेक्षामा कांस्य मूर्ति बढी

---

१ **भूमिसूक्त**, पृ. २०६ ।

२ हेर्नू : परिशिष्ट ५ ।

३ आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२६ ।

४ किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ९१ ।

५ हेर्नू : परिशिष्ट ५ ।

६ **भूमिसूक्त**, पृ. २०६ ।

कलात्मक र प्रभावशाली देखिन्थे ।[1] उपन्यासकार दीक्षित धातुका मूर्तिहरू ढुङ्गाका भन्दा राम्रा र कलात्मक हुन्थे भन्ने कुरामा सहमति जनाउँदछन् । त्यसका विविध कारणमध्ये एउटा कारणमा तात्कालिक मूर्ति निर्माताहरूले मूर्ति राम्रो बनाउँन जिउँदो व्यक्ति नै अगाडि राखेर त्यसको आकृतिको नक्कल गर्दै-गर्दै मूर्ति बनाउँदथे भन्ने स्वमत व्यक्त गर्दछन् :*यो कर्मकरलाई त्यतिबाट चित्त बुझिनेछ र आफ्नी छोरीलाई ठीक त्यसै गरी उभ्याएर रेखाचित्र बनाई त्यो चित्रअनुसार काँस्य धातुमा आफ्नी श्रद्धेय मातृकालाई उतार्‍यो ।*[2] यसरी राम्रो बनाउनका लागि जिउँदो व्यक्तिलाई अगाडि राखेर नक्कल गरिन्थ्यो भने तापनि उपन्यासकारले काँस्य मूर्तिका सम्बन्धमा थोरै मात्र चर्चा गरेका छन् ।

चन्दुदडो भन्ने स्थलमा पनि सैन्धव सभ्यताकालीन ४.१ सेमि. अग्लो दाहिने हातले भाला फ्याँक्दै गरेको वा नृत्य गर्दै गरेको एउटा मूर्ति प्राप्त भएको कुरा पुरातत्त्वविद्हरूको छ ।[3]

सैन्धव सभ्यता-कालीन कतिपय पशुका काँसका मूर्ति पनि प्राप्त भएका छन् । तीमध्ये भैंसी र बाखाका मूर्तिहरू विशेष प्रकारले उल्लेख्य छन् ।[4] त्यति प्रसिद्ध र सुलभ्य नभएकाले उपन्यासकारले ताम्रका मूर्तिको उल्लेख गरेका छैनन् । पुरातत्त्वविद्हरूले पनि हडप्पा वा मोहेन् जो दडोजस्तो प्रसिद्ध नगरमा निर्मित कुनै नारी अथवा पुरुषको ताम्र मूर्तिको उल्लेख गर्दैनन् तर लोथलमा तामाबाट निर्मित पशु र पङ्क्षीका मूर्तिको[5] भने उल्लेख गर्दछन् । लोथलमा पशुमध्ये गोरु, खरायो र कुक्कुरका ताम्रमूर्ति प्राप्त भएको कुरा पुरातत्त्वविद्हरूको छ । ती मूर्तिमध्ये तामाको एउटा कुकुर कलाका दृष्टिले अत्यन्त महत्त्वपूर्ण भएको कुरा उनीहरू बताएका छन् ।[6]

**माटाका मूर्ति**

माटाको सौलभ्य एवं प्रयोगको सरलताका कारणले ढुङ्गे मूर्ति र धातुका मूर्तिका अपेक्षामा सैन्धव सभ्यतामा माटाका मूर्तिको निर्माण धेरै गरिन्थ्यो ।[7] खर्चका कमीका कारणले पनि प्राचीन संस्कृतिमा माटाको मूर्ति-कला अत्यन्त लोकप्रिय बन्न पुग्यो । सैन्धव सभ्यतामा उपलब्ध शिल्प

---

[1] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ९१ ।

[2] **भूमिसूक्त**, पृ. २०६ ।

[3] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ९३ ।

[4] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२६ ।

[5] हेर्नू : परिशिष्ट ५ ।

[6] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ९३ ।

[7] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२६ ।

आकृतिहरूमा सबैभन्दा धेरै माटाकै मूर्तिहरू प्राप्त छन् ।[1] सैन्धव सभ्यतामा बनाइएका माटाका मूर्तिहरूलाई तीन भागमा विभाजन गर्न सकिन्छ : केटाकेटीका खेलौना, मन्दिर र देवताहरूलाई चढाउने एवं पूजा गरिने मूर्ति, समाधिमा राखिने खेलौना ।[2]

उपन्यासकार दीक्षितले माटाबाट निर्मित केटाकेटीका खेलाउना र नारीहरूका मूर्तिको उल्लेख गरे तापनि पूजा गरिने मूर्तिका बारेमा भने उनी मौन नै रहेका छन् । उनले माटाका मूर्तिको आवश्यकताअनुसारको उल्लेख नगरे तापनि केही हदसम्म उल्लेख गरेको पाइन्छ :

> *ती केटाकेटीसित माटो पोलेर गुड्ने गोरुगाडा, कपास, सानै र कप्टेरा मिलाएर बनाइएका तथा वस्त्र पहिराएर टाउकोमा कालो र रातो रङ्गले आँखा, कान, नाक र मुख बनाइएका पुतलीहरू तथा माटाकै पोलेर बनाइएमा मोटा, ठूला स्तन र तिघ्रा भएका नारी, चरा-चुरुङ्गी, हात्ती, ऊँट, घोडा तथा माटाका त्यस्तै साना साना घरहरू थिए । पिँढीको छेउमा दुई ओटा बालिका गट्टा खेलिरहेका र माटाको नारीको काखमा माटाकै शिशु सुतेको आदि खेलौनाहरू देखेपछि विश्वामित्र आनन्दित भयो ।*[3]

उपन्यासकार दीक्षितले माथिको अनुच्छेदमा मूर्तिको उल्लेख गर्दा नारीको मूर्तिभन्दा अन्य खेलौनाहरूको मूर्तिको बढी उल्लेख गरे झैं नै सिन्धु प्रान्तमा मातृदेवीका अत्यन्त थोरै माटाका मूर्तिहरू प्राप्त भएको उल्लेख पुरातत्त्वविद्हरूको छ ।[4] ती मूर्तिहरू आँखा कम चौडा र नाक प्रायः पछि जोडेका जस्ता र नाकको दुबैतिर माटो दबाएर गाला बनाएको जस्तो देखिन्थे भने केही मूर्तिमा त नाकै पनि नदेखिने स्थितिका हुन्थे । यस्ता मूर्तिहरू प्रायः सर्लक्क उभिएका र पूरै नाङ्गा हुन्थे भने केही कम्मरमा सानो धोती बाँधेका जस्ता र माथि मेखला ओढेका जस्ता देखिन्थे । नाङ्गा मूर्तिहरू अलङ्कारयुक्त हुने कुरा भएन तर वस्त्रयुक्त मूर्तिहरू भने अलङ्काकारयुक्त[5] अलङ्काकारयुक्त[5] हुन्थे ।[6]

केही विद्वान्हरूको भनाइमा सैन्धव सभ्यताका साथै अन्य प्राचीन सभ्यताहरूमा मातृदेवीका मूर्तिहरूको पूजा गरिन्थ्यो । यसै पूजाका क्रममा मातृदेवीका वेशभूषा र अलङ्कारहरूले

---

[1] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ९५ ।

[2] सतीशचन्द्र काला, पुर्ववत्, पृ. १५४ ।

[3] **भूमिसूक्त**, पृ. २०५ ।

[4] सतीशचन्द्र काला, पूर्ववत्, पृ. १५४ ।

[5] हेर्नू : परिशिष्ट ५ ।

[6] सतीशचन्द्र काला, पूर्ववत्, पृ. १५४ ।

अलङ्कृत मूर्तिहरू हडप्पा र मोहेन् जो दडोमा पाइएको छन् भन्ने विद्वान्हरूको मत छ ।[1] उपन्यासकार दीक्षितले एलम प्रदेशको मातृकाप्रधान समाजको प्रभाव मोहेन् जो दडोमा परेको र मातृकाहरूको पूजा गरिने गरेको कुराको उल्लेख गरेका छन् । उपन्यासकारका मतमा मोहेन् जो दडोमा सानासाना शिखर चुचुरामा मातृकाहरूको मूर्ति बनाइने र पूजा गरिने हुनाले उनले मोहेन् जो दडोको नाम नै मातृशिखर राखेका छन् । जुन कुरो उनको नितान्त स्वचिन्तनगत हो ।[2] एलम एलम प्रदेशीय प्रभावका आधारमा हेर्दा अन्य विद्वान्को र उपन्यासकारको मतमा एकता देखिएकाले नामकरण गर्नु पनि उपयुक्त नै ठहर्दछ ।

एलम प्रदेशीय मातृकाप्रधान समाजको प्रभाव मोहेन् जो दडोमा आए तापनि एलम प्रदेशीय बलिप्रथाको चलन भने यहाँ नितान्त नभएको तर हिमवत्-प्रदेशको पशुबलि दिइने चलनको भने सैन्धव क्षेत्रमा पनि अनुसरण गरिराखिएको कुरो जनाउँदै त्यहाँको मातृकापूजाको बारेमा उपन्यासकार अगाडि भन्दछन् :

*यसलाई यहाँ मातृशिखर नगर भनिन्छ । उत्तरपूर्वको वितस्ता नदीछेउमा पनि हरियुपिया भन्ने नगर रहेछ । ऊ त्यहाँ अग्लो शिखरतिर हेर त मनुपुत्र, त्यहाँ माहामातृको चैत्य देखापरिरहेछ ।..."यस चैत्यकी महामातृकाको नाउँ के रहेछ तिनीमा कसले वीर्यदान गर्दोरहेछ ? " -इक्ष्वाकुले सोधे ।*

*"मनुपुत्र इलजनबाट प्रस्थान गरी मेरु पर्वतमा पुगेका तिम्रा पिता वैवस्वतले आहुरहरूबीच मातृका र रक्तबलिलाई अस्वीकार गर्दै कुरा गरेका रहेछन् । त्यो सन्देश यो सिन्धु र पञ्चनदसम्म[3] आइपुगेपछि मातृकाको वरण र रक्तबलिलाई परित्याग गरेर पिप्पलवृक्षमुनि श्रीयन्त्र कोरेर त्यसमाथि सात ओटा गोल र सौम्य ढुङ्गा लहरै राखी ती ढुङ्गालाई सप्तमातृकाको प्रतीक मानेर सिन्दुर तथा भेडाबाखाका मात्र रक्तबलि दिने कार्य यहाँका असुरहरूले सुरु गरेछन्" ।*

*...मनुपुत्र हिमवान्का किरातहरूले यहाँ आफ्ना किरातेश्वर पारुआङ् पशुपति र पार्वता सुम्निमा हैमवतीका पूजा-अर्चनालाई पनि ल्याएका रहेछन् । हैमवती पार्वतालाई यहाँ पशुबलि नै दिइँदो रहेछ । तिनीलाई यहाँ दुर्गा भन्ने गर्दारहेछन् । आफ्ना माया र तन्त्रद्वारा पार्वताले महापुष्करको रक्षानिम्ति तिनै इँटले दुर्ग बनाएकीले तिनलाई महामाया दुर्गा*

---

[1] किरण कुमार थपल्याल, पूर्ववत्, पृ.९६ ।

[2] हेर्नू : परिशिष्ट ३ ।

[3] पञ्चनद भन्नाले झेलम, चिनाव, रावी, व्यास र सतलज नदी हुन् ।

*भनिदो रहेछ । सप्तमातृका र दुर्गा तथा पशुपतिका आराधकहरू योग र ध्यान गर्दारहेछन् । महापुष्करको चारैतिर योग र ध्यान गर्नेहरूनिम्ति स-साना कक्षहरू पनि बनाइएको रहेछ । त्यो महापुष्करको पानीमा अतीव सुन्दर कमलपुष्पहरू रहेका मैले देखें । ती फूलहरूप्रति यो मातृशिखरमा ठूलो श्रद्धा रहेछ ।*

*..."कमलफूलप्रति मात्र होइन बहुबीजयुक्त अन्य सबै फूल र फलप्रति यहाँ श्रद्धा छ । फक्रिएको कमलफूलको मध्यमा रहने बहुबीजयुक्त डिम्बकोष र नारी डिम्बकोष एउटै हुन । त्यसैले नारीयोनि र कमल डिम्बकोषलाई एक समान भनी अर्चना गरिन्छन् । माता भूमिले बीज ग्रहण गरेपछि अन्नप्रदान गर्छिन् । सप्तमातृका र महामाया हैमवतीलाई बहुबीजयुक्त फल र फूल चढाएपछि त्यस्ताहरू बहुसन्तानवान् हुन्छन् भनी यी नगरवासीहरू भन्दा रहेछन् । मानव रक्तबलिको सट्टा बहुबीजयुक्त फल र फूलद्वारा आराधना गर्नु त राम्रो हो "।*[१]

केही नारी र अन्य खेलौनाहरूका साथै पुरुषहरूका माटाका मूर्तिहरू पनि सैन्धव सभ्यतामा निर्मित भएका थिए । पुरुषका माटाका मूर्तिहरू केही अपवादलाई छोडेर नाङ्गा नै निर्मित थिए । केही पुरुष-मूर्तिहरू उभिएका र केही बसेका मूर्तिहरू प्राप्त छन् ।[२] केही पुरुष मूर्तिहरू शिरोवस्त्र तथा आभूषणयुक्त बनाइन्थे । टाउकाको कपाल कुनै चिजले बाँधेको हुन्थ्यो ।

सैन्धव सभ्यतामा विशेषतः मोहेन् जो दडोमा मातृकाहरूको मूर्तिको पूजा गरिए झैं सर् जान मार्सलका मतमा ती पुरुष मूर्तिहरू पनि देवताका रूपमा पूजिन्थे साथै देवताका आकृतिका हुन्थे ।

तिनै देवताका आकृतिका माटाका मूर्तिहरू मन्दिरमा[३] उपहारस्वरूप दिइन्थ्यो । त्यसरी मन्दिरमा दिइने मूर्तिहरू पुरुषका मात्र नभएर नारीका पनि हुने गर्थे र त्यस्ता मूर्तिमध्ये केही बच्चालाई दूध चुसाइरहेका केही गर्भवती नारी आदि प्रकृतिका हुन्थे ।[४] सिन्धु सभ्यतामा केही यस्ता आकृतिका पुरुषका मूर्तिको पनि निर्माण भएको छ, जुन आकृति विदेशीको जस्तो लाग्दछ ।[५] यसबाट सिन्धु सभ्यताका अन्तिमअन्तिमतिर विदेशीहरू त्यस क्षेत्रमा प्रवेश गर्न थालेको अनुमान गर्न सकिन्छ ।

---

[१] **भूमिसूक्त**, पृ. १९२ /१९३ ।

[२] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ९९ ।

[३] यद्यपि त्यस बेल विशेष मन्दिर थिएनन् अपि तु यहाँ मन्दिर भन्नाले चैत्य आदिलाई बुझ्नु पर्ने हुन्छ ।

[४] सतीशचन्द्र काला, पूर्ववत्, पृ. १५५।

[५] किरण कुमार थपल्याल, पूर्ववत्, पृ.९९ ।

मोहेन् जो दडोमा प्राप्त नारी र पुरुषका माटाको मूर्तिहरू प्रायः खण्डित अवस्थाका छन् । ती मूर्तिहरू राम्ररी आगामा पकाएका हुनाले टुटे फुटेका नभएर मेसोपोटामियामा झैं धेरैजसो सग्ला नै हुनु पर्ने थियो तर तद्विपरीत हुनाले विद्वान्हरूको के अनुमान छ भने ती मूर्तिहरूलाई जानीजानी क्षत विक्षत गराइएको थियो । त्यस अनुमानबाट उनीहरूले अर्को के अनुमान गर्दछन् भने सैन्धव सभ्यतामा या त बाहिरी आक्रमण भएको थियो, जसका कारणले मूर्तिहरू फुटालिए या त तात्कालिक जनमानसमा धार्मिक परिवर्तन आयो र मूर्ति पूजाका विरोधी बने ।[१]

मोहेन् जो दडोमा घुँडाले हिँड्ने केही बालकहरूको पनि मूर्ति प्राप्त भएका छन् भन्ने विद्वान्हरूको भनाइ छ ।[२] उपन्यासकार दीक्षितले भने आमाका काखमै दूध चुसेका वा सुतेका बालकको मूर्तिको उल्लेख गरे पनि अलग्गै बालकको उल्लेख गरेका छैनन् । त्यस्तै अन्य विद्वान्हरूले पुरुषका माटाका मूर्तिको उल्लेख व्यापक रूपमा गरेको पाइए तापनि दीक्षितले पुरुषहरूको माटाको मूर्तिको उल्लेख गरेका छैनन् । तर यहाँ एउटा कुराको समीकरण गर्न भने सकिन्छ । सर जान मार्सल, सतीशचन्द्र काला आदि विद्वान्हरूले पुरुषका मूर्ति देवताका आकृतिका रूपमा निर्मित हुन्थे र ती मन्दिरमा (सम्भवतः पूजाका लागि) दिइन्थे भन्ने उल्लेखलाई स्मरण गर्ने हो भने त्यही कुरोलाई उपन्यासकारले अलिक भिन्न ढङ्गले उल्लेख गरेको देखिन्छ :

> *त्यहाँ र यो हरियुपियामा मनुष्यशरीरमा हात्तीको टाउको राखेर त्यसलाई गणपति भन्नेहरू, त्यसैगरी मानिसको शरीरमा सिंहको टाउको राखेर नृसिंहका अनुयायीहरू, भेँडाका शरीरमा गरुडका शिर राखी आराधना गर्नेहरूका साथै मानवको खप्परलाई सामुन्ने राखेर भुतप्रेत जगाउँदै रोगको मात्र हैन थरीथरीका समस्याहरूका समाधान खोज्दै उफ्रिँदै चिच्याउँदै नाच्दै झाँकीहरू तन्त्रमन्त्र र योग-साधना गर्नेहरू सबैथरीका नर-नारी आ-आफ्ना आचार, व्यवहार र धर्मका पालन गर्ने गर्छन् ।*[३]

सैन्धव सभ्यतामा मानवका माटाका मूर्तिझैं विभिन्न पशु, पंक्षीका विभिन्न खेलौनारूपी मूर्तिहरू[४] पनि सैन्धव सभ्यतामा बनाइन्थ्यो भन्ने भनाइ पुरातत्त्वविद्को छ ।[५]

हडप्पाका पशुका माटाका मूर्तिभन्दा मोहेन् जो दडोमा माटाका मूर्ति धेरै बनाइन्थ्थे भन्ने विद्वान्हरूको अनुमान छ ।[१] विविधताका विषयमा पनि त्यस्तै नै मत पाइन्छ ।

---

[१] ऐजन, पृ. १०१ ।

[२] ऐजन ।

[३] **भूमिसूक्त**, पृ. १९९ ।

[४] हेर्नू : परिशिष्ट ५ ।

[५] सतीशचन्द्र काला, पूर्ववत्, पृ. १५६ ।

माटाबाट बनाइएका मूर्ति केही साधारण कोटिका पनि हुन्थे । त्यस्ता साधारण कोटिका सानासाना बच्चाहरूले बनाएको भन्ने अनुमान गरिन्छ भने केही मूर्ति साह्रै नै कलात्मकतायुक्त भएकाले ती विशेष कलाकारले बनाएको अनुमान गरिन्छ ।[२]

उक्त सानासाना पशु-पंक्षीका अतिरिक्त हडप्पा र मोहेन् जो दडोमा ठूला गोरु, भैंसी, राँगा, गैडा आदिका माटाका मूर्तिहरू बनाइन्थे भन्ने विद्वान्हरूको मत छ ।[३]

तर यहाँ प्रश्न के उठ्दछ भने सैन्धव सभ्यतामा गाईको मूर्ति बनेको कुरा विद्वान्हरूले किन गरेका छैनन् अथवा किन गाईका मूर्तिहरू प्राप्त भएनन् जब कि मनुले सैन्धव सभ्यताको प्रारम्भ गर्दा पृथिवी, गाई, सूर्य, पिप्पल आदिको महत्तम गुण-गान गरेर गाईलाई जन-जनका वसुधनका रूपमा स्विकारेका थिए भन्ने कुरो दीक्षितले उपन्यासमा  गरेका छन् । यदि त्यसो हो भने गोरु, भैंसी, आदिको मूर्तिको निर्माण गर्दा गाईको मूर्तिको निर्माण किन हुन सकेन ? गाईको महत्ताको बारेमा उपन्यासकार दीक्षित भन्दछन् : *धारोष्ण दूधले शरीर र मनमा पुष्टि बढाउँछन् । त्यस्मा दूध दिने गोधन नै जन जनका वसुधन हुन्, गोधनलाई सर्वत्र र सधैं सम्बर्द्धन गरिन्छ । जहाँ गए पनि गोधन सँगै लिएर जाऊ ।*[४] यहाँ एउटा प्रश्न उपन्यासकार दीक्षितका सम्मुख पनि आउँदछ : गाई पिप्पल आदिको विशेष महत्ता मनुद्वारा मानिएको थियो भने मनुद्वारा नै स्थापित सैन्धव सभ्यतामा अरुको मूर्ति बन्दा तिनको मूर्ति किन बनेन र अर्को प्रश्न के भने उपन्यासकारले केही खेलौना, नारीहरूको मूर्तिको उल्लेख गर्दा पुरुष र अन्य पशु, पंक्षीका मूर्तिहरूको उल्लेख किन गरेनन् ? सिन्धु सभ्यताको कलामा बसेका उढेका आदि पंक्षीहरूको मूर्ति बनाइएको पाइन्छ ।[५]

**मुद्रा–कला**

सैन्धव सभ्यताका मुद्राहरू र ताम्रपट्टहरू विशिष्ट प्रकारका छन् । सैन्धव सभ्यताका मुख्य मुख्य प्रायः सबै नगरहरूको उत्खननबाट मुद्राहरू प्राप्त भएका छन् ।[६] ती मुद्राहरूमध्ये अधिकांश

---

१ किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १०१ ।

२ ऐजन, पृ. १०१ ।

३ ऐजन, पृ. १०४-५ ।

४ **भूमिसूक्त**, पृ. १५३ ।

५ किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १०७ ।

६ ऐजन, पृ. १०८ ।

मुद्राहरूमा चित्रलिपिका लेख पशु-पंक्षीका आकृति बनेका हुन्थे । कुनै कुनैमा केवल लेख हुन्थे भने कुनै कुनैमा अभिप्राय मात्र हुन्थे ।[१]

सैन्धव सभ्यतामा विभिन्न प्रकृतिका मुद्राहरू[२] बनाइन्थे भन्ने कुराका बारेमा उपन्यासकार उपन्यासकार दीक्षित भन्दछन् : *मेरा घरमा विभिन्न चित्राङ्कित मुद्राहरू बनाइन्छन् । जुन पणिपतिलाई जस्तो मुद्रा चाहिन्छ त्यस्तै चित्राङ्किक मुद्रा बनाएर म अर्पित गर्दछु । केही मुद्रा गोलाकार, केही मुद्रा समभागका चारपाटे, केही मुद्रा लम्बाकार चारपाटे, केहीकेही मुद्रा गोलपिण्डाकार हुन्छन् ।*[३]

सैन्धव सभ्यतामा सबैले मुद्रा बनाउँथेनन् अपि तु आजका साना साना फ्याक्ट्रीझैं कसैकसैले मात्र बनाउँदथे भन्ने कुराको जानकरी दिदै उपन्यासकार भन्दछन् :*...धन्या पशुपालन गर्छिन्, भोजन बनाउने र मुद्राछाप तयार पार्ने कामनिम्ति सेवकहरू छन् ।*[४]

उपन्यासकारका माथिका भनाइबाट मुद्रा बनाउने व्यक्तिले कामदार पनि राख्थ्यो भन्ने जानकारी हुन्छ । गाई पाल्ने प्रसङ्गले ऊ ग्रामीण पनि हुन्थ्यो भन्ने कुराको पनि छनक पाइन्छ । सुरु-सुरुमा विद्वान्हरू ती मुद्राको उपयोग जन्तरका रूपमा हुन्थ्यो वा मुद्राका रूपमा हुन्थ्यो भन्ने कुरामा एकमत थिएनन् । कसैकसैले त ती मुद्राहरू विवाहको अवसरमा उपहारस्वरूप दिइने गरिन्थ्यो भन्ने पनि गर्थे । यद्यपि यो कुरा स्विकार गरिएको थिएन ।[५] क्रमशः समय बित्दै जाँदा र अध्ययन हुँदै जादा मुद्राका पछाडि घुण्डीहरू हुने कारणले विद्वान्हरूले ती मुद्रा जन्तर हुन नसक्ने मत व्यक्त गरे । त्यसको कारण थियो घुण्डी शरीरका लागि कष्टप्रद हुनु । यसै गरी केही वर्षपूर्व लोथलमा गरेको उत्खननबाट अनेक मुद्रा र मुद्राछापहरू प्राप्त भए । त्यसपछि कालिबङ्गाको उत्खननबाट केही मुद्राछापहरू प्राप्त भए । जसका पृष्ठ भागमा जुन वस्तुका थैलीमा वा स्वयं वस्तुमा ती मुद्रालाई बाँध्ने गरिन्थ्यो तिनै वस्तुका निसान थिए । त्यसबाट पुरातत्त्वविद्हरूले ती मुद्राहरू व्यापारिक कार्यमा प्रयुक्त हुन्थे भन्ने कुराको जानकारी पाए ।[६] केही केही मुद्राहरूको प्रयोग आभिचारिक हुन्थ्यो भन्ने भनाइ केही विद्वान्को छ ।[७]

---

[१] ऐजन ।

[२] हेर्नू : परिशिष्ट ५ ।

[३] **भूमिसूक्त**, पृ. १९५ ।

[४] ऐजन ।

[५] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १११ ।

[६] ऐजन, पृ. ११२ ।

[७] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२७ ।

सैन्धव सभ्यताका मान्छेहरूले अन्य देश वा स्थलमा आफूले कतिपय व्यापारिक सामानहरू पठाउने र ती सामान राख्ने थैली वा झोलाका मुखमा मुद्रा पनि बाँधिदिने गर्थे र ती मुद्रामा प्रेषक र प्रापक अनि स्थानको नाम लेखिदिने वा कुनै त्यस्तो सङ्केत दिने गर्थे जसले गर्दा निश्चित व्यक्तिले प्राप्त गर्न सकोस् । त्यसरी सामान प्राप्त गरिसकेपछि प्राप्त व्यक्ति वा व्यापारीले आफूले पठाउनु पर्ने सामान थैलीमा राखी त्यसै गरी आफ्नो मुद्रा बाँधिदिने गर्थे । जसले गर्दा सैन्धव सभ्यताका व्यापारीले पक्का पाउने हुनाले त्यसो गरिने गरिन्थ्यो भन्ने कुरालाई उपन्यासकार दीक्षित भन्दछन् :

> *"कुन कार्यका लागि मुद्रा" ? विश्वामित्रले सोधे । हरियुपियामा पणिपतिहरूले आफ्ना भण्डारबाट जुन वस्तुको सङ्ग्रह गरी मातृशिखर, सुसा, बाभेरु र बाबुलमण्डपमा जहाँ जहाँ वस्तुहरू पठाउँदछन् ती सबै सङ्ग्रहका पोकामा आफ्ना मुद्रा अङ्कित गर्ने गर्दछन् र ती देशका पणिपतिमा पठाएर फिर्ती नौकामा ती देशबाट सामग्री ल्याउँदा ती महाश्रेष्ठीहरूले यहाँ पणिपतिको मुद्राछाम अङ्कित गरी पठाएपछि आउने-जाने सामग्रीहरू निश्चित पणिपतिमा पुग्नु अनिवार्य भई पण्य कार्य सजिलो हुन्छ भनी सुगुप्तले बतायो ।*[१]

त्यसरी सैन्धव सभ्यताका व्यापारीहरूले व्यापारका लागि प्रयोग गर्ने गरेका मुद्राहरू केकस्ता प्रकृतिका हुन्थे भन्ने प्रश्नमा उपन्यासकार भन्दछन् :

> *विश्वामित्रमा ती मुद्राछाप हेर्ने इच्छा भयो । सुगुप्तले नमुनाको रूपमा पन्ध्र ओटा छाप ल्याएर देखायो । एउटा छापमा विशाल सिङ् र जुरो भएको र घाँटीबाट घुँडाभन्दा तलसम्म सुन्दर र मोटो लोती झुण्डाएको साँढेको चित्र अङ्कित, त्यस्तै आर्को मुद्रामा दुई ओटा सिङ्मा जोडिएको किरीट र दुवै हातभरि कङ्कण लगाई योगासनमा बसेको तथा यत्र तत्र मुद्रामा हात्ती, बाघ, गैंडा र मृगका चित्राङ्कित भएका, अनि अर्को मुद्रामा अग्ला चुच्चे ओपस किरिट लगाएका सात वटी नारी र मुद्राको माथि र मुद्राको माथितिर एउटा पशु र पिपलको हाँगाबीच उभिएकी उस्तै नारीबीच हात जोडिरहेकी नारीका मुद्राहरू देखियो । त्यसै गरी कुनै मुद्रामा पिपलको हाँगाबाट दुई ओटा किराजस्ता जन्तु निस्किएका अनि अर्को मुद्रामा छ ओटा किरणयुक्त सूर्यको प्रतीक, कुनै मुद्रामा एउटै शरीरबाट तीन ओटा जन्तुका शिर निस्किएका, कुनै मुद्राहरू गरुड पंक्षी अङ्कित भएकाहरूका प्रदर्शन गऱ्यो ।*[२]

---

[१] **भूमिसूक्त**, पृ. १९५ ।

[२] ऐजन ।

ती मुद्राहरूमा विभिन्न साङ्केतिक लिपिहरू प्रयोग गरिन्थे भन्दै उपन्यासकार अगाडि भन्दछन् :

*"मातृ उमाको वाहन, योगेश्वर पशुपति, सूर्य, पिपल आदि चित्राङ्कित त बुझें तर मुद्राहरूमा यत्र तत्र विशेष चिह्नहरू पनि देखिन्छन्" । ..."यी विशेष चिह्नहरू अर्थबोध गराउने लिपिहरू हुन् । कुनैमा पणिपतिका नाम अङ्कित छन्, कुनैमा आराध्यदेवका नाम लेखिएका छन्, कुनैमा वस्तुका नाम छन् र कुनैमा ती पणिपतिका मन्त्र छन्"।*[१]

यसरी उपन्यासकारद्वारा उल्लेख गरिएका उक्त मुद्रासम्बन्धी कुरो यसै परिच्छेदको प्रारम्भमा स्पष्ट पारिएका र परिशिष्ट चारमा देखाइएका विविध मुद्राहरूसँग मिल्दो देखिन्छ ।

**ताम्रपट्टात्मक कला**

मोहेन् जो दडो र हडप्पामा केही ताम्र-पट्ट प्राप्त भएका छन् । प्रायः जसो ताम्र-पट्ट मोहेन् जो दडोमा प्राप्त भएका छन् र हडप्पामा जम्मा आठ ओटा ताम्र-पट्ट प्राप्त भएको कुरा विद्वान्हरूको छ ।[२] केही विद्वान्हरूले ती ताम्र-पट्ट जन्तरका रूपमा प्रयुक्त हुने गरेका कुराको सम्भावना व्यक्त गरेका छन् ।[३] ती ताम्र-पट्ट आकृतिका आधारमा तीन प्रकारका हुने गर्थे भन्ने विद्वान्हरूको ठहर छ : लामा र चौडा, वर्गाकार भएका र आयाताकार भएका । मुद्राहरूको अभिलेख मुद्रा स्वामीहरूको नाम, पद आदिका द्योतक मानिन्छन् भने ताम्र-पट्टका लेख पशुहरूसँग सम्बन्धित छन् ।[४]

**मृद्भाण्डीय कला**

यद्यपि नयाँ ढुङ्गे युगको अन्ततिर सामान्यतः माटाका भाँडाहरूको निर्माण गर्ने गरिन्थ्यो, जुन मातृका-प्रधान युग थियो र प्रायः महिलाले नै माटाका भाँडा बनाउने कार्य गर्थे, तथापि क्रमशः समय बित्दै जाँदा त्यो कार्य गर्न पुरुषहरूले सुरु गरे । सैन्धव सभ्यतामा आइपुग्दा त्यस कार्यले राम्रै गति पाउन सुरु गऱ्यो ।

सैन्धव क्षेत्रमा जसरी ढुङ्गा र धातुका मूर्तिभन्दा धेरै मूर्ति माटाका प्राप्त भएका छन्, त्यसरी त्यस क्षेत्रका विविध प्रकारका सामग्री वा भाँडाहरूमध्ये माटाका भाँडा नै सबैभन्दा धेरै

---

१ ऐजन, पृ. १९६ ।

२ किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १२१ ।

३ आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२७ ।

४ किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १२१ ।

प्राप्त भएका छन् । ती माटाका भाँडाहरू पनि माटाका मूर्ति झैं नै खण्डित अवस्थाका प्राप्त भएका छन् ।[१]

सैन्धव क्षेत्रमा माटाका भाँडाहरू व्यावसायिक दृष्टिले बनाइन्थे र प्रायः जसो ती भाँडा चाकबाट निर्मित हुन्थे । ती भाँडालाई आगाको भट्टिहरूमा पकाएर बलिया पार्ने कार्य गरिन्थ्यो । माटाका भाँडामा विविध खालका चित्र बनाउने काम पनि गरिन्थ्यो । त्यो कार्य भने अन्तिमसम्म पनि नारीहरूले नै गर्थे भन्ने अनुमान विद्वान्हरूको छ ।[२] त्यसरी व्यापारिक दृष्टिकोणले बनाइने माटाका भाँडाहरूको निर्माता छुट्टै हुन्थे, जसलाई ऋभु भनिन्थ्यो भन्दै उपन्यासकार भन्दछन् : *सिन्धु नदीको पूर्वीय किनाराको एक गाउँका छाप्राहरूमा मनुहरूले माटाको भाँडा, हिलो माटोका डल्ला र हत्केलाभरिको डल्ला र काला र पहेंला माटाका घुमाउरा वस्तु बनाएर आगोमा पोली भाँडाको बाहिर चिह्न लागेको दृश्य देखे ।*[३]

घैंटा आदि विविध प्रकारका मृद्भाण्डका साथै सैन्धव सभ्यतामा माटाका भाँडा निर्माताहरूले नारीले लगाउने माटाका कङ्कण पनि तैयार पार्थे भन्ने मत उपन्यासकार दीक्षितको छ : *एउटी ऋभु नारीले आगोमा पोलेर झिकेर छुट्टै खात बनाएर राखिएकाबाट दुई ओटा गोल वस्तु झिकेर श्रद्धाका नारीमा लगाइदिई र यसलाई कङ्कण भनिन्छ भनी बताई ।*[४]

ती माटाका कङ्कणहरू लगाएर त्यस क्षेत्रका नारीहरू आफू सुन्दर देखिएको गौरव गर्थे भन्ने भनाइ उपन्यासकारको छ :...*त्यस्तो सुनौलो र रातोजस्तो देखिने चुरा आफ्नो नाडीमा रहेको देखेपछि श्रद्धा आफू सुन्दरी भएकी ठानेर दौडदै मनुछेउ गइन् र चुराको प्रशंसा गर्न थालिन् ।*[५]

तर अन्य पुरातत्त्वविद्हरूले विविध प्रकारका मृद्भाण्डको उल्लेख गरेको पाइए तापनि माटाका बालाको उल्लेख गरेको भने पाइँदैन ।

सैन्धव सभ्याताको अन्तिम चरणतिर भाँडाका निर्माणमा ह्रास आएको लक्षण देखिन्छ । माटाका भाँडा बनाउनको लागि माटो नदीबाट ल्याइन्थ्यो । आकार प्रकारको विविधता सैन्धव क्षेत्रका माटाका भाँडाको एउटा विशेषता हो ।[६] त्यहाँ मूलतः साना भुँड्का, पाला, घैंटा, हाँडी, ढक्कन आदि निर्माण गरिन्थे ।[७]

---

[१] ऐजन, पृ. १२९ ।

[२] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२७ ।

[३] **भूमिसूक्त**, पृ. २३० ।

[४] ऐजन, पृ. २३० ।

[५] ऐजन, पृ. २३० ।

[6] हेर्नू : परिशिष्ट ५ ।

[७] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२७ ।

### ४.४.५ अन्य उपकरण

सैन्धव क्षेत्रमा हात्तीको दाँत, ढुङ्गा, धातु आदिको सहयोगबाट र तिनैबाट बनाइएका घरायसी विविध उपकरणका अवशेष प्राप्त भएका छन् । त्यस्ता उपकरणमध्ये युद्धमा काम लाग्ने भाला, चक्कु, बाण आदि उपकरणहरू पनि सैन्धव सभ्यतामा बनाइन्थे ।[१]

घरायसी कार्यका उपयोगका लागि तामा, काँसका ढक्कन, कटौरा, थाल आदि भाँडाहरूको निर्माण गरिन्थ्यो ।[२] त्यस्तै आरी, ताबा आदिको पनि निर्माण त्यस सभ्यतामा हुन्थ्यो । त्यस्तै विभिन्न प्रकारका तामाबाट छिना बनाइन्थे ।[३]

केही हथौडाबाट तामाका गृह-उपयोगी विभिन्न प्रकारका वस्तु बनाउने गरेको कुरा उपन्यासकार दीक्षितको छ : *घरमा आँगनमा बसेर काठको हतौडीले ढुङ्गाका छेनीमा हान्दै तामाका वस्तुहरू बनाउने गर्दारहेछन् ।*[४] यसरी निष्कर्षमा भन्नु पर्दा सैन्धव सभ्यतामा विविध कला कौशलका अतिरिक्त घरायसी र युद्धसम्बन्धी अनेक उपकरणहरूको पनि निर्माण गरिन्थ्यो ।[५] ।[५]

### ४.४.६ विज्ञान-प्रविधि

सिन्धु सभ्यताको लिपि पढ्न नसकिएकाले त्यस सभ्यताको विज्ञान-प्रविधिगत वास्तविक बौद्धिक स्थिति के कस्तो थियो भनेर इदमित्थं गर्न सकिने अवस्था छैन ।[६] लिपि पढ्न नसकिए तापनि सामान्यतः मूर्तरूपमा पाइने अवशेषका रूपमा पाइएका नाप-तौलका वस्तुबाट सिन्धु क्षेत्रका व्यक्तिमा गणितको राम्रो ज्ञान थियो भन्न सकिन्छ ।[७] त्यस्तै भवनादिको योजना र निर्माणबाट गृह-निर्माणका लागि चाहिने आज इन्जिनियरिङ् भनिने अभियन्तृत्वसम्बन्धित ज्ञान पक्कै उनीहरूमा थियो भन्ने अनुमान गर्नैपर्छ । आजका यातायातका साधनका प्रारम्भिक रूपहरू सैन्धव सभ्यतामा थिए । जसलाई विज्ञान-प्रविधिको एउटा प्रारम्भिक रूपमा लिन सकिन्छ भन्ने मत उपन्यासकार दीक्षितको छ :

---

[१] ऐजन ।

[२] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १४७ ।

[३] ऐजन ।

[४] ऐजन, पृ. २३० ।

[५] हेर्नू : परिशिष्ट ५ ।

[६] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२७ ।

[७] ऐजन, पृ. ५२८ ।

*निकै साना र माटाका बनेका दुई ओटा गोल पाङ्ग्राको बीचमा रथका धुरामाथि माटाको फराकिलो मुखमा पातलो छाला ढोलकमा झैं कसेर टाँसेको थियो । डोरीले तानेर पाङ्ग्रा घुमाउँदा ती दुई कप्टेरालाई पाङ्ग्राले पालै-पालो उचालेर कचौराको छालामा हानेपछि पट् पट् पट् आवाज निस्कदो रहेछ ।... सडकमा माटाका पाङ्ग्रा गुडाएर काठका, बाँसका साना र पातला कप्टेराले सानो ट्याम्कोमा हानेर आवाज झिकिएको हो ..।*[1]

उक्त विवरणबाट आजको विज्ञान-प्रविधिको जस्तो स्थितिमा नभए तापनि सैन्धव सभ्यताको समाज विज्ञान-प्रविधितिर लम्कदैं थियो भन्न सजिलैसँग सकिन्छ । माथि यसै परिच्छेदमा उल्लेख गरिएको नगर-विन्यास र भवन निर्माणको स्थितिलाई हेर्दा पनि यस कुराको पुष्टि हुन्छ ।

सैन्धव सभ्यताका सुतीका कपडाहरू त्यस बेला पनि पश्चिमी संसारमा प्रसिद्ध थिए । सिन्धु क्षेत्रमा उनी र रेशमी कपडाको पनि निर्माण गरिन्थ्यो[2] भन्ने विद्वान्हरूको भनाइबाट पनि त्यस बेला सैन्धव सभ्यतामा राम्रै विज्ञान-प्रविधिको स्थिति थियो भन्न सकिन्छ । वस्त्र -निर्माणको बारेमा अन्य विद्वान्सँग उपन्यासकार सहमत देखिन्छन् :

*कपासका गुजुल्टा लिएर केही पुरुष सुत कातिरहेका, केही छाप्राका नारीहरू कातिएको सुतलाई काठका यन्त्रमा सोझो गरी तानेर कसिएका तेर्सा पट्टीबाट सुतको पुतली घुसारेर कपडा बुन्ने गरेका देखे । मनु परिवारले साँणका रेसाबाट मोटा खस्रा दुकुल बनाएको देखे ।*[3]

सिन्धु क्षेत्रको समाज आयुर्विज्ञानमा पनि अग्रगतिमा नै थियो भन्ने देखिन्छ । जसले विज्ञानको अग्रगति देखाउँदछ :

*चरक भन्ने गरिएका वैद्यहरूमा शरीरका विविध व्याधिहरू, तिनका निदान र औषधोपचार गर्ने ज्ञान पर्याप्त मात्रामा थियो । ..."त्यस्ता एक सुश्रुतले हरियुपियामा एउटा पणि असुरको शिरको व्याधि निवारणनिम्ति खप्परको तीन ठाँउमा प्वाल पारेर त्यहाँ जमेको रगत झिकेर स्वास्थ्य प्रदान गर्ने जस्तो त्रासदीपूर्ण शल्यक्रियालाई समेत सम्पन्न गरेको थियो" ।*[4]

---

[1] **भूमिसूक्त**, पृ. २०५ ।

[2] सत्यकेतु विद्यालङ्कार, **भारतीय संस्कृतिका विकास,** पूर्ववत्, पृ. ५१ ।

[3] **भूमिसूक्त**, पृ. २३० ।

[4] ऐजन, पृ. २१८ ।

सैन्धव सभ्यतामा विभिन्न प्रकारका माला, आभूषणको निर्माण गरिन्थ्यो ।[1] ती माला, आभूषणहरू सुन, चाँदी, मणि-माणिक्य आदिबाट निर्माण गरिन्थे ।[2] यस्ता विभिन्न खालका आभूषणका निर्माणका लागि मिहिन चिन्तन र मिहिनेत हुनुपर्छ, जुन कार्य राम्रो प्राविधिक ज्ञानविना हुन सक्दैन भन्ने पुरातत्त्वविद्को मत छ ।[3] जुन मतसँग उपन्यासकार पनि सहमत हुँदै ती माला, आभूषण बनाउने प्रक्रिया देखाउने कोसिस गर्दछन् :

*जनपतिको यन्त्र काठैकाठको थियो । यन्त्रको दाहिनेपट्टि काठको ठूलो पाङ्ग्रालाई जोडेर पाङ्ग्रा घुमाइरहेकी थिई । पाङ्ग्रा घुमाएपछि छालाको पट्टीले अर्को सानो खँदिलो पाङ्ग्रालाई यन्त्रमा घुमाइन्थ्यो मात्र होइन यन्त्रको दुवैपट्टिको उस्तै खँदिलो काठका पाङ्ग्राको बीचमा सुइरोको टुप्पोमा सूक्ष्मतम हीराको टुक्रालाई काठको दुई अंगुलि लामो छडले घुमाइरहेको थियो ।[4] ...सानो पाङ्ग्रा घुमाउँदै सुस्तरी सुस्तरी हीराका दुवै सुइरोलाई माणिक्यको नजिकै सार्दै थियो । दुवै सुइरोले माणिक्यलाई दुईतिरबाट छुने आवाज आएको बुझेपछि त्यसले कान्तिलाई झन वेगसाथ पाङ्ग्रा घुमाउन र पानीको धारालाई मिलाएर सुइरोमा हालिरहन बहिनी रजालाई भन्यो । खिरिरि ध्वनिका साथ दुवै सुइराले माणिक्यलाई छोड्न थाले ।...माणिक्यको बीचमा धागो हाल्न सकिने छिद्र बन्दै गयो ।...अब दुवैपट्टिका दुवै सुइराका टुप्पाले एक अर्कालाई छोए भन्ने बुझ्ना साथ आफ्नो सानो पाङ्ग्रालाई घुमाएर जनपतिले दुवै सुइरोलाई माणिक्यबाट झिकेर हेऱ्यो । माणिक्यको बीचमा वरिपरि प्वाल बनेछ ।[5]*

यसरी यस्ता विविध वस्तुहरूको निर्माण कार्यबाट सैन्धव समाजमा विज्ञान-प्रविधिको गति राम्रै अगाडि बढ्दै थियो भन्न सकिन्छ ।

### ४.४.७ धर्म

लिखित साक्ष्यका अभावमा सैन्धव क्षेत्रका निवासीको धार्मिक विश्वासका बारेमा इदमित्थं भनेर भन्न सकिने अवस्था छैन ।[6] तथापि मोहेन् जो दडो र हडप्पाका भग्नावशेषमा केही यस्ता

---

[1] हेर्नू : परिशिष्ट ५ ।

[2] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग,** पूर्ववत्, पृ.९८ ।

[3] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. २२९ ।

[4] **भूमिसूक्त**, पृ. २१४ ।

[5] ऐजन, पृ. २१५ ।

[6] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१४ ।

वस्तुहरू प्राप्त भएका छन् जसका आधारमा सिन्धु सभ्यताको धर्मका बारेमा केही उपयोगी कुराहरू गर्न सकिन्छ ।[१]

उपन्यासकार दीक्षितका अनुसार सैन्धव सभ्यतामा एलम प्रदेशीय मातृकाप्रधान समाजको बलिप्रथा जस्ता कुराहरूलाई नराम्रो ठानिए तापनि मातृकाप्रधान समाजका कतिपय कुराहरूबाट यो समाज प्रभावित थियो । जसको एउटा उदाहरण मातृकाको मूर्ति बनाइनु र पूजा गर्नु हो ।[२]

त्यही प्रभावले नै सिन्धु सभ्यतामा सबैभन्दा बढी मूर्ति मातृदेवीका प्राप्त भएका छन् ।[३] यसले सिन्धु सभ्यतामा देवीहरूको पूजा गरिन्थ्यो, जसको प्रभावले आज पनि दुर्गाका रूपमा पूजिने गरिएको छ भन्ने पुष्टि हुन्छ । मातृका र दुर्गाका पूजाका बारेमा उपन्यासकार भन्दछन् :

*पिप्पलवृक्षमुनि श्रीयन्त्र कोरेर त्यसमाथि सात ओटा गोल र सौम्य ढुङ्गा लहरै राखी ती ढुङ्गालाई सप्तमातृकाको प्रतीक मानेर सिन्दुर तथा भेडावाखाका मात्र रक्तबलि दिने कार्य यहाँका असुरहरूले सुरु गरेछन् ।...पार्वता सुम्निमा हैमवतीका पूजा-अर्चनालाई पनि ल्याएका रहेछन् । हैमवती पार्वतालाई यहाँ पशुबलि नै दिइँदो रहेछ । तिनीलाई यहाँ दुर्गा भन्ने गर्दारहेछन् । आफ्ना माया र तन्त्रद्वारा पार्वताले महापुष्करको रक्षानिम्ति तिनै इँटले दुर्ग तथा पशुपतिका आराधकहरू योग र ध्यान गर्दारहेछन् ।*[४]

सिन्धु सभ्यतामा उपन्यासकारले व्यक्त गरे झैं एलम प्रदेशीय मातृका-प्रधान समाजको प्रभाव पर्नु एउटा पक्ष थियो भने संसारका प्रायः सबै पुराना सभ्यतामा मातृदेवीको पूजा गरिने कुरा विद्वान्हरूले गरेका छन् ।[५] जसका आधारमा पनि सैन्धव सभ्यतामा पनि मातृदेवीहरूको पूजा उपासना गरिन्थ्यो भन्न सकिने भयो ।

सिन्धु सभ्यतामा मातृदेवीमा मूर्तिका अतिरिक्त अनेक पुरुष-मूर्ति पनि प्राप्त भएकाले पुरुष देवताको पनि पूजा र उपासना गरिन्थ्यो भन्ने प्रमाण प्राप्त हुन्छन् ।[६]

त्यस्ता पुरुषमध्ये मूलतः पशुपतिको पूजा गरिन्थ्यो ।[७] पशुपतिका अतिरिक्त साँढेयुक्त शिवको, नागको पूजा र उपासना पनि गरिन्थ्यो ।[१] पशुपति, शिव, नाग आदिका उपासकका

---

[१] सत्यकेतु विद्यालङ्कार, **भारतीय संस्कृति का विकास,** पूर्ववत्, पृ. ४८ ।

[२] हेर्नू : परिशिष्ट ३ ।

[३] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१४ ।

[४] **भूमिसूक्त**, पृ. १९२ ।

[५] सत्यकेतु विद्यालङ्कार, **प्राचीन भारतीय इतिहास का वैदिक युग,** पूर्ववत्, पृ. ९४ ।

[६] ................ **भारतीय संस्कृति का विकास,** पूर्ववत्, पृ. ४८ ।

[७] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१५ ।

अतिरिक्त विष्णु, गणपति, नृसिंह आदिका उपासक पनि सिन्धु सभ्यतामा थिए भन्ने मत उपन्यासकारको छ :

*त्यो नगरमा आहुर, द्रबिड, दानव, दैत्य तथा मरुस्थलका काला जातजातिका नरनारी छन् । दावन र दैत्यहरू विष्णुको आराधना गर्दछन् ।...उमा र पशुपतिका आराधना गर्ने वा नगर्ने किरातहरू पशुपालनमा विशेष रुचि लिन्छन् । ...मनुष्यशरीरमा हात्तीको टाउको राखेर त्यसलाई गणपति भन्नेहरू, त्यसै गरी मानिसको शरीरमा सिंहको टाउको राखेर नृसिंहका अनुयायीहरू, भेडाका शरीरमा गरुडका शिर राखी आराधना गर्नेहरू...।*[२]

सैन्धव सभ्यतामा त्यसरी विभिन्न देवी देवताको पूजा, आराधना गरिने भए तापनि मन्दिर नबनाइएको तर देव-देवीको उपासना खुला स्थानमा गरिन्थ्यो ।[३]

यसरी विभिन्न देव देवता मान्ने अलग अलग प्रकृतिका व्यक्तिहरू हुँदा हुँदै पनि सैन्धव सभ्यतामा धार्मिक एकता र सहिष्णुता थियो भन्ने मत दीक्षितको छ :

*स्वधर्मले यी सबै प्रजालाई सुख, शान्ति, समृद्धिमा बाँधेको छ । मेरा श्रेणीहरूमा नरनारीहरू आफ्ना धर्मअनुसार आफूले सकेजति काम गरेर वस्तुहरू बुझाउँछन् । त्यसै गरी तिनका सन्तुष्टिका निम्ति उपयुक्त परिमाणमा म आफ्नो धर्म अनुसार अन्न बस्त्र तथा अन्य आवश्यकताहरू तिनीहरूलाई दिने गर्छु । हाम्रो न्याय यही हो, तिनीहरूको र मेरो धर्म यही हो । यही धर्मले हामी सबैलाई यहाँ धारण गरेको छ । यो धर्मविरुद्ध यहाँ हामी कोही पनि कुनै अन्याय नगरी परस्परमा सुखी बस्छौं ।*[४]

यसरी हेर्दा सैन्धव सभ्यतामा विभिन्न प्रकारका देव-देवीलाई पूज्ने गरिन्थ्यो । कोही कोही लिङ्गोपासक पनि थिए । त्यसरी विविधता हुँदा हुँदै पनि विविधतामा एउटा एकता थियो, जसले सिन्धु क्षेत्रका बासिन्दा त्यस समयमा पनि त्यत्रो उन्नति र प्रगतिमा पुग्न सफल दिए । सैन्धव सभ्यतामा सामाजिक, आर्थिक, विज्ञान, प्रविधिगत प्रगति र उन्नति उच्चस्तरको थियो ।

गीताले 'जन्मेकाको मृत्यु पक्का छ र मरेकाको जन्म पनि पक्का छ'[५] भनेझैं यसै नियमलाई सैन्धभ सभ्यताले पनि पालना गर्ने नै भयो । समय क्रमका साथ यसको नाश भयो । तर यसको नाश कहिले भयो ? कसरी भयो ? कस्ले गर्‍यो ? भन्ने कुरामा इदमित्थं भन्न सकिने

---

१ किरण कुमार थपल्याल, पूर्ववत्, पृ. १८३ ।

२ **भूमिसूक्त**, पृ. १९८ ।

३ आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५१८ ।

४ **भूमिसूक्त**, पृ. १९९ ।

५ जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च । **श्रीमद्भगवद्गीता**, अध्याय २, श्लोक २७ ।

अवस्था छैन । तैपनि विद्वान्हरूले विभिन्न धारणा व्यक्त गरेका छन् । कसैले जल-वायु परिवर्तनका कारणले यस क्षेत्रमा खडेरी पऱ्यो र यसको नाश भयो भन्ने मान्दछन् ।[1] मार्सल, एस. आर. राय आदि विद्वान्ले भीषण बाढीका कारणले यस सभ्यताको नाश भयो भन्ने ठान्दछन् ।[2] आर. एल. राइक्स्, एम. आर. साहनी आदि विद्वान्ले यसको नाश भूतात्त्विक परिवर्तनका कारणले भयो भन्ने मान्दछन् ।[3] ह्वीलर जस्ता केही विद्वान्ले यसको नाशको कारण बाह्य आक्रमणलाई ठान्दछन् ।[4] यिनले ऋग्वेदमा इन्द्रलाई नगर वा दुर्गको विनाशक अर्थ दिने पुरन्दर, वृत्रलाई मार्ने, काला दस्युहरूको सेनालाई परास्त गर्ने व्यक्तिका रूपमा वर्णन गरेको प्रसङ्गलाई सैन्धव सभ्यताको आक्रमणको प्रमाणका रूपमा लिएका छन् ।[5] अन्य केही विद्वान्ले भने सामाजिक विलासिता, दुर्व्यसन, नैतिक पतन, आर्थिक कमजोरी आदिलाई यस सभ्यताको कारणका रूपमा उल्लेख गर्दछन् ।[6] उपन्यासकार दीक्षितले भने यही नै हो भनेर एउटै कारणको उल्लेख नगरेर यस सभ्यताको नाशका लागि ऋग्वेदमा उल्लिखित विषयको अनुसरण गर्दै इन्द्रको नेतृत्वमा देवहरूले गरेको आक्रमणबाट यस सभ्यताको नाश भएको हो भन्नुका साथै सहयोगीका रूपमा नदीका भीषण बाढी पनि नाशका कारणका रूपमा उल्लेख गरेका छन् :

> *आफ्ना इन्द्रहरूलाई अघि लगाएर असुरहरूसित महायुद्ध गर्न थाले । देव र ऋषिजनसित वेगवान् रथ तथा यज्ञाग्निरूपी आग्नेयास्त्र र ब्रह्मास्त्रहरू थिए । त्यस्ता महायुद्धहरूमा देव र ऋषिजनसित मन्त्र, वेग, कौशल, चातुर्य र दन्नतन्त्रहरू थिए । तिनका सामु असुरहरूका साना वाणहरू वृषभ-गाडा र विशाल सैन्यबल प्रभावहीन तथा शिथिल हुँदै गए । सयौं वर्षसम्म यसरी अग्निवाणरूपी अग्नि-अस्त्रहरूले असुर-नगरीलाई अग्निदाहद्वारा नष्ट तुल्याउँदै आफ्ना नगर छोडेर अन्यत्र देश वा विदेशमा भाग्नुपर्ने अवस्था असुरहरूका निम्ति उत्पन्न भयो । त्यसरी सयौं नगरी जनहीन हुँदै गए । ती असुरहरू भाग्दा तिनले आफ्ना धन ऐश्वर्य जहाँ थिए त्यो ठाउँबाट पलायन*

[1] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२९ ।

[2] किरण कुमार थपल्याल, पूर्ववत्, पृ. ३०३ ।

[3] आर. एन. पाण्डेय, पूर्ववत्, पृ. ५२९ ।

[4] ऐजन ।

[5] स वृत्रेहेन्द्रः कृष्णयोनीः पुरन्दरो दासीरैरयद्वि ।
अजनयन्मनवे क्षामपश्च सत्राशंसं यजमानस्य तूतोत् ॥ **ऋग्वेद**, २-२०-७ ।

[6] भगवान् सिंह, पूर्ववत्, पृ. ४८६ ।

*गर्नुपऱ्यो ।[1]...त्यसै त्यस बेला सप्तसिन्धुका सबै नदीहरूले पनि असुर नगरीलाई आफ्ना बाढीद्वारा नष्ट तुल्याउन थालेका थिए ।[2]*

यसरी विद्वान्‌हरूले विभिन्न मत प्रकट गरे तापनि मूलतः बाह्य आक्रमणबाट र अंशतः बाढी र जलवायुपरिवर्तनबाट सैन्धव सभ्यताको नाश भएको थियो । नाशपछि त्यहाँका मुख्य बासिन्दाहरू मात्र होइन नाशक आर्य-ऋषिहरू पनि भारततिर प्रवेश गरे । भारततिर प्रवेश गरेको अल्प समयमा नै भारतका विभिन्न स्थल, सिन्धु क्षेत्रदेखि पूर्व र दक्षिणपट्टि पाञ्चाल, मत्स्य, अवन्ति आदि बाह्र ओटा जनपदहरू बसाले र ती जनपदमध्ये विदर्भ र निषध आर्य-ऋषिहरूले बसाले भन्ने मत उपन्यासकारको छ । तर यस कुरालाई अन्य विद्वान्‌हरूले स्पष्टताका साथ केही भनेको पाइन्न ।

उपन्यासमा ती नयाँ जनपदहरूको सामान्य वस्तुस्थिति देखाउनका लागि जुवाको विषयलाई ल्याएर नलले वनवास जानुपरेको कुराबाट एकातिर समाजका विकृतिहरूका कुरा देखाउन खोजिएको छ भने अर्कातिर त्यस बेलाको त्यस क्षेत्रको वेदाध्ययन, यज्ञ, ध्यान आदिको परम्परालाई कोट्याउन खोजिएको छ । त्यस प्रकारको गुरुकुलीय परम्परालाई देखाउँदै भारतीय उपमहाद्वीय प्राचीन शिक्षा पद्धतिको प्रारम्भिक अवस्थालाई देखाउन खोज्दै उपन्यासकार भन्दछन्:

*वेदाध्ययनमा लागेका आफ्ना अन्तेवासिन्‌हरू ऊर्ध्वकृशन कुमार माथीय, सङ्कुसुक , देवश्रवा र शङ्ख यामायनहरूसामु महर्षि यमलाई देवश्रवाको प्रश्नले गम्भीर तुल्यायो । आफ्नो नाभिबाट ॐ को मधुर अनहद नाद निसृत गर्दै यम गहिरो ध्यानावस्थामा लीन हुँदै गए । ...आचार्यको त्यो योग-मुद्रा देखेर शिष्यहरू स्थिर र ध्यानस्थ भए । सुस्तरी मन्त्र पढ्दै शिष्यहरूले गार्हपत्य-अग्निमा घृताज्यका आहुतिहरू दिइरहे ।[3]*

यसबाट त्यस समाजमा राम्रा, नराम्रा विविध पक्षहरू थिए भन्ने कुरो स्पष्ट हुन्छ । यस क्रममा उपन्यासकार दीक्षितले दिवोदास र शम्बरको युद्धको वर्णन गर्दै इसापूर्व पन्ध्र सयतिरका राजा रजौटाहरू के-कसरी राज्यका लागि र आफू सम्राट् बन्ने महत्त्वाकाङ्क्षा राख्दै लामो समयसम्म युद्ध गर्थे र त्यसमा नारीहरूले पनि साथ दिन्थे र वीराङ्गना कहलाउँथे भन्ने देखाउँदछन् :

---

[1] **भूमिसूक्त**, पृ. २१९ ।

[2] ऐजन, पृ.२२५ ।

[3] ऐजन, पृ.२४० ।

*त्यसरी दिवोदास-शम्बर लडाइँ चलेको अब त अठ्तीस वर्ष भइसकेको थियो । शम्बरका पन्चानब्बेभन्दा बढी गढहरू ध्वस्त भइसकेका थिए ।*[1] *...दिवोदास र शम्बरबीच सात दिनसम्म युद्ध चल्यो । शम्बर सेनामा महारथी रहेको वर्चीले दशरथको रथको धुरामा क्षति पुऱ्यायो । कैकेयीले*[2] *आफ्नो प्रत्युत्पन्नमति र रणकौशलको उपयोग गरी धुराबाट खस्ने मौकामा पाङ्ग्रालाई जागाइन् र दशरथको रथलाई सुरक्षित ठाउँतिर पुऱ्याई दशरथको प्राण-रक्षासमेत गरिन् ।*[3]

उपन्यासकारले अहल्याको मुक्तिको विषयलाई कोटचाएर तात्कालिक समाजमा दासत्वका कुराले, कुनै निउमा नारीलाई ग्राम-निस्कासनसम्म गरिने कुराहरूले स्थान पाएका थिए भन्ने देखाउन खोजेका छन् । विशेषतः नारीका विषयमा त्यस्तो देखिएको थियो र त्यसको मुक्तिका लागि स्वरहरू उठाउँने व्यक्ति पनि त्यस समाजमा थिए भन्ने कुरालाई कोट्याउँदै उपन्यासकारले समाजको वास्तविक चित्र देखाउने कोसिस गर्दछन् :

*त्यो दिन जे भएको थियो, गौतमको तेजद्वारा अभिभूत ग्रामले अधर्म भनेर मलाई निष्कासन गऱ्यो गाउँबाटै ...। ...अहल्याको मुहारमा लगत्तै चिन्ताका गहिरा रेखा पनि सरर्र प्रकट भए ।*[4] *...परापूर्व कालमा नारी स्वच्छन्द अनावृत र मातृकास्वरूप थिए । तर अहल्या मातृका थिइनन् । ...त्यसैले ग्रामबहिष्कृत भइन् । सभाकै निर्णय थियो त्यो ।*[5] *...अहल्याले पापबाट मोक्ष पाइन् भनी सभाले स्वीकार गऱ्यो ।... अहल्याले अन्त्यमा आफैंमाथि विजय पाएको अनुभव गरिन् ।*[6]

यसरी उपन्यासकारले सैन्धव सभ्यता नष्ट भएपछि भारतका विविध ठाउँमा स्थापित समाज, संस्कृतिका बारेमा केही औंल्याउँदै उपन्यासको अन्त गर्दछन् ।

## ४.५ निष्कर्ष

सिन्धु, रावी, गङ्गा आदि नदीका तीर र ती नदीका वरिपरि पुष्पित र पल्लवित सभ्यतालाई सैन्धव सभ्यता भनिन्छ । सुरुमा यस सभ्यताको सत्ता रावी नदीको तीरमा रहेको

---

१ ऐजन, पृ.३२३ ।

२ यहाँ कैकेयी भन्नाले त्यस बेलाकी प्रतिनिधि नारी-पात्र बुझ्नुपर्छ ।

३ **भूमिसूक्त**, पृ. ३३३ ।

४ ऐजन, पृ. ३८९ ।

५ ऐजन, पृ. ४०१ ।

६ ऐजन, पृ. ४०९ ।

हडप्पामा र त्यसका वरिपरि ज्ञात हुनाले यसलाई हडप्पा सभ्यता भनिन्थ्यो, जुन पदावली आज पनि कतिपय विद्वान्ले प्रयोग गरेको पाइन्छ । लगत्तै सिन्धु नदीको नजिक रहेका मोहेन् जो दडो, कोटदीजी, चन्दुदडो आदि क्षेत्रमा जानिएकाले सैन्धव सभ्यता भन्न थालियो । अनुसन्धान र अध्ययन हुँदै जाँदा आज-भोलि यसका अवशेष पन्जाब, गङ्गा-यमुनाको तीर, राजस्थान, गुजरात, काठियाबाड आदि विशाल क्षेत्रमा प्राप्त भइरहेका र आज पनि यसको अध्ययन अनुसन्धान भइरहेको हुनाले उक्त नाम अलिग अव्याप्त छ । जे होस् यो सभ्यता विशाल र व्यापक रूपमा त्यस बेला नै फैलिएको थियो भन्न कत्ति पनि सङ्कोच मान्नु पर्दैन । यस सभ्यताका स्थापक र विकासकमा आर्य, द्रविण, असुर, ब्रहुई, सुमेरियन, पणि, व्रात्य, बाह्लीक, दास र नागहरू थिए ।

उपन्यासकारले विपू. २७०० देखि १७०० सम्म यस सभ्यताको अस्तित्व थियो भन्ने मत प्रकट गर्दछन् । उपन्यासकारको भनाइमा विपू. सत्ताइस सयबाट यसको निर्माण सुरु भएको थियो भन्ने आधारमा हेर्दा पनि यो सभ्यता इसापूर्व पच्चीस सयतिर निर्मित भइसकेको थियो ।

यस सभ्यतासँग सम्बद्ध विभिन्न पुरातात्त्विक अवशेषको प्राप्ति र अध्ययन गर्दै विद्वान्हरूले यसको क्षेत्रको व्यापकता र विस्तारलाई अझै बढाइरहेका छन् । अहिलेसम्मको खोजअनुसार यो सभ्यता वर्तमान अफगानिस्तान, पाकिस्तान र भारतका कतिपय क्षेत्रमा फैलिएको थियो । त्यसमध्ये पूर्वमा आलमगीरदेखि पश्चिममा सूत्कागेन्डोर गरी लगभग १६ सय किमि. र उत्तरमा जम्मुको मान्डादेखि दक्षिणमा दाइमाबादसम्म गरी लगभग चौध सय किमिमा फैलिएको थियो ।

यसरी विस्तृत र उन्नत सैन्धव क्षेत्रका बासिन्दाहरूमा भिन्न-भिन्न आजीविकाका  थिए । माथिल्ला वर्गमा पुरोहित, डाक्टर, ज्योतिषी र टुनामुना गर्ने व्यक्तिहरू र निम्न वर्गका मान्छेमा माझी, कृषक, वणिक्, गोठाला, कुमाले आदि व्यक्तिहरू बस्थे । भवन निर्माताहरू विशेष कलाकार थिए ।

यस सभ्यतामा भव्य गृहहरूको निर्माण, अत्यन्त राम्रो आज पनि आश्चर्य लाग्ने खालको योजनापूर्ण नगर-निर्माण, खेती-पाती, कृषि-कार्यका अतिरिक्त ढुङ्गाका, धातुका, माटाका विभिन्न मूर्तिहरूको निर्माण, सामानको आदान-प्रदानात्मक व्यापार, व्यापरिक प्रयोजन र आभिचारिक प्रयोजनका लागि विभिन्न मुद्राहरूको निर्माण आदि कार्यहरू गरिन्थे । विज्ञान-प्रविधिमा पनि यस सभ्यताका बासिन्दाहरू अत्यन्त जागरुक थिए । यसै गरी यस सभ्यताका मान्छेहरू विविध धर्ममा आस्था राख्ने प्रकृतिका थिए । निष्कर्षमा त्यस समयमा पनि यसरी समृद्ध र समुन्नत हुनु यस सभ्यताको ठूलो विशेषता हो ।

सैन्धव सभ्यताको नाशका बारेमा विभिन्न विद्वान्का विभिन्न मत पाइन्छन् । उपन्यासकारले भने यस सभ्यताको नाश मूलतः बाह्य आक्रमणबाट भयो भने अंशतः त्यस आक्रमणलाई नदीहरूमा आएका भीषण बाढीले पनि सहयोग गऱ्यो भन्ने मत प्रकट गर्दछन् । यसको नाशमा बाह्य आक्रमण, बाढी र जलवायविक परिवर्तन नै कारणका रूपमा थिए ।

सैन्धव सभ्यताको नाशपछि सिन्धु क्षेत्रको पूर्व र दक्षिणपट्टि भारतका विभिन्न ठाउँमा विभिन्न जनपदहरू बसालिए । ती जनपद वा ती क्षेत्रमा जुवा खेल्ने, सर्वस्व हार्ने र बाध्य भएर वनवासतिर लाग्ने जस्ता विकृतिहरू देखापरेका थिए । राज्यको महत्त्वाकाङ्क्षाले स-साना राजा रजौटाका लडाइँ हुने गर्थे । भारतीय उपमहादेशको आज पनि अस्तित्वमा रहेको गुरुकुलीय पठन-पाठनको स्थिति त्यस बेला राम्रै भइसकेको थियो । नारीहरू पनि वीराङ्गना थिए । समय बित्दै जाँदा समाजमा नारी अथवा अशक्तलाई हेप्न खोज्ने, गाउँदेखि बहिष्कार गर्ने आदि प्रवृत्ति देखिए । त्यसका विरुद्धमा सशक्त रूपमा उत्रने खालका व्यक्तिको पनि समाजमा अस्तित्व थियो, जसले त्यस्ता विकृतिलाई परास्त गर्ने गर्दथे ।

## परिच्छेद पाँच

# शोध-निष्कर्ष

प्रस्तुत **'भूमिसुक्त' उपन्यासको समाजिक अध्ययन** नामक शोधपत्र तयार भएको छ । यसमा पहिलो परिच्छेदमा शोधको प्रयोजन, विषयपचिय, समस्याको उठान, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, यसको सीमाङ्कन, यसका विधिका साथै शोध-पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा मानवको उत्पत्ति र समाज-विकासका बारेमा चर्चा गरिएको छ । मानव-उत्पत्तिका सम्बन्धमा पाश्चात्य र भारतीय उपमहाद्वीपीय विद्वान्हरूले विभिन्न चिन्तन प्रस्तुत गरेका छन् । कसैले मानवलाई दैवी शक्तिका रूपमा स्विकार्दै नित्य मान्दछन् भने कसैले प्राकृतिक रूपमा उत्पन्न भएको मान्दछन् । वैज्ञानिक चिन्तन विशुद्ध भौतिकवादी चिन्तन हो । जुन डार्विनको विकासवादी सिद्धान्तद्वारा प्रभावित भएकाले यस चिन्तनमा सोही सिद्धान्तका आधारमा मानवीय उत्पत्तिलाई हेरिन्छ । समाज-विकासलाई केलाउँदा मानवीय समाज प्रारम्भिक समयदेखि पुरानो ढुङ्गे युग, नयाँ ढुङ्गे युग, धातुको युग र वैज्ञानिक युग गर्दै आजको अवस्थासम्म आइपुग्यो ।

तेस्रो परिच्छेदमा **भूमिसूक्त** उपन्यासमा वर्णित मातृका-प्रधान समाजका बारेमा चर्चा गरिएको छ । मानवको आदिम युगदेखि आजसम्मको अवस्थालाई समाज-शास्त्रीय रूपमा चित्रण गर्नुपर्दा मातृका-प्रधान समाज नयाँ ढुङ्गे युगको समाज हो, जुन समाज सभ्यता र चिन्तनका दृष्टिले प्रारम्भिक समाज हो ।

मानव-उत्पत्तिको होइन तर मानवीय सभ्यताको बीजावस्थामा नारी-प्रधान समाज थियो भन्ने कुरा समाज-विकासको चरित्र, मोर्गन, एङ्गेल्स् आदि समाज-शास्त्रीका चिन्तन र देवी-भागवत, कालिका पुराण, सप्तशती चण्डी आदिका आधारमा पुष्ट हुन्छ ।

सत्ता भन्ने बित्तिकै राजनैतिक शासन-सत्ता बुझ्नु पर्ने हुनाले त्यस नारीप्रधान समाजलाई नारीसत्तात्मक समाज भन्न मिल्दैन । त्यस समाजताका मानव-सभ्यता भर्खर अगाडि बढ्ने तरखरमा थियो । यस शोधकार्यमा त्यस मातृका-प्रधान समाजको विश्लेषण र चिन्तन गर्दा **भूमिसूक्त** उपन्यासमा वर्णित एलम-प्रदेशको नारी-प्रधान समाजलाई केन्द्रबिन्दु बनाएर गरिएको छ । सभ्यता र विकासका दृष्टिले भर्खर वामे सर्ने तरखरमा रहेकाले त्यस समाजलाई प्रारम्भिक समाज भनिएको हो । समग्र मातृ-प्रधान समाजका आधारमा हेर्दा त्यो समाजमा पहिले खेतीपाती सुरु भयो । तर यस शोधमा विवेच्य विषय भूमिसूक्तको समाज भएकाले यस आधारमा हेर्दा

प्रारम्भिक समाजमा पशुपालन पहिले सुरु भयो भने पछि मात्र खेतीको कार्य सुरु भयो । त्यस समाजमा केही ढुङ्गाका, काठका विभिन्न औजार बनाउने, माटाका भाँडाहरूको निर्माण गर्ने, घाम-पानीबाट जोगिनका लागि स-साना घरहरू निर्माण गर्ने कार्य हुन्थे । आजको राजनैतिक अर्थमा नभए तापनि त्यस समाजमा नारीहरूको प्रमुखता भएकाले पुरुषमात्रलाई एउटा समूहविशेषका रूपमा हेरिन्थ्यो अतः पौराणिक आधारमा हेर्दा त्यस बेलाका पुरुषहरूलाई प्रायः एउटै नामबाट बुझिन्छ । त्यस प्रारम्भिक समाजमा विशेष प्रकृतिको बलि दिने चलन थियो । जसमा मातृबलि र पितृबलि दिइने गरिन्थ्यो । त्यो समाज विघटित भएर विभिन्न स्थलमा छरिनु र नयाँ परम्परा र सभ्यताको जन्म हुनुमा प्रमुख कारण यही बलिप्रथा रहेको थियो । जसलाई कुप्रथाका रूपमा लिएर त्यहाँबाट अन्यत्र जानेहरूले क्रमिक रूपमा त्यस प्रथालाई अनुसरण गर्न छाडे र क्रमशः समाज पुरुष-प्रधानतातिर डोरियो ।

चौथो परिच्छेदमा सैन्धव सभ्यताका बारेमा चर्चा गरिएको छ । सुरुमा सिन्धु क्षेत्रमा ज्ञात भएकाले त्यस सभ्यतालाई सैन्धव सभ्यता भनिएको हो । तर त्यो सभ्यता आजको अफगानिस्तानमा रहेको सोर्तुघई, पाकिस्तानमा रहेको सिन्ध प्रदेशका मोहेन् जो दडो, चन्दुदडो, कोटदीजी आदि स्थल, पाकिस्तानमै रहेको पन्जाब प्रदेशका हडप्पा, रोपड, बाडा आदि स्थलमा र आजको भारतमा रहेका हरियाण, राजस्थान, गुजरात, महाराष्ट्र र उत्तर-प्रदेशका राखीगढ, कालिबङ्गा, आलमगीरपुर, लोथल, दामादाबाद आदि गरेर विशाल क्षेत्रमा पुष्पित र पल्लवित थियो । सैन्धव सभ्यता पूर्वी स्थल अलामगीरदेखि पश्चिम सुत्कागेन्डोरसम्म गरी लगभग १६०० किमि र दक्षिण दाइमाबाददेखि उत्तरी स्थल रहमानढेरीसम्म लगभग १४०० किमिमा फैलिएको थियो ।

त्यस सभ्यताको काल उपन्यासकार दीक्षितका मतमा विपू २७०० देखि १७०० सय सम्मको एक हजारको थियो । तर विभिन्न मतका निष्कर्षका आधारमा हेर्दा इसापूर्व पच्चीस सयतिर त्यो सभ्यता स्थापित भइसकेको थियो ।

त्यस सभ्यताका स्थापक र र विकासकमा द्रविड, ब्रहुई, सुमेरियन, पणि, असुर, व्रात्य, बाह्लिक, दास, नाग र आर्यहरू थिए ।

त्यस सभ्यताको समाज र संस्कृति समुन्नत थियो । विभिन्न कलाहरू उक्त सभ्यताका विशेषताका रूपमा थिए । विशेषतः गृह-निर्माण, नगर-विन्यास प्रक्रिया, धातु, ढुङ्गा र माटाका विभिन्न मूर्तिहरू, अनेक प्रकारका मुद्राहरू आदि उल्लेख्य कलाका रूपमा थिए । त्यस क्षेत्रमा निर्मित सुती र रेशमका कपडाहरूले पश्चिमी देशहरूमा राम्रो प्रसिद्धि पाएका थिए । त्यस क्षेत्रको

आन्तरिक र बाह्य व्यापार राम्रो थियो । त्यस बेलाको व्यापार भने अहिलेको जस्तो द्रव्य विनिमयात्मक नभएर सामानको विनिमयको हुन्थ्यो ।

त्यस सभ्यतामा शाक्त, वैष्णव, पाशुपत आदि धर्मावलम्बीहरू थिए । त्यहाँका बासिन्दाहरूमा धार्मिक विविधता हुँदा-हुँदै पनि एकताको बलियो गाँठो थियो । आजको विज्ञान-प्रविधिको अवस्था नरहे तापनि त्यस सभ्यतामा त्यसै समयको सापेक्षतामा हेर्दा विज्ञान प्रविधिको विकास आश्चर्यजनक थियो । समग्रमा सैन्धव सभ्यता अत्यन्त समृद्ध थियो । त्यो समृद्ध सभ्यतालाई यथासम्भव शब्दचित्रमा उतार्ने कार्य **भूमिसूक्त** उपन्यासमा भएकाले यसलाई सिन्धु सभ्यताको सजीव चित्रणका रूपमा हेरिएको छ ।

इसापूर्व सत्र सयतिर सिन्धु सभ्यताको नाश भयो । प्रमुख रूपमा बाह्य आक्रमण र सहयोगीका रूपमा बाढी र जलवायविक परिवर्तन त्यस सभ्यताका नाशका कारक बने ।

सैन्धव सभ्यतोत्तर कालमा भारतका विभिन्न ठाउँमा जनपदहरू बसालिए । ती जनपदका समाजमा राम्रा नराम्रा पक्षहरू देखिए । त्यस समाजमा जुवा खेल्ने, जुवा आदिमा षड्यन्त्र गर्ने र षड्यन्त्रमा पर्ने, सर्वस्व गुमाउने र वनवासतिर लाग्ने जस्ता नराम्रा पक्षहरू मौलाउनुका साथै प्राचीन भारतीय आश्रमीय व्यवस्था अन्तर्गत गुरुकुलीय पद्धतिमा शिष्यहरूले शिक्षा लिने कार्य पनि अगाडि बढे । साना-साना राजा रजौटाहरू चक्रवर्ती सम्राट् बन्ने ठूला आकाङ्क्षाबाट प्रेरित भएर एकापसमा लामो समयसम्म भीषण लडाइँ गरे । जसमा कतिपय अवस्थामा तात्कालिक नारीहरू पनि सहयोगी बनेको विषयलाई **भूमिसूक्त** उपन्यासमा केलाइएको छ ।

प्राचीन नारी-प्रधान समाज पुरुष-प्रधानतातिर सैन्धव सभ्यतामा नै परिवर्तित भइसकेको थियो । सैन्धव सभ्यतोत्तर भारतीय समाजमा नारीलाई केही स-साना गल्ती, त्रुटिका निउमा गाउँबाट नै निस्कासन गर्ने जस्ता विकृत स्थिति देखापर्न थाले । तर त्यस समाजमा त्यस्ता विकृतिका विरुद्धमा खरो उत्रने व्यक्तिहरू पनि अस्तित्वमा रहेका कुराहरूलाई **भूमिसूक्त** उपन्यासमा चित्रण गरिएको छ ।

निष्कर्षमा भन्दा **भूमिसूक्त** उपन्यासका आधारमा सैन्धव सभ्यता विविध पक्षमा वैभवशाली र समृद्ध थियो । ती वैभव र समृद्धिहरू त्यसपछिका तात्कालिक भारतीय समाजमा देखिएका छैनन् ।

# परिशिष्ट एक

कश्यपका सैँतीस पत्नीका सन्ततिहरू

कश्यपका सैंतीसओटी पत्नीहरूबाट जन्मेका विभिन्न पुराणमा वर्णित सन्ततिहरूको नाम निम्नानुसार पाउन सकिन्छ :

**अदितिका छोरा** - अदितिका छोरा आदित्य बाह्रओटा छन् : अंश (अंशु, अंशुमत्, विधातृ), अर्यमन् (यम), इन्द्र (शक्र), उरुक्रम (विष्णु), त्वष्टा, धातृ, पूषन्, भग, मित्र, वरुण (पर्जन्य), विवस्वत्, सवितृ ।[1]

**अरिष्टाका छोराहरू** - अतिबाहु, आचार, ज्योतिष्टम, तुम्बुरु, दारुण, पूर्ण, पूर्णांश (पूर्णायु), बह्वीच (ब्रह्मार्च), ब्रह्मचारिन्, भानु, मध्य, रतिगुण (शतगुण), वरूथ, वरेण्य, वसुरुचि, विश्वावसु , सिद्ध, सुचन्द्र, सुपर्ण, सुरुचि, हंस, हाहा, हूहू, आदि गंधर्व अरिष्टाका छोराहरू भए ।

**अरिष्टाका छोरीहरू** - अनवद्या, अरुणा, अरूपा, अंलबुषा, असुरा , केशिनी , तिलोत्तमा, भासी, मनु, मनोरमा, मार्गणप्रियाा, मिश्रकेशी, रक्षिता, रम्भा, वंशा, विद्युत्पर्णा, सुप्रिया, सुबाहु, सुभगा, सुरजा र सुरता ।

**इराका सन्ततिहरू** - यिनका सन्ततिहरूमा वृक्षादि हुन् ।

**कद्रूका छोराहरू** - अककर, अकर्ण, अक्रूर, अनन्त, अनील, अपराजित, अम्बरीष, अलिपिण्डक, अश्वतर, आपूरण, आत, आर्यक, उग्रक, एलापत्र, ऐरावत, कपित्थक, कपिल, कम्बल, कररोमन्, करवीर, कर्कर, कर्कोटक, कर्दम, कलषपोतक, कल्माष, कालीय, कालीयक, कुञ्जर, कुठर, कुण्डोदर, कुमुद, कुमुदाक्ष, कुलिक, कुहर, कूर्म, कूष्माण्डक, कोरग्य, कौणपाशन, क्षेमक, गन्धर्व, ज्योतिक, तक्षक, तित्तिरि, दधिमुख, दुर्मुख, धनञ्जय, धृतराष्ट्र , नहुष, नाग, निष्ठानक, नील, पतञ्जलि, पद्म (सम्वर्तक), पाणिन, पिङ्गल, पिञ्जर (पिंजरक), पिठरक, पिण्डक, पिण्डारक, पुष्पदंष्ट्र, पूर्णभद्र, प्रभाकर, प्रह्लाद, बलाहक, बहुमूलक, बहुल, बाह्यकर्ण, बिल्वक, बिल्वपाण्डुक, ब्राह्मण, भुजङ्गम, मणि, मणिस्थल, महाकर्ण, महानील, महापद्म,

[1] तै. आ., १-१३ ।

महापद्म, महाशङ्ख, महोदर, मुद्गर, मूषकाद, वामन, वालिशिख, वासुकि, विमलपिण्डक, विरजस्, वृत्त, शङ्कुरोमन, शङ्ख, शङ्खपाद, शङ्खपाल, शङ्खपिण्ड, शङ्खमुख, शङ्खरोमन, शङ्खशिरस्, शबल, शालिपिण्ड, शुभानन, शेष, श्रीवह, श्वेत, सुबाहु, सुमन, सुमुख, सूनामुख, हरिद्रक, हल्लक, हस्तिकण, हस्तिपद, हस्तिपिण्ड र हेमगृह ।

**कपिलाका सन्ततिहरू** - अमृत ,ब्राह्मण, गन्धर्व, अप्सरा, नन्दिनी आदि गाई र दुई खुर भएका प्राणी भए ।

**कालकाका छोराहरू** - यिनका कालकेय अर्थात् कालकञ्ज छोरा भए ।

**कालाका छोराहरू** - क्रोध, क्रोधशत्रु, क्रोधहन्तृ र विनाशन ।

**काष्ठाका छोराहरू** - घोडा आदि एक खुर भएका प्राणी भए ।

**क्रोधवशाका छोरीहरू** - इरावती, कपीशा, तिर्या, दंष्ट्रा, मद्रमना , भूता, मातङ्गी, मृगमदा, मृगी, रिषा, शार्दूली, श्वेता, सरमा, सुरसा, हरि, हरिभद्रा । यिनीहरूका अतिरिक्त क्रोधवशाका क्रूर जलचर पंक्षी, दंदशूकादि सर्प तथा क्रोधवश नामका राक्षस भए ।

**खसाका सन्ततिहरू** - अकम्पन, अश्व, उषस्य, कपिलोमन्, कथन, चन्द्रार्कभीकर, तुण्डकोश, त्रिनाभ, त्रिशिरस् , दुर्मुख, धूम्रित, निशाचर, पीडापर, प्रहासक, बुध्न, बृहज्जिह्व, भीम, मधु, मातङ्ग, लालवि, वक्राक्ष, विस्फूर्जन, विलोहित, शतदंष्ट्र, सुमालि आदि पुत्र तथा आलंबा, उत्कचोत्कृष्टा, कपिला, केशिनी, निर्ऋता, महाभागा, शिवा, आदि कन्याहरू भए । यी सबै यक्ष, राक्षस, मुनि तथा अप्सराहरू थिए ।

**ग्रावाका सन्तति** श्वपद भए ।

**ताम्राका सन्ततिहरू** - अरुणा, उलकी, काकी, क्रौञ्ची, गृध्रिका (गृध्री), धृतराष्ट्रिका, (धृतराष्ट्री) भासी, शुकी, शुची, श्येनी, सुग्रीवी तथा गाई, भैंसीहरू कन्याका रूपमा भए ।

**तिमिका सन्ततिमा** जलचरगण भए ।

**दनुका छोराहरू** - अजक, अप्र, अनुपायन, अशिरस् , अयोमुख, अरिष्ट, अरुण, अश्व, अश्वग्रीव, अश्वपति, अश्वशङ्कु, अश्वशिरस्, असिलोमन्, अहर, आमाहासुर , इन्द्रजित्, इन्दतापन, इरागर्भशिरस् , इषुपात , ऊर्णनाभ,

एकचक्र, एकाक्ष, कपट, कपिल, कपीश, कालनाभ, कुपथ, कुम्भनाभ, कुम्भमान, केतु, केतुवीर्य, केशिन्, गनमूर्धन्, गविष्ठ, गवेष्टिन, चन्द्रमस्, चूर्णनाभ, जभ, तारक, तुहुड, दीर्घजिह्व, दुन्दुभि, दुर्जय, देवजित्, द्विमूर्धन्, धुम्रकेश, धृतराष्ट्र, नमूचि, नरक, निचन्द्र, पुरुण्ड पुलोमन्, प्रमद, प्रलम्ब, बलक, बलाढच, बाण, बिन्दु, भद्र, भृशिन् , मघ, मघवान्, मद, मय, मरीचि, महागिरि, महानाभ, महाबल, महाबाहु, महामाय, महाशिरस् , महासुर, महोदक, महोदर, मारीचि, मूलकोदर, मेघवत्, रसिप, वज्रनाथ, वज्राक्ष, वनायु, वातापि, वामन, बिकुंभ, विक्रान्त, विक्षोभ, विक्षोभण, विद्रावण, विपाद, विप्रचित्ति, विभावसु, विभु, विराध, विरुपाक्ष, वीर, वीर्यवत्, वृक, वृषपर्वन्, वैमृग, वैशानर, वैसृप, शकुनि, शंकर, शंकुकण, शंकुशिरस्, शंकुशिरोधर, शठ, शतग्रीव, शतमाय, शतह्रद, शङ्कुरय, शतह्राद, शतह्वयाा, शम्बर, शरभ, शलभ, सत्यजित्, सप्तजित्, सुकेतु, सुकेश, सुपथ, सूक्ष्म, सूर्य , हयग्रीव, हर, हिरण्मय र हिरण्यकशिपु ।

**दनायुका छोराहरू** - बल, विक्षर, वीर र वृत्र आदि छोराहरू उत्पन्न भए ।

**दयाका सन्ततिमा** पर्वतहरू भए ।

**दितिका छोराहरू** - उनन्पचास वायु, वज्राङ्ग, सिंहिका, हिरण्यकशिपु, हिरण्याक्ष आदि छोरा भए । पद्म पुराणमा दैत्यको कृत्य गर्ने प्रत्येक व्यक्तिलाई दितिपुत्र मानिएको छ ।

**पतङ्गीका सन्ततिहरूमा** पङ्क्षीहरू भए ।

**पुलोमाका सन्ततिमा** पैलोम भए ।

**मुनिका सन्ततिहरू** - अर्कपर्ण, उग्रसेन, कलि, गोपति, चित्ररथ, धृतराष्ट्र, नारद, पर्जन्य, प्रयुत, भीम, भीमसेन, वरुण, शालिशिरस्, सत्यवाच्, सुपर्ण, सूर्यवचस् नामका सोह्र गन्धर्व र अजगंधा, अनपाया, असिता, असिपर्णिनी, अद्रिका, क्षेमा, पुण्डरिका, मनोभवा, मारीचि, लक्ष्मणा, वरंवरा, विमनुष्या, शुचिका, सुपिया, सुबाहु, सुभुजा, सुरसा आदि अप्सराहरू भए ।

**यामिनीका सन्ततिहरूमा** पंक्षीविशेष भए ।

**विनताका सन्ततिहरू** - अरिष्टनेमि, अरुण, आरुणि, गरुड, तार्क्ष्य, वारुणि नामका छोराहरू र सौदामिनी नामकी छोरी भइन ।

**विश्वाका सन्ततिहरूमा** करोडौं यक्ष तथा राक्षसहरू भए ।

**सरमाका सन्ततिहरूमा** वनेचरहरू भए ।

**सिंहिकाका छोरा** - यिनका चन्द्रप्रमर्दन, चन्द्रहतृ, राहु तथा सुचन्द्र भए ।

**सुरभिका सन्ततिहरू** - अङ्गारक, अज, अहिर्बुध्न्य, ईश्वर, ऊर्ध्वकेतु, एकपाद, कपाला, चण्ड, ज्वर, निर्ऋति, पिङ्गल, भल, भीम, भुवन, मृत्यु, विरूपाक्ष, विलोहित, वृषभ, शम्भु, शास्तृ सदसस्पति, सर्प नामका छोराहरू र गान्धारीर रोहिणी छोरीहरू भए ।

**सूर्याका सन्ततिमा** यमधर्म भए ।[१]

---

[१] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. १३० ।

## चौध मनुहरूको विवरण

एउटा कल्पमा १४ मन्वन्तर हुन्छन् र अहिलेको मन्वन्तर वैवस्वत हो । जुन मनुको विवरण उमन्यासमा यत्र तत्र पाइन्छ । यिनका बारेमा स्पष्ट हुन प्रथम मनु मानिएका स्वायम्भुवदेखिका मनुहरूको विवरण दिइन्छ । यहाँ स्मर्तव्य विषय के छ भने प्रत्येक मनुका छुट्टै सप्तर्षि, देवगण, इन्द्र, पौराणिक दृष्टिमा ईश्वरीय मानिएका कुनै न कुनै अवतार र छोराहरू मानिन्छन् ।

### १. स्वायम्भुव मन्वन्तर

(क) मनु : स्वायम्भुव ।

(ख) सप्तर्षि : अङ्गिरस, अत्रि, ऋतु, पुलस्त्य, पुलह, मरीचि र वसिष्ठ ।

(ग) देवगण : ऋचीक, गृणान, जनिमत्, जर, जविष्ठ, दुह, बृहच्छुक्र, मितवत्, विभाव, विभु, विश्वदेव, श्रुति र सोमपायी ।

(घ) इन्द्र : विश्वभुज् ।

(ङ) अवतार : यज्ञ तथा कपिल ।

(च) पुत्र : अग्निबाहु, अग्नीध्र, ज्योतिष्मत्, द्युतिमत्, पुत्र, मेधस्, मेधातिथि, वसु, सवन र हव्य ।

### २. स्वारोचिष मन्वन्तर

(क) मनु : स्वारोचिष

(ख) सप्तर्षि : अर्ववीर, ऋषभ (कश्यप वा काश्यप), दत्त, निश्च्यवन, प्राण , वृहस्पति र स्तम्ब

(ग) देवगण : तुषित, इडस्पति, इध्म, कवि, तोष, प्रतोप, भद्र, रोचन, विभु, शान्ति, सुदेव र पारावत ।

(घ) इन्द्र : विपश्चित् ।

(ङ) अवतार : तुषितपुत्र अजित ।

(च) पुत्र : अयस्मय अपोमूर्ति, ऊर्ज, किम्पुरुष, कृतान्त, चैत, ज्योति, नभ, प्रतीत, भानु, विभृत, श्रुत, सुकृति, सेतु र हविघ्न ।

## ३. उत्तम मन्वन्तर

(क) मनु : उत्तम ।

(ख) सप्तर्षि : अनघ, उर्ध्वबाहु, गात्र, रज, शुक्र, सवन र सुतपस् ।

(ग) देवगण : प्रतदर्न, वशवर्तिन्, शिव, सत्य र सुधामन् ।

(घ) इन्द्र : सुशाति ।

(ङ) अवतार : सत्याको छोरा सत्य अथवा धर्म तथा सुनृताका छोरा सत्यसेन ।

(च) पुत्र : अज, अप्रतिम, ऊज, तनूज, दिव्य, नभ, नभस्य, मधु, माधव, शुक्र र शुचि ।

## ४. तामस मन्वन्तर

(क) मनु : तामस

(ख) सप्तर्षि : अकपि, अग्नि, कपि, काव्य, चैत्र, ज्योतिधर्मन् , धातृ र पृथु ।

(ग) देवगण : वीर, वैधृति, सत्य, सुधी, सुरूप र हरि ।

(घ) इन्द्र : शिखि ।

(ङ) अवतार : हरि ।

(च) पुत्र : अकल्मष, कृतबन्धु, कृशाश्व, केतु, क्षान्ति, खाति, जानुजंघ, तन्वीन् , तपस्य, तपोद्युति, तपोधन, तपोभागिन्, तपोमूल, तपोयोगिन् , तपोरति, दृढेषुधि, दान्त, धन्विन्, नर, परन्तप, परीक्षित, पृथु, प्रस्थल, प्रियभृत्य, शतहय, शान्त, शुभ, सनातन र सुतपस् ।

## ५. रैवत मन्वन्तर

(क) मनु : रैवत ।

(ख) सप्तर्षि : ऊर्ध्वबाहु, देवबाहु, पर्जन्य, महामुनि, यदुध्र, वेदशिरस् र हिरण्यरोमन् ।

(ग) देवगण : आभूतरजस्, अमिताभ, प्रकृति वैकुण्ठ र शुभ ।

(घ) इन्द्र : विभु ।

(ङ) अवतार : मानस् अथवा वैकुण्ठ ।

(च) पुत्र : अव्यय, अरण्य, अरुण, अर्जुन, कवि, कम्बु, कृतिन्, तत्त्वदर्शिन् , ( धृतिकृत्, धृतिमत्, निरामित्र, निरुत्सुक, निर्मोह, प्रकाश, बलबन्धु, बाल, महावीर्य, युक्त, वित्तवत् बिन्ध्य, शुचि, शृङ्ग, सत्यक, सत्यवाच्, सुयष्टव्य र हरहन् ।

## ६. चाक्षुष मन्वन्तर

(क) मनु : चाक्षुष ।

(ख) सप्तर्षि : अतिनामन्, उत्तम, नभ, विरजस्, विवस्वत्, सहिष्णु, सुधामन् र सुमेधस् ।

(ग) देवगण : आद्य, ऋभ, ऋभु, पृथग्भाव, प्रसूत, भव्य, वारि र लेख ।

(घ) इन्द्र : भवानुभव अथवा मनोजव ।

(ङ) अवतार : वैकुण्ठ अथवा अजित् ।

(च) पुत्र : अग्निष्टुत, अतिरात्र, अभिमन्यु, ऊरु, कृति, तपस्विन् , पुरु, शतद्युम्न, सत्यवाच् र सुद्युम्न ।

## ७. वैवस्वत मन्वन्तर

(क) मनु : वैवस्वत ।

(ख) सप्तर्षि : अत्रि, कश्यप (काश्यप, वत्सर) गौतम (शरद्वत्), जमदग्नि, भरद्वाज (( भारद्वाज) वसिष्ठ (वसुमत्) र विश्वामित्र ।

(ग) देवगण : आङ्गिरस (दश), अश्विनी (दुई), आदित्य (बाहृ), भृगुदेव (दश), मरुत् ( उनन्पचास), रुद्र (एघार), बसु(आठ), विश्वेदेव (दश) र साध्य (बाह्र) ।

(घ) इन्द्र : ऊर्जस्विन् अथवा पुरन्दर ।

(ङ) अवतार : वामन ।

(च) पुत्र : अरिष्ट (दिष्ट, नाभागारिष्ट, नाभानेदिष्ट, रिष्ट, नेदिष्ट, उद्दिष्ट ), ( इक्ष्वाकु, इल (सुद्युम्न), करुष, कुशनाभ, धृष्ट (धृष्णु), नभ (नभग, नाभ, नभाग), नृग, पृषध्र, प्रांशु , वसुमत् र शर्याति ।

## ८. सावर्णि मन्वन्तर

(क) मनु : सावर्णि ।

(ख) सप्तर्षि : अवश्वत्थामन्, और्व, कृप, गालव, दीप्तिमत्, राम र व्यास ।

(ग) देवगण : अमिताभ, मुख्य र सुतप ।

(घ) इन्द्र : बलि (वैरोचन) ।

(ङ) अवतार : सार्वभौम ।

(च) पुत्र : अधृष्ट, अध्वरीवत्, ऊर्ववीर, उर्वरीयस्, अपि, अरिष्ट, आज्य, ईड्य, कृति, निर्मोह, यवयस्, वसु, वरीयस्, वाच्, वैरिशमन, शुक्र, सत्यवाच् र सुमति ।

## ९. दक्षसावर्णि मन्वन्तर

(क) मनु : दक्षसावर्णि ।

(ख) सप्तर्षि : ज्योतिष्मत्, द्युतिमत्, मेधातिथि, वसु, सत्य, सबल र हव्यवाहन ।

(ग) देवगण : निर्मोह, पार, मरिचिगर्भ, सुधर्म, सुधर्मन् र सुशर्माण ।

(घ) इन्द्र : अद्भुत ।

(ङ) अवतार : ऋषभ ।

(च) पुत्र : अनीक, खड्गहस्त, गय, दीप्तिकेतु, धृष्टकेतु, निराकृति, पृथुश्रवस् वृहत र भूरिद्युम्न ।

## १०. ब्रह्मसावर्णि मन्वन्तर

(क) मनु : ब्रह्मसावार्णि ।

(ख) सप्तर्षि : अपोमूर्ति, अप्रतिम, अभिमन्यु, अष्टम, नभोग, सुकृति र हविष्मती ।

(ग) देवगण : अर्चि ।

(घ) इन्द्र : शान्ति ।

(ङ) अवतार : विष्वक्सेन ।

(च) पुत्र : अनमित्र, उत्तमौजस, जयद्रथ, निकुषंज, भुरिद्युम्न, भूरिषेण, भूरिसेन, वीरवत्, वृषभ, वृषसेन, शतानीक, सुक्षेत्र, सुपर्वन्, सुवर्चस् र हरिषेण ।

## ११. धर्मसावर्णि मन्वन्तर

(क) मनु : धर्मसावर्णि ।

(ख) सप्तर्षि : धर्मसावार्णि ।

(ग) देवगण : अग्नितेजस्, अनघ, अरुण, उदधिष्णन्, निश्चर, वपुष्मत् र हविष्मत्।

(घ) इन्द्र : तीस कामग, तीस निर्माणरत, तीस मनोजव ।

(ङ) अवतार : वृष ।

(च) पुत्र : आदर्श, क्षेमधन्वन्, गृहेषु, देवानीक, पुरुद्वह, पौण्ड्रक, मत, संवर्तक र ( सर्वधर्मन् ।

## १२. रुद्रसावर्णि मन्वन्तर

(क) मनु : रुद्रसावर्णि ।

(ख) सप्तर्षि : तपस्विन्, तपोधन, तपोमूर्ति, तपोरति, द्युति, सुतपस् र ... ।

(ग) देवगण : रोहित, सुकर्मन् , सुतार, सुमनस् ।

(घ) इन्द्र : ऋतधामन् ।

(ङ) अवतार : स्वधामन् ।

(च) पुत्र : उपदेव, देववत्, देवश्रेष्ठ, मित्रकृत्, मित्रदेव, मित्रबाहु, मित्रवत्, विदूरथ सुवर्चस् ।

## १३. रौच्य मन्वन्तर

(क) मनु : रौच्य ।

(ख) सप्तर्षि : अव्यय, तत्त्वदर्शिन्, धृतिमत्, निरुत्सुक, निर्मोक, निष्कंप, निष्प्रकंप र ( सुतपस् ।

(ग) देवगण : सुकर्मन्, सुत्रामन् र सुधर्मन् ।

(घ) इन्द्र : दिवस्पति ।

(ङ) अवतार : देवहोत्र र बृहतीका पुत्र हुने ।

(च) पुत्र : क्षत्रबद्ध, चित्रसेन, तप, धर्मधृत, धृत, निर्भय, पृथ, विचित्र, सुतपस र सुनेत्र ।

## १४. भौत्य मन्वन्तर

(क) मनु : भौत्य ।

(ख) सप्तर्षि : कनिष्ठ, चाक्षुष, पवित्र, भाजित र वाचावृद्ध ।

(ग) देवगण : अग्निबाहु, अग्निध्र (आग्नीध्र), अजित, भार्गव, मुक्त, शुक्र र शुचि ।

(घ) इन्द्र : शुचि ।

(ङ) अवतार : वृहद्भानु ।

(च) पुत्र : अभिमानिन्, उग्र, कृतिन्, गभीर, गुरु, तरस्वान्, तेजस्विन्, प्रतिर, शुचि, शुद्ध र सबल ।[१]

---

[१] ऐजन, पृ. ६११-१३ ।

माथि दिइएका कल्प, मन्वन्तर र मनुसम्बन्धी पौराणिक विवरण र तिनका समयसम्बन्धी विवरण अतिरञ्जित भए तापनि ती विवरणहरूमा केही मात्र भए पनि सत्यता पाउन सकिन्छ ।

# परिशिष्ट दुई

**'भूमिसूक्त'** उपन्यासमा प्रयुक्त केही पात्रहरूको परिचय

**तुम्बरु** - कैलाश पर्वतको पूर्व फेदीतिर अघि बढ्दै गएको मण्डलीमा तुम्बरु नामको गन्धर्व रहेको कुरा **भूमिसूक्त**मा उपन्यासकार मदनमणि दीक्षितले गरेका छन् । तर तुम्बरुलाई भागवतले ब्रह्माजीको सभामा नारदसँग गीत गाउने गन्धर्व भनेको छ ।[१] कश्यपकी पत्नी अरिष्टाका छोरामा पनि गणना गरिएको छ । यसलाई आधार मान्ने हो भने दीक्षितको कुरा अनुमानमा मात्र  आधारित छ भन्नुपर्ने हुन्छ । तर यहाँ स्मर्तव्य कुरा के छ भने तुम्बरु नामक युवक धेरै थिए वा एउटै थियो अनि ब्रह्माजीको सभा पनि कहाँ थियो भन्ने कुरामा इदमित्थं भन्न सकिने अवस्था छैन ।

**चित्ररथ** - चित्ररथ भन्ने मुनि र कश्यपकी देवगन्धर्व छोरा थिए र युधिष्ठरको यज्ञमा यिनले १०० गाई दिएका थिए भन्ने कुरो महाभारतमा आउँछ ।[२] अत प्रश्न के भने चित्ररथलाई युधिष्ठिरको यज्ञको गोदाता मानिन्छ भने के तिनै हुन् त उपन्यासकार मदनमणिद्वारा उल्लेख गरिएका गन्धर्व चित्ररथ ?  यस्ता अस्पष्टता संस्कृत जगत्मा पाउँछौ यहाँ पनि त्यही छ । यिनै चित्ररथ अर्थात् अङ्गारपर्णसँग लाक्षागृहबाट रात्रिमा निस्केका पाण्डवमध्ये अर्जुनको लडाइँ भएको कथा पनि छ ।[३]

**हैमवत** - उपन्यासकारले हिमवान्का राजा (हिमालयका राजा) हैमवत भनेका छन् र उनलाई किरातेश्वर भन्नुका साथै उनकी पत्नी मेनका र पुत्री अपर्णा, उमा आदिको उल्लेख गरेर छोरी उमाको हिमालका देव महादेवसँग विवाह गरिदिएको कुरा, नाचगान गरेका कुराहरू उपन्यासमा समेटेका छन् तर पुराणअनुसार हिमवत् पर्वतलाई देवता विशेष मानिएको छ । उनकी पत्नीलाई मेना भनिएको छ र छोरीहरूमध्ये अपर्णा, एकपर्णा आदिको कुरो आउनुका साथै हरिवंश पुराणअनुसार अपर्णाको विवाह महादेवसँग

---

[१] भागवत ५-२२-८ ।

[२] म.स., ४८-२२ ।

[३] म.आ., १७४-२ ।

भएको कुरो छ ।[१] हैमवतको विषयमा भन्ने हो भने एउटा मणिवर भन्ने यक्ष र उसकी पत्नी देवजनीका अहित, कुमुवाक्ष आदि छोराहरूमध्ये हैमवत एउटा थियो भन्ने बुझिन्छ ।[२] महाभारतले यक्षलाई पुलस्त्य र पुलह ऋषिका सन्तान र देवयोनिका जातिविशेष भनेको छ । यक्षका राजा कुबेरलाई यिनीहरूको राजा भनिएको छ ।[३] यिनीहरू मेरु पर्वतका नजिक बस्थे भनेर भनिन्छ ।[४] विष्णु पुराणका अनुसार हिमालय पर्वत र मेरु पर्वत एउटै नै हुन् भनिएको छ ।[५] किरातलाई वामन शिवराम आप्टेले **किरं पर्यन्तभूमिम् अतति गच्छतीत किरातः** भन्ने व्युत्पत्ति गर्दै शिकार गरेर जीविका चलाउने एउटा पहाडी जाति भनेको छ ।[६] यसरी हेर्दा उपन्यासकारले माथि उल्लेख गरेको कुरा अनुमानमा मात्र भर पर्ने देखिन्छ । एउटा कुरा के भने गन्धर्व र उनीहरूका स्त्री अप्सराहरू हिमालयको मध्यभागमा वस्थे भन्ने देखिन्छ र यिनीहरू नाच गान आदिमा प्रवीण थिए भन्ने कुरा स्पष्ट हो जुन विषय उपन्यासमा आएको छ । उपन्यासकारकै भनाइअनुसार पनि नाच गान गर्नु र त्यसको आनन्दमा रमाउनु हिमाली र पहाडी भेकमा बस्ने जातिहरूको विशेषता हो । जसका कारणले पनि उनले माथि भनिएका कुराहरूको अनुमान गरे ।

**यम** - उपन्यासकारले यमलाई मनुका भाइ (पृष्ठ १४८) भनेका छन् । जसका लागि उनले आफ्नो विभिन्न वैदिक, पौराणिक अध्ययनका साथै द्वारिकाप्रसाद मिश्रको **भारतीय आद्य इतिहासका अध्ययन** भन्ने पुस्तकलाई आधार बनाएका छन्, तर ऋग्वेदमा यमलाई विवस्वान् र सरण्युको छोरो भनिएको छ ।[७] पैतृक नामका आधारमा मनु र यम दुवैलाई वैवस्वत भनिने भएकाले दीक्षितले यिनलाई वैवस्वत मनुका भाइ भनेका हुन् । यिनलाई ऋग्वेदमा सबै प्राणीलाई नियमन गर्ने, मृत्युका अधिष्ठाता, मृतकहरूलाई एकत्रित गर्ने र विश्राम स्थान दिनुका साथै उनीहरूका लागि आवास बनाउने भनेर भनिएको छ ।[८]

---

[१] ह. पु., १-१८-१५-२४) ।

[२] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ५९८ ।

[३] म.आ., १ - ३३ ।

[४] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६६९ ।

[५] वि. पु., २ - ५ ।

[६] वामन शिवराम आप्टे, **संस्कृत-हिन्दी कोश**, जयपुर : रचना प्रकाशन, सन् २००४, पृ.२७७ ।

[७] ऋ. वे., १० - १४ - १७ ।

[८] ऐजन, १० - १४ - १८ ।

यिनलाई अथर्व वेदले पहिलो मनुष्य भनेको छ ।[1] शतपथ ब्राहमणमा यिनलाई दक्षिणको राजा भनिएको छ ।[2] उपनिषद्मा यिनलाई देवता मानिएको छ ।[3] पुराणादिमा यिनलाई विवस्वान् र संज्ञाको छोरो भनिएको छ ।[4] यिनको निवास-स्थानका बारेमा ऋग्वेदमा आकाश भनिएको छ ।[5] केही पुराणका अनुसार त यिनको नगरको नाम संयमिनी थियो, जुन मानससरोवरदेखि उत्तरपट्टिको पवर्तमा स्थित थियो ।[6] महाभारतमा यिनलाई प्राणीहरूलाई नियमन गर्ने र सबैको शुभाशुभ हेर्ने भनिएको छ ।[7] पहिले कुनै समयमा नैमिषारण्यमा यमले शामित्र नामको कर्म (यज्ञ) गरे र वहाँ उनीले यज्ञ-दीक्षा लिए । जसले गर्दा संसारमा मृत्यु नै हुनछोड्यो र जनसंख्या बढ्यो । त्यसपछि यिनले युद्धादिलाई जन्माए र मृत्युबाट प्राणीहरूको संख्या कम भयो भन्ने मिथक महाभारतमा पाइन्छ ।[8] कुन्तीले यिनलाई स्मरण गर्दै मन्त्रको उच्चारण गरेपछि यिनी कुन्तीनजिक गए र एउटा पुत्रलाई जन्माए, जुन युधिष्ठिर थिए ।[9] यस्ता कथाहरूको र दीक्षितको भनाइको तात्पर्यको मेलन कसरी गर्ने विचारणीय छ ।

**अङ्गिरा** -यद्यपि दीक्षितले अङ्गिरा भनेर स्वयंले महाकालीको मुहान भनेर मानेको स्त्रीराज्यको महापुरोहितको रूपमा ल्याएका छन्, तर यिनलाई कतै स्वायम्भुव मनुका पालाका सप्तर्षिमध्ये एउटा ऋषिका रूपमा मानेको पाइन्छ भने ऋग्वेदमा ययातिसँग यिनको उल्लेख पाइन्छ । ययातिको समय ३०००-२७५० इसापूर्व मानिएको छ ।[10]

**वङ्क्षु -** यो एउटा नदी विशेष हो । यसका बारेमा वामन शिवराम आप्टेले संस्कृत-हिन्दी कोशमा भन्दछन् - यो गङ्गा नदीको एउटा शाखा हो । राजा राधाकान्तदेवले शब्दकल्पद्रुम भन्ने

---

[1] अ. वे., ८- ३ - १३ ।

[2] श.ब्रा., २ - २ - ४ - २ ।

[3] बृ.उ., १ - ४ - ४ - ११, ३-३-९-२१ ।

[4] श्रीमद्भाग., ६ - ६ - ४० ।

[5] ऋ.वे.,९ - १ - १३ ।

[6] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ. ६७६ ।

[7] म.आ., ७० - १० ।

[8] म. आ., १८९ - १ - ८ ।

[9] म.आ., ११४ - ३ ।

[10] विद्यानिधि सिद्धेश्वर शास्त्री, पूर्ववत्, पृ... ।

कोशमा यसका साथै भद्रसोमालाई गङ्गाको स्रोतका रूपमा उल्लेख गरेका छन् ।[१] उनले यो गङ्गा केतुमाल वर्षमा रहेको गङ्गा हो भनेर भन्दछन् ।[२]

**भद्रसो**मा - यो एउटा नदीविशेष हो । यसका बारेमा वामन शिवराम आप्टे भन्दछन् - भद्रसोमा भनेको गङ्गा नदीको विशेषण हो । राजा राधाकान्तदेवले शब्दकल्पद्रुम भन्ने कोशमा यसलाई 'गङ्गाका साथै कुरु वर्षको नदीविशेष हो' भनेका छन् ।

[१] तस्याः स्रोतसि सीता च वङ्क्षुर्भद्रा च कीर्तिता ।

[२] सा च केतुमालवर्षस्था गङ्गा ।

# परिशिष्ट तीन

उपन्यासकार मदनमणि दीक्षितसँग लिइएको अन्तर्वार्ता

२०६६ साल असार २८ गते बेलुकी चार बजेदेखि छ बजेसम्म उपन्यासकार मदनमणि दीक्षितसँग '**भुमिसूक्त**' उपन्यासको शोधकार्यका क्रममा शोधार्थीले दीक्षितकै निवास कालिकास्थानमा लिएको अन्तर्वार्ताको केही अंश ।

**प्रश्न** - साहित्यिक फाँटलाई किन र कसरी रोज्नुभयो ?

**उत्तर** - साहित्यको लेखनमा कुनै व्यक्तिको इच्छाले काम गर्दैन । बाल्यकालदेखिको अनुभवले उसलाई थाहा नदिई एउटा दिशातिर डोऱ्याउँछ । तदनुरूप नै म पनि साहित्यतिर डोरिएँ ।

**प्रश्न** - आफूलाई विशेषतः कुन विषयको अध्येता र विद्वान् ठान्नुहुन्छ ?

**उत्तर** - हाँ... हाँ... हाँस्दै । वनारस क्विन्स् कलेजमा पढ्दा पुस्तकालयमा जुन पुस्तक पायो, त्यही बुझी नबुझी अध्ययन गर्थें । अतः कुनै निश्चित विषयमा रुचि थियो भन्ने नभए तापनि सन् १९४२/४३ तिरको कुरा हो । म बि.ए.मा पढ्थें । संस्कृत साहित्यको इतिहास पढाउने डा. ए. एस. अल्तेकर गुरुजी हुनुहुन्थ्यो । उहाँका अफिसअगाडि सैन्धव सभ्यताका अवशेष राखिएका हुन्थे । मैले उत्सुकता देखाएपछि गुरुजीले तिनका बारेमा व्याख्यापूर्वक बताउनु हुन्थ्यो । जसले गर्दा मेरो पुरातत्त्वतिर रुचि बढ्यो । विशेषतः सिन्धु सभ्यताको अध्ययनतिर मैले रुचि बढाएँ । यस सभ्यताका बारेमा अझ बलियोसँग माधवी उपन्यास लेख्न थालेपछि अध्ययन गर्न थालें । त्यो क्रम भूमिसूक्तको लेखनमा अझ अगाडि बढ्यो । अहिले पनि म यस सभ्यताका बारेमा चिन्तन गर्ने गर्छु । यसरी मैले सिन्धु सभ्यताको बारेमा बढी रुचिका साथ समय खर्चेका भए पनि म आफूलाई कुनै पनि विषयको आधिकारिक विद्वान् हुँ भन्ने ठान्दिनँ ।

**प्रश्न** - यस्तो पुरातात्त्विक र ऐतिहासिक विषयलाई प्रकाश पार्नका लागि किन उपन्यास विधा रोज्नु भयो ?

**उत्तर** - मैले भनी हालें साहित्यका लागि कुनै मूर्त कारण खोज्नु व्यर्थ परिश्रम हो । तर पनि आफ्नो साहित्यको बारेमा केही भन्नुपर्दा मैले बि. ए. मा पढ्दा संस्कृत

साहित्यका कादम्बरी, शिशुपालबध, नैषध आदि पढ्नुपर्‍यो । तिनैको पढाइले ममा साहित्यिक रुचि जागेको हो र कुनै पनि विषय लेख्दा मलाई कुनै साहित्यिक विधा अपनाउन मन लाग्छ । साहित्यिक विधाबाट वास्तविक विषयको उद्‌घाटन गर्न नसकिने भन्ने होइन । विषयअनुरूपको विधा अपनाएको भए पाठकलाई सजिलो हुन्थ्यो भन्ने तपाईंको प्रश्न होला । यस प्रश्नसँग नजिकिएर माधवी, भूमिसूक्तजस्ता उपन्यासको कुरा गर्ने हो भने त म कुनै पुरातत्त्व र समाजशास्त्रको प्रामाणिक विद्वान् होइन । शुद्ध समाज-शास्त्र र पुरातत्त्वका ग्रन्थमा कल्पनाको स्थान रहँदैन तर उपन्यासमा प्रामाणिक नभए पनि कतिपय कुराहरू कल्पनाका आधारमा राख्न पाइन्छ । त्यसै कारणले मैले पुरातत्त्व र समाजशास्त्रका विषयमा पनि उपन्यास विधा रोजेको हुँ ।

**प्रश्न** - एलमप्रदेशको मातृका-प्रधान समाजको समय कहिलेको हो ?

**उत्तर** - त्यो समाज यस बेलाको हो भनेर ठ्याक्कै भन्न सकिने कुरा होइन । तैपनि विभिन्न अध्ययनका आधारमा इसापूर्व चार हजारभन्दा पूर्वको मान्नुपर्छ ।

**प्रश्न** - एलम-प्रदेशीय मातृका-प्रधान समाजका नारीका पतिलाई महापुरोहित भन्नु भएको छ । केका आधारमा त्यसो भन्नु भएको हो ?

**उत्तर** - त्यो उपन्यासको काल्पनिक पक्ष हो ।

**प्रश्न** - प्रारम्भिक समाज मातृका-प्रधान समाज थियो र त्यो समाज समयका अन्तरालमा पुरुष-प्रधानतातिर परिवर्तित भयो भन्नेमा के प्रमाण ?

**उत्तर** - यसको शास्त्रीय ठोस प्रमाण त पाइँदैन । पश्चिमा मुलुकलाई हेर्ने हो भने एङ्गेल्स्‌को पुस्तकबाट सैद्धान्तिक रूपमा त्यसका बारेमा व्याख्या हुन थाल्यो । मैले पनि केही हदसम्म त्यसलाई आधार बनाउनुका साथै समाज-विकासको चरित्र र महाभारतमा स्कन्द कार्तिकेयका सप्तमातृका र अनुचरी मातृकाका रूपमा षाण्मातृकाको वर्णन, सप्तशती चण्डी, देवी-भागवत आदि पुराणमा रहेका मातृ-देवीहरूका वर्णनलाई आधारका रूपमा लिएको हुँ ।

**प्रश्न** - तपाईंले खेतीको प्रारम्भ नारीबाट भएको भन्नु भएको छ, तर अन्य समाजशास्त्रीले त त्यसो भनेको पाइन्न नि ?

**उत्तर** - समाज-शास्त्रीले त्यसो भनेकै छैनन् भन्ने होइन । हो सबै समाजशास्त्रीले त्यसो भनेका छैनन् । तर यो कुरा मैले कुनै वैज्ञानिकले लेखेको पढेको थिएँ । अर्को कुरा के भने समाज-विकासको चरित्रलाई मनन गर्ने हो भने त्यो निष्कर्षमा पुग्न अफठ्यारो पर्दैन ।

**प्रश्न** - नारी-प्रधान समाजमा नरबलि भएको कुरा गर्नुभएको छ, केका आधारमा ?

**उत्तर** - हो नारी-प्रधान समाजमा नरबलि थियो । त्यसको प्रमाणका रूपमा कालिका पुराण, देवी-भागवत, सप्तशती चण्डी आदिलाई मान्न सकिन्छ । तर संसारभरि नरबलि थियो भन्ने होइन ।

**प्रश्न** - मनु कुनै व्यक्ति थिए कि ?

मनु कुनै एउटै मात्र व्यक्ति होइनन् किन भने मैले वर्णन गरेका र जसलाई जोडेर हामीले आफूलाई मानव भन्दछौं, उनी सैन्धव सभ्यताभन्दा पूर्वका हुन् भन्ने मैले ठानेको छु । त्यस्तै वैदिक युगमा पनि मनु थिए । मनुस्मृति लेख्ने मनु अर्कै हुन् । जुन धेरै पछिका हुन् । यसले मनुको एउटा लहरो थियो भन्ने पुष्टि गर्छ ।

**प्रश्न** - संस्कृत वाङ्मयमा प्रयुक्त अन्य पात्रको पनि यस्तो लहरो थियो कि ?

**उत्तर** - हो ! राम्रो प्रश्न गर्नु भो । उपन्यासमै प्रयुक्त विश्वामित्र पात्रको पनि लहरो देखिन्छ । सप्तर्षिमा पनि विश्वामित्रलाई गनिएको छ । वरुणलोकमा अजीगर्ति शुनःशेपलाई बचाउने पनि विश्वामित्र । अहल्याको मुक्ति-दाता विश्वामित्र । त्यस्तै स्थिति देखिन्छ कश्यप, वशिष्ठ आदिको पनि । यसरी हेर्दा वैदिक, पौराणिक कतिपय पात्रको लहरो देखिन्छ ।

**प्रश्न** - उपन्यासमा प्रयुक्त मनु कहिलेका थिए ?

**उत्तर** - यिनी यतिखेरका नै थिए भनेर ठ्याक्कै भन्न सकिने अवस्था त छैन । तर सामान्यतः यिनी इसापूर्व तीन हजार बत्तीस सयतिरका हुन् भन्ने म ठान्छु ।

**प्रश्न** - मनुकालीन भूकम्प कहिले र कहाँ गएको थियो ?

**उत्तर** - भूकम्प भन्ने चिज बेला-बेलामा ठाउँ-ठाउँमा गइरहन्छ । अतः यसै ठाउँमा भूकम्प गएको थियो भन्न सकिने कुरा होइन । तर पुराणादिमा वर्णित सैन्धव-सभ्यतासँग सम्बन्धित मनु-कालीन जल-प्रलयसँग जोडिएको भूकम्मको कुरा गर्दा चाहिं इरान र इराकको सीमाको होर्मुज पर्वत श्रृङ्खलानजिक भूकम्प गएको थियो भन्ने मेरो ठम्याइ छ । जुन कुरा मैले भूमिकामा पनि दिएको छु । तर यहाँ स्पष्ट पार्नुपर्ने कुरा के भने त्यो भूकम्प विपू २२०० मा नगएर त्यसभन्दा पहिले गएको थियो ।

**प्रश्न** - मनुसम्बन्धी यी निष्कर्ष कसरी दिनुभयो ?

**उत्तर** - वर्तमान पुरातात्त्विक आधारका खोजीमा अन्य मनुहरूका बारेमा जानकारी पाइँदैन । यिनी वैवस्वत मनुका बारेमा पनि स्पष्ट जानकारी पाउँन सकिदैन तथापि आजको समाजशास्त्रका र पुरातत्त्वका विद्वान्हरूले केही निष्कर्ष दिने प्रयास गरेका छन् । ती विविध निष्कर्ष, विविध पौराणिक मिथकहरू र समाजका चरित्रका आधारमा मैले मनुसम्बन्धी निष्कर्ष निकालेको हुँ ।

**प्रश्न** - मनुलाई मानवीय धर्मका संस्थापक बलि-प्रथाका विरोधक कसरी र केका आधारमा मान्नु भयो ?

**उत्तर** - मानवीय मूल्य, मान्यता, माया, करुणा आदि गुणहरू विशेषतः यसै उपमहादेशमा पाइन्छन् । यी गुणहरू कहाँबाट आए भन्ने प्रश्नमा यस सभ्यताको मूल सैन्धव सभ्यतासम्म पुग्नुपर्ने हुन्छ । त्यस सभ्यताका प्रवर्तक मनुलाई मानिएकाले उनलाई मानवीय धर्मका संस्थापक मानेको हुँ । जहाँ माया, करुणा आदि हुन्छन् त्यहाँ हत्या, हिंसा आदि हुँदैनन् भन्ने तात्पर्यले बलि-प्रथाका विरोधक मान्न सजिलो भएको हो ।

**प्रश्न** - मोहेन् जो दडोका लागि तपाईंले मातृशिखर शब्दको प्रयोग गर्नु भएको छ । त्यस्को तात्पर्य के र किन प्रयोग गर्नु भएको हो ?

**उत्तर** - त्यस शब्दको प्रयोग मेरो स्वचिन्तनजन्य हो । मोहेन् जो दडोमा मुख्य बसोवास मैदानमा भए पनि डिस्काहरूमा मातृ-देवीका मन्दिर बनेका थिए । डिस्का अर्थात् शिखरमा मातृकाको मन्दिर बनेकाले मातृशिखर भनेको हुँ ।

**प्रश्न** - मातृका-प्रधान समाजको बलिप्रथामा रुष्ट भए पनि सैन्धव सभ्यता मातृका-प्रधान समाजबाट अन्य केही कुरामा प्रभावित थियो कि ?

**उत्तर** - किन नहुनु, जस्तै माटाको भाँडा बनाउने कार्य, केही हदसम्म धातुको प्रयोग गर्ने कार्य, कपडा बनाउने कार्य आदिमा प्रभावित थियो ।

**प्रश्न** - सैन्धव सभ्यताको विस्तार भव्य थियो भन्ने पाइन्छ नि ?

**उत्तर** - हो यस सभ्यताको विस्तार व्यापक थियो । मैले डेकन कलेजको पुस्तकालयमा एउटा शोध-ग्रन्थमा यसको विस्तार १३ लाख वर्ग किमिमा थियो भन्ने पढेको थिएँ ।

**प्रश्न** - सैन्धव नगरहरू संसारका प्रथम नगर थिए ?

**उत्तर** - हो सैन्धव नगरहरू संसारका पहिला नगर थिए । नगरीकरण भनेको पाकेका इँटले गृह-निर्माण गर्ने प्रक्रियालाई भनिन्छ । संसारमा सबैभन्दा पहिले पाकेका इँटले गृह-निर्माण गर्ने काम सैन्धव क्षेत्रमा भएको थियो भन्ने मेरो धारणा छ ।

**प्रश्न** - महाविस्फोबाट संसारको सृष्टि र त्यो साढे एघार अरब वर्षपूर्व भएको थियो भन्नु भएको छ । त्यो केका आधारमा भन्नु भएको हो ?

**उत्तर** - बीसौं शताब्दीको उत्तरार्द्धतिरका वैज्ञानिकरूले त्यसो भन्थे । मैले त्यसैको आधारमा भनेको हुँ । पृथिवीको उत्पत्ति पनि त्यसै बेलामा नै भएको हो ।

**प्रश्न** - भूमिसूक्त उपन्यासमा लेख्नै पर्ने केही कुरा छुटेजस्तो ठान्नुहुन्छ कि ?

**उत्तर** - विशाल क्षेत्र भएकाले सबै विषय एउटा उपन्यासमा समेटिन सक्छन् भन्ने होइन तैपनि त्यस्तो समेट्नै पर्ने कुरो छोडेजस्तो लाग्दैन । तर एउटा कुरा के भने मेरो उमेरको कारणले पनि माधवीजस्तो रसात्मकतायुक्त हुनसकेको छैन, जुन कुरो मैले उपन्यासको भूमिकामा पनि दर्शाएको छु ।

# परिशिष्ट चार

**'भूमिसूक्त'** उपन्यासमा प्रयुक्त अथर्ववेदका कण्डिकाहरू

यस उपन्यासभित्र (पृ.४११-१२) आएका अथर्व वेदको पृथ्वीसूक्त पनि भनिने भूमिसूक्तका केही कण्डिकाहरूको नेपाली अनुवाद :

**यत्ते मध्यं पृथिवि यच्च नभ्यं यास्त ऊर्जस्तन्वः संबभुवुः ।**

**तासु नो धेह्यभि नः पवस्व माता भूमिः पुत्रोऽहं पृथिव्याः ।**

**पर्जन्यः पिता स उ नः पिपर्तु ॥१२॥**

हे पृथ्वी तिम्रो मध्य भाग र नाभिकीय भाग, जुन बल र प्राणशाक्तिसम्पन्न छ । त्यस ठाउँमा हामीलाई राख र हाम्रा दोष हटाइदेऊ । किनभने तिमी (पृथ्वी) हाम्री आमा हौ र म ( हामी) छोरो हुँ । (त्यस्तै) पर्जन्य = जल देवता अथवा वर्षा मेरा (हाम्रा) पिता हुन् र उनीले मेरो (हाम्रो) पालन र मनोरथ पूरा गरून् ) ।

**भूम्यां देवेभ्यो ददति यज्ञं हव्यमरङ्कृतम् ।**

**भूम्यां मनुष्या जीवन्ति स्वधयान्नेन मर्त्याः ।**

**सा नो भूमिः प्राणमायुर्दधातु जरदष्टिं मा पृथिवी कृणोतु ॥२२॥**

(विचारशील मान्छेहरूले) भूमिमा देवताहरूका लागि सुशोभित हवि दिन्छन् । भूमिमा नै मान्छेले तर्पणद्वारा पितृलाई र अन्नद्वारा अन्य मरणशील जीवलाई जीवित राख्दछन् । यसरी सबैकी जीवनाधार बनेकी पृथिवीले हामीलाई प्राण र आयु दिऊन् । हामी वृद्धावस्थासम्म कार्यमा समर्थ बन्न सकौं ।

**यस्ते गन्धः पृथिवि संबभूव यं बिभ्रत्योषधयो यमापः ।**

**यं गन्धर्वा अप्सरसश्च भेजिरे तेन मा सुरभिं कृणु । मा नो द्विक्षत कश्चन ॥२३॥**

हे पृथिवी तिमीमा जुन पवित्र सुगन्ध विशिष्ट रूपमा प्रकट भएको छ, जसलाई सबै प्रकारका औषधीहरूले धारण गर्दछन् । जसलाई जलले धारण गर्दछ । जसलाई गन्धर्व र अप्सराहरूले ग्रहण (धारण=सेवन) गर्दछन् । त्यस गन्धले मलाई (हामीलाई) सुगन्धित बनाओस्, जसले गर्दा मलाई (हामीलाई) कसैले द्वेष नगरोस् ।

**यस्ते गन्धः पुष्करमाविवेश यं संजभ्रुः सूर्याया विवाहे, अमर्त्याः पृथिवि गन्धमग्रे ।**

**तेन मा सुरभिं कुणु मा नो द्विक्षत कश्चन ॥२४॥**

हे पृथिवी तिमीमा जुन गन्ध छ, त्यो कमलमा प्रविष्ट भयो । जुन गन्धलाई पहिले नै सूर्याका विवाहमा अमरणशील (धेरै बाँच्नेहरूले) प्रयोग गरेका थिए । त्यस गन्धले मलाई सुगन्धित बनाओस् । मलाई कसैले द्वेष नगरोस् ।

**यस्ते गन्धः पुरुषेषु स्त्रीषु पुंसु भगो रुचिः ।**

**यो अश्वेषु वीरेषु यो मृगेषूत हस्तिषु ।**

**कन्यायां वर्चो यद् भूमे तेनास्माा अपि संसृज मा नो द्विक्षत कश्चन ॥२५॥**

(हे पृथिवी) तिम्रो जुन गन्ध पुरुष र स्त्रीहरूमा छ । जसले गर्दा पुरुषमा ऐश्वर्य र अभिलाषा हुन्छ । जुन गन्ध घोडाहरूमा, वीरहरूमा, मृगहरूमा, हात्तीहरूमा र कन्यामा छ । त्यसले हामीलाई पनि सुशोभित गर । हामीलाई कसैले द्वेष नगरोस् ।

**शिला भूमिरश्मा पांसुः मा भूमिः सन्धृता धृता ॥**

**तस्यै हिण्यवक्षसे पृथिव्या अकरं नमः ॥२६॥**

'सन्धृता' (अन्नादि जीवन साधनरूपी वस्तु उत्पन्न गर्ने) भूमि र धृता (जीवनोपयोगी पुष्प आदि वस्तु उत्पन्न गर्ने) भूमि ढुङ्गो, चट्टाने पहाड, धूलो र बालौटाका भेदले चार प्रकारको छ । यस्तो विभिन्न रूप लिने सुनकी खानीरूपी पृथिवीलाई म नमस्कार गर्दछु ।

**यस्यां वृक्षा वानस्पत्या ध्रुवास्तिष्ठन्ति विश्वहा ।**

**पृथिवीं विश्वधायसं धृतामच्छा वदामसि ॥ २७**

जसमा (पुष्पित) भएपछिका फलयुक्त वृक्षहरू दिन-रात स्थिर भएर रहन्छन् । त्यस्ती (फलप्रदानद्वारा) विश्वलाई नै कल्याण गर्ने पृथिवीलाई हामीले 'धृता' भन्दछौं ।

**यस्यां गायन्ति नृत्यन्ति भूम्यां मर्त्या व्यैलव्याः ।**

**युध्यन्ते यस्यामाक्रन्दो यस्यां वदति दुन्दुभिः ।**

**सा नो भूमिः प्रणुदतां सपत्नानसपत्नं मा पृथिवी कृणोतु ॥४१॥**

जुन पृथ्वीमा विविध ठाउँमा बस्ने मान्छेहरूले आपसमा मिलेर गाउँदछन र नाच्दछन् । कहिले काहीँ आपसमा युद्ध गर्दछन् । जुन पृथिवीमा लडाइँको सूचना दिने दुन्दुभि बच्दछन् । ती पृथ्वीले मेरा (हाम्रा) शत्रुहरूलाई हटाइदिऊन् र मलाई (हामीलाई) शत्रुरहीत बनाइदिऊन् ।

**यस्यामन्नं व्रीहियवौ यस्या इमाः पञ्च कृष्टयः ।**

**भूम्यै पर्जन्यपत्न्यै नमोऽस्तु वर्षमेदसे ॥ ४२॥**

जुन पृथिवीमा धान, जौ अन्न (उत्पन्न हुन्छन्) । जुन अन्नबाट यी (देखिँदा) पाँच प्रकारका (ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र निषाद जातिहरू हुन्छन=बाँच्दछन्) । यस्ती मेघ र वर्षाबाट (बढ्ने = पुष्ट हुने) तिमी भूमिलाई नमस्कार छ ।

**यस्यां कृष्णमरुणं च संहिते अहोरात्रे विहिते भूम्यामधि ।**

**वर्षेण भूमिः पृथिवी वृतावृता सा नो दधातु भद्रया प्रिये धामनि धामनि ॥५२॥**

जुन पृथ्वीमा दिनको सायं कालमा कृष्ण सन्ध्या र रातको प्रातः कालमा अरुण सन्ध्या बन्दछन्, यस्तो उर्वर तथा एकवर्षमा कल्याण गर्ने आफ्नो अथवा सूर्यको आवृत्तियुक्त पृथिवीले हामीलाई मनोरथ वा हितकारी स्थानमा राखून् ।

**ये ग्रामा यदरण्यं याः सभा अधि भूम्याम् ।**


**ये संग्रामाः समितयस्तेषु चारु वदेम ते ॥ ५६॥**[१]

(हे पृथिवि) यस भूमिमा जति ठूला वन छन्, जति सभाहरू (आयोजित) गरिन्छन्, जति गाउँ छन्, जति लडाइँहरू हुन्छन्, जति समितिहरू छन् । ती सबैमा (हामीहरूले) मीठो र राम्रो बोलौं ।

[१] गोपालचन्द्रमिश्र (सम्पादकः), **सूक्त-रत्न-संग्रहः,** काशी : आचार्य श्रीगोपालचन्द्रमिश्रः, वि. स.२००४ ।

# परिशिष्ट पाँच

'**भूमिसूक्त**' उपन्यासमा वर्णित समाजमा निर्मित घर, माटाका भाँडा, विविध मूर्ति, खेलौना आदिका चित्रहरू :



**मातृप्रधानात्मक एलम प्रदेशीय ग्रामीण समाजको नमुना**


**स्रोत** : The Prehistory And Protohistoty Of India And Pakistan,

**पृष्ठ ४२० – २१**


**( लेखक : एच. डी. सङ्कालिया )**




**सैन्धव सभ्यताका केही माटाका भाँडाहरूको नमुना**
**स्रोत** : The Prehistory And Protohistoty Of India And Pakistan,
**पृष्ठ ४९४**
( **लेखक : एच. डी. सङ्कालिया** )




मोहेन् जो दडोको नगरनिर्माणको नमुना
स्रोत : The Prehistory And Protohistoty Of India And Pakistan,
पृष्ठ ३४९
( लेखक : एच. डी. सङ्कालिया )




**सैन्धव सभ्यताका घरहरूको निर्माणको नमुना**
स्रोत : The Prehistory And Protohistoty Of India And Pakistan,
पृष्ठ ३४४
( लेखक : एच. डी. सङ्कालिया)



**सैन्धव सभ्यताको इनारको नमुना**
(स्रोत : मोहेन् जो दडो तथा सिन्धु सभ्यता, पृष्ठ २००, लेखक : सतीशचन्द्र काला)



सैन्धव सभ्यताका आभूषणहरूको नमुना
(स्रोत : मोहेन् जो दडो तथा सिन्धु सभ्यता, पृष्ठ ५०, लेखक : सतीशचन्द्र काला)




सैन्धव सभ्यताका नारीमूर्तिको नमुना
(स्रोत : मोहें जो देडो तथा सिन्धु सभ्यता, पृष्ठ १४८, लेखक : सतीशचन्द्र काला)




सैन्धव सभ्यताका आभूषणयुक्त नारीमूर्तिको नमुना
(स्रोत : मोहें जो देडो तथा सिन्धु सभ्यता, पृष्ठ १०४, लेखक : सतीशचन्द्र काला)




सैन्धव सभ्यताको पुरुषको मूर्तिको नमुना
(स्रोत : मोहें जो देडो तथा सिन्धु सभ्यता, पृष्ठ १५८,
लेखक : सतीशचन्द्र काला)




**सैन्धव सभ्यताका केही मुद्राका नमुना**
**स्रोत : सिन्धु सभ्यता, पृष्ठ १०९**
**(लेखक : किरण कुमार थपल्याल)**



**सैन्धव सभ्यताका केही मुद्राका नमुना**
**स्रोत : सिन्धु सभ्यता, पृष्ठ १०८**
**(लेखक : किरण कुमार थपल्याल)**



**सैन्धव सभ्यतामा निर्मित माटाका विभिन्न पशु पंक्षीका मूर्तिहरू**
**स्रोत : सिन्धु सभ्यता, पृष्ठ पृष्ठ १०२**
**(लेखक : किरण कुमार थपल्याल)**

# सन्दर्भग्रन्थसूची


अग्रवाल, सरिता, **ए टेक्ट्बुक् अफ बायोलोजी,** पाट १, थड रिप्रिन्ट, विकास पब्लिसिङ् हाउस् प्रि. एलटीडी, न्यु दिल्ली, २००१ ।

**अथर्ववेदः** ।

आचार्यः, शङ्करः, **शाङ्करभाष्यम्** ।

आप्टे, वामन शिवराम, **संस्कृत हिन्दी कोश**, जयपुर : रचना प्रकाशन, सन् २००४ ।

**इशाद्यष्टोत्तरशतोनिषदः,** दिल्ली : राष्ट्रियसंस्कृतसंस्थानम्, सन् २००३ ।

उपाध्याय, बलदेव, **भारतीय दर्शन,** पुनर्मुद्रण संस्करण, वाराणसी : शारदा मन्दिर, सन् २००१ ।

......................, **बौद्ध दर्शन मीमांसा,** पञ्चम संस्करण, वाराणसी : चौखम्बा विद्याभवन, स.१९९९ ।

**ऋग्वेदः** ।

एङ्गेल्स्, फ्रेडरिक, **परिवार, निजी स्वामित्व र राज्यको उत्पत्ति,** अनु. राजेन्द्र मास्के, दोस्रो संस्करण, काठमाडौँ : प्रगति प्रकाशन, वि. स. २०५६ ।

कँडेल, घनश्याम, 'श्रद्धा र शुभेच्छाका केही शब्द', **भूमिसूक्त**, लेखक मदनमणि दीक्षित, काठमाडौँ : आमोदमणि दीक्षित, २०५८, पृ. १४-१७ ।

काला, सतीशचन्द्र, **मोहें जो देडो तथा सिन्धु सभ्यता,** काशी : प्रधानमन्त्री (नागरीप्रचारिणी सभा), १९९८ ।

कुन, कार्लटन एस., **मानव की कहानी,** अनु. विराज, दिल्ली : आत्माराम एण्ड सन्स्, स. १९८९ ।

कुमार, वागीश, **भारतीय दर्शनों मे अन्तर्निहित समरूपता**, दिल्ली : परिमल पब्लिकेशन, स.१९९० ।

कृष्णः, ईश्वरः, **साङ्ख्यकारिका**, श्रीशिवनारायणशास्त्रिविरचितया सारबोधिनीव्याख्यया समलङ्कृता, पुनर्मुद्रित संस्करणम्, वाराणसी : चौखम्बा विद्याभवन, सन् २००१ ।

**गोभिलस्मृतिः** ।

घिमिरे, माधव, 'भूमिसूक्तभित्रको महाकालसूक्त', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. २–६ ।

**तैत्तिरीय-आरण्यकम्** ।

त्रिपाठी, सी. एल., **पाश्चात्य दर्शन का इतिहास,** सम्पादक दयाकृष्ण, जयपुर : राजस्थान हिन्दी अकादमी, सन् १८७९ ।

थपल्याल, किरण कुमार, **सिन्धु सभ्यता,** षष्ठ संस्करण, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान, सन् २००३ ।

दीक्षित, मदनमणि, 'नेपालको नलेखिएको प्राचीन इतिहास', **दायित्व,** वर्ष २३, अङ्क ६५, २०६६ जेठ-असार, पृ. २-३ ।

……………………, **भूमिसूक्त,** काठमाडौँ : आमोदमणि दीक्षित, २०५८ ।

…………………… 'सुरुमा', **भूमिसूक्त**, लेखक मदनमणि दीक्षित, काठमाडौँ : आमोदमणि दीक्षित, २०५८, पृ. २६-३७ ।

……………………, **हिन्दू संस्कृतिको परिशीलन**, काठमाडौँ : ईल्या भट्टराई, वि. सं. २०५९ ।

देव, राजा राधाकान्त, **शब्दकल्पद्रुमः**, पुनर्मुद्रणम्, दिल्ली : राष्ट्रियसंस्कृतसंस्थानम्, सन् २००२ ।

देवकोटा, राजेश्वर, 'पढ्दैछु', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. ७ ।

देवाचार्यः, श्रीमन्महर्षिप्रशस्तः, **प्रशस्तपादभाष्यम्,** चतुर्थसंस्करणम्, वाराणसी : चौखम्बासंस्कृत-संस्थानम्, २०५९ ।

धरावासी, कृष्ण, 'कालजयी कृति भूमिसूक्त', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. २६–२८ ।

नागार्जुन, **मध्यमक-कारिका,** द्वितीयसंस्करणम्, दरभङ्गा : मिथिलाविद्यापीठम्, स. १९८७ ।

नेपाल, पूर्णप्रकाश, 'भूमिसूक्तमाथि एक दृष्टि', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. ५२–५८ ।

नैस्तुर्ख, माइरवेल, **मानव की उत्पत्ति और कमिक विकास,** अनु. रमेश सिन्हा, दिल्ली : आत्माराम एण्ड सन्स्, सन् १९९५ ।

**पवित्र बाइबल**, काठमाडौँ : नेपाल बाइबल सोसाइटी, सन् २००५ ।

पाण्डेय, आर. एन., **प्राचीन विश्वकी सभ्यताएँ,** इलाहावाद : प्रयाग पुस्तक भवन, सन् २००४ ।

पोखरेल, राप्रउ, 'भूमिसूक्त - संक्षिप्त सर्वेक्षण', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. ६७–७६ ।

प्रसाई, इन्दिरा, 'भूमिसूक्त भनौँ या वैदिक ज्ञानकोश', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. ८–१३ ।

**बृहत्संहिता** ।

**मनुस्मृतिः** ।

मसीह, या., **पाश्चात्य दर्शनका समीक्षात्मक इतिहास,** पाँचौ संस्करण, दिल्ली : मोतीलाल वनारसीदास, सन् १९९४ ।

**महाभारतम्** ।

**मार्कण्डेयपुराणम्** ।

मिश्रः, गोपालचन्द्रः (सम्पादकः), **सूक्त-रत्न-संग्रहः,** काशी : आचार्य श्रीगोपालचन्द्रमिश्रः, वि. स.२००४ ।

मिश्र, द्वारिकाप्रसाद, **भारतीय आद्य इतिहास का अध्ययन,** भूपाल : भारतीय हिन्दी ग्रन्थ अकादमी, स. १९७३ ।

रिजाल, कालिप्रसाद, 'भूमिसूक्त : मेरो दृष्टिमा', **अभिव्यक्ति**, पूर्णाङ्क : १०७, शिशिर ऋतु अङ्क, माघ २०५८, पृ. २३–२५ ।

**वायुपुराणम्** ।

विद्यालङ्कार, सत्यकेतु, **प्राचीन भारतीय इतिहास का वैदिक युग,** दशवाँ संस्करण, दिल्ली : श्री सरस्वती सदन, सन् २००७ ।

......................., **भारतीय संस्कृति का विकास**, आठवाँ संस्करण, दिल्ली : श्री सरस्वती सदन, सन् २००९ ।

........................., **समाज शास्त्र,** आठवाँ संस्करण, दिल्ली : श्री सरस्वती सदन, सन् २००७ ।

**विष्णुपुराणम्** ।

**शतपथब्राह्मणम्** ।

शर्मा, चन्द्रधर, **पाश्चात्य दर्शन,** नवम संस्करण, दिल्ली : मोतीलाल वनारसीदास, सन् १९९२ ।

शर्मा, जनकलाल, **हाम्रो समाज एक चिन्तन,** तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन,२०५८ ।

शर्मा, नगेन्द्रराज, 'मेरो पर्यावलोकन', **भूमिसूक्त**, लेखक मदनमणि दीक्षित, काठमाडौँ : आमोदमणि दीक्षित, २०५८, पृ. १८-२५ ।

शर्मा, मुकुन्द, **भूमिसूक्त पर्यालोचना,** काठमाडौँ : आमोदमणि दीक्षित, २०५९ ।

शास्त्री, विद्यानिधि सिद्धेश्वर (सम्पादित), **भारतवर्षीय प्राचीन चरित्र कोश**, पूना : भारतीय चरित्र कोश मण्डल, वि. स.२०२१ ।

**श्रीदुर्गासप्तशती ।**

**श्रीमद्भगवद्गीता ।**

**श्रीमद्भागवतमहापुराणम्** ।

साङ्कृत्यायन, राहुल, **मानव समाज**, अनु. युवराज पन्थी, काठमाडौं : निरन्तर प्रकाशन, सम्वत् २०५७ ।

**साङ्ख्यसूत्रम्** ।

सिंह, भगवान, **हडप्पा सभ्यता और वैदिक साहित्य,** पहिली आवृत्ति, दिल्ली : राधाकृष्ण प्रकाशन, सन् २००७ ।

सुवेदी, देवीप्रसाद, 'वैचारिक तत्त्वचिन्तनको औपन्यासिक प्रस्तुति', **भूमिसूक्त**, लेखक मदनमणि दीक्षित, काठमाडौं : आमोदमणि दीक्षित, २०५८, पृ. २-९ ।

सुवेदी, राजेन्द्र, **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,** दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन, २०६४ ।

हसूरकर, श्रीपादशास्त्री, **द्वादशदर्शनसोपानावलिः,** बडोदरा : गुड कम्पेनियन्स्, सन् १९९३ ।

**हरिवंशपुराणम्** ।

ह्यारिस, निकोलस्, **स्पेस् एट्लस्,** न्यु दिल्ली : योङ्ग लर्नर् पब्लिकेसन ।